३३६

# भक्तपुर मासिक

Bhaktapur Monthly

असार २०८१

ISSN 2705-4454




## भक्तपुर नपाको १६औँ नगरसभा

- नेपाल मजदुर किसान पार्टी केन्द्रीय समिति बैठकबाट पारित प्रस्तावहरू
- ख्वप विश्वविद्यालय स्वीकृतिमा किन बिलम्ब ?
- बाग्मती प्रदेशसभामा नेमकिपा
- सधैँ पार्श्वभूमिकामा सन्तुष्ट हुने कामरेड शोभा
- वैज्ञानिक अब्दुल कलाम
- के पुँजीवादी संविधानबाटै समाजवाद सम्भव छ ?
- सहकारी समस्यामा सहजीकरण
- समालोचनाया सिद्धान्त (२७)
- भक्तपुर नपाका गतिविधि
- मध्यपूर्वमा दिगो शान्तिका लागि प्यालेस्टिनलाई संयुक्त राष्ट्रसङ्घको पूर्ण सदस्यता अनिवार्य




नेमकिपाका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालको प्रमुख आतिथ्यमा भक्तपुर नपाको सोह्रौं नगरसभाको असार ७ गते उद्घाटन समारोहमा मञ्चासीन अतिथिगण (माथि) तथा आमन्त्रित सहभागी (तल) ।





भक्तपुर नपाको सोह्रौं नगरसभाको पहिलो बैठकबाट धन्यवाद प्रस्ताव पारित ।

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१०          फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np
email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j ì$!⭑cÆ *⭑g};ॠ!$$⭑lj-;ॠ)*!c;f/⭑A.D.2024

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर


☎ ६६१३८८८

मूल्य रु. २५/-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)


## सम्झनाको लागि

## ‘वीर गन’






नेपालका वैज्ञानिक गेहेन्द्र शमशेरले बनाएको ‘वीर गन’। तत्कालीन सरकारले एक अमेरिकीलाई बेचेको थियो। हाल अमेरिका बस्ने नेपाली मनोज श्रेष्ठले किनेर आफ्नो घरमा राखेको छ। (युट्युबबाट)

‘भक्तपुर’ मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन।

‘हाम्रो आयु चार दिनको होस् तर जीवनमय होस् ।’

– हृदयचन्द्रसिंह प्रधान

## यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | भक्तपुर नगरपालिकाको सोह्रौं नगरसभा | – | ३ |
| | क) नीति तथा कार्यक्रम | – | ८ |
| | ख) बजेट वक्तव्य | – | १७ |
| २) | नीति तथा कार्यक्रम र बजेट तर्जुमाको लागि राय–सुझाव सङ्कलन | – | २७ |
| ३) | नेपाल मजदुर किसान पार्टी केन्द्रीय समिति बैठकबाट पारित प्रस्तावहरू | – | ३२ |
| ४) | ख्वप विश्वविद्यालय स्वीकृतिमा किन बिलम्ब ? | – | ३५ |
| ५) | नीति तथा कार्यक्रम बेइमानीको पुलिन्दा बन्न नहुने | सुरेन्द्रराज गोसाई | ३६ |
| ६) | भक्तपुरलाई सांस्कृतिक नगर घोषणा गर्न ढिलाइ नगर्नु बुद्धिमानी हुने | सृजना सैँजू | ३९ |
| ७) | सरकार वास्तविक किसानको पक्षमा भन्दा बिचौलियाहरूको पक्षमा | गीता काफ्ले | ४१ |
| ८) | सधैँ पार्श्वभूमिकामा सन्तुष्ट हुने कामरेड शोभा | सुरेन्द्रराज गोसाई | ४२ |
| ९) | के पुँजीवादी संविधानबाटै समाजवाद सम्भव छ ? | विवेक | ४७ |
| १०) | वैज्ञानिक अब्दुल कलाम | राजेन्द्र बहादुर कायष्ठ | ४९ |
| ११) | ‘नवदुर्गा गणको मुकुन्डो निर्माण अक्षय कोष व्यवस्थापन निर्देशिका– २०७५’ : एक चर्चा | डा. हरिराम सुवाल | ५४ |
| १२) | परिहिमानी र परिहिमानी स्थलाकृति | विष्णुभक्त राजचल | ५७ |
| १३) | सहकारी समस्यामा सहजीकरण | कुशल | ६० |
| १४) | मध्यपूर्वमा दिगो शान्तिका लागि प्यालेस्टिनलाई संयुक्त राष्ट्रसङ्घको पूर्ण सदस्यता अनिवार्य | यी जिन | ६३ |
| १५) | समालोचनाया सिद्धान्त (२७) समालोचनाया विभिन्न ढङ्ग | प्रा. माणिकलाल श्रेष्ठ | ६५ |
| १६) | पुण्यराम घेमोसु जिम्न्याष्टिक खेलाडी तथा निर्णायक | राजकुमार लघु | ६८ |
| १७) | स्थानीय तहको अधिकारमाथि शिक्षा मन्त्रालयको गैरसंवैधानिक हस्तक्षेप | – | ७० |
| १८) | भक्तपुर नपाको कार्यपालिकाको बैठक निर्णय | – | ७१ |
| १९) | भक्तपुर नगरपालिका गतिविधि | – | ८१ |
| | क) शैक्षिक गतिविधि | – | ८९ |
| | ख) स्वास्थ्य सेवा | – | ९३ |
| | ग) भेटघाट | – | ९५ |
| | घ) सङ्क्षेपमा | – | ९७ |
| २०) | विविध समाचार | – | ९८ |
| २१) | दीर्घकालीन अहित गर्नेहरूको मतियार (सम्पादकको पृष्ठ) | – | ११६ |

**साथमा** :

हाम्रा पुराना मूर्ति–१६/ यता–उताबाट–३१/ जीवन–आचरण – ४६/Word Search–५३/प्रेरणीय – ५६/ चीनका प्राचीन नीति कथा – ६२/बसिबियाँलो – ६४/ हाम्रा स्थानीय तह – ८०/थाहा पाइराखौँ – ८०/ ख्वप अस्पतालको प्रगति – ९४/ हाम्रो स्वास्थ्य – ११४/ पर्यटक तथ्याङ्क – ११५/ रङ्गीन पृष्ठ – क–घ ।

# भक्तपुर नगरपालिकाको सोह्रौं नगरसभा

## मौलिक शैलीमा घर बनाउने ९ जना घरधनीलाई रू. १९ लाख २४ हजार बराबरको अनुदान रकम वितरण




### समुद्घाटन

नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालको प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाको सोह्रौं नगरसभाको असार ७ गते एक समारोहबिच दीप प्रज्ज्वलनका साथ उद्घाटन भयो ।



उद्घाटन समारोहमा सचिव **सुवाल**ले जनताको गास, बास र रोजगारीको बन्दोबस्त हुनु नै सहिदहरूको सपना पूरा हुनु हो भन्नुहुँदै नीति तथा कार्यक्रमको सफलतापूर्वक कार्यान्वयनतर्फ नगरपालिकाले जोड दिनुपर्ने बताउनुभयो ।

उहाँले मुख्यमन्त्री र प्रदेश प्रमुखहरूले आआफ्नो निर्वाचन क्षेत्रमा बसी त्यस ठाउँको विकासतर्फ जोड दिनुपर्ने बताउनुहुँदै कृषिजन्य खाद्यान्न विदेशबाट आयात रोक्न कृषि क्षेत्रलाई प्राथमिकताका साथ अगाडि बढाउनुपर्ने बताउनुभयो ।

नेपाल–भारतबिचको खुला सीमा नियमित गरिनुपर्ने बताउनुहुँदै दुई देशबिचको खुला सीमा बन्द भयो भने मात्र नेपालको धेरै समस्या समाधान हुने उहाँले प्रष्ट पार्नुभयो ।

प्रधानमन्त्री कार्यकारी प्रमुख भएको हुँदा प्रधानमन्त्रीको निर्देशन पालना नगर्नेहरूलाई बर्खास्त गर्नुपर्छ भन्नुहुँदै उहाँले नेपालको प्राकृतिक स्रोतसाधन नेपाललाई नै अपुग भएको हुँदा विदेशीलाई बेच्न नहुने धारणा राख्नुभयो ।

भक्तपुर नपाले नगरपालिकाभित्र दर्ता नभएका सहकारी संस्थाहरू सञ्चालनमा रोक लगाउनुपर्नेमा जोड दिनुहुँदै उहाँले समस्याग्रस्त सहकारी संस्थाहरूको अनुगमनमा सम्बन्धित निकायले क्रियाशीलता देखाउनुपर्छ भन्नुभयो ।

सरकारले जनताका चाहना र समस्या सम्बोधन गर्नुपर्छ भन्नुहुँदै सांसद




सुवालले छिमेकी देश भारतमा प्रगतिशील सरकार नआएसम्म नेपालको विकास सम्भव नहुने स्पष्ट पार्नुभयो ।

काठमाडौँ उपत्यकामा सहर र बस्तीको विकास भए पनि ढल र नदीहरूको व्यवस्थापन उचित ढङ्गले हुन नसकेको बताउनुहुँदै उहाँले सरकारमा गएका शासकहरूमा दुरदृष्टिको खाँचो औँल्याउनुभयो ।

सिस्नु रोपेर तुलसी उम्रन्न भनेझैँ योग्य विद्यार्थीहरू उत्पादन गर्न राम्रा शिक्षकहरूको आवश्यकता रहने बताउनुहुँदै कलेजमा पढ्ने राम्रा राम्रा विद्यार्थीहरूलाई असल शिक्षक बन्न उत्साहित गर्नुपर्छ भन्नुभयो ।

सङ्घ र प्रदेशहरूले स्थानीय तहहरूको विकास निर्माणको काममा हस्तक्षेप गर्न नहुने धारणा राख्नुहुँदै उहाँले विकास निर्माणमा स्थानीय जनताको सहभागिता, श्रमदानसहितको उपभोक्ता समितिमार्फत आर्थिक अनुशासन, मितव्ययी र पारदर्शी रूपमा सम्पन्न गर्नुपर्छ भन्नुभयो ।

उद्घाटन कार्यक्रमका सभापति भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नुहुँदै भक्तपुर नगरको चौतर्फी विकासको निम्ति नगरपालिकाले गरेका हरेक कार्यमा



नगरवासीहरूको सधैँ साथ र सहयोग प्राप्त हुँदै आएको स्मरण गर्नुभयो । सोही क्रममा नगरको विकासको निम्ति विगतदेखि वर्तमानसम्म विभिन्न भूमिकामा रही प्रत्यक्ष र अप्रत्यक्ष साथ र सहयोग गर्ने सबैमा भक्तपुर नगरपालिकाको तर्फबाट हार्दिक कृतज्ञता व्यक्त गर्नुभयो ।

भक्तपुर नपाले संविधान र कानुनले दिएका अधिकारभित्र रही भक्तपुरवासीहरूको हितलाई केन्द्रमा राखेर कार्य गर्दै आएको चर्चा गर्नुहुँदै उहाँले स्थानीय निर्माणले राष्ट्रिय स्तरको सेवा दिने भावनाअनुरूप काम गर्दै आएको र निर्वाचन घोषणापत्रमार्फत जनतालाई दिएको वचन एक एक गरी पूरा गर्ने चरणमा रहेको बताउनुभयो ।

प्रमुख प्रजापतिले संविधानको भावना र मर्मविपरीत स्थानीय तहलाई कानुन प्रदत्त अधिकार समेत सङ्घ र प्रदेश सरकारहरूले एक एक गरी अपहरण गर्ने कोसिस गर्दै आइरहेको बताउनुहुँदै यो सङ्घ र प्रदेश सरकार सञ्चालन गर्नेहरूमा एकात्मक सोच हुनुको परिणाम हो भन्नुभयो ।

संविधानले माबि तहसम्मको शिक्षाको सम्पूर्ण अधिकार स्थानीय तहलाई दिइएकोमा जिल्ला शिक्षा समन्वय एकाइ खडा गरेर सङ्घले छुट्टै कार्य गर्नु र संसद्मा विचाराधीन शिक्षा विधेयकमा जिल्ला शिक्षा कार्यालय स्थापनाको प्रावधान राख्नु यसको उदाहरण भएको प्रष्ट पार्नुहुँदै प्रमुख प्रजापतिले सङ्घ र प्रदेशले लामो समयसम्म संविधानमा रहेका साझा सूचीका अधिकारहरूबारे आवश्यक कानुनहरूको निर्माण नगर्नु, पुरानै ऐनहरू प्रचलनमा रहनुले पनि देशभरका स्थानीय तहहरूले समस्या भोग्दै आएको बताउनुभयो ।

स्थानीय तहले राम्रोसँग काम गर्ने हो भने त्यसलाई आवश्यक कर्मचारीको बन्दोबस्त गर्ने अधिकार हुनुपर्नेमा जोड दिनुहुँदै प्रमुख प्रजापतिले संविधान संशोधन गरेरै भए पनि स्थानीय तहलाई कर्मचारी भर्नाको अधिकार दिन सङ्घ र प्रदेश सभाका माननीयज्यूहरूको ध्यानाकर्षण गर्नुभयो । *(भक्तपुर नपाको*

*आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रमको पूर्ण विवरण यसै अङ्कमा दिइएको छ)*



कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नपाले विभिन्न सीपमूलक तालिम, युवा उद्यमशील ऋण प्रवाह गरी युवाहरूलाई व्यवसाय गर्न प्रोत्साहन गर्दै आएको बताउनुहुँदै नगरपालिकाबाट प्रवाहित सेवा सुविधा प्रविधिमैत्री बनाउने आवश्यक तयारी भइरहेको बताउनुभयो ।

नगरको शान्तिसुरक्षा अझ प्रभावकारी बनाउन नगरप्रहरीको व्यवस्था गर्दै आएको बताउनुहुँदै उहाँले नगरपालिकाको कर सङ्कलन, नक्सा पास, आर्थिक र प्रशासनिक व्यवस्थामा समेत सफ्टवेयर प्रयोग गरी प्रविधिमैत्री सेवा प्रवाहको व्यवस्थाको लागि तयारी भइरहेको अवगत गराउनुभयो ।



जिल्ला प्रशासन कार्यालय भक्तपुरका प्रशासकीय अधिकृत **अशोककुमार पोखरेल**ले नगरसभा पूर्ण सफलताको कामना गर्नुहुँदै जिल्ला प्रशासन कार्यालयबाट राष्ट्रिय परिचयपत्र वितरण कार्य तथा जिप्रकाबाट भइरहेको सेवा प्रवाहबारे जानकारी दिनुभयो ।



भक्तपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष **रोशनीकुमारी श्रेष्ठ**ले भक्तपुर नपाको सेवा प्रवाह र विकास निर्माण कार्य देशकै लागि उदाहरणीय छ भन्नुहुँदै भक्तपुर नपाले जनहितमा उत्कृष्ट कार्य गर्दै सबै क्षेत्रमा पारदर्शी र आर्थिक अनुशासनमा काम गर्दै आइरहेको बताउनुभयो ।



त्यस्तै ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. **मजेशप्रताप मल्ल**ले ख्वप अस्पतालको गरिमा बढ्दै गइरहेकोमा गौरव अनुभूति भएको बताउनुहुँदै ख्वप अस्पतालले आजबाट ब्रम्हायणी भवनबाट आइसीयु सेवा सञ्चालन गरिने जानकारी गराउनुभयो ।



ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य ई. **सुनिल दुवाल**ले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूको गुणस्तरीय शिक्षा कार्यान्वयनको लागि शिक्षक कर्मचारीहरूलाई तालिम दिनुका साथै उच्च शिक्षा अध्ययनको व्यवस्था गर्दै आइरहेको बताउनुभयो ।



नगरसभाको उद्घाटन कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले धन्यवादज्ञापन मन्तव्य राख्नुभएको थियो



कार्यक्रममा भक्तपुर नपा ९ का वडाध्यक्ष **रविन्द्र ज्याखव**ले भक्तपुर नगरभित्र मापदण्डअनुसार नियमित रूपमा भवन निर्माण गरी निर्माण सम्पन्न प्रमाणपत्र प्राप्तगर्ने घरहरूको जानकारी दिनुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि सांसद सुवालले भक्तपुर नगरभित्र मापदण्डअनुसार नियमित रूपमा भवन निर्माण गरी निर्माण सम्पन्न प्रमाणपत्र लिएका वडा नं. १ का **कविन्द्र कायष्ठ**लाई रु.१,५०,३१६।–, वडा नं. ३ का **मुकुन्दलाल प्रधानाङ्ग**लाई रु.३ लाख, वडा नं. ३ का **सुनिल प्रजापति**लाई रु.१,४१,२१४।–, वडा नं. ४ का **पूर्णभक्त ग्वाछा**लाई रु.१,६५,४५९।–, वडा नं. ४ का **लक्ष्मीश्वरी कबु**लाई रु.२,४१,२८७।–, वडा नं. ६ का **राजेन्द्र अवाल**लाई रु.१,७०,५६२।–, वडा नं. ६ कै **नारायणकृष्ण त्यात**लाई रु.१,७०,२५६।–, वडा नं. ६ कै **कृष्णबहादुर दुवाल**लाई रु.२,९३,३६१।–र वडा नं. १० का **केशव शिल्पकार**लाई रु. २,८२,२६७।– रुपैयाँ मोहडाको काठ, इँटा र झिँगटीको ३५ प्रतिशत अनुदान स्वरूप प्रदान गरिएको थियो । भक्तपुर नपाले वितरण गरेको अनुदान रकम जम्मा रु.१९ लाख २४ हजार ७२५ रहेको छ ।















मापदण्डअनुसार नियमित रूपमा निर्माण गरी निर्माण सम्पन्न प्रमाणपत्र लिएका भवनहरू र अनुदान प्राप्त गर्ने घरधनीहरू ।











**भक्तपुर नपाको सोह्रौं नगरसभा**

## प्रमुख सुनिल प्रजापतिद्वारा प्रस्तुत

# आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम




नगर सभासद्हरू,

नेपालको संविधानअनुसार स्थानीय तह निर्वाचन, २०७९ मा निर्वाचित भई कार्य गरेको दुई वर्ष पूरा भइ तेस्रो वर्षमा कार्यरत छौँ। हामी दोस्रो कार्यकालको तेस्रो वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछौँ। भक्तपुर नगरको चौतर्फी विकासको निम्ति नगरपालिकाले गरेका हरेक कार्यमा नगरवासीहरूको सधैँ साथ र सहयोग प्राप्त हुँदैछ। नगरको विकासको निम्ति विगतदेखि वर्तमानसम्म विभिन्न भूमिकामा रही प्रत्यक्ष र अप्रत्यक्ष साथ र सहयोग गर्नुहुने तमाम नगरवासी दाजुभाइ तथा दिदीबहिनीहरूमा भक्तपुर नगरपालिकाको तर्फबाट हार्दिक कृतज्ञता व्यक्त गर्दछौँ।

*'पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति'* को नारालाई सार्थक बनाउन, भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र बनाउन र भक्तपुरलाई पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्न हाम्रा अग्रजहरूले देख्नुभएको सपनालाई साकार पार्न हामी जनप्रतिनिधिहरू निरन्तर कार्यरत छौँ। नगरपालिकामा प्राप्त सीमित स्रोत र साधनहरूको अधिकत्तम सदुपयोग गरी नगरको शिक्षा, स्वास्थ्य उपचार, कला-संस्कृति र सम्पदा संरक्षण, सरसफाइ तथा विकास निर्माणका कार्यहरू गर्दैछौँ।

नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले लेख्नुभएको **'सय वर्षपछिको भक्तपुर'** पुस्तकलाई आधार बनाएर कार्य गर्दैछौँ। आज भक्तपुर आन्तरिक र बाह्य पर्यटकहरूका लागि आकर्षक गन्तव्य बन्दै छ। भक्तपुरको उन्नत्ति र विकासको निम्ति हामीले धेरै कार्यहरू गर्न बाँकी छन्। संविधान र कानुनले दिएका अधिकारभित्र रही हामीले भक्तपुरवासीहरूको हितलाई केन्द्रमा राखेर कार्य गर्दैछौँ।

नाचगानको राजधानी, जीवित सङ्ग्रहालय र सांस्कृतिक नगरको उपमा पाएको भक्तपुर नगरलाई थप उचाइमा पुऱ्याउन जनतासँग नियमित छलफल गरी हामी जिम्मेवारीपूर्वक काम गर्दैछौँ। नेपाल मजदुर किसान पार्टीले जारी गरेको स्थानीय निर्वाचन घोषणपत्र नै हाम्रो काम गर्ने आधार हो। निर्वाचनमा भक्तपुरवासी जनताले आफ्नो अमूल्य मतमार्फत हामीलाई दिनुभएको विश्वास नै हाम्रो काम गर्ने शक्ति वा आत्मबल हो। स्थानीय निर्माणले राष्ट्रिय स्तरको सेवा दिने हाम्रो भावना हो। हामीले सोही भावनाअनुरूप काम गर्दैछौँ। निर्वाचन घोषणापत्रमार्फत जनतालाई दिएको वचन हामीले एक एक गरी पूरा गर्दैछौँ।


नेपालको संविधानले व्यवस्था गरेको तीन तहको सरकारमध्ये स्थानीय तह जनताको सबभन्दा नजिकको सरकार हो। स्थानीय तहप्रति जनताको पूर्ण विश्वास पनि रहँदै आएको पाइन्छ। जनताको आशा र अपेक्षाअनुसार काम गर्न स्थानीय तहलाई अधिकारसम्पन्न बनाइनु आवश्यक छ। स्थानीय तह शक्तिशाली भएमा मात्र जनताले छिटो-छरितो सेवा प्राप्त गर्न सक्छन्। सङ्घीयताको मुख्य उद्देश्य नै अधिकार विकेन्द्रित गरी सिंहदरबारमा केन्द्रित अधिकारलाई स्थानीय तहसम्म पुऱ्याउनु हो। तर, सङ्घ र प्रदेश सरकारहरूको कार्यशैली भने फरक देखिँदै छ। संविधानको भावना र मर्मविपरीत स्थानीय तहलाई कानुन प्रदत्त अधिकारसमेत सङ्घ र प्रदेश सरकारहरूले एक एक गरी अपहरण गर्ने कोसिस गर्दै छन्। यो सङ्घ र प्रदेश सरकार सञ्चालन गर्नेहरूमा एकात्मक सोच हुनुको परिणाम हो।

संविधानले मावि तहसम्मको शिक्षाको सम्पूर्ण अधिकार स्थानीय तहलाई दिइएकोमा जिल्ला शिक्षा समन्वय एकाइ खडा गरेर सङ्घले छुट्टै कार्य गर्नु र संसद्मा विचाराधीन शिक्षा विधेयकमा जिल्ला शिक्षा कार्यालय स्थापनाको प्रावधान राख्नु यसको उदाहरण हो। सङ्घ र प्रदेशले स्थानीय तहलाई आफ्नै एकाइजस्तो व्यवहार गर्नु, दुई चार लाखको स-साना योजनाहरूसमेत सङ्घ र प्रदेशको बजेटमा समावेश गर्नु, समानीकरण अनुदान बढाउनुपर्नेमा सशर्त अनुदान बढाउँदै लानु सङ्घीयता र संविधानको मर्म र भावनाविपरीतका कार्यहरू हुन्।

सङ्घ र प्रदेशले लामो समयसम्म संविधानमा रहेका साझा सूचीका अधिकारहरूबारे आवश्यक कानुनहरूको निर्माण नगर्नु, पुरानै ऐनहरू प्रचलनमा रहनुले पनि देशभरका स्थानीय तहहरूले समस्या भोग्दै छन्। स्थानीय तहले राम्रोसँग काम गर्ने हो भने त्यसलाई आवश्यक कर्मचारीको बन्दोबस्त गर्ने

अधिकार हुनुपर्छ। अहिले स्थानीय तहहरू प्रदेश लोकसेवाबाट पठाइएका कर्मचारीहरूको भरमा काम गर्न बाध्य छन्। यसले जनप्रतिनिधिहरूको भावनाअनुसार जनताको सेवा हुनसक्ने स्थिति छैन। आवश्यक परे संविधान संशोधन गरेरै भए पनि स्थानीय तहलाई कर्मचारी भर्नाको अधिकार दिन सङ्घ र प्रदेश सभाका माननीयज्यूहरूको ध्यानाकर्षण गर्न चाहन्छौं।

भक्तपुर नगरपालिकाले २ ओटा इन्जिनियरिङ कलेजसहित ७ ओटा शैक्षिक संस्थाहरू सञ्चालन गरेर देशभरका जनताका छोराछोरीलाई सस्तो र गुणस्तरीय उच्च शिक्षा प्रदान गर्दै आएको छ भने ख्वप विश्वविद्यालय सञ्चालनको लागि संसद्‌बाट विधेयक पारित गर्ने कार्यमा जोड दिंदै आएका छौं। त्यसैगरी जनताको स्वास्थ्य उपचार सहज उपलब्ध गर्न घरदैलो नर्सिङ सेवा, १०० शय्याको ख्वप अस्पताल सञ्चालन र वडा वडामा स्वास्थ्य केन्द्रहरू सञ्चालन गरी सस्तो र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिरहेका छौं।




नेपालको संविधानअनुसार भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य उपचारसँगै सम्पदा संरक्षण, सरसफाइ, विकास निर्माण तथा विभिन्न सीपमूलक तालिमहरू सञ्चालन गरी व्यापक जनताको हितमा समाजवादउन्मुख कार्य गर्दैछ।

आ.व. २०८१/८२ का लागि नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्न स्थानीय बुद्धिजीवी, मजदुर, किसान, महिला, युवा–विद्यार्थी, शिक्षकहरूलगायतको वडा र नगरस्तरीय भेलाहरू सम्पन्न गर्‍यौं। ती भेलाहरूबाट नगर विकासका लागि महत्त्वपूर्ण सुझावहरू प्राप्त गरेका छौं। त्यसैगरी अनलाइन र अन्य माध्यमबाट प्राप्त सुझावहरू समेतलाई ध्यानमा राखेर आगामी वर्षमा प्राप्त हुने अनुमानित स्रोतसमेतलाई आधार बनाई नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछौं :

## क) शिक्षा :

१. सङ्घीय संसद्‌बाट ख्वप विश्वविद्यालय सञ्चालन विधेयक पारित गराउन निरन्तर पहल जारी राखिने छ र विज्ञहरूको टोली बनाई ख्वप विश्वविद्यालय सञ्चालन तयारी समिति गठन गरिनेछ।

२. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूमा विद्यार्थीहरूको माग र समयअनुसार स्नातक र स्नातकोत्तर तहमा नयाँ नयाँ विषयहरू थप गरिँदै लगिने छ। सीटीईभीटीबाट सम्बन्धन प्राप्त ख्वप बहुप्राविधिक अध्ययन संस्थानमा रेडियोलोजी, एचए, फार्मेसीलगायतका विषयहरूका कक्षा सञ्चालनका लागि आवश्यक तयारी गरिने छ।

३. भक्तपुर नपाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको आयोजनामा २०८१ साल माघ महिनामा 'भूकम्प इन्जिनियरिङ' विषयमा राष्ट्रिय सम्मेलन र २०८२ सालमा 'भूकम्प इन्जिनियरिङ तथा विपद्‌पश्चातको पुन:निर्माण' शीर्षकमा चौथो अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गरिने छ। शिक्षक कर्मचारीहरूलाई उच्च शिक्षा अध्ययन (विद्यावारिधि/एमफिल)मा दिइआएको प्रोत्साहनलाई थप व्यवस्थित गर्दै निरन्तरता दिइने छ। त्यस्तै ख्वप कलेजमार्फत पनि अन्तर्राष्ट्रिय सम्मेलनको तयारी थालिने छ।

४. भक्तपुर नगरपालिकाभित्रका पर्यटन, शिक्षा, स्वास्थ्य, सम्पदा पुन:निर्माण र संरक्षण, सहकारी, कृषि, खानेपानी, वातावरण, सरसफाइजस्ता विषयहरूको अध्ययन अनुसन्धान गर्नेहरूका लागि अनुसन्धान वृत्तिको व्यवस्था गरिने छ।

५. नगरवासी विद्यार्थीहरूलाई इतिहास, भूगोल, संस्कृति, नेपालभाषा, राजनीतिशास्त्र, दर्शनशास्त्र, तर्कशास्त्रजस्ता विषयहरूमा स्नातकदेखि विद्यावारिधिसम्म पूर्ण छात्रवृत्ति प्रदान गर्दै आएकोलाई निरन्तरता दिइने छ र उच्च शिक्षाको लागि प्रदान गर्दै आएको शैक्षिक ऋणलाई पनि निरन्तरता दिइनेछ।

६. अनुसन्धान र सूचना व्यवस्थापन केन्द्र स्थापना गरी उच्च शैक्षिक संस्था तथा अनुसन्धानकर्ताहरूसँग सहकार्य गरी भक्तपुर नगरपालिकाभित्रका विभिन्न विषयहरूको बारेमा अध्ययन अनुसन्धानको व्यवस्था गरिने छ।

७. शिक्षालाई ज्ञान र सीपसँग जोड्न विभिन्न प्रकारका व्यवसायिक र सीपमूलक तालिमहरू सञ्चालन गरिने छ।

८. सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर वृद्धिका लागि समय समयमा शिक्षकहरूलाई पुनर्ताजगी तालिमहरू दिइने छ। विद्यार्थीहरूमा नागरिक भावनाको विकास गर्न नैतिक र व्यवहारिक शिक्षा प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

९. नेपालभाषालाई स्थानीय पाठ्यक्रममार्फत विद्यालयहरूमा अध्ययन अध्यापनको व्यवस्था गर्न आवश्यक तयारी गरिने छ। नेपालभाषा र लिपि तथा मूर्तिकला,

चित्रकला, प्रस्तरकला, सङ्गीत, नृत्य कक्षाहरू क्रमशः सञ्चालन गर्दै लगिने छ ।

**१०.**विद्यालय स्तरमा अध्ययनरत विद्यार्थीहरूलाई स्थानीय जनजीवन, सम्पदा संरक्षण, खेलकुद गतिविधि, सङ्गीत साधनाजस्ता अतिरिक्त क्रियाकलापहरूमा सहभागी गर्ने व्यवस्था मिलाइने छ । साथै समय समयमा हाजिरीजवाफ, निबन्ध, सांस्कृतिक, चित्रकला प्रतियोगिता आयोजना गरिने छ ।

**११.**स्थानीय पाठ्यक्रमसँग सम्बन्धित सन्दर्भ सामग्रीहरूको प्रकाशनलाई निरन्तरता दिइने छ । समयानुकूल स्थानीय पाठ्यक्रम परिमार्जन गरिने छ र भक्तपुरका सांस्कृतिक तथा सामाजिक पहिचान झल्किने सांस्कृतिक सङ्ग्रहालय निर्माणको लागि आवश्यक तयारी गरिने छ ।

**१२.**विद्यालयले हासिल गरेको नतिजाको आधारमा उत्कृष्ट विद्यार्थी, उत्कृष्ट शिक्षक र उत्कृष्ट विद्यालय घोषणा गरी प्रोत्साहनको व्यवस्था गरिनेछ । मावि तहको विद्यालयहरूमा क्रमशः गणित प्रयोगशालाको व्यवस्था गर्दै लगिनेछ ।

**१३.**'एक विद्यालय, एक सम्पदा सरसफाइ' को नीतिलाई प्रभावकारी बनाइँदै लगिनेछ र विद्यालयहरूमा स्काउट टोली गठन, नियमित खेलकुद र सांस्कृतिक प्रशिक्षणको व्यवस्था मिलाइनेछ ।

**१४.**विद्यालयहरूको गुणस्तर वृद्धिको लागि विद्यालय अनुगमन तथा प्राविधिक सहयोग समितिबाट भइरहेको कार्यलाई समयानुकूल सुधार गरी प्रभावकारी बनाउँदै लगिनेछ । समितिको सिफारिसमा विद्यालयको भौतिक संरचना निर्माणका लागि पनि सहयोगको नीति लिइने छ ।

**१५.**बाल विकास केन्द्र सञ्चालन गरिएका विद्यालयहरूलाई व्यवस्थित गर्न त्यस्ता विद्यालयहरूलाई सहयोगको नीति अवलम्बन गरिनेछ र विद्यालयहरूको अवस्था हेरी कक्षा सञ्चालन तथा शिशुस्याहार केन्द्रको रूपमा विकास गरिनेछ । अपाङ्गता भएका विद्यार्थीहरूलाई प्रोत्साहनको नीति लिइनेछ ।

**१६.**भक्तपुर नगर क्षेत्रमा सञ्चालित कलेजहरूमा अध्ययनरत विद्यार्थीहरूलाई विभिन्न सङ्घ संस्थामा इन्टर्नसीप, आंशिक रोजगारी र कार्यस्थलमा तालिम (अन द जब ट्रेनिङ) को व्यवस्था मिलाइनेछ ।

**१७.**नगरपालिकाद्वारा सञ्चालित जनज्योति पुस्तकालय र इ–लाइब्रेरीलाई अझ व्यवस्थित गर्न आवश्यक पुस्तक तथा सन्दर्भ स्रोतहरूको व्यवस्थाको साथै भौतिक सुधारहरू गर्दै लगिनेछ ।

**१८.**ईसीडी शिक्षक तथा विद्यालय कर्मचारीको न्युनत्तम पारिश्रमिकको व्यवस्था गरिनेछ ।

## ख) स्वास्थ्य :

**१९.**भक्तपुर नगरपालिकाबाट सञ्चालित ख्वप अस्पताललाई थप सुविधा सम्पन्न र गुणस्तरीय उपचार सेवा प्रदान गर्ने जनताको अस्पतालको रूपमा विकास गरिने छ । त्यसको लागि भौतिक पूर्वाधार निर्माण, आवश्यक जनशक्ति र स्वास्थ्य उपकरणहरूको बन्दोबस्त गरिने छ । यस अस्पतालमा सघन उपचार कक्ष (आइसीयु), सिटी स्क्यान र जनरल सर्जरी अन्तर्गत शल्यक्रियाहरूमा ल्याप्रोस्कोपिक सेवा नियमित सञ्चालनमा ल्याइने छ । नेपाल सरकारको आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम लागु गरिने छ । गरिब तथा असहायहरूलाई गर्दै आएको निःशुल्क उपचार सेवालाई निरन्तरता दिइने छ ।

**२०.**नगरवासीहरूलाई छिटोछरितो स्वास्थ्य उपचार सेवा प्रदान गर्न नगरका विभिन्न स्थानहरूमा सञ्चालित आधारभूत स्वास्थ्य केन्द्र, नगर स्वास्थ्य केन्द्र, जनस्वास्थ्य केन्द्रहरूमा समेत विशेषज्ञ सेवा विस्तार गर्दै लगिने छ । वडा नं. ७ र १० मा निर्माणाधीन स्वास्थ्य केन्द्रहरूलाई सञ्चालनमा ल्याइनेछ ।

**२१.**सम्पूर्ण नगरवासीहरूलाई ख्वप अस्पतालको अक्सिजन प्लान्टबाट उत्पादित अक्सिजन निःशुल्क वितरणका साथै निःशुल्क रगत वितरण कार्यलाई निरन्तरता दिइने छ । १३ वर्ष मुनिका बालिकाहरूलाई पाठेघर क्यान्सरविरुद्धको खोप वितरण गरिनेछ ।

**२२.**घरदैलो नर्सिङ सेवा र श्वासप्रश्वास पुनःस्थापना केन्द्रलाई थप प्रभावकारी बनाउँदै लगिनेछ । ख्वप तिलगंगा आँखा अस्पतालमा उपचार सेवा विस्तार गर्दै सुविधासम्पन्न आँखा अस्पतालको रूपमा विकास गरिने छ ।

**२३.**स्तन तथा पाठेघर क्यान्सर, आँखा, दाँत, नाक, कान, घाटी र अन्य विभिन्न रोगहरू सम्बन्धमा वडा वडामा नियमित स्वास्थ्य शिविरहरू सञ्चालन गरिने छ । नागरिक आरोग्य केन्द्रबाट भइरहेको सेवालाई जनमुखी बनाउँदै सेवालाई क्रमशः विस्तार गर्दै लगिने छ ।

## ग) सम्पदा र संस्कृति :

**२४.**देशको महत्त्वपूर्ण सम्पत्तिको रूपमा रहेको भक्तपुरका मूर्त र अमूर्त सम्पदाहरूको संरक्षणको नीतिलाई निरन्तरता दिइनेछ । नगरका विभिन्न स्थानमा अवस्थित ऐतिहासिक, सांस्कृतिक र पुरातात्त्विक महत्त्व बोकेका घाटहरूको सुधार र संरक्षणलाई व्यवस्थित रूपमा अगाडि बढाइने छ ।

२५.निर्माणाधीन लक्ष्मीनरसिंह मन्दिर, हाडा छैं, छुमा गणेशको द्यःछैं, इन्द्रायणी द्यःछैं सम्पन्न गर्न आवश्यक बजेटको व्यवस्था गरिने छ। दरबार क्षेत्रस्थित थंथु दरबार, इखालाछी मठ, लायकु पाहाँ छैं मौलिक शैलीमा पुनःनिर्माण गरिने छ।

२६.भक्तपुरको मौलिकता बचाइराख्न परम्परागत घर निर्माण गर्ने घरधनीहरूलाई इँटा, काठ, झिँगटीको लागि दिँदै आएको अनुदानलाई निरन्तरता दिइने छ।

२७.कला सङ्ग्रहालय रहेको न्ह्यकं झ्यः दरबार पुनःनिर्माण कार्य अगाडि बढ्न नसकिरहेको हुँदा नेपाल सरकार, संस्कृति मन्त्रालय, पुरातत्त्व विभागसँग समन्वय गरी निर्माणको आवश्यक बन्दोबस्त गरिने छ। भक्तपुरको बसन्तपुर दरबार, ९९ चोक, जगन्नाथ क्षेत्र, तालादोम्फोलगायत सांस्कृतिक र पुरातात्विक महत्त्व बोकेका स्थलहरूको अध्ययन अनुसन्धानलाई निरन्तरता दिइने छ।

२८.कला संस्कृतिको महत्त्वबारे नयाँ पुस्तालाई प्रशिक्षित गर्न र व्यवहारिक ज्ञान दिएर सीप सिकाउन विद्यालयहरूमा सांस्कृतिक गुरुहरूको व्यवस्था गरी संस्कृतिलाई जीवन्तता दिने नीति लिइने छ।

२९.वडा वडामा रहेका जीर्ण र लोपोन्मुख सम्पदाहरू पुनःनिर्माण र जीर्णोद्धार गर्न वडास्तरमै सम्पदा संरक्षणका लागि छुट्टै बजेटको व्यवस्था गरिने छ।

३०.भूकम्पबाट क्षतिग्रस्त पुनःनिर्माण गर्न बाँकी घरहरू र नयाँ निर्माण हुने घरहरू माटो जोडाइमा बनाउन प्रोत्साहित गरिनेछ।

३१.नगरभित्र रहेका पुरातात्विक महत्त्वका निजी घरहरू विविध कारण घरधनी स्वयम्ले समयमा नबनाउँदा सम्पदा नै लोप हुने अवस्था भएमा नगरपालिकाले लागत घरधनीबाट असुल उपर गरी लिने गरी प्रकृया पुऱ्याइ निर्माण गर्ने नीति लिइनेछ।

३२.भक्तपुरको परम्परागत जनजीवन झल्किने सङ्ग्रहालय निर्माण गरिनेछ।

३३.परम्परागत बाजाहरूको प्रतियोगिता गरी उत्साहित गरिनेछ र सांस्कृतिक गुरुहरूको उचित सम्मान गरिने छ। सांस्कृतिक क्षेत्रलाई क्रमशः व्यवसायीकरण गर्दै लगिनेछ।

३४.सांस्कृतिक बाजागाजाको बोललाई क्रमशः लिपिबद्ध गर्दै संरक्षणको नीति लिइनेछ। साथै दाफा भजनको थ्या साफु पुनः प्रकाशन गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

३५.परम्परागत बाजागाजा एवम् नृत्य प्रशिक्षण दिन टोल समुदायलाई उत्साहित गरिनेछ। लोपोन्मुख खःप्याखंलाई पुनःर्जीवन दिन आवश्यक व्यवस्था मिलाइनेछ।

## घ) कृषि :

३६.घर घरबाट निस्किने कुहिने फोहोरबाट प्राङ्गारिक मल सी.एन.बी.एम. प्रविधिबाट तयार गर्दै आएकोमा थप व्यवस्थित गरी किसानहरूलाई वितरण गरिनेछ। फोहोरलाई स्रोतमै छुट्याउन र स्रोतबाटै फोहोर कम गर्न नगरवासीहरूलाई प्रोत्साहित गरिनेछ। भक्तपुर नगरपालिकाद्वारा उत्पादित कम्पोष्ट मल प्रयोग विधिबारे किसानहरूलाई आवश्यक तालिम दिई कम्पोष्ट मल प्रयोग गर्न प्रोत्साहित गरिनेछ।

३७.माटोको गुणस्तर कायम गर्न समय समयमा माटो परीक्षणको व्यवस्था मिलाइनेछ।

३८.किसानहरूबाट उत्पादित कृषि उत्पादन व्यवस्थित बिक्री वितरणको लागि भनपा वडा नं ५ मा निर्माणाधीन तरकारी बजार सञ्चालनमा ल्याइनेछ। कृषि मेला तथा स्थानीय उत्पादन मेला सञ्चालन गरिनेछ।

३९.किसानहरूबाट उत्पादित तरकारी, फलफूलगायत कृषि उपज सङ्कलन तथा भण्डारणका लागि निर्माणाधीन चिस्यान केन्द्र सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ।

४०.कृषकहरूको सुविधाका लागि कानुन बनाई कृषि ऋणको व्यवस्था गरिनेछ।

४१.नगरपालिकाले सहुलियत दरमा किसानहरूलाई बीऊबिजन वितरण र कृषि चुनको प्रयोगलाई प्राथमिकता दिइनेछ। वडा वडामा रहेका कृषक समूहहरूलाई सक्रिय बनाइनेछ। स्थानीय बीऊहरूको संरक्षणलाई जोड दिइनेछ। कौसी खेतीलाई प्रवर्द्धन गरिनेछ।

४२.कृषकहरूको सम्मान गर्ने र कृषि पेशाप्रति युवा पुस्तालाई आकर्षित गर्न स्थानीय पाठ्यक्रममा कृषि विषयलाई समावेश गरिनेछ।

४३.कृषि सम्बन्धी अध्ययन र अनुसन्धान गर्न खाद्य गुणस्तर तथा अनुसन्धान केन्द्र स्थापना गरिनेछ।

४४.किसान, मजदुर, डकर्मी, सिकर्मीहरू लगायतका पेसाकर्मीहरूको सूचीकरण गरी परिचयपत्र वितरण गरिनेछ।

४५.पशुपन्छीहरूलाई रोगबाट बचाउन आवश्यक खोपको व्यवस्था गरिनेछ।

४६.सडकमा जथाभावी छाडिएका दोपाया, चौपाया नियन्त्रणका लागि आवश्यक व्यवस्था गरिनेछ।

## ङ) पर्यटन :

४७.आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनका लागि समय समयमा सन्ध्याकालीन पदयात्रा कार्यक्रम गरिनेछ।

**४८.**भक्तपुरको सांस्कृतिक सम्पदाहरू प्रवर्द्धन गर्न र आन्तरिक र बाह्य पर्यटन विकासको लागि उपयुक्त समयमा भक्तपुर महोत्सव आयोजना गरिनेछ।

**४९.**भक्तपुर नगरका मूर्त अमूर्त सम्पदाहरूबारे आन्तरिक एवम् बाह्य पर्यटकलाई विस्तृत जानकारी दिन पर्यटकहरूलाई भ्रमण गराउने नयाँ तथा विस्तारित रुटको व्यवस्था गरिनेछ।

**५०.**भक्तपुर नगरपालिकाद्वारा निर्मित स्वचालित शौचालय (ई–ट्वाइलेट) सञ्चालनमा ल्याइनेछ।

**५१.**यहाँका कला, संस्कृति, सम्पदा आदिबारे प्रोमो, वेबसाइट, मोबाइल एप्स र डकुमेन्ट्रीको निर्माण गरी भक्तपुर नगरम्बन्धी प्रचार प्रसार गरिनेछ।

**५२.**पर्यटनसँग सम्बन्धित सरोकारवालाहरूबिच समय समयमा कार्यशाला, गोष्ठीहरूको आयोजना गरिनेछ। होम स्टे र फेमिली स्टेका लागि आवश्यक तालिमहरूको व्यवस्था गरिनेछ।

**५३.**पर्यटनसँग सम्बधित विषयहरूबारे अध्ययन अनुसन्धानलाई प्रोत्साहित गरिनेछ।

**५४.**नगरको उपयुक्त स्थानमा सांस्कृतिक प्रदर्शनी केन्द्र निर्माण गरिनेछ।

**५५.**सम्पदा तथा नगरका सडकहरूमा आवश्यक बत्तीको व्यवस्था गरी रात्रीकालीन पर्यटन विकासको लागि प्रोत्साहित गरिनेछ। साथै सुरक्षा प्रबन्धका लागि आवश्यक स्थानहरूमा सीसी क्यामेरा जडान गरिनेछ।

**५६.**आन्तरिक र बाह्य पर्यटकहरू बढ्दो क्रममा रहेकोले आवश्यकताअनुसार नगरका विभिन्न ठाउँमा बस पार्क र शौचालयहरू निर्माण गरिनेछ।

**५७.**स्थानीय परम्परागत सीपलाई स्थानीय जनताको आय आर्जनको स्रोतको रूपमा विकास गरिनेछ।

**५८.**आन्तरिक र बाह्य पर्यटकहरूलाई अमूर्त सम्पदाहरूको परिचय दिन र पर्यटकहरूको बसाई लम्ब्याउन समय समयमा सांस्कृतिक प्रदर्शनी गरिनेछ।

**५९.**नगरका पोखरीहरूमा पनि आवश्यक बत्तीको व्यवस्था गरी ती ठाउँहरू पनि आन्तरिक र बाह्य पर्यटकहरू आकर्षित गरिनेछ।

**६०.**स्थानीय उत्पादन प्रवर्द्धन तथा खरिद प्रक्रियाका लागि उत्साहित गर्ने नीति बनाइनेछ।

**६१.**जनप्रतिनिधिहरूको अगुवाइमा सम्पदा क्षेत्र तथा खुला स्थानमा पाक्षिक सरसफाइ कार्यलाई निरन्तरता दिइनेछ।

**६२.**बढ्दो प्लास्टिकजन्य प्रदूषण न्यूनीकरणका लागि नगरपालिका क्षेत्रभित्र प्लास्टिकको झोला निषेध गरिनेछ। साथै पुन:प्रयोग गर्न मिल्ने कपडाको झोलाहरूको प्रयोगलाई प्रोत्साहित गरिनेछ।

**६३.**नगरको सौन्दर्यीकरणलाई जोड दिइनेछ। नयाँ तथा विस्तारित आवास क्षेत्रमा घरको नक्सा पास गर्दा घर अगाडि कम्तीमा एउटा रुख रोप्ने तथा पुरानो बस्तीमा घर अगाडि फूलसहितको गमला राख्न उत्साहित गरिनेछ।

**६४.**नगरका विभिन्न पोखरी तथा सम्पदा परिसरमा आन्तरिक र बाह्य पर्यटकहरूको आकर्षण वृद्धि गर्न पर्यटकीय गतिविधिहरू वृद्धि गरिनेछ।

## च) वातावरण र सरसफाइ :

**६५.**नगरका विभिन्न ठाउँहरूमा हरियालीको विकास गरी पर्यावरणमा सुधार ल्याइनेछ।

**६६.**नगरको सौन्दर्यमा बाधा पुऱ्याइरहेको विद्युत् प्राधिकरण, दूरसञ्चार तथा विभिन्न केबुल नेटवर्कका छरपस्ट तारहरूलाई भूमिगत गरी व्यवस्थित गर्न सरोकारवाला पक्षहरूसँग छलफल गरी अगाडि बढाइनेछ।

**६७.**नगरको प्रमुख सम्पदा क्षेत्रहरूमा क्रमशः यातायात निषेध गर्दै लगिनेछ र भविष्यमा प्राचीन नगरभित्र सवारी निषेध गर्न आवश्यक योजनाहरू तर्जुमा गरिनेछ।

**६८.**नयाँ घर नक्सा पास गर्दा दुईपाङ्ग्रे तथा चारपाङ्ग्रे सवारीसाधन पार्किङको व्यवस्था घरधनी आफैले निर्माण गर्न उत्साहित गरिनेछ।

**६९.**पुनःप्रयोग गर्न मिल्ने वस्तुहरूलाई पुनःप्रयोगको व्यवस्था मिलाइनेछ।

**७०.**हाल निर्माणाधीन हनुमानघाट र सल्लाघारीको फोहोर प्रशोधन केन्द्र (उपचार पोखरीहरू) शीघ्र निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउन पहल गरिनेछ।

**७१.**खोला किनारा र अन्य खाली स्थानहरूमा रुख बिरुवाहरू रोपेर हरियाली प्रवर्द्धन गरिनेछ।

**७२.**आधुनिक प्रविधिमार्फत सरसफाइ कार्यलाई अगाडि बढाइनेछ।

## छ) खानेपानी :

**७३.**पानीका स्थानीय स्रोतहरू इनार, ढुङ्गेधारा, पोखरीलगायतलाई मौलिक विधिमार्फत पुनर्जीवन दिई संरक्षण गरिनेछ।

**७४.**जनसङ्ख्या वृद्धिको कारण हिउँदको समयमा भक्तपुर नगरमा पानीको निकै अभाव हुने भएकाले नगरकोटको पानीको स्रोत संरक्षणका लागि सरोकारवालाहरूबिच छलफल

गरी पानीको अधिकत्तम उपयोग गर्न आवश्यक व्यवस्था गरिनेछ ।

**७५.**मेलम्चीको पानी घरघरमा पुऱ्याउने उद्देश्यले वितरण प्रणालीलाई थप व्यवस्थित गर्ने र नयाँ क्षेत्रहरूमा पनि क्रमशः पाइप लाइनको विस्तार गरिनेछ ।

**७६.**नगरवासी व्यक्ति र समुदायलाई आकासे पानी सङ्कलन कार्यमा प्रोत्साहित गरिनेछ ।

**७७.**भूमिगत पानी डीप बोरिङ गर्ने कार्यलाई नियन्त्रित र व्यवस्थित गरिनेछ । साथै जमिनमुनि पानी पुनर्भरण कार्यलाई प्रोत्साहित गरिनेछ ।

## ज) खेलकुद :

**७८.**खेलकुदलाई नागरिक जीवनको एक अभिन्न अङ्गको रूपमा विकास गर्न युवा-विद्यार्थीहरूलाई खेलकुदमा सक्रिय बनाइनेछ । हरेक वर्ष हुने विद्यालयस्तरीय खेलकुद प्रतियोगिता र अन्तर नगर खेलकुद प्रतियोगितालाई निरन्तरता दिइनेछ ।

**७९.**हाल भइरहेको विभिन्न खेलहरूको प्रशिक्षण कार्यलाई निरन्तरता दिँदै नयाँ खेलहरूको प्रशिक्षण प्रारम्भ गरिनेछ ।

**८०.**विद्यालयहरूमा खेलकुद प्रशिक्षक नियुक्ति गरी विद्यालय स्तरदेखि नै व्यवस्थित खेलकुद तालिमको बन्दोबस्त गरिनेछ ।

**८१.**शारीरिक व्यायाम (छिकोङ) को प्रशिक्षणलाई विद्यालय स्तरसम्म विस्तार गर्दै लगिनेछ ।

**८२.**वर्षको उत्कृष्ट खेलाडी सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**८३.**सहिद स्मृति खेल मैदान र माहेश्वरी खेल मैदानलाई व्यवस्थित गर्न आवश्यक बजेट विनियोजन गरिनेछ ।

**८४.**वडा वडामा रहेका खेलकुद समितिलाई सक्रिय बनाइनेछ र अन्तर वडा खेलकुद प्रतियोगिताहरू आयोजना गर्नेलाई आवश्यक आर्थिक सहयोगको व्यवस्था गरिनेछ ।

**८५.**टोल टोलमा राखिएका खुला व्यायामशालाहरूको स्तरोन्नति गरिनेछ र अन्य ठाउँहरूमा खुला व्यायामशालाहरूको विस्तार गर्दै लगिनेछ ।

**८६.**नगरका उपयुक्त पोखरीहरूमा युवाहरूलाई पौडी प्रशिक्षणको लागि आवश्यक व्यवस्था गरिनेछ ।

**८७.**टोलटोलमा विभिन्न परम्परागत खेलकुद प्रतियोगिता गर्न उत्साहित गरिनेछ र विद्यालयहरूका खेलकुद प्रशिक्षकहरूलाई आवश्यक प्रशिक्षण दिइनेछ ।

## झ) युवा र आत्मनिर्भरता :

**८८.**युवाहरूलाई आत्मनिर्भर बनाउन सहुलियत ब्याज दरमा युवा उद्यमशीलता ऋण वितरणलाई निरन्तरता दिइनेछ ।

**८९.**युवाहरूलाई सीपमूलक तालिमहरू फ्रिज, मोबाइल, वासिङ मेसिन, पानी तान्ने पम्पलगायतको मर्मतको प्रशिक्षण दिइनेछ । हाल सञ्चालित डकर्मी, प्लम्बर, विद्युत्, सिलाइ, कुक, हेयर कटिङ, बुटिकलगायतका तालिमलाई निरन्तरता दिइनेछ ।

## ञ) सहकारी :

**९०.**सहकारी संस्थाहरूलाई प्रविधिसँग जोड्दै लगिनेछ र त्यसको लागि आवश्यक तालिमहरूको व्यवस्था गरिनेछ ।

**९१.**सहकारीहरूमा रहेको पुँजीलाई पर्यटन र उत्पादनमुखी कार्यमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।

**९२.**सहकारी संस्थाहरू एक्लै वा साझेदारीमा ज्येष्ठ नागरिकहरूको सेवाको लागि आदर निकेतनहरू सञ्चालनको लागि प्रोत्साहित गरिनेछ । त्यसको लागि छुट्टै कार्यविधि बनाई लागू गरिनेछ ।

**९३.**भक्तपुर नगरभित्र सञ्चालित सहकारीहरूमध्ये तोकिएको मापदण्डको आधारमा उत्कृष्ट सहकारीलाई पुरस्कृत गरिनेछ ।

**९४.**परम्परागत संस्कृति संरक्षणमा योगदान गर्ने सहकारीहरूलाई उत्साहित गर्ने नीति लिइनेछ ।

**९५.**सहकारी संस्थामा सुधार ल्याउन अनुगमनलाई थप प्रभावकारी बनाउँदै लगिनेछ ।

**९६.**'एक सहकारी एक क्षेत्र सरसफाइ' कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै लगिनेछ ।

**९७.**सहकारी सदस्यहरूको सांस्कृतिक स्तर उठाउन आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**९८.**गरिबीको कारण उच्च शिक्षा हासिल गर्न नसकेका विद्यार्थीहरूलाई न्यून ब्याज दरमा शैक्षिक ऋण प्रदान गर्न सहकारीलाई उत्साहित गरिनेछ ।

**९९.**दैनिक बचत सङ्कलनलाई नियन्त्रणको नीति लिइनेछ ।

## विविध :

**१००.**भक्तपुर नपा वडा नं. ६ देकोचास्थित निर्माणाधीन अरनिको सभाभवन नगरको गौरवको योजना भएकोले त्यसको

लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

**१०१.**नगरका जेष्ठ नागरिकहरूको सेवाको निम्ति भक्तपुर नपा वडा नं. ६ मा निर्मित आदर निकेतन दिवा सेवा सञ्चालन गरिनेछ, त्यसको लागि आवश्यक जनशक्ति र बजेट व्यवस्था गरिनेछ ।

**१०२.**भनपा वडा नं. ५ मा व्यवस्थित पार्किङ निर्माण गरी सञ्चालनमा ल्याइनेछ र नगरका विभिन्न ठाउँमा पार्किङको व्यवस्था गरिनेछ ।

**१०३.**जुजु धौ, ताइचिन च्युरा, हाकुपटासी, भादगाउँले टोपी, तोरीको तेल, काष्ठकला, धातुकला, हस्तकला, मुकुन्डो निर्माणलगायत घरेलु उत्पादनलाई प्रोत्साहित गरिनेछ ।

**१०४.**देको मिवा इतापाके जग्गा एकीकरण योजनामा बाँकी भौतिक संरचना निर्माणलाई तीव्रता दिइनेछ र जग्गा धनी र मोहीहरूको जग्गा फिर्तालाई निरन्तरता दिइनेछ । गुठी जग्गा कमाउने किसानहरूको समस्या समाधानको लागि निरन्तर पहल जारी राखिनेछ र गुनासोकर्ताहरूको निवेदनअनुसार गुनासो व्यवस्थापन उपसमितिमार्फत उचित निर्णय गरिनेछ ।

**१०५.**सार्वजनिक, पर्ती र सरकारी जग्गा संरक्षण गरिनेछ तथा ती जग्गाहरूलाई सार्वजनिक हितमा प्रयोगमा ल्याइनेछ ।

**१०६.**हनुमन्ते खोलाको दायाँबायाँ करिडोर निर्माणलाई अगाडि बढाइनेछ ।

**१०७.**हनुमन्ते खोला र कासाङकुसुङ खोला सरसफाइमा ध्यान दिइनेछ र ती खोलाहरू सुधारको लागि आवश्यक बजेट व्यवस्था गरिनेछ ।

**१०८.**भक्तपुर नगरपालिका वडा नं. २ ब्यासीस्थित भक्तपुर औद्योगिक क्षेत्रमा रहेको हस्तकला उद्योगलाई व्यवस्थित रूपमा सञ्चालनमा ल्याइनेछ ।

**१०९.**भक्तपुर औद्योगिक क्षेत्रलाई स्थानान्तरण गरी त्यसलाई घरेलु उत्पादनमा आधारित औद्योगिक ग्रामको रूपमा विकास गरिनेछ ।

**११०.**भक्तपुर नगरभित्रका व्यवसायीहरूलाई सहजताका लागि सम्बन्धित पक्षहरूसँग समन्वय गरी ढक तराजु नवीकरणको व्यवस्था नगरपालिकाभित्रै गर्ने व्यवस्था मिलाइने छ ।

**१११.**नगरपालिकाले आन्तरिक आय वृद्धिलाई ध्यानमा राखेर करको क्षेत्र विस्तार गर्दै लगिनेछ ।

**११२.**विपद्को समयमा जनतालाई सुरक्षित गर्न विपद् प्रतिकार्य तथा विपद् व्यवस्थापन विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**११३.**घरदैलोमै कर सङ्कलन टोली खटाई कर सङ्कलन गर्ने व्यवस्था मिलाइनेछ ।

**११४.**करदाताहरूलाई कर बुझाउन सहजताका लागि क्यु आर कोडमार्फत अनलाइन राजस्व सङ्कलनको व्यवस्था गरिनेछ ।

**११५.**जी.पी.एस. प्रणालीसहित आधुनिक ठेगाना प्रणाली लागू गरिनेछ ।

**११६.**नगरमा आन्तरिक र बाह्य पर्यटकहरूको बृद्धिलाई ध्यानमा राखेर नगरका महत्त्वपूर्ण ठाउँहरूमा क्रमशः निःशुल्क वाइफाइको व्यवस्था गरिनेछ ।

**११७.**साहित्य र सांस्कृतिक प्रतिष्ठान निर्माणको तयारी गरिनेछ ।

**११८.**भक्तपुरका सम्पदा, वास्तुकलाको दृष्टिले भवन, टोल, पोखरी र विभिन्न विषयको जानकारी दिने सूची पुस्तक तयार गरिनेछ ।

**११९.**भक्तपुरमा सञ्चालित विभिन्न सरकारी तथा गैरसरकारी अस्पतालहरूमा नगरवासी जनताको स्वास्थ्य उपचारमा पाइने छुटलाई कार्यान्वयन गराउन पहल गरिनेछ ।

**१२०.**विद्यालय क्षेत्र, त्यस वरपर सार्वजनिक क्षेत्रमा धुमपान र मद्यपान निषेध गर्ने नीति लिइनेछ ।

**१२१.**नगरपालिकाको ख्वप टेलिभिजन सञ्चालन गरिनेछ ।

**१२२.**अनलाइनमार्फत नक्सापास प्रकृया सुरु गरिनेछ ।

**१२३.**उपभोक्ताहरूको स्वास्थ्यलाई ध्यानमा राखी बजार अनुगमनलाई थप प्रभावकारी बनाउँदै लगिनेछ ।

**१२४.**नागरिकहरू आवागमनलाई अवरोध हुने गरी व्यवसाय सञ्चालन गर्नेहरूलाई कानुन बमोजिम कारबाही गरिनेछ ।

**१२५.**युवाहरूलाई लागु औषधको दुर्व्यसनबाट टाढा राख्न नियन्त्रण र निषेधको नीति लिइनेछ ।

**१२६.**अपाङ्गता भएकाहरूका लागि आवश्यकताअनुसार फिजियोथेरापी सेवा सञ्चालन गरिनेछ ।

अन्त्यमा, उपरोक्त बमोजिमको नीति तथा कार्यक्रमलाई नगर सभासद्हरूले व्यापक छलफल गरी पारित गरी दिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

*(भक्तपुर नगरपालिकाको सोह्रौँ नगरसभाको उद्घाटन सत्र (२०८१ असार ७ गते) मा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिबाट प्रस्तुत नीति तथा कार्यक्रम)*

भक्तपुर नपाको सोह्रौँ नगरसभा

## पहिलो बैठक (२०८१।३।७)

# धन्यवाद प्रस्ताव पारित




भक्तपुर नगरपालिकाको सोह्रौँ नगरसभाको पहिलो बैठक असार ७ गते बस्यो ।

बैठक भक्तपुर नगरपालिकाका प्रमुख एवम् सोह्रौँ नगर सभाका अध्यक्ष सुनिल प्रजापतिको अध्यक्षतामा बसेको हो ।

नगरसभाको उद्घाटन सत्रपश्चात बसेको औपचारिक बैठकमा सभाध्यक्ष **प्रजापति**ले भक्तपुर नगरपालिकाको नगर सभा समुद्घाटन गरी जनप्रतिनिधि एवम् कर्मचारीहरूलाई मार्गनिर्देशन दिनुभएकोमा प्रमुख अतिथि नेमकिपाका सचिव प्रेम सुवाल, महत्त्वपूर्ण मन्तव्य व्यक्त गर्नुभएका विशिष्ट अतिथिहरूलगायतलाई हार्दिक धन्यवादज्ञापन गर्दै धन्यवाद प्रस्ताव पारित गरेको छ ।



नगरसभाको अर्को बैठक २०८१ असार ९ गते दिनको १ बजे आइतबार बस्ने गरी बैठक स्थगित भयो ।

**आफू बस्ने घर, चोक, टोल र नगर**
**हाम्रो लागि हामी आफै सफा गरौं ।**
**सफाइ गर्दा इज्जत घट्दैन**
**बरु सभ्य भइन्छ र**
**रोगबाट समेत मुक्त हुन्छ ।**

## दोस्रो बैठक (२०८१।३।९)

# नीति तथा कार्यक्रम पारित

### भक्तपुर नगरपालिकाको आ.व. २०८१।८२ को नीति तथा कार्यक्रम सर्वसम्मतिबाट पारित




भक्तपुर नगरपालिकाको आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम सर्वसम्मतिले पारित गऱ्यो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा असार ९ गते बसेको सोह्रौँ नगरसभाको बैठकबाट आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम पारित भएको हो ।

सभामा नगर प्रमुख **प्रजापति**ले नीति तथा कार्यक्रममाथि छलफलमा उठेका जिज्ञासामाथि प्रष्ट पार्नुहुँदै सभाबाट आएका सुझावहरू सकारात्मक रहेको बताउर्नुहुँदै नीति तथा कार्यक्रम प्रभावकारी ढङ्गले कार्यान्वयन गर्ने पक्षमा नगरपालिकाले विशेष जोड दिने बताउनुभयो ।

भक्तपुर नगरपालिकाको नीति तथा कार्यक्रममाथि भएको छलफलमा १३ जना सभासद्हरूले आ–आफ्नो धारणा राख्नुभयो । प्रस्तुत नीति तथा कार्यक्रममाथि सभासद्हरू मन्जुमैया लाखा, इन्द्रबहादुर प्याथ, तारादेवी शाक्य, हरिरत्न गोर्खाली, श्यामसुन्दर मातां, सिद्धिराम अवाल, नारायणप्रसाद त्वानाबासु, पुरुषोत्तम तमखू, कृष्णगोपाल चौगुठी, कृष्णनारायण दुमरु, सूर्यप्रसाद श्रेष्ठ, हेरा ख्याजु र गोविन्द दुवालले भक्तपुर नपाबाट सञ्चालित जनज्योति पुस्तकालयलाई भक्तपुरको केन्द्रीय पुस्तकालयको रूपमा विकास गर्न सकिने, नगरभित्र अवस्थित मठहरूको अभिलेख राखी भग्नावेश अवस्थामा रहेका मठहरूको पुन:निर्माण गरी जनताको हितमा उपयोग गर्नुपर्ने, नगरकोटको मुहान पोखरीलाई जलाधार क्षेत्र घोषणा गर्नुपर्ने, सांस्कृतिक र पुरातात्त्विक महत्त्व बोकेको स्थलहरूको अध्ययन र अनुसन्धानको व्यवस्था गर्नुपर्ने, सहिद स्मृति खेलमैदान निर्माणमा विशेष पहल आवश्यक भएको, स्वयम्सेवक वा करार शिक्षकहरूको व्यवस्था गर्ने नीति लिनुपर्ने,

स्थानीय बीउको संरक्षण गर्ने नीति अँगाल्नुपर्ने, नक्सा पासबारे नागरिक बडापत्रको व्यवस्था हुनुपर्ने, परम्परागत दाफा भजन प्रतियोगिता गर्नुपर्ने, नगरकोट सडकको दायाँबायाँ र कमलविनायक प्लानिङको पेटीमा ब्लक छपाइ कार्य र वृक्षारोपण गरी हरियाली गर्नुपर्ने, हनुमन्ते खोला करिडोर निर्माण गर्नुपर्नेलगायतका धारणा राख्नुभयो ।



नगरसभाको अर्को बैठक २०८१ असार १० गते सोमबार दिनको १ बजे बस्नेगरी स्थगित भयो भने उक्त बैठकमा भक्तपुर नगरपालिकाको आ.व. २०८१/८२ को बजेट प्रस्तुत गरिने कार्यक्रम रहेको जानकारी गराउनुभयो ।

### तेस्रो बैठक (२०८१।३।१०)

# आव २०८१/८२ को बजेट, आर्थिक विधेयक र विनियोजन विधेयक प्रस्तुत

## अनुमानित बजेट रू. २ अर्ब ६६ करोड ४३ लाख १० हजार




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा सोह्रौं नगरसभाको तेस्रो बैठक असार १० गते बस्यो । सभाध्यक्ष प्रजापतिले उपप्रमुख रजनी जोशीलाई भक्तपुर नगरपालिकाको आ.व. २०८१/८२ को अनुमानित बजेट प्रस्तुत गर्न समय प्रदान गर्नुभयो ।

बैठकमा भक्तपुर नगरपालिकाको आन्तरिक स्रोत, नेपाल सरकार र वाग्मती प्रदेश सरकारबाट विभिन्न शीर्षकमा प्राप्त हुने अनुदान रकम साथै ऋण सापटीसमेत गरी आव २०८१/८२ को लागि रु. २ अर्ब ६६ करोड ४३ लाखको बजेट प्रस्तुत गरिएको छ ।

बजेट मन्तव्यपछि नगरसभाको सोही बैठकमा उपप्रमुख जोशीले 'भक्तपुर नगरपालिकाको आर्थिक विधेयक २०८१', 'भक्तपुर नगरपालिकाको विनियोजन विधेयक, २०८१' सभासमक्ष प्रस्तुत गर्नुभएको थियो ।



सभाले उक्त दुवै विधेयकहरू छलफलको लागि सर्वसम्मतिले स्वीकृत गरेको छ ।

नगरसभाको अर्को बैठक असार १२ गते दिनको १ बजे बस्नेछ ।

## हाम्रा पुराना मूर्ति



भैरव (१८ औं शताब्दी)

स्रोत : राष्ट्रिय चित्र सङ्ग्रहालय, भक्तपुरको प्रदर्शनी

**उपप्रमुख रजनी जोशीबाट प्रस्तुत**

# भक्तपुर नपाको आ.व. २०८१/८२ को बजेट वक्तव्य




**सभाध्यक्षज्यू एवम् सभासद मित्रहरू,**

■ भक्तपुर नगरपालिकाको सोह्रौं नगरसभामा यहाँहरू सबैमा हार्दिक अभिवादन व्यक्त गर्दछु ।

■ सर्वप्रथम, विभिन्न जनआन्दोलन र सङ्घर्षहरूमार्फत जनताको अधिकार सुनिश्चित गर्ने क्रममा जीवन उत्सर्ग गर्नुभएका प्रातःस्मरणीय सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै विभिन्न समयकालमा भएका जनआन्दोलनहरूमा घाइते भएका, प्रवास तथा भूमिगत भएर राजनैतिक र सामाजिक परिवर्तनमा महत्त्वपूर्ण योगदान गर्नुभएका सम्पूर्ण योद्धाहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

■ नेपाल मजदुर किसान पार्टीको तर्फबाट निर्वाचित हामी जनप्रतिनिधिहरू पार्टीको सिद्धान्त र विचारलाई आत्मसात गर्दै जनताको सेवामा समर्पणभावले लागिरहेका छौँ । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवम् वरिष्ठ राजनीतिज्ञ का. नारायणमान बिजुक्छेँ (रोहित) द्वारा लिखित पुस्तक **'सय वर्षपछिको भक्तपुर'** लाई सार्थकता दिन हामी जनप्रतिनिधिहरूले निरन्तर मार्गनिर्देशनको रूपमा काम गरिरहेका छौँ ।

■ आजसम्म आइपुग्दा भक्तपुर नगरलाई एक नमुना नगरको रूपमा अघि बढाउन महत्त्वपूर्ण योगदान पुऱ्याउनुहुने पार्टीका नेता, अग्रज कार्यकर्ता, स्थानीय जनता, पूर्वजनप्रतिनिधिहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौँ । यसरी अग्रजहरूले अँगाल्नुभएका इमानदारिता तथा सच्चरित्रताको बाटोमा हामी सम्पूर्ण जनप्रतिनिधिहरू निःस्वार्थपूर्वक जनताको सेवामा लाग्ने अठोटका साथ हामी अघि बढिरहेका छौँ ।

■ सम्पूर्ण नगरवासीहरूको इच्छा आकाङ्क्षाअनुरूप ऐतिहासिक एवम् सांस्कृतिक नगरको पुनःजागरणका साथै नगरवासीको जीवन रूपान्तरण गर्नु हाम्रो साझा लक्ष्य हो । विश्व सम्पदा क्षेत्रमा सूचीकृत हाम्रो नगर भक्तपुरमा पर्यटकहरूको बढीभन्दा बढी आगमन गराई नगरवासीहरूको जीवनस्तरमा वृद्धि हुनुको साथै उहाँहरूको सेवा हुनेमा हामी विश्वस्त छौँ । यसका लागि भक्तपुरको विशेषता र पहिचान बोकेका हाम्रो सम्पदा र संस्कृतिको संरक्षण र संवर्द्धन गर्दै अघि बढिरहेका छौँ । यसकारणले गर्दा भक्तपुर नगरमा आन्तरिक एवम् बाह्य पर्यटकहरूको सङ्ख्या दिन प्रतिदिन बढ्दो छ ।

■ भक्तपुर नगरलाई सांस्कृतिक केन्द्रको रूपमा अघि बढाउन यही २०८१ वैशाख २१ गते भक्तपुर नगरपालिका वडा नं. ६ स्थित देकोचोमा नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष श्री नारायणमान बिजुक्छेँज्यूबाट अरनिको सभा भवनको शिलान्यास भई निर्माण कार्य अघि बढिरहेको यहाँहरूमा अवगत नै छ ।

■ उक्त सभाभवनको निर्माण सम्पन्न भएपछि भक्तपुरलाई शिक्षा, स्वास्थ्य र ज्ञानविज्ञानको केन्द्रको साथै सभा, सम्मेलन, गोष्ठी, भेला र कार्यक्रमहरूको केन्द्रको रूपमा विकास हुने विश्वास लिएका छौँ । यसको साथै कला, संस्कृति, भाषा, इतिहासका लागि अनुसन्धान केन्द्रको रूपमा अघि बढाउने लक्ष्य लिएका छौँ ।

■ यस सांस्कृतिक नगर भक्तपुरलाई २१ औँ शताब्दीको समयसापेक्ष ढङ्गले ज्ञान विज्ञानको केन्द्रको रूपमा विकास गर्ने लक्ष्यअनुरूप कृषि मल र बीउमा अनुदान, माटो परीक्षण, आधुनिक स्वास्थ्य सेवा प्रवाह, वातावरण सुधार आदिका साथै विज्ञान, प्रविधि तथा प्राविधिक उपकरणहरूको प्रयोग गरी गुणस्तरीय सेवा सुविधा प्रदानको लागि अध्ययन अनुसन्धान भइरहेको अवगत गराउन चाहन्छु ।

■ साथै आगामी दिनहरूमा नगरपालिकाको कर सङ्कलन, नक्सा पास, आर्थिक र प्रशासनिक व्यवस्थापनमा प्रविधिको प्रयोग गरी आधुनिक तरिकाबाट सेवा प्रवाहको व्यवस्थाको लागि यस सभामा जानकारी गराउन चाहन्छु ।

**सभासदज्यूहरू,**

■ आजको समयमा नेपाली युवाहरू रोजगारी वा उच्च शिक्षा अध्ययन गर्न विदेश पलायन हुने क्रम बढ्दो छ । देश युवाविहीन र जेष्ठ नागरिकहरूको देशको रूपमा अघि बढिरहेको चिन्ताजनक अवस्थामा देशको एक न एक सरकारले यसको जिम्मेवारी वहन गर्नुपर्छ भन्ने बोध भक्तपुर नगरपालिकालाई भएको छ । त्यसैले हाम्रो कर्तव्य पूरा गर्न नगरका युवाहरूलाई आफ्नो देशको माटो सुहाउँदो

जनजीविकाका लागि आवश्यक सीपयुक्त तालिमहरू प्रदान गर्दै आएका छौँ । साथै यस वर्षदेखि आफ्नै उद्योग सञ्चालन गरी प्रोत्साहन गर्न युवा उद्यमीहरूलाई उद्यमशील ऋण प्रवाह गर्दै छौँ ।

■ कृषकहरूको बाहुल्यता भएको हाम्रो नगरमा कृषकहरूका लागि कृषि ऋणको व्यवस्था गरी प्रविधियुक्त आधुनिक कृषि खेतीमा युवा पुस्तालाई पनि आकर्षण गर्न तथा स्थानीय पाठ्यक्रममा व्यवहारिक कृषि विषय समावेश गरी किसानलगायत मजदुर, डकर्मी, सिकर्मीहरूलाई परिचय पत्र वितरण गरी आफ्नो पेसाको प्रवर्द्धनका लागि आवश्यक पहल गर्ने विश्वास दिलाउन चाहन्छु ।

■ समाजको सन्तुलित विकासको लागि सबै पक्षहरूलाई मूलधारमा ल्याई उच्चत्तम परिचालन गर्नुपर्ने आजको आवश्यकता हो । महिला, अपाङ्गता भएका व्यक्ति, दलित, सीमान्तकृत वर्ग, अति विपन्न जनसमुदाय आदिलाई सामाजिक र आर्थिक विकासको मूलधारमा ल्याउन विशेष पहलको आवश्यकता महसुस गरेका छौँ ।

■ समाजमा लुकेर बसेका लागूपदार्थ दुर्व्यसनी, मानसिक रोगी, अति विपन्न परिवार आदिको समस्यालाई सम्बोधन गरेरै मात्र समाजको समग्र आर्थिक र सामाजिक विकास सम्भव छ भन्ने मान्यताका साथ यी र यस्ता वर्गहरूलाई समावेशीताको सिद्धान्तअनुसार स्थानीय सरकारको हैसियतले भक्तपुर नगरपालिकाले विभिन्न योजना तथा कार्यक्रम सञ्चालन गरी सम्बोधन गर्दै आएको यहाँहरू सबैमा विदितै छ । यसरी उन्नत समाज निर्माण कार्यमा भक्तपुर नगरपालिका निरन्तर समय सापेक्ष ढङ्गले अघि बढिरहनेछ ।

■ शान्त र सुन्दर नगर भक्तपुरको सुरक्षालाई व्यवस्थित गरी यहाँका बहुमूल्य धरोहरलगायत नगरवासीहरूको सुरक्षाको प्रत्याभूतिका साथै ट्राफिक व्यवस्थापन/बजार व्यवस्थापन कार्य नगर प्रहरीमार्फत भइरहेको छ । आवश्यकताअनुसार नगर प्रहरीको सङ्ख्या क्रमशः बढाउँदै एक सुन्दर, शान्त र व्यवस्थित नगरको रूपमा विकास गर्नु हामी सबैको साझा कर्तव्य हो ।

■ स्थानीय तहको निर्वाचन, २०७९ मा नेपाल मजदुर किसान पार्टीको तर्फबाट अगाडि सारिएको घोषणापत्रमार्फत जनतामा दिएको वचन पूरा गर्न शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, खानेपानी, सरसफाइ, पर्यटन, भौतिक पूर्वाधार तथा सुशासन प्रवर्द्धन, उपलब्ध स्रोत र साधनको अधिकत्तम उपयोग गरी स्थानीय युवाहरूलाई उद्यमशील तथा स्वरोजगालगायतका कार्यलाई प्राथमिकताकासाथ नगर प्रमुखज्यूले प्रस्तुत गर्नुभएको र यस सभाबाट पारित भएको नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्न यो बजेट केन्द्रित भएको व्यहोरा जानकारी गराउँदछु ।

**सभाध्यक्षज्यू,**

अब म चालू आ.व. २०८०/८१ को बजेट कार्यान्वयनको सङ्क्षिप्त समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**१.** चालू आ.व. २०८०/८१ का लागि कुल २ अर्ब २६ करोड ८५ लाख ९४ हजार रुपैयाँको अनुमानित बजेट निर्माण गरिएको थियो । जसमध्ये नगरपालिकाको आन्तरिक आयतर्फ ६० करोड आम्दानी हुने अपेक्षा गरिएकोमा २०८१ जेठ मसान्तसम्ममा ४४ करोड ६८ लाख ६७ हजार ९३० रुपैयाँ यथार्थ आम्दानी भयो जुन अनुमानित आम्दानीको ७४.४८ प्रतिशत हुन आउँछ । सम्पत्ति तथा भूमिकर, घर बहाल कर, पर्यटन सेवा शुल्क, व्यवसाय कर, नगरपालिकाद्वारा उत्पादित कम्पोष्ट मल बिक्री, शैक्षिक योगदान शुल्क, पार्किङ तथा जल मनोरञ्जन शुल्क, छायाङ्कन दस्तुरलगायतमा चालू आ.व.का लागि अनुमानित गरिएकोमा उल्लेख्य आम्दानी भएको देखिन्छ । २०८१ असार मसान्तसम्ममा आन्तरिक आयतर्फ रु. ४९ करोड ८७ लाख ५० हजार आम्दानी हुने संशोधित अनुमान गरिएको छ ।



**२.** बाह्य स्रोततर्फ राजस्व बाँडफाँडमा १७ करोड ३६ लाख २९ हजार ४६७ रुपैयाँ अनुमान गरिएकोमा चालू आ.व.को जेठ मसान्तसम्ममा ११ करोड ६९ लाख ८९ हजार ४१३ रुपैयाँ ४० पैसा अर्थात् ६७.३८ प्रतिशत प्रगति भयो । सङ्घ सरकारबाट प्राप्त अनुदानमा (वित्तीय समानीकरण, सशर्त, समपूरक र विशेष अनुदान, सामाजिक सुरक्षा भत्ता, सडक बोर्ड नेपालबाट प्राप्त रकमसमेत) १ अर्ब ५ करोड ७ लाख हुने अनुमान गरिएकोमा जेठ मसान्तसम्ममा ८३ करोड ३५ लाख ३२ हजार ५४८ रुपैयाँ अर्थात् ७९.३३ प्रतिशत र प्रदेश सरकारबाट (वित्तीय समानीकरण, सशर्त, समपूरक र विशेष अनुदानबाट प्राप्त रकमसमेत) ४ करोड ८० लाख ११ हजार अनुदान प्राप्त हुने अपेक्षा गरिएकोमा जेठ मसान्तसम्ममा ४ करोड ८० लाख ११ हजार रुपैयाँ अर्थात् १०० प्रतिशत प्राप्त भयो । त्यस्तै अन्य आयमा (सङ्घ र प्रदेशबाट स्थानीय

पूर्वाधार साझेदारी कार्यक्रम, जिल्ला समन्वय समिति र ऋणबाट प्राप्त रकमसमेत) २६ करोड प्राप्त हुने अनुमान गरिएकोमा जेठ मसान्तसम्ममा जम्मा २ करोड ३५ लाख अर्थात् ९.०४ प्रतिशतमात्र प्राप्त भयो। यस हिसाबले बाह्य स्रोततर्फ चालू आ.व.को जेठ मसान्तसम्ममा कुल १ अर्ब २ करोड २० लाख ३२ हजार अर्थात् ६६.७० प्रतिशत आम्दानी भएको सभासमक्ष जानकारी गराउँदछु।

**३.** चालू आ.व. २०८०/८१ मा चालू तर्फ रु. १ अर्ब ३६ करोड ९४ लाख ९४ हजार विनियोजन गरिएकोमा २०८१ जेठ मसान्तसम्मको कुल चालू खर्च ९८ करोड २६ लाख ४१ हजार अर्थात् ७१.७५ प्रतिशत भयो। असार मसान्तसम्ममा चालू खर्च बढेर १ अर्ब ०९ करोड ८१ लाख ९३ हजार खर्च हुने संशोधित अनुमान गरिएको छ।

**४.** पुँजीगत खर्चतर्फ चालू आ.व. २०८०/८१ मा रु. ८० करोड ४१ लाख विनियोजन गरिएकोमा २०८१ जेठ मसान्तसम्ममा २७ करोड ८४ लाख १० हजार रुपैयाँ अर्थात् ३४.६२ प्रतिशत यथार्थ खर्च भयो भने असार मसान्तसम्ममा उक्त खर्च बढेर ३९ करोड ९५ लाख ३६ हजार हुने संशोधित अनुमान गरिएको छ।

**५.** वित्तीयतर्फ चालू आ.व. २०८०/८१ मा रु. ९ करोड ५० लाख विनियोजन गरिएकोमा २०८१ जेठ मसान्तसम्ममा २ करोड ३५ लाख रुपैयाँ अर्थात् २४.७४ प्रतिशत खर्च भयो भने असार मसान्तसम्ममा उक्त खर्च बढेर ९ करोड ३५ लाख हुने संशोधित अनुमान गरिएको छ।

**६.** चालू, पुँजीगत र वित्तीय व्यवस्थातर्फको खर्च जोड्दा असार मसान्तसम्ममा १ अर्ब ५९ करोड १२ लाख ३० हजार गरी कुल बजेटको ७०.१४ प्रतिशत खर्च हुने संशोधित अनुमान गरिएको छ। पुँजीगततर्फका सम्पदा पुन:निर्माणसँग सम्बन्धित धेरैओटा योजनाहरू तथा नगरस्तरीय गौरवका योजनाहरू चालू आ.व. मा सुरु भइसकेको र आगामी आ.व.का लागि क्रमागत योजनामा पर्ने भएकोले यथार्थ खर्च अझै बढ्ने निश्चित छ।

**सभाध्यक्ष महोदय,**

यस सम्मानित नगरसभामा अब म आगामी आर्थिक वर्ष २०८१/८२ को लागि भक्तपुर नगरपालिकाको आय-व्ययको अनुमानित विवरण पेश गर्ने अनुमति चाहन्छु।

## अ) आयतर्फ :

### क) आन्तरिक आयतर्फ :

**७.** सम्पति (घरजग्गा मूल्याङ्कन) तथा भूमि कर, व्यवसाय कर, पर्यटन सेवा शुल्क, जग्गा बिक्री, नगरपालिकाबाट उत्पादित कम्पोष्ट मल बिक्रीलगायत यस नगरपालिकाको आन्तरिक आयको स्रोतका रूपमा लिँदा आ.व. २०८१/८२ को लागि कुल ६५ करोड ८३ लाख १० हजार रुपैयाँ आन्तरिक आय हुने अनुमान गरिएको छ। आन्तरिक आय अनुमान गर्ने क्रममा करका दायरामा नआएका व्यवसायका शीर्षकलाई दायरामा ल्याउने र आवश्यक केही करको दरमा सामान्य वृद्धि गर्ने प्रस्ताव गरी भक्तपुर नगरपालिकाको आर्थिक विधेयक २०८१ मा समावेश गरिएको छ। आन्तरिक आयको विस्तृत विवरण अनुसूची-१ मा संलग्न छ।

### ख) बाह्य आयतर्फ :

**८.** राजस्व बाँडफाँडतर्फ आ.व. २०८१/८२ मा यस नगरपालिकामा सङ्घीय सरकारबाट रु. ९ करोड ४१ लाख, वाग्मती प्रदेश सरकारबाट रु. २ करोड ८८ लाख १३ हजार ५० र मालपोत तथा अन्यबाट रु. ५ करोड गरी कुल रु. १७ करोड २९ लाख १३ हजार ५० रुपैयाँ प्राप्त हुने अनुमान छ।

**९.** वित्तीय समानीकरण अनुदानतर्फ सङ्घीय सरकारबाट रु. २० करोड ३१ लाख र वाग्मती प्रदेश सरकारबाट रु. २ करोड १९ लाख ८५ हजार गरी कुल रु. २२ करोड ५० लाख ८५ हजार प्राप्त हुने अनुमान छ।

**१०.** सङ्घीय सरकारबाट विशेष अनुदानतर्फ रु. ५ करोड ५० लाख, समपूरक अनुदानतर्फ रु. १ करोड ५५ लाख, सशर्त अनुदानतर्फ रु. ४३ करोड ८७ लाख र अन्य अनुदानतर्फ ५ करोड रुपैयाँ प्राप्त हुने अनुमान छ। त्यस्तै सामाजिक सुरक्षा भत्तावापत यस वर्ष ४० करोड र सडक बोर्ड नेपालको तर्फबाट ९० लाख रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ।

**११.** चालू आर्थिक वर्षका लागि वाग्मती प्रदेश सरकारबाट समपूरक र विशेष अनुदानमा रकम प्राप्त नभएकोमा नगरपालिकाको तर्फबाट प्रदेश सरकारलाई समय समयमा विशेष ध्यानाकर्षण गराएको फलस्वरूप आगामी आर्थिक वर्षमा वाग्मती प्रदेश सरकारले समपूरक अनुदानतर्फ २ करोड ६४ लाख, विशेष अनुदानतर्फ ६५ लाख र सशर्त अनुदानतर्फ ११ करोड ८१ लाख २० हजार रुपैयाँ विनियोजन गर्ने प्रतिवद्धता व्यक्त गरेको हुँदा त्यति नै रकम आगामी आर्थिक वर्षमा प्राप्त हुने अनुमान गरिएको छ।

**१२.** यससँगै स्थानीय पूर्वाधार साझेदारी कार्यक्रम, ऋणलगायत विभिन्न शीर्षकबाट २३ करोड ५० लाख रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ।

**१३.** चालू आर्थिक वर्षको अनुमानित बैङ्क मौज्दात २० करोड ३७ लाख ८१ हजार हुने अनुमान गरिएको छ।

यसप्रकार आगामी आ.व. २०८१/८२ का लागि यस नगरपालिकाको कुल अनुमानित बजेट २ अर्ब ६६ करोड ४३ लाख १० हजार रुपैयाँको हुनेछ। बजेटको आयतर्फको बाह्य स्रोतको विस्तृत विवरण अनुसूची– २ मा संलग्न छ।

## आ) व्ययतर्फ :

**१४.** आगामी आ.व.का लागि चालू खर्चतर्फ १ अर्ब ५७ करोड ३ लाख १० हजार रुपैयाँ अर्थात् ५८.९३ प्रतिशत र पूँजीगत खर्चतर्फ ९९ करोड ४० लाख रुपैयाँ अर्थात् ३७.३० प्रतिशत विनियोजन गरिएको छ। चालू खर्चको विस्तृत विवरण अनूसुची– ३ र पुँजीगत खर्चको विस्तृत विवरण अनुसूच– ४ मा संलग्न छ। त्यस्तै वित्तीय व्यवस्थातर्फ १० करोड अर्थात् ३.७५ प्रतिशत विनियोजन गरिएको छ।

**सभाध्यक्षज्यू,**

आगामी आर्थिक वर्षका महत्त्वपूर्ण योजना तथा कार्यक्रमहरूबारे सङ्क्षिप्तमा पेश गर्दछु।

## शिक्षा :

**१५.** विगत लामो समयदेखि भक्तपुरलाई उत्कृष्ट शैक्षिक गन्तव्यस्थल बनाउने उद्देश्यले यस नगरपालिकाले शिक्षा क्षेत्रको विकासलाई पहिलो प्राथमिकता दिँदै आएको छ। जनताको विश्वविद्यालयको रूपमा ख्वप विश्वविद्यालय स्थापना गर्न प्रतिनिधिसभाका माननीय सांसद प्रेम सुवालको नेतृत्वमा निरन्तर पहल भई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट यस सम्बन्धी विधेयक रायको लागि अर्थ मन्त्रालय पुगेको छ। यसलाई संसद्बाट पारित गराउन थप पहल आवश्यक छ। यही क्रममा ख्वप विश्वविद्यालय तयारी समितिका लागि विज्ञहरूको टोली गठन गरी प्रकृया अघि बढाउन आवश्यक बजेटको व्यवस्था गरिएको छ।

**१६.** नगरपालिकाद्वारा सञ्चालित ७ ओटा शैक्षिक संस्थाहरूमध्ये ख्वप माविको नयाँ भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ भने ख्वप इन्जिनियरिङ कलेजमा 'बी' ब्लकको नयाँ भवन निर्माणको लागि आगामी वर्ष ५ करोड ५० लाख रुपैयाँ विनियोजन गरिएको छ। ख्वप बहुप्राविधिक अध्ययन संस्थानमा नयाँ नयाँ विषय थपका लागि प्रयास जारी छ । त्यस्तै ख्वप कलेज अफ ल का लागि आवश्यक जग्गा खरिद गर्न बजेटको व्यवस्था गरिएको छ।

**१७.** नगरपालिकाभित्र सञ्चालित सामुदायिक आधारभूत तथा माध्यमिक विद्यालयहरूको भौतिक पूर्वाधार निर्माण तथा शैक्षिक गुणस्तर वृद्धिका लागि विद्यालय अनुगमन प्राविधिक समितिको सिफारिससमेतको आधारमा नगरपालिकाको आन्तरिक स्रोतबाट व्यहोर्ने गरी सहयोग अनुदान प्रदान गर्न बजेटको व्यवस्था गरिएको छ।

**१८.** नगरपालिकाभित्रका सामुदायिक विद्यालयहरूमा कार्यरत कर्मचारी तथा सहयोगीहरूका लागि निजहरूले पाउँदै आएको तलबमा यस नगरपालिकाको तर्फबाट प्रतिव्यक्ति मासिक रु. २ हजारको दरले थप पारिश्रमिकको व्यवस्था गरिएको छ। त्यस्तै पूर्वप्रावि तहमा कार्यरत इसीडी शिक्षकहरूको न्यूनतम पारिश्रमिकको व्यवस्थाका लागि नगरपालिकाको तर्फबाट आवश्यक थप रकम विनियोजन गरिएको छ।

**१९.** उच्च शिक्षासँगै अध्ययन अनुसन्धानलाई विशेष प्राथमिकता दिने उद्देश्यले अनुसन्धान तथा सूचना व्यवस्थापन केन्द्रहरूको व्यवस्थाका लागि बजेट छुट्याइएको छ। भक्तपुर नगरपालिकाभित्रका पर्यटन, शिक्षा, स्वास्थ्य, सम्पदा पुनःनिर्माण र संरक्षण, सहकारी, कृषि, खानेपानी, वातावरण, सरसफाइजस्ता विषयहरूको अध्ययन अनुसन्धान गर्नेहरूलाई अनुसन्धान वृत्तिको व्यवस्थाको लागि आवश्यक रकम विनियोजन गरिएको छ।



**२०.** राष्ट्रका लागि अत्यावश्यक विषयहरू जस्तै इतिहास, भूगोल, संस्कृति, राजनीतिशास्त्र र नेपालभाषाका साथै अर्थशास्त्र, तर्कशास्त्र र दर्शनशास्त्रसमेत अध्ययन गर्ने विद्यार्थीहरूलाई स्नातक तहदेखि विद्यावारिधिसम्मको अध्ययनमा दिँदै आएको पूर्ण छात्रवृत्तिलाई निरन्तरता दिन आवश्यक बजेट व्यवस्था गरिएको छ।

**२१.** सभ्य समाज निर्माणका लागि नैतिक र व्यवहारिक शिक्षाको व्यवस्थापन साथै विद्यालयहरूमा स्काउट प्रशिक्षण र खेलकुद प्रशिक्षणलाई निरन्तरता दिन बजेटको व्यवस्था गरिएको छ। अपाङ्गता भएका विद्यार्थीहरूका लागि विशेष शिक्षालाई थप प्रभावकारी बनाउन तथा विभिन्न स्थानहरूमा फिजियोथेरापी सेवा समेत प्रदान गर्न यस आ.व.को बजेटमा व्यवस्था गरिएको छ।

**२२.** नगरवासी विद्यार्थीहरूलाई उच्च शिक्षा अध्ययनमा सहयोग पुऱ्याउने उद्देश्यले यस नगरपालिकाद्वारा वितरण गर्दै

आएको शैक्षिक ऋणलाई यस वर्ष पनि निरन्तरता दिइएको छ। अध्ययन समाप्तिपछि केही विद्यार्थीहरूले आफूले लिएको ऋण फिर्ता दिने क्रम सुरु भएको छ। फिर्ता गरिएको रकमलाई अलग्ग कोषमा जम्मा गरी उक्त कोषमा आगामी आ.व. का लागि नगरपालिकाको आन्तरिक स्रोतबाट थप रु. १ करोड विनियोजन गरिएको छ।

**२३.** नगरपालिकाभित्र सञ्चालित विद्यालयहरूमा कक्षा ५ र ८ को आधारभूत परीक्षा र कक्षा १० को एसईई परीक्षाको तयारी परीक्षा नगरस्तरीय रूपमा सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ। विद्यालयका शिक्षकहरूलाई समय समयमा पुनर्ताजगी कार्यक्रम सञ्चालन गर्न तथा नगरपालिकाद्वारा तयार गरिएको स्थानीय पाठ्यक्रम परिमार्जन गर्न विज्ञहरूको टोली गठन गरी प्रकृया अघि बढाउन आवश्यक बजेटको व्यवस्था गरिएको छ।

**२४.** नेपालभाषालाई स्थानीय पाठ्यक्रममार्फत विद्यालयहरूमा अध्ययन अध्यापनको व्यवस्था गर्न तथा नेपालभाषा र लिपि, मूर्तिकला, चित्रकला, प्रस्तरकला, सङ्गीत, नृत्य कक्षाहरू सञ्चालन गर्न बजेट व्यवस्था गरिएको छ।

**२५.** भक्तपुर नगर क्षेत्रमा सञ्चालित कलेजहरूमा अध्ययनरत विद्यार्थीहरूलाई विभिन्न सङ्घ संस्थामा इन्टर्नसीप, आंशिक रोजगारी र कार्यस्थलमा तालिम (अन द जब ट्रेनिङ) को व्यवस्थाको लागि रकम विनियोजन गरिएको छ।

नगरवासी जनताहरूको भावनाबमोजिम विभिन्न शैक्षिक गतिविधि गर्न शिक्षा क्षेत्रका लागि ५४ करोड रुपैयाँ अर्थात् कुल बजेटको २०.२६ प्रतिशत बजेट विनियोजन गरिएको छ।

## स्वास्थ्य :

**२६.** यस नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताललाई आधुनिक सुविधा सम्पन्न जनताको अस्पताल बनाउने क्रममा चालू आ.व. बाटै आइसीयू सेवा र ल्याप्रोस्कोपिक सर्जरी सेवा सुरु गरिसकिएको छ। आगामी वर्ष थप सुविधासम्पन्न बनाउन सीटी स्क्यान खरिदको लागि यस वर्ष विनियोजित रकमका अतिरिक्त रु. ५ करोड बजेटको व्यवस्था गरिएको छ।

**२७.** नगरपालिकाद्वारा सञ्चालित आधारभूत स्वास्थ्य केन्द्र, नगर स्वास्थ्य केन्द्र तथा जनस्वास्थ्य केन्द्रहरूमा विशेषज्ञ चिकित्सकहरूबाट स्वास्थ्य उपचार सेवा प्रदान गर्नका लागि आवश्यक बजेट विनियोजन गरिएको छ। भक्तपुर नपा वडा नं. १० स्थित बेखाल स्वास्थ्य सेवा केन्द्र र भक्तपुर नपा वडा नं. ७ स्थित खँचा पोखरी स्वास्थ्य चौकी निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउन रु. १ करोड ५० लाख रकम विनियोजन गरिएको छ। यसका साथै १३ वर्ष मुनिका बालिकाहरूलाई पाठेघर क्यान्सरविरुद्धको खोप वितरण गर्न आवश्यक बजेट छुट्याइएको छ।

**२८.** ख्वप अस्पतालको अक्सिजन प्लान्टबाट नगरवासीहरूलाई निःशुल्क तथा अन्य बिरामीलाई न्यून शुल्कमा अक्सिजन उपलब्ध गराउनुका साथै विभिन्न रोगको उपचार र शल्यक्रियाको लागि नगरवासीहरूलाई आवश्यक रगत निःशुल्क प्रदान गर्ने र क्यान्सर, मृगौला रोग, मुटु, मस्तिष्क र मेरुदण्डसम्बन्धी दीर्घरोग लागेका नगरवासीहरूलाई यस नगरपालिकाको तर्फबाट उपचार सहायता अनुदान प्रदान गर्दै आएकोलाई आगामी वर्ष पनि निरन्तरता दिन आवश्यक बजेटको व्यवस्था गरिएको छ।

**२९.** ख्वप अस्पताल, ख्वप तिलगंगा आँखा अस्पताललगायत अन्य विशिष्ट अस्पतालहरूको प्राविधिक सहयोगमा महिलाहरूको पाठेघर परीक्षण, दमखोकी, दाँत तथा नाक, कान, घाँटी, आँखालगायतका रोगहरूको निःशुल्क स्वास्थ्य शिविरहरू समुदाय र विद्यालय तहमा निरन्तर सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ।

**३०.** घरदैलो नर्सिङ सेवासँगै विद्यालयहरूमा विद्यालय



नर्सको व्यवस्थाको लागि आवश्यक प्रबन्ध गरिएको छ। वडा वडामा सञ्चालित शारीरिक व्यायाम (छिकोङ) लाई विद्यालय तहसम्म विस्तार गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ। नगरपालिकाद्वारा सञ्चालित नागरिक आरोग्य केन्द्रलाई जनमुखी बनाउन थप उपचार सेवा विस्तारका लागि रकम विनियोजन गरिएको छ।

**३१.** स्वास्थ्य क्षेत्रका लागि आगामी आ.व.मा १३ करोड ३० लाख रुपैयाँ विनियोजन गरिएको छ।

## सम्पदा र सांस्कृतिक संरक्षण :

**३२.** भक्तपुरको सम्पदा र संस्कृति हाम्रो पहिचान हो। यसलाई आन्तरिक तथा बाह्य पर्यटकहरूको आकर्षक गन्तव्यस्थलको रूपमा विकास गर्ने हेतुले यहाँका मूर्त र अमूर्त सम्पदा संरक्षण गर्न आवश्यक बजेट विनियोजन गरिएको छ। आगामी आ.व. को उपयुक्त समयमा भक्तपुर महोत्सव गर्न आवश्यक बजेट विनियोजन गरिएको छ।

**३३.** भक्तपुर नपा वडा नं. ३ स्थित ऐतिहासिक थंथु दरबार र लायक् पाहाँ छेँ मौलिक शैलीमा पुनः निर्माणका लागि २ करोड ७५ लाख बजेट विनियोजन गरिएको छ। त्यस्तै आगामी आ.व.मा भक्तपुर नपा २ स्थित इन्द्रायणी द्यः छेँको लागि ८० लाख, वडा नं. ४ मा रहेको लक्ष्मीनरसिंह मन्दिरको लागि ८० लाख, हाडा छेँको लागि ६० लाख र वडा नं. ६ मा रहेको छुमा गणेश द्यः छेँको लागि ५० लाख बजेट विनियोजन गरिएको छ। भक्तपुर नपा वडा नं. ४ स्थित इखालाछी मठ पुनःनिर्माणका लागि पनि १ करोड विनियोजन गरिएको छ।

**३४.** वडा वडामा रहेका जीर्ण र लोपोन्मुख सम्पदाहरू पुनःनिर्माण र जीर्णोद्धार गर्न वडास्तरमै सम्पदा संरक्षणका लागि छुट्टै बजेटको व्यवस्था गरिएको छ। परम्परागत बाजागाजा एवम् नृत्य प्रशिक्षण दिन टोल समुदायलाई उत्साहित र विशेषगरी लोपोन्मुख खःप्याखंलाई पुनःजीवन दिन, सांस्कृतिक प्रतियोगिता र सांस्कृतिक गुरुहरूको सम्मान गर्न आवश्यक रकम व्यवस्था गरिएको छ।

**३५.** भक्तपुरको जीवनशैली झल्काउने सांस्कृतिक सङ्ग्रहालय र कोसेली घर निर्माणका लागि बजेट विनियोजन गरिएको छ।

**३६.** भक्तपुर नपा वडा नं. २ स्थित भक्तपुर क्राफ्ट सेन्टरलाई पुनः सञ्चालनमा ल्याई हस्तकलाको अभिवृद्धि गर्न र समय समयमा स्थानीय उत्पादनहरूको मेला तथा प्रदर्शनी गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ।

**३७.** नगरपालिकाका महत्त्वपूर्ण सम्पदा क्षेत्रमा विभिन्न कारणले लामो समयदेखि निजी घरहरू जीर्णोद्धार तथा पुनःनिर्माण नहुँदा सम्पदामाथि क्षति पुग्ने र नगरको मौलिक सौन्दर्यतामा आँच आउन सक्ने हुँदा सम्बन्धित घरधनीले घर नबनाएको अवस्थामा नगरपालिका आफैले लगानी गरी ती घरहरू बनाउन आवश्यक रकम विनियोजन गरिएको छ। पछि सम्बन्धित घरधनीले उक्त घर फिर्ता लिन चाहेमा लागत खर्च व्यहोरेर तथा अन्य आवश्यक प्रकृया पूरा गरी फिर्ता लिन सकिने व्यवस्था मिलाइएको छ।

**३८.** सांस्कृतिक बाजागाजाको बोललाई क्रमशः लिपिबद्ध गर्न तथा दाफा भजनको थ्या साफु पुनः प्रकाशन गर्न आवश्यक व्यवस्था मिलाइएको छ।

**३९.** विश्व सम्पदा क्षेत्र तथा पुरानो नगर क्षेत्रमा मौलिक स्वरूपलाई कायम राख्न परम्परागत शैलीमा घर बनाउने घरधनीहरूलाई दिँदै आएको आर्थिक अनुदानलाई निरन्तरता दिने नीतिअनुरूप आवश्यक बजेट विनियोजन गरिएको छ।

**४०.** सम्पदा पुनःनिर्माण तथा संस्कृति संरक्षणमा आगामी आ.व. का लागि १० करोड ७९ लाख रुपैया विनियोजन गरिएको छ।

## कृषि :

**४१.** भक्तपुर कृषकहरूको बाहुल्यता भएको नगर हो। कृषकहरूका लागि आधुनिक कृषि खेती तालिम, उन्नत बीऊबिजन र कृषि औजारको व्यवस्था गर्न आवश्यक बजेट विनियोजन गरिएको छ। किसान, मजदुर, डकर्मी, सिकर्मीलगायतका पेसाकर्मीहरूको सूचीकरण गरी परिचयपत्र वितरणको व्यवस्था मिलाइएको छ।

**४२.** कृषि उत्पादनहरूको भण्डारण एवम् बजारीकरणका लागि वडा नं. ८ लिवालीमा शीत भण्डारका लागि ३ करोड १० लाख र वडा नं. ५ मा तरकारी बजार निर्माण सम्पन्न गर्नको लागि ३० लाख बजेट विनियोजन गरिएको छ। उन्नत बीउबिजन तथा रैथाने बाली संरक्षणसहितका लागि खाद्य गुणस्तर तथा कृषि अनुसन्धान केन्द्र स्थापना गर्न बजेटको व्यवस्था गरिएको छ। कृषि ऋणको लागि रु. १ करोड बजेट विनियोजन गरिएको छ।

**४३.** कृषकहरूको सुविधाका लागि कृषि ऋणको व्यवस्था गरिएको छ। सहरी क्षेत्रमा कौसी खेती प्रवर्द्धनका लागि विशेष बजेटको व्यवस्था गरिएको छ।

**४४.** आगामी आ.व. मा कृषि क्षेत्रका लागि ५ करोड २० लाख रुपैयाँ विनियोजन गरिएको छ।

## खानेपानी :

**४५.** भक्तपुरको भौगोलिक अवस्थितिलाई मध्यनजर गर्दा स्वच्छ पिउने पानी नगरवासीहरूको आधारभूत आवश्यकता हुँदाहुँदै नगरपालिकाकै निम्ति अत्यन्तै चुनौतीको रुपमा रहेको छ। यद्यपि, नपाले खानेपानी उपलब्ध गराउन सरोकारवाला सरकारी कार्यालय तथा संस्थाहरूसँग निरन्तर समन्वय गर्दै खानेपानीको स्रोत व्यवस्थापन, नयाँ पाइप बिछ्याउने, वितरण प्रणालीलाई व्यवस्थित गर्ने काम गरिरहेको छ।

**४६.** नगरमा खानेपानीको पूर्वाधार निर्माण तथा आकाशे पानी सङ्कलन तथा जमिनमुनि पानी पुनर्भरणको प्रबन्ध गर्नको लागि रकम विनियोजन गरिएको छ।

## वातावरण सुधार तथा फोहोरमैला व्यवस्थापन :

**४७.** यस नगरपालिकाले फोहोरमैला व्यवस्थापनका लागि आफ्नै जनशक्तिमार्फत अध्ययन अनुसन्धान गरी फोहोरबाट प्राङ्गारिक मल उत्पादन र पुनः प्रयोगका उपायहरू अवलम्बन गर्दै आएको छ। यस कार्यलाई थप प्रभावकारी बनाउन आवश्यक भौतिक पूर्वाधार तथा मेशिनरी सामान खरिद गर्न बजेटको व्यवस्था गरिएको छ।

**४८.** हनुमन्ते खोला र खासाङखुसुङ खोला सुधार तथा खोलामा रिटेनिङ वाल निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउन रु.१ करोड ५० लाख बजेट विनियोजन गरिएको छ।

**४९.** ऐतिहासिक तीर्थस्थल तथा घाटहरू सुधारका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ।

**५०.** 'एक विद्यालय एक सम्पदा सरसफाइ' तथा 'एक सहकारी एक क्षेत्र सरसफाइ' कार्यलाई प्रभावकारी बनाउन तथा जनप्रतिनिधिहरूको नेतृत्वमा स्थानीय जनता र कर्मचारीहरूको सहभागितामा खुला क्षेत्र, खोला, पोखरी, घाटलगायतको पाक्षिक सरसफाइ र हरियाली व्यवस्थापन कार्य सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइएको छ।

**५१.** आ.व. २०८१/८२ मा वातावरण तथा सरसफाइका लागि १९ करोड ६५ लाख रुपैयाँ विनियोजन गरिएको छ।

## पर्यटन प्रवर्द्धन :

**५२.** आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले स्थानीय सांस्कृतिक अग्रजहरू, पर्यटन व्यवसायीहरू, स्थानीय उत्पादनकर्ताहरू तथा सरोकारवालाहरूको उपस्थितिमा सन्ध्याकालीन सांस्कृतिक पदयात्रा सञ्चालन गर्न तथा निश्चित ठाउँमा नियमित सांस्कृतिक प्रदर्शनी गर्ने व्यवस्था मिलाइनेछ। यस कार्यको लागि आवश्यक बजेट छुट्याइएको छ।

**५३.** सम्पदा क्षेत्र र नगरका विभिन्न क्षेत्रमा रात्रीकालीन बत्ती तथा सुरक्षा प्रबन्धका लागि सीसी क्यामेराको बन्दोबस्त गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ।

**५४.** भक्तपुरको कला, संस्कृति, सम्पदाआदिबारे प्रोमो, वेबसाइट, मोबाइल एप्स र डकुमेन्ट्रीको निर्माण गरी भक्तपुर नगरसम्बन्धी प्रचार प्रसार गर्न तथा स्थानीय युवाहरूलाई पर्यटन गतिविधिमा उत्साहित गर्न विभिन्न भाषा तालिम, होम स्टे र फेमिली स्टे सञ्चालन सम्बन्धी तालिम, कुक र पथप्रदर्शक तालिमलगायत सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ।

**५५.** आगामी आ.व. का लागि पर्यटन प्रवर्द्धनमा ६ करोड ९५ लाख रुपैयाँ विनियोजन गरिएको छ।

## भौतिक पूर्वाधार निर्माण :

**५६.** नगरको गौरवको योजनाको रूपमा रहेको भक्तपुर नपा वडा नं. ६ स्थित देकोचामा निर्माणाधीन अरनिको सभाभवन बहुवर्षीय योजनाको रूपमा स्वीकृत गरी चालू आ.व. मा सुरु गरिएको र सो का लागि १८ करोड रुपैयाँ विनियोजन गरिएको छ।

**५७.** भक्तपुर नपा वडा नं. ५ मा व्यवस्थित पार्किङ निर्माण गरी सञ्चालनमा ल्याउन र नगरका विभिन्न ठाउँमा पार्किङको व्यवस्था गर्न रु. १ करोड रकम विनियोजन गरिएको छ।

**५८.** नगरपालिकाद्वारा सञ्चालित देको मिवा इतापाके जग्गा एकीकरण आयोजनाका बाँकी भौतिक संरचना निर्माणलाई तीव्रता दिन तथा जग्गा धनी र मोहीहरूको जग्गा फिर्तालगायतका जग्गा प्रशासनका कार्यहरू अगाडि बढाउन १८ करोड रुपैयाँ विनियोजन गरिएको छ।

**५९.** नगरका विभिन्न विस्तारित क्षेत्रहरूमा जी.पी.एस. प्रणालीसहित आधुनिक ठेगाना प्रणाली लागू गर्ने व्यवस्था मिलाइएको छ।

**६०.** नगरपालिकाको आफ्नै स्वामित्वमा ख्वप टेलिभिजन सञ्चालनका लागि आवश्यक जनशक्ति तथा पूर्वाधार निर्माणका लागि रु. १ करोड बजेट व्यवस्था गरिएको छ।

**६१.** नगरपालिकाभित्र अलग्गै साहित्य र सांस्कृतिक प्रतिष्ठान निर्माणको प्रकृया थालनी गर्न आवश्यक रकम विनियोजन गरिएको छ।

**६२.** यस नगरपालिकाभित्र रहेका सडक कालोपत्रे, सडक पूर्वाधार निर्माणसहित सडक स्तोरन्नत्तिका लागि सडक बोर्डबाट प्राप्त हुने रकमबाट सबै वडामा पूर्वाधारका योजना सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ।

**६३.** प्रत्येक वडास्तरीय योजनाको मर्मत, निर्माण तथा स्तोरन्नतिका लागि रु. ५०/५० लाख गरी कुल ५ करोड रुपैयाँ विनियोजन गरिएको छ।

**६४.** आगामी आ.व.का लागि भौतिक पूर्वाधारतर्फ ५७ करोड २१ लाख रुपैयाँ अर्थात् कुल बजेटको २१.५१ प्रतिशत बजेट विनियोजन गरिएको छ।

## खेलकुद :

**६५.** वडा नं. ७ मा रहेको महेश्वरी खेल मैदानलाई स्तरिकृत गर्न तथा वडा नं. २ मा रहेको शहिद स्मृति खेल मैदानको विस्तृत परियोजना प्रतिवेदन तयार गर्न र खेलकुद पूर्वाधार तयार गर्न ३ करोड ७० लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ।

**६६.** नगरभित्रका उपयुक्त पोखरीहरूलाई पौडी प्रशिक्षण केन्द्रको रूपमा विकास गर्न आवश्यक रकम विनियोजन गरिएको छ।

**६७.** अन्तर नगर खेलकुद प्रतियोगिता तथा विद्यालयस्तरीय खेलकुद प्रतियोगिता सञ्चालनका लागि आवश्यक बजेट छुट्याइएको छ।

**६८.** खेलकुद पूर्वाधार निर्माण तथा प्रतियोगिता र प्रशिक्षण सञ्चालन गर्न आगामी आ.व.मा ४ करोड ५५ लाख रुपैयाँ विनियोजन गरिएको छ।

## युवा तथा महिला लक्षित कार्यक्रम :

**६९.** युवाहरूलाई आत्मनिर्भर एवम् स्वरोजगार बनाउन सहुलियत ब्याज दरमा युवा उद्यमशीलता ऋण प्रदान गर्न तथा विभिन्न सीपमूलक तालिम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ।

**७०.** नगरवासी महिलाहरूलाई श्रमशक्तिको रूपमा विकास गरी आत्मनिर्भर बनाउन विभिन्न सीपमूलक तालिम तथा गतिविधि गर्न विशेष बजेटको व्यवस्था गरिएको छ।

**७१.** युवा तथा महिला लक्षित क्रियाकलाप सञ्चालनका लागि आगामी आ.व.मा ४ करोड ३० लाख रुपैयाँ विनियोजन गरिएको छ।

## सामाजिक सुरक्षा :

**७२.** नगरका जेष्ठ नागरिकहरूको सेवाको निम्ति भक्तपुर नपा वडा नं. ६ मा निर्मित आदर निकेतन दिवा सेवा सञ्चालन गर्न आवश्यक जनशक्तिसहितका लागि रु. ५० लाख व्यवस्था गरिएको छ।

**७३.** वडा वडामा रहेका बैङ्कहरूमार्फत ज्येष्ठ नागरिक तथा विधुवा, एकल महिला र अपाङ्गता भएका व्यक्तिहरूलाई सामाजिक सुरक्षा भत्ताका साथै दीर्घ रोग लागेका विरामीहरूलाई स्वास्थ्य उपचार भत्ता समयमै व्यवस्थित रूपमा वितरण प्रणालीका लागि सहजीकरण गर्दै लगिनेछ। सामाजिक सुरक्षा तथा स्वास्थ्य उपचारका लागि आवश्यक रकम व्यवस्था गरिएको छ।

**७४.** आगामी आ.व. का लागि सामाजिक सुरक्षातर्फ ४० करोड ५० लाख रुपैयाँ विनियोजन गरिएको छ।

## विविध योजना तथा कार्यक्रमहरू :

**७५.** यस नगरपालिकाभित्र रहेका पर्ती तथा सार्वजनिक जग्गा संरक्षणका लागि रु.३० लाख विनियोजन गरिएको छ।

**७६.** नगरपालिकालाई आवश्यक जग्गा खरिदका लागि ५ करोड रुपैयाँ र जग्गा तथा घरभाडाका लागि ५५ लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ।

**७७.** विपद्को समयमा जनतालाई सुरक्षित गर्न विपद् प्रतिकार्य तथा विपद् व्यवस्थापन विशेष कार्यक्रमहरू तथा राहत, उद्धार र पुनःस्थापनाका लागि विशेष कोषको व्यवस्था गरिएको छ।



उपरोक्त योजना तथा कार्यक्रमहरू सञ्चालन गर्न आगामी आर्थिक वर्ष २०८१/८२ का लागि कुल विनियोजित बजेट रु. २ अर्ब ६६ करोड ४३ लाख १० हजार रहने अनुमान गरिएको छ।

**७८.** आगामी आ.व. का लागि यस नगरपालिकाको वडागत योजनाहरूको विवरण अनुसुची- ५ मा संलग्न छ।

### सभाध्यक्षज्यू,

◆ स्रोतको सुनिश्चितता भएमा मात्र बजेटले अपेक्षा गरेका उपलब्धीहरू हासिल गर्न र नगरवासीहरूलाई सेवा सुविधा उपलब्ध गराउन सकिने भएकाले लक्ष्यअनुसारको राजस्व सङ्कलन हुन आवश्यक छ। अतः म यसै बजेट वक्तव्यमार्फत भक्तपुर नगरपालिकाका समस्त करदाताहरूमा समयमै तोकिएको कर रकम तिरी विकास तथा सेवा सुविधाको हकदार बन्न हार्दिक अपिल गर्दछु।

◆ नगरपालिकाको सीमित स्रोत साधनको अधिकतम उपयोग गरी बजेट तयार गर्दा नगरवासीहरूका सबै चाहना र आवश्यकताहरू एकैचोटि सम्बोधन गर्न सकिने अवस्था रहँदैन। प्राथमिकता र आवश्यकताका आधारमा स्रोत साधनको उपलब्धता र सुनिश्चततालाई मध्यनजर गरी यो बजेट तथा कार्यक्रम तयार गरिएको हो।

◆ बजेट तर्जुमा सँगसँगै यसको सफल कार्यान्वयन अर्को महत्त्वपूर्ण पाटो हो। योजना तथा कार्यक्रमहरू समयमै प्रभावकारी रूपमा सञ्चालनमा आउन सकेमा मात्र बजेटले अपेक्षा गरेको उपलब्धी हासिल हुने भएकोले यस बजेटको समयमा नै प्रभावकारी कार्यान्वयनका लागि सम्बद्ध सबैमा म हार्दिक अनुरोध गर्दछु।

◆ प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रकृयामा प्रत्यक्ष तथा परोक्षरूपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण कार्यपालिका सदस्यज्यूहरू, आम सञ्चार जगत, नगरवासी दाजुभाइ तथा दिदीबहिनीहरू, प्रमुख प्रशासकीय अधिकृतज्यूलगायत समग्र कर्मचारी मित्रहरूलाई धन्यवाद व्यक्त गर्दछु। भक्तपुरको विकास प्रक्रियामा सहयोग उपलब्ध गराउने नेपाल सरकार, वाग्मती प्रदेश सरकार, सरोकारवाला सहयोगी सङ्घ संस्था एवम् नगरवासीहरूमा भक्तपुर नगरपालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा पनि निरन्तर साथ र सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दछु। धन्यवाद !

*(भक्तपुर नपाको सोह्रौं नगरसभाको बैठकमा उपप्रमुख रजनी जोशीबाट २०८१ असार १० गते प्रस्तुत आ.व. २०८१/८२ को बजेट वक्तव्य)*

## चौथो बैठक (२०८१।३।१२)

# बजेटमाथि छलफल सुरु




भक्तपुर नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को बजेटमाथि असार १२ गतेबाट छलफल सुरु भएको छ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा बसेको सोह्रौं नगरसभाको बैठक भक्तपुर नपाको आ.व. २०८१/८२ को बजेटमाथि नगरसभासद्हरूले आ-आफ्ना धारणा व्यक्त गर्नुभयो।

बैठकमा नगर प्रमुख **प्रजापति**ले नगरसभा भनेको नगरवासीको भावना छलफल हुने प्राज्ञिक थलो हो र सभामा नगरको विकास निर्माण सँगसँगै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयबारे पनि छलफल हुने बताउनुभयो।

प्रमुख प्रजापतिले स्थानीय तहमा आर्थिक वर्षको असार १० गतेभित्र बजेट सभामा पेश गरिसक्नुपर्ने र असार १० गतेभित्र पेश भएको बजेटबारे पर्याप्त छलफल र आवश्यकताअनुसार परिमार्जन गरी असार मसान्तभित्र पारित गरिसक्नुपर्ने कानुनी व्यवस्था रहेको उल्लेख गर्नुभयो।

सभाको आजको बैठकमा भक्तपुर नगर पालिकाको आ.व. २०८१/०८२ को बजेटमाथि भएको दफावार छलफलमा ९ जना सभासद्हरूले आफ्ना धारणा व्यक्त गर्नुभयो।

छलफलमा सभासद् **रिता फसिकवा**ले भक्तपुर नपा ५ स्थित तरकारी बजार व्यवस्थापनको लागि बजेट बढाउनुपर्ने भन्नुहुँदै वडामा बहुउद्देश्यीय भवन निर्माण गर्न पाए उपयुक्त हुने विचार राख्नुभयो।

त्यस्तै सभासद् **कृष्णगोपाल चौगुठी**ले भक्तपुर नपाको आन्तरिक स्रोत वृद्धि गर्न व्यवसायीहरूलाई कर छुटको व्यवस्था गरी व्यवसाय दर्तामा अभिप्रेरित गर्नु आवश्यक भएको बताउनुभयो।

सभासद् **रामसुन्दर बासी**ले वडा बजेट समयसापेक्ष ढङ्गले वृद्धि गर्नुपर्नेमा जोड दिनुहुँदै विद्यालयका शिक्षक-शिक्षिकाहरूलाई समयमै तलब पाउनुपर्ने, लिबाली क्षेत्रमा बजेट रकमान्तरण गरी बजेट बढाउनुपर्ने बताउनुभयो।

सभासद् **हरिरत्न गोर्खाली**ले भक्तपुरको निश्चित पोखरीलाई पौडी पोखरी बनाउनेबारे स्पष्ट हुनुपर्ने र युवा विद्यार्थीलाई कुलतमा फसाउने गिरोहलाई कारबाही गर्नुपर्ने बताउनुभयो।

त्यस्तै सभासद् **हेरा ख्याजु**ले सुन चाँदी तथा गहना पसललाई कारोबारको आधारमा कर निर्धारण गर्नुपर्नेमा जोड दिनुहुँदै कौसी खेती र प्राङ्गारिक मल बनाउने तालिम पुनः सञ्चालन गर्नुपर्ने बताउनुभयो।



सभासद् **राजकुमार शिल्पकार**ले वडाको बजेट बढाउनुपर्ने बताउनुहुँदै ३ नं. वडाको तेखापुखुलाई पौडी पोखरीको रूपमा विकास गर्न सकिने विचार राख्नुभयो।

सभासद् **श्यामसुन्दर माताः**ले देको मिवा आवास योजना छिट्टै सम्पन्न हुने चरणमा पुगेको बताउनुहुँदै खेलकुदको भौतिक पूर्वाधार विकासको लागि बजेट वृद्धि गर्नुपर्ने बताउनुभयो।

सभासद् **सूर्यप्रसाद श्रेष्ठ**ले घर मूल्याङ्कन कर र व्यवसाय कर परिमार्जन गर्नुपर्ने बताउनुभयो।

त्यस्तै सभासद् **गोविन्द दुवाल**ले खानेपानी व्यवस्थापनमा बजेट वृद्धि गर्नुपर्ने भन्नुहुँदै राजनीतिक दलका नेता, कार्यकर्ताले इमानदारीपूर्वक जनताको सेवा गर्नुपर्ने धारणा राख्नुभयो।



त्यस्तै सभाको विशेष समयमा सभासद् **कल्पना शिल्पकार, मन्जुमैंया लाखा, विष्णुकेशरी दुवाल, इन्द्रबहादुर प्याठ, रामसुन्दर बासी, कृष्णलाल किसी, सिद्धिराम अवाल, जितेन्द्र मुनंकर्मी, नारायणप्रसाद त्वानाबासु, राजकुमार शिल्पकार, कृष्णसुन्दर प्रजापति**

र **हेरा ख्याजु**ले नगरको शिक्षा, स्वास्थ्य, सरसफाइ, सम्पदा संरक्षण, देको मिवा आवास योजना, खानेपानीलगायतका स्थानीय समस्याहरू र अन्य समसामयिक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयहरूमा आ–आफ्नो धारणा राख्नुभयो ।

सभामा उठेका जिज्ञासामाथि वातावरण समितिका संयोजक **रबिन्द्र ज्याख्व**, शिक्षा, संस्कृति स्वास्थ्य समितिका सदस्य **योगेन्द्रमान बिजुक्छें**, निर्माण समितिका संयोजक **उकेश कवां** र देको मिवा आवास योजनाबारे वडा नं. २ का वडाध्यक्ष **हरिप्रसाद बासुकला**ले प्रष्ट पार्नुभयो ।

नगरसभाको अर्को बैठक २०८१ साल असार १४ गते शुक्रबार दिनको ३ बजे बस्नेछ ।

## पाँचौं बैठक (२०८१।३।१४)

# बजेट सर्वसम्मतिबाट पारित



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा बसेको सोह्रौं नगरसभाको असार १४ गते बसेको बैठकबाट आर्थिक विधेयक २०८१, विनियोजन विधेयकसहित आ.व. २०८१/८२ का लागि भक्तपुर नगरपालिकाको बजेट सर्वसम्मतिले पारित भयो ।

नगरपालिकाका उपप्रमुख रजनी जोशीले २०८१ असार १० गते भक्तपुर नगरपालिकाको लागि रु. २ अर्ब ६६ करोड ४३ लाखको बजेट प्रस्तुत गर्नुभएको थियो ।

बैठकमा सभाध्यक्ष एवम् नगर प्रमुख **सुनिल प्रजापति**ले आ.व. २०८१/८२ का लागि भक्तपुर नपाको बजेटमाथि भएको छलफलमा भाग लिई रचनात्मक सुझाव र समर्थन गरी सहयोग गर्नुभएकोमा सभासद्हरूलाई धन्यवादज्ञापन गर्नुभयो ।

भक्तपुर नपाले संसदीय अभ्यासअनुसार नगरसभा सञ्चालनमा जोड दिँदै आएको बताउनुहुँदै उहाँले बजेट सफल कार्यान्वयनमा सबै जनप्रतिनिधिहरूको साथ र सहयोग आवश्यक भएको बताउनुभयो ।

वैदेशिक ऋणको भरमा देशलाई विकास गर्ने सोच गलत भएको बताउनुहुँदै उहाँले आत्मनिर्भरतालाई जोड दिनुपर्ने बताउनुभयो ।

प्रमख प्रजापतिले भक्तपुर नपाले समाजवादी मोडलअनुसार भक्तपुरको शिक्षा, स्वास्थ्य, सम्पदा पुन:निर्माणलगायतका क्षेत्रबाट नगरको विकास गर्ने प्रयास गर्दै आइरहेको बताउनुभयो ।

बजेटमाथि भएको छलफलमा उठेका जिज्ञासाहरूमाथि प्रष्ट पार्नुहुँदै उपप्रमुख **रजनी जोशी**ले अरनिको सभाभवन पुन:निर्माण कार्यलाई नगरस्तरीय गौरवको योजनाको रूपमा अगाडि बढाइरहेको, पौडी पोखरी नगरको कुन पोखरीमा बनाउने विषयमा प्राविधिक अध्ययन भइरहेको, करको दायरा बढाउने नीति अपनाइने, कौसी खेती तालिमलाई प्रवर्द्धन गर्दै लगिने, देको मिवा इतापाके आवास योजनालाई छिटोभन्दा छिटो सम्पन्न गर्न सहजीकरण हुने, खानेपानीको विकराल समस्या सम्बोधन गरिने, खानेपानीको मुहान सरसफाइ अभियान सञ्चालन हुने, कवाडी सङ्कलनलाई नियन्त्रणको नीति अवलम्बन गरिनेलगायतका विषय सभासमक्ष अवगत गराउनुभयो ।



बजेटमाथिको छलफलमा सभासद् सुमित्रा बोहजु, कल्पना शिल्पकार, नारायणप्रसाद त्वानाबासु, कृष्णनारायण दुमरु र न्हुछेराम कोजूले आफ्नो विचार राख्नुभएको थियो ।

नगरसभाको उक्त बैठकमा वडागत वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत भएका थिए ।

BHAKTAPUR [MONTHLY] मासिक
भक्तपुर नपाको वेबसाइट
bhaktapurmun.gov.np
को 'प्रकाशनहरू' मा पढ्न सक्नुहुनेछ ।

# नीति तथा कार्यक्रम र बजेट तर्जुमाको लागि राय–सुझाव सङ्कलन



भक्तपुर नगरपालिकाले आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम र बजेट तर्जुमाको लागि विभिन्न पेसाका नगरवासीहरूसँग विभिन्न मितिमा राय–सुझाव सङ्कलन गरेको थियो ।

## कृषकहरूसँग

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नपाको आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम र बजेट तर्जुमाको लागि कृषक प्रतिनिधिहरूसँग राय–सुझाव सङ्कलन कार्यक्रम जेठ २२ गते भक्तपुर नपाको सभाकक्षमा भयो ।

कार्यक्रममा प्रमुख **प्रजापति**ले कृषक भेलाबाट निकै महत्त्वपूर्ण सुझावहरू प्राप्त भएको बताउनुहुँदै भक्तपुर नपाले नगरवासीहरूको हितमा आवश्यक नीतिहरू बनाउन नगरवासीहरूसँग निरन्तर छलफलमार्फत राय–सुझाव सङ्कलन गर्ने कार्यलाई निरन्तरता दिँदै आइरहेको बताउनुभयो ।

छलफलमा उठेका राय–सुझावमध्ये प्राथमिकताको आधारमा योजना छनोट हुने बताउनुहुँदै उहाँले भक्तपुर नपाले कृषकहरूलाई तालिम, बीऊबिजन वितरणका साथै प्राविधिक सहयोगमा जोड दिँदै आएको बताउनुभयो ।

भक्तपुर नपाले कृषि क्षेत्रमा गरिरहेको विभिन्न गतिविधिबारे अवगत गराउनुहुँदै प्रमुख प्रजापतिले कृषकहरूको लागि बाली स्वास्थ्य उपचार शिविर तथा माटो परीक्षण शिविर सञ्चालनमा जोड दिँदै आएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपाका प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम र बजेट निर्माणको लागि विभिन्न विषयमा १०।१० जना नगरवासीहरूको प्रतिनिधित्व गराइ सुझाव सङ्कलन गरी जनमुखी बजेट निर्माणमा नपाले जोड दिँदै आएको बताउनुभयो ।



कार्यक्रममा उपस्थित कृषक प्रतिनिधिहरूले कृषकहरूको लागि कृषि ऋणको व्यवस्था गर्नुपर्ने, नगरकोट सडक दायाँ बायाँ पेटी निर्माण गर्नुपर्ने, मल अभावको दीर्घकालीन समस्या समाधानतर्फ नगरपालिकाले आवश्यक पहल गर्नुपर्ने, भक्तपुर नपाले निर्माण गरिरहेको चिस्यान केन्द्र निर्माण कार्यलाई तीव्रता दिनुपर्ने, कृषिमा बजेट वृद्धि गर्नुपर्ने, कृषकहरूलाई कम्पोष्ट मल प्रयोग विधिबारे अभिमुखीकरण गर्नुपर्ने, पानीको स्रोत संरक्षण आवश्यक भएको, कृषि चुन समयसापेक्ष ढङ्गले वितरण गर्नुपर्ने, नपाले वितरण गर्ने बीऊबिजनको गुणस्तर मापन हुनुपर्ने, तरकारी बजारको व्यवस्थापन, आधुनिक पशु वधशाला निर्माण गर्नुपर्ने, विषादी न्यूनीकरणबारे कृषकहरूलाई वडागत रूपमा तालिम सञ्चालन गर्नुपर्नेलगायतका सुझावहरू राखेका थिए ।

उक्त कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो ।

## महिला प्रतिनिधिहरूसँग

यसैक्रममा भक्तपुरका महिला प्रतिनिधिहरूसँग राय–सुझाव सङ्कलन कार्यक्रम जेठ २३ गते भयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा नगरका सबै वडाहरूबाट १०।१० जना महिला प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा प्रमुख **प्रजापति**ले भेलाबाट प्राप्त सुझावले सिङ्गो नगरको सन्तुलित विकासमा टेवा पुग्ने बताउनुहुँदै महिलाहरूको विषयमा नवीनत्तम कार्यक्रमहरू अगाडि ल्याउने उद्देश्यले नपाले काम गर्दै आएको बताउनुभयो ।

भक्तपुर नपा अन्य स्थानीय तहको तुलनामा पृथक शैलीले अगाडि बढिरहेको नगरपालिका भएको बताउनुहुँदै उहाँले नगरवासी युवाहरूको लागि युवा उद्यमशीलता ऋण प्रदान गर्ने प्रक्रिया अगाडि बढिसकेको जानकारी गराउनुभयो ।

भक्तपुरले शिक्षा क्षेत्रमा भएका नवीनत्तम प्रयासबाट भक्तपुरका महिलाहरूले साक्षर र शिक्षित हुने अवसर पाएको बताउनुहुँदै उहाँले नगरवासीहरूको रचनात्मक सल्लाहसुझावले भक्तपुर नगर देशकै अनुकरणीय नगर बन्न सफल भएको बताउनुभयो ।



कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नपाले समाजवादी नीति अवलम्बन गर्दै जनमुखी कार्यक्रमहरूलाई अगाडि सार्दै आएको बताउनुहुँदै भक्तपुरलाई शिक्षाको केन्द्र बनाइ समाजलाई सामाजिक, राजनीतिक, आर्थिकलगायतका क्षेत्रबाट अगाडि बढाउने लक्ष्यमा काम गरिरहेको बताउनुभयो ।

महिला, बालबालिका तथा समाज कल्याण समितिका संयोजक **रोशनमैया सुवाल**ले समितिले युवा तथा महिलाहरूलाई आवश्यक जीवनउपयोगी तालिम सञ्चालन गर्दै नगरवासीहरूको जीवनस्तर उकास्न मद्दत पुऱ्याउँदै आएको बताउनुभयो ।

कार्यक्रममा उपस्थित महिला प्रतिनिधिहरूले भक्तपुर नपाले सञ्चालन गरिरहेको सीपमूलक तालिमको प्रभावकारिता अनुगमन गरी रोजगारीको अवसरहरू उपलब्ध गराउनुपर्ने, महिलाहरूलाई मानसिक स्वास्थ्यबारे परामर्श आवश्यक भएको, महिला उद्यमशीलताबारे तालिमहरू सञ्चालन गर्नुपर्ने, पाठेघरको मुखको क्यान्सरविरुद्धको एच.पी.भी. खोपको लागि पहल गर्नुपर्ने, ग्यास चुलो र वासिङ मेसिन मर्मतको तालिम सञ्चालन गर्नुपर्ने, खानेपानीको सन्तुलित वितरण प्रणाली बनाइनुपर्ने, सबै वडाहरूमा आदरनिकेतन दिवा सेवा सञ्चालन हुनु उपयुक्त हुने, आवश्यकताको आधारमा उद्यमशीलता ऋण प्रवाह गर्नुपर्ने, वडा वडामा रहेका शारीरिक व्यायामसँगै थेरापी मेसिनको व्यवस्था गर्नुपर्नेलगायतका सुझावहरू राखेका थिए ।

उक्तकार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले कार्यक्रमको उद्देश्यमाथि प्रष्ट पार्नुभयो ।

## मजदुर प्रतिनिधिहरूसँग

भक्तपुरका मजदुर प्रतिनिधिहरूसँग जेठ २४ गते आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम र बजेट तर्जुमाको लागि राय–सुझाव सङ्कलन कार्यक्रम भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले स्थानीय तहले असार १० गतेसम्म बजेट ल्याइसक्नुपर्ने कानुनी प्रावधान भएको बताउनुहुँदै भक्तपुर नपाले बजेट निर्माणको क्रममा सरोकारवाला सबैहरूसँग चरणबद्ध रूपमा भेला गरी आवश्यक रायसुझाव सङ्कलनमा जोड दिँदै आएको बताउनुभयो ।

उहाँले समाजवादी देशहरूबाट सिक्दै भक्तपुर नपाले काम गर्दै आइरहेको बताउनुहुँदै मजदुरहरूको हकहित सुनिश्चित गर्न मजदुर स्वयम् सचेत र सङ्गठित हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा उपस्थित मजदुर प्रतिनिधिहरूले अनलाइन नक्सा दर्ता गर्न बजेट तर्जुमा गर्नुपर्ने, कक्षा ६ देखि ८ सम्मका विद्यार्थीलाई अनिवार्य स्काउट शिक्षाको नीति आवश्यक भएको, मजदुरहरूको निम्ति सामाजिक सुरक्षा कोष आवश्यक भएको, आगलागी क्षति न्यूनीकरणको लागि सुरक्षा व्यवस्थाको तालिम सञ्चालन गर्नुपर्ने, मार्बल र टाइल छपाइसम्बन्धी तालिम सञ्चालन गर्नुपर्ने, आवास क्षेत्रमा हेभी सवारीसाधन निषेध गर्नुपर्ने, विकास निर्माण कार्यमा स्थानीय निर्माणकर्मीहरूलाई प्राथमिकतामा राख्नुपर्ने, पर्यटन व्यवसायलक्षित तालिम सञ्चालन गर्नुपर्ने, पेसा–व्यवसायलाई सूचिकृत गर्नुपर्नेलगायतका सुझावहरू राखेका थिए ।



उक्त कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराई, भनपा वडा नं. ४ का वडाध्यक्ष उपेन्द्र सुवालले पनि बोल्नुभएको थियो ।

## युवा, विद्यार्थी, शिक्षक प्रतिनिधिहरूसँग

युवा, विद्यार्थी र शिक्षक प्रतिनिधिहरूसँग जेठ २५ गते राय–सुझाव सङ्कलन गरियो ।

उक्त कार्यक्रममा भक्तपुर नपाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नपाले युवा र महिला लक्षित धेरै गतिविधिहरू सञ्चालन गर्दै आएको बताउनुभयो ।

नगरवासीहरूबाट प्राप्त रायसुझावलाई प्राथमिकतामा राख्दै आगामी आर्थिक वर्षको बजेट निर्माण हुने बताउनुहुँदै उहाँले भक्तपुर नपाले शिक्षामा गरेको लगानीले भक्तपुर आज शैक्षिक गन्तव्यस्थलको रूपमा विकास भइरहेको बताउनुभयो ।

कार्यक्रममा उपस्थित युवा, विद्यार्थी तथा शिक्षक प्रतिनिधिहरूले नगरभित्र रहेका सडक बत्तीहरू समय समयमा मर्मतसम्भार गर्नुपर्ने, सांस्कृतिक नगरी भक्तपुरमा सांस्कृतिक एकेडेमी सञ्चालन गर्नुपर्ने, भक्तपुरको औद्योगिक क्षेत्र स्थानान्तरणको लागि पहल गर्नुपर्ने, खानेपानी समानुपातिक ढङ्गले वितरण गर्नुपर्ने, पाइपलाइन र नगरकोट सडकमा ढल व्यवस्थापनको लागि पहल गर्नुपर्ने, नगरका ठाउँ ठाउँमा पार्किङ क्षेत्र र फोहोर फाल्ने ठाउँको व्यवस्था गर्नुपर्ने, घोषणापत्रमा उल्लेख भएअनुसार स्वीमिङ पुल निर्माणतर्फ जोड दिनुपर्ने, माहेश्वरी खेलमैदान स्तरोन्नति गर्नुपर्ने, टोलटोलका टीम, क्लब पुस्तकालयहरूलाई सक्रिय बनाउनुपर्ने, खेलकुद क्षेत्रमा प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नुपर्ने, विद्यालय व्यवस्थापनबारे प्रधानाध्यापकहरूलाई तालिम दिनुपर्ने, विद्यालयहरूको परिणाममुखी अनुगमन र निरीक्षणमा जोड दिनुपर्ने, ख्वपको पहिचान अध्यापनको लागि स्वयम्सेवक शिक्षकहरू,व्यवस्था गर्नुपर्ने, कानुन विषयलाई कक्षा ९ र १० मा ऐच्छिक विषयको रूपमा समावेश गर्नुपर्नेलगायतका सुझावहरू राखेका थिए ।



कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराई र भनपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले पनि बोल्नुभएको थियो ।

## पर्यटन क्षेत्रका प्रतिनिधिहरूसँग



भक्तपुरका पर्यटन क्षेत्रसँग सम्बन्धित उद्योग–व्यवसायीहरूसँग जेठ २८ गते राय–सुझाव सङ्कलन गरियो ।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख **सुनिल प्रजापति**ले पर्यटन क्षेत्रको विकासमा बाह्य र आन्तरिक पर्यटकहरूको महत्त्वपूर्ण भूमिका रहेको उल्लेख गर्नुहुँदै देशको स्थायी विकासको लागि आन्तरिक पर्यटन प्रवर्द्धन र चलायमान बनाउन सक्नुपर्नेमा जोड दिनुभयो ।

पर्यटन क्षेत्रबाट सबै उद्योग–व्यवसायीलाई लाभ पुग्ने नीतिअनुसार भक्तपुर नपाले काम गर्दै आएको बताउनुहुँदै प्रमुख प्रजापतिले नगरवासीहरूको रचनात्मक सल्लाह र सुझावले नगरलाई अझ व्यवस्थित र आकर्षक नगरको रूपमा विकास गर्न टेवा पुगेको बताउनुभयो ।

कार्यक्रममा उपस्थित उद्योग–व्यवसायीहरूले परम्परागत गरगहना संरक्षण र प्रचारको पहल गर्नुपर्ने, भक्तपुरमा पर्यटकहरूको बसाइ अवधि लम्ब्याउने नीति आवश्यक भएको, पर्यटन शुल्क वृद्धि गर्न सकिने, पर्यटकीय स्थलहरू वरपर पार्किङ व्यवस्थापन, कर सङ्कलन प्रविधिमैत्री हुनुपर्ने र करको दायरा बढाउनुपर्ने, उत्कृष्ट उद्योगी सम्मान, दाफा भजन र बाजा मर्मतबारे नयाँ पुस्तालाई तालिम दिनुपर्ने, सार्वजनिक शौचालय व्यवस्थित गर्नुपर्ने, छाडा कुकुरको व्यवस्थापन गर्नुपर्ने, टौमढी र दत्तात्रयमा २४ सै घण्टा सवारी प्रवेश निषेध गरिनुपर्ने, 'जुजु–धौ' को गुणस्तर मापनको लागि अनुगमन गर्नुपर्ने, भक्तपुरका फल्चा तथा डबलीहरूमा स्थानीय सङ्गीत, भजन, कला, कौसल, नृत्यको दैनिक वा साप्ताहिक प्रदर्शन गरी भक्तपुरलाई जीवन्त बनाउनुपर्ने, भक्तपुर जिल्लाभित्र नाप तौल कार्यालय खोल्नुपर्ने, किराना तथा खाद्य सम्बन्धी व्यवसाय गर्ने व्यवसायीहरूको लागि स्थानीय स्तरबाटै खाद्य अनुज्ञापत्र वा प्याकेजिङ अनुमतिपत्र उपलब्ध गराउनुपर्ने, परम्परागत घरेलु उद्योगलाई नि:शुल्क रूपमा दर्ता गर्ने व्यवस्था हुनुपर्नेलगायतका सुझावहरू राखेका थिए ।

कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराई र भनपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले पनि बोल्नुभएको थियो।

कार्यक्रममा भक्तपुर पर्यटन विकास समिति, भक्तपुर घरेलु तथा साना उद्योग सङ्घ, पर्यटन व्यवसायी, भक्तपुर साङ्गीतिक समाज, भक्तपुर जुजु धौ व्यवसायी सङ्घ, जुजु धौ व्यवसायी, भक्तपुर मनि एक्सचेन्ज, होटल व्यवसायी, भक्तपुर खाद्य किराना पसल सङ्घ, रेडिमेड व्यापार सङ्घ, माटाका भाडा बनाउने, होटल एशोसिएसन अफ भक्तपुर, घरेलु व्यवसायी, सुनचाँदी व्यवसायी सङ्घ भक्तपुर, खाद्य व्यवसायी, सौन्दर्यकला व्यवसायी, चिउरा व्यवसायी, हस्तकला व्यवसायीलगायतका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

## नेपाल क्रान्तिकारी शिक्षक सङ्घको सुझाव

नेपाल क्रान्तिकारी शिक्षक सङ्घ, भक्तपुर नगर समितिले



भक्तपुर नगरपालिकाका प्रमुखसमक्ष आ.व. २०८१/०८२ का लागि समितिको तर्फबाट सुझावसहितको ज्ञापनपत्र पेस गरेको छ।

समितिका अध्यक्ष गणेशराम थुसाको नेतृत्वको टोलीले सामुदायिक विद्यालयको विकासलाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम आउनुपर्नेमा जोड दिएको छ। स्थानीय बालबालिकालाई सामुदायिक विद्यालयमा आकर्षित गर्न विभिन्न छात्रवृत्ति, अनुदान तथा अन्य नीतिगत कार्यक्रमहरू ल्याउनुका साथै जनप्रतिनिधि, कर्मचारी, शिक्षकलगायत सार्वजनिक पद धारण गरेका व्यक्तिहरूका सन्तानलाई सामुदायिक विद्यालयमा अध्ययन गर्ने/गराउने नीतिलाई प्रेरित गर्नुपर्ने सुझाव दिएको छ।

समितिले आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रममा विद्यालय सहयोगी, विद्यालय कर्मचारी, ईसीडी शिक्षकलगायतलाई सरकारले तोकेको न्यूनतम पारिश्रमिक उपलब्ध गराउने नीति समावेश गर्नुपर्ने माग गरेको छ।

भक्तपुर नगरपालिकालाई सामुदायिक विद्यालयको क्षेत्रमा पनि नमुना नगर बनाउन तथा विद्यालय शिक्षाको जगलाई बलियो बनाउन स्वयम्सेवक शिक्षकको बन्दोबस्त गर्नुपर्ने, शिक्षक तालिम तथा अनुगमन गर्नुपर्ने, शैक्षिक तथा भौतिक सुधारका लागि बजेट बन्दोबस्त गर्नुपर्ने माग गरेको छ।

भक्तपुर नगरको समग्र शैक्षिक गुणस्तर वृद्धिका लागि सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षकहरूलाई शिक्षक तालिम, अन्तरक्रियालगायतका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने, संस्थागत विद्यालयहरूमा नियमानुसार मात्र शुल्क निर्धारण गर्न दिनुपर्ने, सामुदायिक विद्यालयमा शिक्षक तथा प्रअ सरुवा गर्दा विद्यालय व्यवस्थापन समितिसँग आवश्यक छलफल गर्नुपर्ने, बिदा सुविधालाई स्वस्फूर्तरूपमा कम गर्न विद्यालयहरूलाई प्रेरित गर्ने, निश्चित बिदा योगदानको रूपमा शिक्षकहरूलाई दिन लगाउनेजस्ता कार्यक्रमहरू सञ्चालन गर्ने तथा बिदा कटौती गर्नुपर्ने अवस्थामा सो बिदाबापत सट्टा बिदा मिलान गर्ने वा वार्षिक परीक्षापछिको समयमा समायोजन गर्ने वा कटौती बिदाको सुविधा दिनेजस्ता विकल्पहरूमा समेत सहभागितामूलकरूपमा व्यापक छलफल गरी निचोड निकाल्ने नीतिलाई कार्यान्वयन गर्नुपर्ने माग समितिले गरेको छ।

सुझावलाई ग्रहण गर्दै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सल्लाह गरेर अगाडि बढ्ने बताउनुभयो।

## आन्तरिक पर्यटन प्रवर्द्धनमा जोड दिनुपर्ने

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसमक्ष भक्तपुर च्याम्बर्स अफ कर्मस र भक्तपुर उद्योग वाणिज्य सङ्घका प्रतिनिधिद्वारा भक्तपुरको आर्थिक, पर्यटन, सामाजिक विकासको लागि बजेट तर्जुमा गर्न आवश्यक सुझाव तथा प्रस्तावसहितको ध्यानाकर्षण पत्र जेठ २७ गते हस्तान्तरण गर्नुभएको छ।

बजेट निर्माणको लागि प्राप्त राय-सुझावका लागि धन्यवादज्ञापन गर्नुहुँदै प्रमुख **प्रजापति**ले कोभिडका कारण धरासायी अवस्थामा पुगेको पर्यटनलाई आफ्नै गतिमा फर्काउन आन्तरिक पर्यटन प्रवर्द्धनमा जोड दिनुपर्ने खाँचो औँल्याउनुभयो।

विदेशी पर्यटन नआएको बेला कसरी नेपालको पर्यटनलाई आन्तरिक पर्यटनले टेवा पुऱ्याउन सक्नेछ भन्ने विषयमा केन्द्रित रही भक्तपुर नपाले काम गर्दै आएको चर्चा गर्नुभयो।

नगरवासीबाट प्राप्त अमूल्य सुझावअनुसार नै भक्तपुर नपाको आगामी बजेट तर्जुमा हुने उल्लेख गर्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुरलाई आजको अवस्थासम्म ल्याइपुऱ्याउन यहाँका शिक्षाविद्, उद्योगी, व्यवसायी, किसान, मजदुर, युवा,

विद्यार्थीलगायत सम्पूर्णको महत्त्वपूर्ण योगदान रहेको बताउनुभयो ।

भक्तपुरलाई आत्मनिर्भर बनाउने सोचले नगरपालिका अगाडि बढिरहेको बताउनुहुँदै उहाँले भक्तपुर विदेशी सहयोगले भन्दा आफ्नै स्रोतसाधनको अधिकत्तम प्रयोग र स्थानीय जनताको साथ सहयोगले विकास भएको नगर भएको बताउनुभयो ।



बजेट निर्माणको लागि आवश्यक सुझाव प्रस्तुत गर्नुहुँदै भक्तपुर चेम्बर्स अफ कमर्सका अध्यक्ष **कविदास श्रेष्ठ**ले भक्तपुर नपामा दर्ता भएका व्यवसायीलाई व्यवसायिक शिक्षासम्बन्धी सचेतना तालिम अनिवार्य लिनुपर्ने प्रावधान बनाउनुपर्ने, स्थानीय राजश्व परामर्श समितिलगायत आर्थिक विषयका समितिहरुमा चेम्बरको तर्फबाट प्रतिनिधित्व अनिवार्य गरिनुपर्ने, नगरपालिकामा गरेको व्यवसाय दर्तालाई सबै क्षेत्रमा मान्य बनाउनुपर्ने, घुम्ती व्यापारीलाई पूर्ण रुपमा बन्देज लगाउनुपर्ने, नगरपालिकाभित्रका उद्योगहरुको पहिचान र प्रवर्द्धनका लागि विवरण सङ्कलन, पुस्तिका प्रकाशन तथा वेब पोर्टल तयार गरिनुपर्ने, नगरपालिकामा नियमित रुपमा व्यवसाय कर तिर्दै आएका व्यवसायीहरुका लागि सहज रुपमा सहुलियत दरमा ऋणाहरु उपलब्ध गराउन पहल गर्नुपर्नेलगायतका सुझावहरु लिखित रुपमा राख्नुभएको थियो ।


**भक्तपुर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

ब्यासी-२, भक्तपुर

**राय सुझाव सङ्कलनसम्बन्धी सूचना**

यस नगरपालिकाबाट हरेक वर्ष नयाँ आर्थिक वर्षको नीति तथा कार्यक्रम, बजेट तर्जुमा र योजना छनोटका लागि नगरवासी, बुद्धिजीवी, शिक्षक, मजदुर किसान, महिला, विद्यार्थी, उद्योगी, व्यापारीलगायत सम्बन्धित सबैसँग राय सुझाव सङ्कलन गर्दै आएको सबैमा विदित्तै छ ।

यसै सन्दर्भमा यस नगरपालिकाको आगामी आ.व. ०८१।८२ को लागि नीति तथा कार्यक्रम, बजेट तर्जुमा र योजना छनोटको लागि नगरवासीहरूसँग राय, सुझाव सङ्कलन गर्न यस नगरपालिकाको वेभसाइट www.bhaktapurmuni.gov.np र फेसबुक bhaktapur municipality वा सम्बन्धित वडा कार्यालय र भक्तपुर नगरपालिकाको प्रशासन शाखामा मिति २०८१ जेठ २८ गतेभित्र आ-आफ्नो अमूल्य राय सुझाव प्रदान गरी सहयोग गरिदिनुहुन अनुरोध छ ।




त्यस्तै, भक्तपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष **रोशनीमैंया धौबन्जार**ले व्यावसायिक कृषि विकास तथा प्रवर्द्धन, निर्यातमुखी हस्तकला प्रवर्द्धन र दिगो पर्यटन विकास तथा स्वास्थ्यतर्फ भक्तपुर नपासँग सहकार्य गर्न तत्पर रहेको बताउनुभयो । साथै आगामी आर्थिक वर्ष २०८१/८२ को बजेटमा भक्तपुर अन्तर्राष्ट्रिय व्यापार मेला, काष्ठकला तालिम र भक्तपुरमा पर्यटन विकासका लागि डिजिटल प्लेटफर्म निर्माण गर्न आवश्यक बजेट विनियोजनको लागि अनुरोध गर्नुभयो ।

## यता-उताबाट

**Full Forms**

JOB - Joining Others Business
BYE - Be with You Every-time
WWW - World Wide Web
DNA - Deoxyribonucleic Acid
AM - Ante-Meridiem
PM - Post Meridiem
SORRY - Someone is Really Remembering You
PIN - Personal Identification Number
GOOGLE - Global Organisation Of Oriented Group Language Of Earth
ATM - Automated Teller Machine
OK - Oll Korrect
PAN - Permanent Account Number
PDF - Portable Document Format
FIR - First Information Report
AIM - Ambition In Mind
KYC - Know Your Customer
CCTV - Closed Circuit Television

# नेपाल मजदुर किसान पार्टी केन्द्रीय समिति बैठकबाट पारित प्रस्तावहरू




नेपाल मजदुर किसान पार्टीको केन्द्रीय समिति बैठक २०८१ जेठ १८ र १९ गते बस्यो । उक्त बैठकबाट पारित प्रस्तावहरू जानकारीको लागि ।

## राष्ट्रिय प्रस्ताव

● सङ्घीय सरकारले जनतासँग स्वास्थ्य बीमाको रकम असुल गरेको तर अस्पताललाई बीमा रकम समयमा भुक्तानी नगरेको हुँदा अधिकांश अस्पतालहरूमा स्वास्थ्य बीमाको उपचार बन्द हुने र उपचार नपाएर सर्वसाधारण जनताको मृत्यु हुने अवस्था छ । स्वास्थ्य बीमाको अर्बौं रुपैयाँ सम्बन्धित अस्पतालहरूलाई अविलम्ब भुक्तानी गर्न यो बैठक सरकारको ध्यानाकर्षण गराउँदछ ।

● देशमा भ्रष्टाचार दिन दुईगुणा र रात चौगुणाको दरले बढ्दो छ । शासक दलहरू स्वयं भ्रष्टाचारीहरूका संरक्षक भएको जनगुनासो छ । ठुला भ्रष्टाचारीहरूलाई मृत्युदण्डको सजायसमेत हुने कानुनी व्यवस्था गर्न यो बैठक सम्बन्धित सबै पक्षको ध्यानाकर्षण गराउँदछ ।

● शासक दलहरूले पालैपालो सरकारको नेतृत्वमा पुगेर १,५९९ म्यानपावर कम्पनीमार्फत १११ देशमा ८० लाखभन्दा बढी नेपाली युवालाई वैदेशिक रोजगारीको नाममा साम्राज्यवादी र विस्तारवादी देशहरूको बहुराष्ट्रिय कम्पनीको सस्तो ज्यामी बन्न पठाएका छन् । मानव श्रम र अन्य प्राकृतिक स्रोत–साधनलाई निर्यात गरेर नेपालको विकास सम्भव छैन । नेपाली युवालाई स्वदेशमा रोजगारीको व्यवस्था गर्न यो बैठक सम्बन्धित सबै पक्षको ध्यानाकर्षण गराउँदछ ।

● सरकारले विद्यालय शिक्षा निःशुल्क र अनिवार्य तथा विश्वविद्यालय शिक्षा निःशुल्क गर्नु जरुरी छ । अन्तर्राष्ट्रिय मञ्चहरूमा २० प्रतिशत बजेट शिक्षाको निम्ति छुट्याउने प्रतिबद्धता व्यक्त गरेको सरकारले आगामी आवको बजेटमा शिक्षामा बजेट घटाएको देशको हितमा छैन । शिक्षाको निम्ति देशको कुल बजेटको २४ प्रतिशत विनियोजन गर्न यो बैठक सरकारको ध्यानाकर्षण गराउँदछ ।

● तराईमा पानीको भण्डारणको रूपमा रहेको चुरे संरक्षणको लागि सरकारले गौरवको योजना सञ्चालन गरेको डेढ दशक भयो तर प्रतिफल शून्यजस्तै छ । अर्बौं रुपैयाँको बजेट खर्च गरियो तर चुरेको गिटी, बालुवा र ढुङ्गाको अवैध दोहन र भारतमा अवैध निकासी चालु छ । चुरे दोहनले तराईको खानेपानी भण्डार सुक्दै छ । इनार, कुवा, चापाकल, पोखरी, नदी र खोला सुक्न थालेका छन् । चुरे संरक्षणमा संलग्न अक्षम तथा भ्रष्ट अधिकारीहरूलाई कारबाही गर्न यो बैठक जोड दिन्छ ।

● जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु भई भूकम्प गएको ७ महिना बित्यो तर पीडितहरूले अस्थायी आवासको दोस्रो किस्ताको अनुदान पाएका छैनन् । जाजरकोट र रुकुम पश्चिमका भूकम्प पीडितको निम्ति समयमै र निष्पक्षरूपमा अनुदान उपलब्ध गराउन २०७२ सालको भूकम्पबाट पीडित काठमाडौँ उपत्यकाका जनतालाई पनि अनुदान र सहुलियत ब्याजदरको ऋण उपलब्ध गराउने चालु राख्न यो बैठक जोड दिन्छ ।

● काठमाडौँ विश्वको सबभन्दा प्रदूषित सहर बनेकोमा विज्ञहरू चिन्तित छन् । वायु प्रदूषणकै कारण बर्सेनि हजारौँको मृत्यु भइरहेकोबारे सरकारको ध्यान गएको देखिँदैन । प्रधानमन्त्री, मन्त्री तथा माथिल्लो तहका कर्मचारीको स्वार्थको सिकार उपत्यकावासी हुनु परेको छ । उपत्यकाको वायु प्रदूषण नियन्त्रण गर्नको निम्ति काठमाडौँको सेवा सुविधा उपत्यकाबाहिर सबै स्थानीय तहमा उपलब्ध गराई जनसङ्ख्या विकेन्द्रित गरी देशको सन्तुलित विकास गर्न यो बैठक सरकारको ध्यानाकर्षण गराउँदछ ।

● देशको मुख्य अन्नबाली धान रोप्ने कार्य सुरु भइसकेको छ । यसपालि पनि रासायनिक मलको अभाव दोहोरिएको छ । तस्करीमार्फत नेपाल भित्रिने गुणस्तरहीन मलको बिक्री वितरणमा रोक लगाउनु जरुरी छ । कृषि उत्पादनमा

बिचौलियाको प्रभाव बढेको हुँदा कृषकले लागत मूल्य पाएका छैनन् । किसानले मल, बीउ, औषधि समयमै सहुलियत दरमा पाएका छैनन् । आकासे पानीको भरमा खेती गर्नुपर्ने बाध्यता छ । जोत्नेलाई जमिन वितरण गरी किसानका समस्या तत्काल समाधान गर्न यो बैठक सरकारको ध्यानाकर्षण गराउँदछ ।

● राष्ट्रिय कृषि अनुसन्धान केन्द्र (नार्क) शासक दलहरूको राजनीतिक हस्तक्षेपको कारण केही गर्न नसकेको अवस्थामा छ । नार्कका वैज्ञानिकहरूलाई मन्त्रीको हस्तक्षेपबिना स्वतन्त्ररूपमा काम गर्ने वातावरण बनाई कृषि अनुसन्धान तीव्र पार्न यो बैठक जोड दिन्छ ।

● भक्तपुर नगरपालिकाबाट सञ्चालन हुने र उत्पादन श्रमसँग जोडिएको शिक्षा सबैलाई प्रदान गर्न ख्वप विश्वविद्यालय विधेयक संसद्‌बाट यथाशीघ्र पारित गराउन यो बैठक सरकारको ध्यानाकर्षण गराउँदछ ।

● कम्युनिस्ट दाबी गरेका माओवादी नेतृत्व र एमालेसहितको सरकारले संविधानको समाजवादउन्मुख भावनाविपरीत निजीकरणलाई जोड दिँदै छ । नेका सरकारले सुरु गरेको निजीकरण गर्ने काम एमाले र माओवादीका सरकारहरूले पनि अँगालेका छन् र देश आर्थिकरूपमा टाट पल्टिँदै छ । समाजवादउन्मुख भावनाबमोजिम उत्पादनका साधनहरू क्रमशः सामाजिकीकरण गर्न यो बैठक जोड दिन्छ ।

● नेपाललाई भारतको सुरक्षा छाताअन्तर्गत राख्ने सन् १९५० को सन्धि र नेपालीलाई भाडाको सिपाही बनाउने गोर्खा भर्तीलगायत अन्य देशघाती सन्धिहरू एमसीसी र एसपीपीलगायत असमान सन्धिहरू अविलम्ब खारेज गर्न यो बैठक सम्बन्धित सबैको ध्यानाकर्षण गराउँदछ ।

● सहकारी सिद्धान्तविपरीत सहकारी संस्थाहरू सञ्चालन गराइएको हुँदा कतिपय सहकारी संस्थाहरूमा रकम बचत गरिएको खर्बौं रुपैयाँ अपचलन भएको सार्वजनिक भयो । सहकारी संस्थामा बचत गरिएको जनताका बचत ठगी गर्नेहरूकै घैघरानाबाट असुलउपर गर्न गराउन तथा बचत ठगहरूलाई कडा कारबाही गर्न यो बैठक सरकारको ध्यानाकर्षण गराउँदछ । सहकारी सिद्धान्तअनुसार सहकारी संस्था चलाउन आवश्यक कानुन संशोधन गर्न यो बैठक जोड दिन्छ ।

## अन्तर्राष्ट्रिय प्रस्ताव

● संरा अमेरिकाले एसिया प्रशान्त क्षेत्रमा जापान र फिलिपिन्ससँग त्रिपक्षीय साझेदारी घोषणा गरी संयुक्त सैन्य अभ्यास बढाउने, गुप्तचरी आदानप्रदान गर्ने, रक्षा सामग्री उत्पादन तथा प्रविधिमा सहयोग बढाउने नाममा एसियालाई युद्धभूमि बनाउँदै छ । सन् २०१७ मा अमेरिका, जापान, अष्ट्रेलिया र भारतको चतुर्भुज सुरक्षा संवाद (क्वाड), सन् २०२१ मा अष्ट्रेलिया, बेलायत र संरा अमेरिका संलग्न 'अउकस' र सन् २०२४ मा क्याम्प डेभिडमा संरा अमेरिका, जापान र दक्षिण कोरियाको तीन देश नजिक रहेर काम गर्ने 'नयाँ अध्याय' को घोषणा, थाइवानमा संरा अमेरिकी सैन्य प्रशिक्षकको तैनाथीले एसिया प्रशान्त क्षेत्रलाई विभाजित गर्ने निश्चित छ । अमेरिकी साम्राज्यवादको नेतृत्वका सैन्य सङ्गठनहरू र युद्धपिपासु नीतिको यो बैठक निन्दा एवम् भर्त्सना गर्दछ ।

● छिमेकी मित्र देश चीनले मानव जातिको साझा भविष्य र विश्व शान्ति तथा समुन्नतिको लागि अघि बढाएको 'एक क्षेत्र एक मार्ग अगुवाइ' (BRI), 'विश्वव्यापी सभ्यता अगुवाइ' (GCI), 'विश्वव्यापी विकास अगुवाइ' (GDI), 'विश्वव्यापी सुरक्षा अगुवाइ' (GSI) लाई यो बैठक समर्थन गर्दछ ।

● अमेरिकी साम्राज्यवादले चीनको मुख्य भूमि थाइवानमा हतियार पठाएको, सिचाङ (तिब्बत) का दलाई लामालाई भगाई भारतको आश्रयमा राखेको, सिन्चियाङमा मानव अधिकार हननको आरोप लगाएको चीनलाई बिथोल्न हो । विश्वव्यापी मानव अधिकार र प्रजातन्त्रको लागि चीनले गरिरहेको प्रयासलाई यो बैठक समर्थन गर्दछ ।

● संरा अमेरिकी सिनेटले सन् २०२४ अप्रिल २३ को दिन युक्रेनलाई ६०.८४ अर्ब डलर, इजरायललाई २६.३८ र थाइवानलाई ५.३ अर्ब डलर गरी करिब ९५ अर्ब अमेरिकी डलर सैन्य सहयोग दिने निर्णय युद्ध भड्काउन र अमेरिकी हतियार बिक्री गर्नको निम्ति भएको हुँदा यो बैठक निन्दा एवम् विरोध गर्दछ ।

● संरा सङ्घको महासभामा गत मई १० को दिन प्यालेस्टिनलाई संरा सङ्घको १९४ औँ सदस्य देश बनाउने प्रस्ताव १४३ सदस्य मुलुकको समर्थनसहित पारित भयो । संरा अमेरिकालगायत ९ सदस्य देशले विपक्षमा मत दिए र २५ देश अनुपस्थित रहे । संरा सङ्घको महासभाले प्यालेस्टिनलाई सदस्यता दिने प्रस्तावलाई स्वीकार गर्न सुरक्षा परिषद्‌लाई निर्देशन दियो । बहुसङ्ख्यक सदस्यको मतको कदर गर्न र प्यालेस्टिनलाई सदस्यता दिने कार्यमा अवरोध खडा नगर्न संरा अमेरिकी प्रशासनलाई यो बैठक सचेत गराउँदछ ।

● इजरायली फासीवादले ७ महिनादेखि जारी राखेको प्यालेस्टिनविरुद्ध थप आक्रमणमा ३६ हजारभन्दा बढी प्यालेस्टिनीको हताहत भइसकेको छ, करिब ८० हजार घाइते

भए। लाखौँ प्यालेस्टिनी विस्थापित भएका छन्, हजारौँ बेपत्ता भएका छन्। इजरायली आक्रमण तत्काल बन्द गरी प्यालेस्टिनी जनताको बाँच्न पाउने अधिकार तथा स्वतन्त्रताको प्रत्याभूति गर्न यो बैठक जोड दिन्छ।

● अन्तर्राष्ट्रिय अदालतले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुलाई युद्ध अपराधी घोषणा गर्दै गत मई २३ मा पक्राउ पुर्जी (वारेन्ट) पनि जारी गर्‍यो। मई २४ को दिन अन्तर्राष्ट्रिय अदालतले प्यालेस्टिनको रफाहमा भइरहेको हमला रोक्न इजरायलको नाममा अर्को आदेश जारी गर्‍यो। यी दुवै आदेश व्यवहारमा लागु गर्न संरा अमेरिकी सरकारले प्रतिबद्ध हुनु जरुरी भएको यो बैठकको ठहर छ।

● इतिहास र अन्तर्राष्ट्रिय कानुनअनुसार थाइवान चीनको अभिन्न अङ्ग हो। अमेरिकी साम्राज्यवादले थाइवानमा टेकेर चीनमा प्रहार गर्ने तथा चीनलाई घेर्ने नीति लामो समयदेखि लिँदै आएको छ। थाइवानबाट अमेरिकी सेना र हतियार अविलम्ब फिर्ता गर्न यो बैठक जोड दिन्छ र थाइवानसमेतको एक चीन नीतिको समर्थन गर्दछ।

● अमेरिकी सरकारले रुस देखाएर युरोप कब्जा गर्ने र चीनलाई देखाएर एसिया कब्जा गर्ने साम्राज्यवादी नीति अँगाल्दै आएको छ। युक्रेनमा अमेरिकी हतियार बिक्री र डलर सहयोग बन्द गरी युरोपमा शान्ति कायम गर्न यो बैठक जोड दिन्छ। युक्रेनलाई रुसविरुद्धको छद्मयुद्धमा अमेरिकी हतियार प्रयोग गर्ने हालै अनुमति दिएर अमेरिकी सरकारले ध्वंश तथा नरसंहार जारी राख्ने र युद्ध उत्तेजना फैलाउने नीति लिएको निन्दनीय छ। यो बैठक अमेरिकी सरकारलाई विश्वमा युद्ध भड्काउने काम तत्काल बन्द गर्न सचेत गराउँदछ।

● अमेरिकी साम्राज्यवादले समाजवादी देश क्युवाविरुद्ध विगत ६० वर्षअगाडिदेखि लगाउँदै आएको अमानवीय नाकाबन्दी झन् कठोर बनाउँदै छ। गत मई २८ तारिखको दिन संरा अमेरिकी प्रशासनले क्युवाको निजी क्षेत्रलाई सहयोग गर्ने घोषणा गरी क्युवा र क्युवाली जनतालाई विभाजित गर्ने षड्यन्त्र गर्‍यो। संरा अमेरिकाको यो कदम अन्तर्राष्ट्रिय जगतसँग स्वास्थ्य क्षेत्रमा सहयोग तथा सहकार्यको क्युवाली नीति विफल पार्ने कुत्सित उद्देश्यका साथ आएको प्रस्ट छ। क्युवाको निजी क्षेत्र र सार्वजनिक क्षेत्र दुईओटै क्युवाली व्यावसायिक क्षेत्र तथा क्युवाली समाजका अभिन्न अङ्ग हुन्। अमेरिकी सरकारले क्युवाको सार्वभौमिकतामाथि हमला शीघ्र बन्द गर्नुपर्ने र क्युवाविरुद्धको नाकाबन्दी अन्त्य गर्नुपर्ने यो बैठकको ठहर छ।

● अमेरिकी साम्राज्यवादले लामो समयदेखि प्रभुत्ववाद र एकतर्फवाद अपनाउँदै संसारभरि मानवीय सङ्कट उत्पन्न गर्ने, विनाशकारी हतियार उत्पादन र बिक्री गरी निर्दोष नागरिकको ज्यान लिने, विपद् र आर्थिक नाकाबन्दी थोप्ने गर्दै आएको छ। दुईतिहाइभन्दा बढी अमेरिकी जनताले अमेरिकी कूटनीति युद्ध, छद्मयुद्ध र विद्रोहका लागि अन्तर्राष्ट्रिय साझेदार खोज्नेमा केन्द्रित भएको बताउँदै छ। विश्व शान्तिको निमित्त अमेरिकी सरकारले 'नाटो', 'पाँच आँखा', 'क्वाड', 'अन्जुस', 'अउकस' लगायत अमेरिकी सैन्य मोर्चा विघटन गरी आणविक हतियार प्रयोग नगर्ने वाचासमेत गर्नुपर्नेतर्फ यो बैठक जोड दिन्छ।

● संरा अमेरिकाले क्रूर यातना दिने ग्वान्टानामो जेल चालु राखेको छ। अमेरिकी रेड इन्डियन (ताम्र वर्ण) आदिवासीहरू, अफ्रिकी अमेरिकी, एसियाली अमेरिकीहरूविरुद्ध अमेरिकी सरकारको भेदभाव र दमन यथावत छ। विश्वको ५ प्रतिशतभन्दा कम जनसङ्ख्या भएको संरा अमेरिकामा विश्वभरिका बन्दीको २५ प्रतिशत रहेको छ। संरा अमेरिका एक 'झ्यालखाना राष्ट्र' जस्तो भएको छ। लाखौँ अमेरिकी महिलाले प्रसूति सेवा नपाएको, लाखौँ बालबालिकाले चिकित्सक सेवा नपाएको, घरबारविहीनको सङ्ख्या बढेको, लागुपदार्थ दुरूपयोग व्यापक फैलिएको, आत्महत्याको दर लगातार बढेको सार्वजनिक भयो। अमेरिकी मानव अधिकार केही व्यक्तिहरूको विशेषाधिकारको रूपमा परिणत भएको छ। संरा अमेरिकी सरकारले 'महिलाहरूप्रति सबै प्रकारको भेदभाव उन्मूलन सन्धि', 'बाल अधिकार सन्धि', 'आर्थिक सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सम्झौता' अनुमोदन गरी मानवअधिकार बहालीमा योगदान गर्न यो बैठक जोड दिन्छ।

● प्यालेस्टिनमा इजरायली फासीवादको जातीय नरसंहार र भूमि कब्जा चालु रहनु र युद्ध नरोकिनुको मुख्य कारण संरा अमेरिकी सरकारले युद्धविरामलाई समर्थन नगर्नु र संरा सङ्घमा प्रस्तुत युद्धविराम प्रस्तावलाई विशेषाधिकार प्रयोग गरी असफल पार्नु हो। अन्तर्राष्ट्रिय फौजदारी अदालतले इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुलाई अपराधी घोषित गरी पक्राउ पुर्जी जारी गरेको न्यायपूर्ण छ। युद्धविराम प्रस्तावलाई संरा अमेरिकाको गोरा सांसदले हस्ताक्षर नगर्नु जातिवादको स्पष्ट परिचय हो। प्यालेस्टिनलाई संरा सङ्घको १९४ औँ देश बनाउने संरा सङ्घबाट पारित भएको प्रस्तावलाई अमेरिकी सरकार र इजरायलले समेत समर्थन गरी पारित गर्न र मध्यपूर्वमा शान्ति कायम गर्न यो बैठक जोड दिन्छ।

● इजरायली प्रधानमन्त्री नेतान्याहुलाई अन्तर्राष्ट्रिय फौजदारी अदालतले युद्धअपराधी घोषणा गरेलगत्तै संरा अमेरिकी संसद्को संयुक्त बैठकमा सम्बोधन गर्न ➲

# ख्वप विश्वविद्यालय स्वीकृतिमा किन बिलम्ब ?

आर्थिक वर्ष ०८१/०८२ को नीति तथा कार्यक्रम र बजेटमा ख्वप विश्वविद्यालय सञ्चालन गर्ने अनुमति पाउने आशा र विश्वास थियो । ख्वप विश्वविद्यालय स्थापनाको निम्ति नेमकिपाले संसद्मा राखेको मागप्रति अरू दलका सांसद र नेताहरूले पनि समर्थन गरी बोलेका थिए । रु. १५ लाखमा डाक्टर पढाउने विश्वासका साथ राखिएको सो मागप्रति सरकारले किन आलटाल गरिरहेको भन्दै सांसदहरूले चासो व्यक्त गरेका थिए । ख्वप विश्वविद्यालय स्थापनामा स्वीकृति दिन किन ढिलाइ भयो भन्ने सांसद नै अहिले शिक्षामन्त्री बनिन् । यसरी बोल्नेमा एमालेका सचिव एवम् सांसद पनि एक हुन् । अहिले एमाले सम्मिलित माओवादीको नेतृत्वमा सरकार छ । वर्तमान ख्वप विश्वविद्यालयलाई कहिले स्वीकृति दिने भन्ने नेमकिपाका सचिव एवम् सांसद प्रेम सुवालले राखेको जिज्ञासाको जवाफमा प्रधानमन्त्री एवम् माओवादीका अध्यक्ष पुष्पकमल दाहालले सो माग सम्बोधन हुने विश्वास दिलाएका थिए । तर, बजेटमा ख्वप विश्वविद्यालय स्थापनासम्बन्धी कहीँ कतै उल्लेख भएन ।

ख्वप विश्वविद्यालय मेडिकल कलेजसहित भक्तपुर नगरपालिकाले सञ्चालन गर्ने हो । धनगढीमा अवस्थित सहिद दशरथचन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय सञ्चालनमा ल्याइने बजेटमा उल्लेख छ । पोखरा, बर्दिबास, बुटवल र सुर्खेतमा मेडिकल कलेज स्थापना गर्ने कार्य अघि बढाइने बजेटमा उल्लेख छ । उदयपुर, मोरङ, पर्सा र चितवनमा मेडिकल कलेज स्थापनाका लागि सम्भाव्यता अध्ययन गरिने कुरा बजेटमा उल्लेख छ । तर, सस्तोमा मेडिकल कलेजसहित ख्वप विश्वविद्यालय स्थापना गर्ने भक्तपुर नपाको उद्देश्यतर्फ सरकारको चासो छैन । ख्वप विश्वविद्यालय स्थापना खोल्न चासो राख्ने रास्वपाका शिक्षामन्त्री र एमालेका सचिव एवम् सांसदले के आफ्नो भनाइ बिर्से ? पटक पटक माग सम्बोधन गर्ने भनी विश्वास दिलाउने प्रमले भुले ? के उनीहरूले लोकाचारको निम्ति मात्र आश्वासन दिएका हुन् ? होइन भने ख्वप विश्वविद्यालय स्थापनामा स्वीकृति दिन किन बिलम्ब ?

मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय र विदुषी योगमाया आयुर्वेदलगायतका विश्वविद्यालय सञ्चालन गर्ने व्यवस्था मिलाइने कुरा पनि बजेटमा उल्लेख छ । विक्रम संवत् २०८१ देखि २०९१ सम्मलाई विज्ञान प्रविधि दशकको रूपमा कार्यान्वयन गरिने सरकारको लक्ष्य छ । तर, सरकार ख्वप विश्वविद्यालय सञ्चालन गर्न स्वीकृति दिँदैन । सस्तोमा चिकित्सक तयार गर्ने भक्तपुर नपाको लक्ष्यलाई सरकार वास्ता गर्दैन । एकजना चिकित्सक तयार गर्न ५०/६० लाखभन्दा बढी शुल्क लिइन्छ । यसले थाहा हुन्छ, सरकार महँगो शिक्षालाई जोड दिन्छ; सरकार सर्वसाधारण जनताका छोर छोरीलाई चिकित्सक बनाउन चाहँदैन । क्युवामा १ लाखभन्दा बढी चिकित्सक छन् । ५०/६० हजार चिकित्सकहरू देश बाहिर गएर सेवा गर्छन् । तर, नेपालमा सरकार धनीहरूलाई मात्र चिकित्सक बनाउने सपना बुन्छ । यसले सरकार गरिबहरूको पक्षमा छैन भन्ने थाहा हुन्छ । पुँजीवादी व्यवस्थाले गरिब जनतालाई माथि उठाउँदैन भन्ने सङ्केत गर्छ । यो देशको लागि दुर्भाग्य हो; यो शिक्षाविरोधी कदम हो ।

---

➲ नेतान्याहुलाई आमन्त्रण गरिनु अमेरिकी सरकारको प्रजातन्त्रको मकुन्डो पुनः उतारिनु हो । अमेरिकी सरकारले अन्तर्राष्ट्रिय फौजदारी अदालतको आदेशलाई सम्मान गर्नुपर्नेतर्फ यो बैठक जोड दिन्छ ।

● चीनविरुद्ध अमेरिकी प्रशासनको व्यापार युद्ध आत्मघाती र दुवै देशको हितमा नहुने बारम्बार चीनले स्पष्ट पार्दापार्दै संरा अमेरिकाले हालै चिनियाँ विद्युतीय सवारी साधन र अन्य सामानमा शतप्रतिशत भन्सार कर बढाउने निर्णय गरेर द्वन्द्व चर्काउने र विश्व बजार तथा अर्थतन्त्र थप अस्थिर पार्न खोजेकोमा यो बैठक विरोध गर्दछ ।

● संरा अमेरिका, जापान र दक्षिण कोरियाले क्याम्प डेभिडमा भेला भई हिन्द–प्रशान्त क्षेत्रको पक्षमा त्रिपक्षीय गठबन्धनको नयाँ अध्याय सुरु गरेको घोषणा गरे । आसियान (ASEAN) देशलाई बलियो समर्थन दिनेसमेत दाबी गरे । तीनओटै देशले चीन, रुस र प्रजग कोरियाविरुद्ध गठबन्धन निर्माण गरेको दाबी गरी चीनको क्षेत्र दक्षिण चीन सागर र हिन्द–प्रशान्त क्षेत्रको सागरमा समेत आफ्नो अधिकार दाबी गरी 'नयाँ युद्ध' को घोषणा गरे । प्रजग कोरियाको क्षेप्यास्त्र परीक्षण कार्यक्रम रोक्न दबाब दिँदै प्रजग कोरियाको 'साइबर खतरा' विरुद्ध संयुक्तरूपमा लड्ने दाबी गरियो । यसरी संरा अमेरिकी नेतृत्वको गठबन्धनले हिन्द–प्रशान्त क्षेत्रमा युद्ध उत्तेजना फैलाइरहेको छ । क्षेत्रीय शान्तिको निम्ति अमेरिकी सरकारले युद्ध उत्तेजना फैलाउने कार्य तत्काल रोक्नु जरुरी भएको यो बैठकको ठहर छ ।

---

**वाग्मती प्रदेशसभामा नेमकिपा**

# नीति तथा कार्यक्रम बेइमानीको पुलिन्दा बन्न नहुने

- सुरेन्द्रराज गोसाई



वाग्मती प्रदेश सरकार कति संवेदनशील छ, कति जिम्मेवार छ भन्ने कुरा यो सभाहल वा संसद्को बैठक कक्षले बताइरहेको छ । न प्रदेशको मुख्यमन्त्री यहाँ उपस्थित हुनुहुन्छ न अर्थमन्त्री नै ! हामी भने बैठकमा बसेर बजेट निर्माणको अत्यन्त गम्भीरतापूर्वक छलफल चलाइरहेका छौँ ।

हामीले सरकारको नीति तथा कार्यक्रम सुन्यौँ । बारम्बार उही कुरा सुन्दै छौँ । कतिजना मुख्यमन्त्री हुनुहुन्छ ? हामीलाई थाहा भएन ! अलमल भयो ।

श्रृङ्गार भनेको थोरै गरे राम्रो हुन्छ भन्ने नेपालीहरूको कथन नै हो । धेरै श्रृङ्गार गरेपछि झनै कुरूप हुन्छ भन्ने सामान्य बुझाइ हो । त्यसमा सचेत रहन सल्लाह दिन्छौँ ।

तीन–चार दिन अगाडि यहाँ सभाकक्षमा सजाइए यी फूलहरू । आज ती ओइलिएका फूलहरूको अवस्था हामीले देखिरहेका छौँ । ती फूलहरूमा अझै पनि हामीले सौन्दर्य देखिरहनु, ती फूलहरूमा अझै पनि सुवास छ भन्नु र सरकारको नीति तथा कार्यक्रम अत्यन्त राम्रो छ भन्नु उस्तैउस्तै हुनेछ ।

नीति तथा कार्यक्रमहरू बारम्बार पेस हुन्छन् । हामी सुन्छौँ । सरकार र शासक दलले भनेझैँ नीति तथा कार्यक्रमहरू राम्रा भएको भए, कार्यान्वयन भएको भए, परिणामले पुष्टि भइदिएको भए सम्भवतः हाम्रो देशको अवस्था यस्तो नाजुक हुने थिएन ।

शासक दलका कार्यकर्ता, नेता, माननीयहरू सम्पूर्णले सुनेकै हुनुपर्छ, एउटा खबर पढेकै हुनुपर्छ, देश बेरुजुमा डुबिसकेको छ । स्थानीय तहदेखि लिएर केन्द्र तहसम्म बेरुजु । बेरुजुको अर्थ के हो ? आजको खबरले भन्छ । एक वर्षमा सवा दुई खर्ब थपियो बेरुजु । हामी के गर्दै छौँ ? शासनसत्तामा को छन् ? हामी के गर्दै छौँ ? भ्रष्टाचारी खोज्न के अब अन्त गइराख्नुपर्ला ? अत्यन्त संवेदनशील प्रश्न छ ।

अहिले ०७९/८० मा मात्र कारबाही गरी टुङ्गो लगाउनुपर्ने कुल बेरुजु ११ खर्ब २३ अर्ब २६ करोड ८३ लाख पुगेको छ । आजको खबरले यही भन्छ । अनि हामी के गर्दैछौँ ? हामी साह्रै राम्रो गर्दै छौँ ? हामी अझै इमानदार छौँ ? यो तथ्याङ्कले के भन्छ ? यो खबरले के भन्छ ? गलत हो भने खण्डन गर्नुपर्‍यो ? होइन भने, हामी भ्रष्टाचारी हौँ, हामी बेरुजुका हिस्सेदार हौँ भनेर स्वघोषणा गर्ने तागत या नैतिकता हामीसँग हुनुपर्‍यो ।

केही दिन अगाडिको खबरले भन्छ, 'सार्वजनिक ऋण झन्डै २३ खर्ब ९७ अर्ब ४० करोड पुग्यो ।' के हो यो ? नेपाली जनतालाई ऋणको भार बढेको खबरबाहेक अरू केही नसुनाउने ? हामी यो के गर्दै छौँ ? यो गर्छौँ, त्यो गर्छौँ र यो बनाउँछौँ, त्यो बनाउँछौँ भनेर नेपाली जनतालाई कति फकाउने ? आश्वासनमात्र बाँड्ने ? नेपाली जनताले सधैँ पत्याउनैपर्ने ? विश्वास गर्नुपर्ने ? त्यसकारण, के बोल्यो त्यो महत्त्वपूर्ण कुरा होइन । के गर्‍यो ? व्यवहार के हो ? परिणाम के हो ? महत्त्वपूर्ण कुरा त्यो हो । यदि साँचो अर्थमा भनेझैँ, बोलेझैँ गरिएको भए राम्रो हुन्थ्यो । पञ्चायती व्यवस्थामा हिजो भनिएको थियो, 'हामी एसियाली मापदण्डमा पुर्‍याउँछौँ ।' त्यो ३० वर्षअघिको कुरा भयो । भयो त ? भएन नि ! ३० वर्षको त्यो एउटा कालखण्ड खेर गयो । ३४ वर्षमा हामीले जे बोलेका थियौँ इमानदार भएर हामीले गर्न सकेको भए, के देशको यो हालत हुन्थ्यो ? आज हामी आर्थिक रूपमा जर्जर छौँ । समाजमा नैतिकताको सङ्कट छ । त्यो कसरी आयो ? त्यो एकाएक भएको हो ? त्यसकारण, यो नीति तथा कार्यक्रम बेइमानीको पुलिन्दा

नबनोस् । हाम्रो फेरि पनि अर्को सुझाव हो । अरू धेरै गन्थनका कुराहरू होलान् ।

महत्त्वपूर्ण कुरा आफ्नो बोलीमा अडिग हुन सक्नुपर्‍यो । इमानदार तथा प्रतिबद्ध हुन सक्नुपर्‍यो । हामी के गर्दै छौँ ? सिंहावलोकन गरौँ । हामी कता जाँदै छौँ ? समीक्षा गरौँ । योभन्दा अगाडिका नीति तथा कार्यक्रमहरूमा पनि भनिएको थियो, सुरुङ खन्छौँ । सुरुङ युग सुरु भयो भनेर यही ठाउँबाट घोषणा भएको थियो । कहाँ पुग्यो त त्यो सुरुङ ? त्यसैगरी रासायनिक मल कारखाना खोल्ने भन्यौँ । अब तयारीमा जुट्यौँ भन्यौँ । कहाँ पुग्यो त्यो रासायनिक मल कारखाना ? मन्त्रीहरूले बोलेका कुरा हुन् यी, अरू सामान्य मानिसले होइन । त्यसरी नै विद्युतीय गाडी खरीद गरेर ५ वर्षभित्र यो प्रदेशलाई वातावरणमैत्री बनाउँछौँ । प्रदूषण हटाउँछौँ भनेर यही ठाउँबाट घोषणा भएको थियो । खोइ त ? त्यसकारण, त्यतिखेर सुरुङ मार्ग भनिरहँदा नेपाल मजदुर किसान पार्टीले भन्यो– 'रज्जु

## वाग्मती प्रदेश सरकारको आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रममा नेमकिपाले राखेको संशोधन

**बुँदा नं. र संशोधनको व्यहोरा**

**१.१५.** समाजमा बढ्दो मानसिक समस्यालाई ध्यानमा राखी विद्यालय तहका विद्यार्थीहरू तथा शिक्षकहरूलाई मनोरोगबारे सचेतना दिने र विद्यालयमा मनोपरामर्श सेवा सुरु गर्ने । (यप्ने)

**२.३५.** विद्याथीहरूलाई उच्च शिक्षा अध्ययनमा प्रोत्साहित गर्न उच्च शिक्षा अध्ययन सहयोग कोष स्थापना गरी प्रमाणपत्रको आधारमा सहुलियत दरमा विद्यार्थी ऋण उपलब्ध गराई अध्ययन समाप्तीपश्चात् असूल गर्ने बन्दोवस्त मिलाइनेछ । (थप्ने)

**३.३०.** अनिवार्य, निःशुल्क तथा वैज्ञानिक शिक्षा हरेक बालबालिकाको नैसर्गिक अधिकार हो । त्यस्तो अधिकार एवम् अवसर बाट कुनैपनि बालबालिकालाई बञ्चित गरिने छैन । स्थानीय पालिकाहरूलाई समेत थप जिम्मेवार बनाई सो लक्ष्य हासिल गरिनेछ । प्रत्येक पालिकामा हाललाई कम्तीमा एउटा शिशु स्याहार तथा बालोद्यान केन्द्र सञ्चालन गरिनेछ । वडा तहसम्म विस्तार गर्दै लगिनेछ ।

**४.३६.** मानविकीशास्त्रअन्तर्गत भूगोल, इतिहास, संस्कृति, राजनीतिशास्त्र, दर्शन लिई स्नातक र स्नातकोत्तर अध्ययन गर्ने विद्यार्थीहरूलाई पूर्ण छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

**५.४७.** ज्येष्ठ नागरिक समाजका आदरणीय व्यक्तित्व हुन् । ज्येष्ठ नागरिकको ज्ञान, सीप तथा अनुभवको पुस्तान्तरण गर्न तथा यथोचित सम्मान दिन हरेक पालिकामा कम्तीमा एउटा व्यवस्थित आदर निकेतनको बन्दोवस्त गरिनेछ ।

**६.५२.** खेलकुदलाई विद्यालय जीवनको अनिवार्य अङ्ग बनाइनेछ । विद्यालयहरूलाई कम्तीमा एउटा खेलमा विशिष्टता हासिल गर्न आवश्यक सहयोग उपलब्ध गराइनेछ । खेलकुद प्रशिक्षक विद्यालयमा पठाइनेछ ।

**७.९६.** प्रदेशभित्र स्थानीय सीप, सामग्री तथा वास्तुकलाको आधारमा मौलिक शैलीमा भवनका संरचना निर्माण गरिनेछ । वाग्मती प्रदेश सरकारद्वारा निर्माण गरिने भवनहरू नेपाली मौलिक शैलीमा निर्माण गरिनेछन् ।

स्थानीय पालिका र नागरिकहरूलाई पनि मौलिक शैलीमा निर्माण गर्न प्रोत्साहन दिइनेछ । नयाँ बन्ने बस्ती तथा स-साना सहरहरू नेपाली मौलिक शैलीसहित व्यवस्थित बनाइनेछ ।

**८.१२०.** वाग्मती प्रदेशका शिक्षक, निजामती कर्मचारीहरूका लागि नेपाल भाषा र तामाङ भाषाको कक्षा सञ्चालन गरि नेछ । नयाँ भर्ना गरिने शिक्षक, कर्मचारीहरूलाई नेपाल भाषा र तामाङ भाषाको ज्ञान अनिवार्य गरिनेछ ।

विद्यालय-विद्यालयमा ती भाषाको कक्षा सञ्चालन गरिनेछ ।

**९.१२६.** नेपालको इतिहास, सभ्यता, संस्कृति, भूगोल तथा बनस्पतिबारे सङ्ग्रहालय स्थापना गरिनेछ ।

**१०.** बुँदा थप गर्ने– मकवानपुरको हेटौडामा चिडियाघर स्थापना गरिनेछ ।

**११.** बुँदा थप गर्ने– वाग्मती प्रदेशको साहित्य, कला-संस्कृतिको प्रवर्द्धन तथा विकास गर्ने हेतुले वाग्मती प्रज्ञा प्रतिष्ठान स्थापना गरिनेछ ।

**१२.** बुँदा थप गर्ने– विद्यालय तहमा स्काउट कक्षा अनिवार्य गरिनेछ । कक्षा ८ देखि १२ सम्मका विद्यार्थीहरूलाई अनिवार्य रूपमा NCC (National Cadet Corps) तालिम दिइनेछ ।

मार्ग' । देशको आवश्यकता रज्जु मार्ग हो । त्यतातिर जाऔँ भन्दा घैँटोमा घाम लागेन । त्यसैगरी विद्युतीय गाडी खरीद गर्ने योजना ल्याइँदा हामीले भन्यौँ– 'ट्रलिबस खोइ ?' हामीले बारम्बार भन्यौँ, 'ट्रलिबस कसले खायो ? कसले उडायो ?' हामीले बारम्बार आवाज उठायौँ । ५ वर्षमा काठमाडौँ उपत्यकालाई प्रदूषणमुक्त गर्नेजस्ता हावादारी कुरा गरे । ट्रलिबस जोगाउन नसक्नेहरूले विद्युतीय गाडी खरीदको नाउँमा अनेक गर्न खोजेको हामीले आशङ्का गर्‍यौँ । त्यसकारण, के बोल्यो त्यो महत्त्वपूर्ण कुरा होइन । बोलीबाट नै सम्पूर्ण कुरा बन्ने भए त देश हिजै सिङ्गापुर बनिसक्ने थियो । यो देश सिङ्गापुर बन्ने भयो भनियो तर के बन्यो ? हामी सबैलाई थाहा छ । हामी भोगिरहेका छौँ । नयाँ पुस्ताले भोगिरहको छ । साथसाथै, मन्त्री, शासक दलका नेता र कार्यकर्ताहरूले बोलिरहँदा के तिनीहरूका सन्तानहरूले समेत विश्वास गर्लान् ? अरूको त कुरै छोड्नुस् । घरमा गएर आफ्ना छोराछोरीहरूलाई सुनाउनुस्, 'हाम्रो देश यो बन्ने भयो त्यो बन्ने भयो । हाम्रो प्रदेश यो बन्ने भयो त्यो बन्ने भयो ।' नयाँ पुस्ताले पत्याउँछ कि पत्याउँदैन ? विश्वास गर्ला कि नगर्ला ? यस विषयमा पनि हामी विनम्रतापूर्वक ध्यानाकर्षण गराउन चाहन्छौँ ।

प्राथमिकताको अभाव भयो । कुन वर्गलाई हामीले प्राथमिकता दिने ? कुन क्षेत्रमा प्राथमिकता दिएर काम गर्ने यो एक वर्षमा ? हामीले तय गरेनौँ । मनपरी गर्न थाल्यौँ । हामी मन्त्री बन्छौँ, हामी बाबुसाहेब बन्छौँ । हामी राणासाहेब बन्छौँ । सर्वसाधारणलाई मन्त्रालयमा धाउन बाध्य पार्छौं । अनि त्यसैलाई प्रदेशतिर जनता ओइरिए भनी घमण्ड गर्छौं । त्यो गलत हो । जनतालाई त्यसरी विवश नबनाउनुस् । आधुनिक राणा व्यवस्थाको सुरुआत नगर्नुस् । हाम्रो आग्रह छ ।

खोइ, सात वर्षसम्म पनि प्रदेशमा स्रोतको पहिचान ? स्रोत नभइकन कसरी बाँच्छ प्रदेश ? पहिलो प्रदेशसभामा पनि हाम्रो त्यही प्रश्न थियो । स्रोत केही छैन अनि ठुला–ठुला कुरा गरेर हुन्छ ? अरूसँग थापेर मात्रै हामीले प्रदेशको स्वाभिमान जोगाउन सक्छौँ ? यो गम्भीर प्रश्न छ ।

यहाँको अभाव भनेको इमानदारीको हो, प्रतिबद्धताको हो । परिणामबाट हामीले देखाउन सकिरहेका छैनौँ । महत्त्वपूर्ण कुरा प्राथमिकतादेखि लिएर परिवर्तनसम्मको दूरी या यात्रा हो नीति तथा कार्यक्रमको उद्देश्य भनेको । यो विषयमा फेरि पनि ध्यानाकर्षण गराउन चाहन्छौँ ।

अहिले हामी जेठ १७ गतेमा छौँ । १७ वर्ष भयो गणतन्त्र आएको । गणतन्त्रको विषयमा बहस चल्दै छ । गणतन्त्र हामीले ल्याएका हौँ भन्नेहरूले गणतन्त्रको सौन्दर्य जनतालाई अनुभूत हुने काम के कति गर्‍यौँ ? हामी सरकारमा छौँ अनि हामी त्यो अनुभूति दिन सक्दैनौँ भने हाम्रो असफलता हो कि होइन ? आज १७ वर्ष अगाडि ल्याएको गणतन्त्रको सार्थकता सिद्ध गर्ने चुनौती बढ्दै छ । हाम्रो अझ बढ्ता जिम्मेवारी छ भन्ने लाग्दछ ।

सरकारको कार्यक्रममा गरीबसँग प्रदेश सरकार भनियो । सबैभन्दा बढ्ता अहिले गरिबी बढ्दै छ । गरिबी अहिलेको चुनौतीको विषय हो । २०.३ प्रतिशत गरीबी छ भन्ने आकलन छ । अध्ययनले त्यो भन्छ । साँचो अर्थमा त्योभन्दा निकै बढी हो । १०० जनामा ३०।४० जना गरीब छन् भन्ने वास्तविकताले देखाउँछ । अनि हामीले कतिञ्जेल 'सुखी नेपाली समृद्धि नेपाल'को नारा मात्र दिने ? ७ वर्षको त्यो नारा फेरि 'कपी डाउन' गरेर जनतालाई कसरी ढुक्क बनाउन सक्दछौँ ? नाराबाजीमा हामी नजाऔँ ! व्यवहारमा जाऔँ ! फेरि पनि हाम्रो विनम्रतापूर्वक आग्रह छ ।

साठी लाखदेखि अस्सी लाख नेपालीहरू गरीबीको रेखामुनि छन् । ८० लाख नेपाली विदेशमा गइसके ! अनि यो देशमा कम्युनिस्ट शासन छ भनेर विश्वलाई हामीले भन्दा तिनीहरूले कुन नजरले हेर्लान् ? कसरी सोच्लान् ? त्यसकारण, हामीले बारम्बार भन्यौँ, 'नेपालमा अझै पनि सक्कली कम्युनिस्टहरूको राज आइसकेको छैन । नक्कली कम्युनिस्टहरूको राज छ ।' यथार्थ यही हो । परिणामबाट त्यो प्रस्ट हुन्छ ।

यहाँ 'ज्येष्ठ नागरिक समाजका सम्पत्ति हुन्' भनियो । हरेक कुरा त्यसरी सम्पत्ति मान्न सकिन्न । वास्तवमा अग्रज ज्येष्ठ नागरिक भनेका सम्मानजनक अगुवा हुन् । अहिलेको आवश्यकता भनेको आदर निकेतनको बन्दोबस्त हो । अहिलेको आवश्यकता भनेको शिशु–स्याहारदेखि आदर निकेतनको हो भनेर बारम्बार हामीले भन्दै आएका छौँ । अब त नयाँ बन्दोबस्त गर्नुपर्ने स्थिति छ । विदेशबाट अङ्गभङ्ग भएर आएकाहरूको निम्ति बेग्लै बन्दोबस्त गर्ने केन्द्रहरू खोल्नुपर्ने अवस्था छ । त्यसको ढिलाइ गर्नु भनेको प्रदेशको निम्ति ठुलो घाटाको विषय हुनेछ । यी संवेदनशील विषयहरूमा बारम्बार हामीले ध्यानाकर्षण गरायौँ । प्रदेश सरकारलाई संशोधनमार्फत पनि ध्यानाकर्षण गराएका छौँ । फेरि पनि नीति तथा कार्यक्रम व्यर्थ नहोस् । शुभकामना छ ।

*(वाग्मती प्रदेश सरकारले प्रस्तुत गरेको आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रममाथि जेठ १७ गते भएको छलफलमा भाग लिँदै नेमकिपाका केन्द्रीय सदस्य तथा वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईंले व्यक्त गर्नुभएको विचार)*

# भक्तपुरलाई सांस्कृतिक नगर घोषणा गर्न ढिलाइ नगर्नु बुद्धिमानी हुने

- सृजना सैंजू



नीति तथा कार्यक्रम सुनिसकेपछि, पढिसकेपछि जनताबिचमा एउटा जिज्ञासा जागेको पाइयो। हरेक कुरा ठेक्कापट्टामा दिने सरकारले यो नीति तथा कार्यक्रमको ड्राफ्ट गर्ने ठेक्का चाहिँ कसलाई दियो ?

मैले नीति तथा कार्यक्रम सुनेको यो सातौँ पटक हो। यो बिचमा यहाँ सरकारहरू पटक पटक फेरिए। तर, सातौँ पटक नै नीति तथा कार्यक्रम दोहोरिनु, भिन्नता नहुनु, परिवर्तन नदेखिनु विडम्बनाको विषय हो। सातै पटक ठेक्का पाउने उही पो पर्‍यो कि ? प्रदेश सरकारले इमानदारीपूर्वक जवाफ देओस्।

जसरी देश ठेक्कापट्टाकै कारण बर्बाद भइरहेछ त्यसरी नै यो नीति निर्माणको ठेक्कापट्टाले देश र प्रदेशलाई कहाँ पुर्‍याउला ? जनता चिन्तित छन्।

यो पटकको नीति तथा कार्यक्रमले पनि छुन नसकेका केही विषयहरू छन्। एक न एक दिन प्रदेश सरकारको घैँटोमा घाम लाग्ने आशासहित सभ्यता, संस्कृति, इतिहाससम्बन्धी केही कुरा राख्ने प्रयास गर्छु।

विश्व यतिबेला सभ्यता पुनर्जागरणको कुरा गरिरहेछ। नेपाली शासकहरू हाम्रो उद्गमको उत्खननतिर पटक्कै संवेदनशील देखिन्न। सभ्यता, देश उद्भवको आधार या मार्गचित्र हो। काठमाडौँ उपत्यका नेपाली सभ्यताको महत्त्वपूर्ण केन्द्र हो, खानी हो। कोलम्बसले अमेरिका पत्ता नलगाउँदा भक्तपुरमा ऐतिहासिक ध्वाका (ढोका) हरू निर्माण हुँदै थिए। उपत्यकामा सुन्दर ऐतिहासिक सहर निर्माण भइसकेका थिए भन्ने इतिहास पढ्न पाइन्छ। तसर्थ, हजारौँ हजार वर्ष पुरानो काठमाडौँ उपत्यकाको सभ्यता, इतिहास, कला, संस्कृति, मौलिकता जोगाउने जिम्मेवारी हाम्रो हो, प्रदेशको जिम्मेवारी हो। महानगर, नगरपालिकासँग समन्वय गरी संवर्द्धन र पुनर्जागरणको अगुवाइ ढिला भइसकेको छ।

काठमाडौँ उपत्यकाको सौन्दर्य देशकै सम्पत्ति हो। यहाँको इतिहासको जगेर्ना देशको पहिचानको जगेर्ना हो। यसबाहेक वाग्मती प्रदेशका प्राकृतिक सम्पदा, नदीनाला, वनजङ्गल, हिमालहरू हाम्रा परिचय हुन्। वाग्मती नदी, सभ्यताको इतिहास बोक्ने एउटा महत्त्वपूर्ण नदी हो। थुप्रै अरू नदी, खोला र पोखरी छन्। यसको संरक्षण र सरसफाइमा जोड दिनु प्रदेशको कर्तव्य हो। त्यसो त वाग्मती सफाइ अभियानको नाममा अर्बौंको बजेट स्वाहा भइसकेको छ। अझै उपत्यकाका जनताबाट वाग्मती सफाइ कर असुल्न छोडेको छैन राज्यले। तर वाग्मती कहिल्यै सफा भएन, गन्हाउन छोडेन। सहरी विकास, नदी सभ्यता संरक्षणको न्यूनतम आवश्यकता उपचार पोखरी निर्माण हो। अत्याधुनिक ट्रिटमेन्ट पोन्ड निर्माणको भिजन र बजेट विनियोजन वाग्मती प्रदेशले सुरु गरोस्। त्यतिमात्र होइन उपत्यकाको सभ्यता र पर्यावरण सन्तुलनसँग जोडिएका पोखरीहरू कब्जा गरी व्यापारिक छाया सेन्टरहरूको निर्माण अपराध हो। त्यस्ता छाया सेन्टरहरू तुरुन्तै भत्काउने र बन्न नदिने तागत प्रदेश सरकारले राखेको दिन प्रदेशको औचित्य उजेलिनेछ।

वाग्मती प्रदेशलाई शान्त, सुन्दर र सुरक्षित बनाउने हो भने जनसङ्ख्याको विकेन्द्रीकरण अहम् प्रश्न हो। यो नै सङ्घीयताको मर्म हो, आधार हो। वाग्मती प्रदेशले देशको राजधानी रहेको प्रदेशको नाताले सङ्घीयताको आधार विकेन्द्रीकरण र स्वायत्तता कार्यान्वयनको जिम्मेवारी बहन गर्न आवश्यक छ। काठमाडौँ राजधानी संसारसामु देशलाई चिनाउने थलो पनि हो। तसर्थ, काठमाडौँको अस्तव्यस्तता, अशान्ति र प्रदूषणले देशको छविलाई नै प्रभाव पार्छ।

देशवासीले काठमाडौँतिर हेरेर उत्साहित हुने वातावरण तयार गर्नुपर्ने हो ।

हामीलाई थाहा छ, देश भूकम्पीय जोखिम क्षेत्रमा पर्छ । काठमाडौँ उपत्यका उच्च भूकम्पीय जोखिम क्षेत्रमा पर्ने पनि सर्वविदितै छ । सोहीबमोजिम विपद्को तयारी गर्न, काठमाडौँलाई सुरक्षित राख्न प्रदेशको भूमिका रहन्छ । यहाँका दरबारहरू, मठमन्दिर, वास्तुकला, विश्व सम्पदा, गल्ली र चोकहरूमात्र होइन मौलिक शैलीका घरहरू ढुङ्गेधारा, इनार, पाटीपौवा, चैत्य, गुम्बा र विहारहरूलगायत सम्पूर्ण मूर्त–अमूर्त सम्पदाहरूको संरक्षण इतिहास र सभ्यताको पुनर्जागरण हो । यो अर्थतन्त्रसँग प्रत्यक्ष जोडिन्छ । त्यसकारण काठमाडौँलाई विराट अर्थमा बुझ्न आवश्यक छ; दूरदर्शिता जरुरी छ । सभ्यताको मुहान काठमाडौँ उपत्यका, 'बुझ्नेलाई श्रीखण्ड नबुझ्नेलाई खुर्पाको बिँड !' यति पनि नबुझ्नेहरू सरकारमा पुग्नु दुर्भाग्यपूर्ण विषय हो । सरकारहरू संवेदनशील र दूरदर्शी बन्नुपर्छ । कम्तीमा १०० वर्षको दृष्टि हुनुपर्छ । जसरी हाम्रा श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छेँले 'सय वर्षपछिको भक्तपुर' र '५० वर्षपछिको नेपाल' परिकल्पना गर्नुभयो । यहाँ त १०० दिन नटिक्ने सरकार बन्छ, १०० दिनको तयारी गर्न नसक्ने सरकार बन्छ !

ढिलो या चाँडो पुग्नुपर्ने सभ्यताको छलफलमै हो, सभ्यताको जगेर्नामै हो । वाग्मती प्रदेश जोडिएको छिमेकी देश चीन विश्व सभ्यता अगुवाइको आह्वान गर्दै छ । इतिहास जोगाउनु, मौलिकता जोगाउनु, त्यसको जगमा सुन्दर एवम् साझा मानव बगैँचा निर्माण गर्नुलाई मार्क्सवादी चिन्तनकै रूपमा हुर्काउँदै छ । नेपालमा आफूलाई मार्क्सवादी र कम्युनिस्ट भन्नेहरूले त्यताबाट पाठ सिक्न नसके देश र प्रदेश अझ धेरै धेरै पछि पर्नेछ ।

त्यसकारण, नेमकिपाले आजभन्दा ४–५ दशकदेखि भाषा, कला, संस्कृति सम्पदाको संरक्षण, संवर्द्धन कार्यलाई अघि बढाएको छ । यही प्रदेशभित्र पर्ने भक्तपुर त्यसको अनुपम नमुनाको रूपमा रहनु हाम्रो गौरवको विषय हो ।

तसर्थ, प्रदेश सरकारले भक्तपुरलाई सांस्कृतिक नगर घोषणा गर्न ढिलाइ नगर्नु बुद्धिमानी हुनेछ ।

भाषा पनि सभ्यताको हिस्सा हो । एउटा भाषाको विकासका लागि शताब्दी लागेको हुन्छ । नेपालभाषा, तामाङ भाषालाई सरकारी कामकाजी भाषाको रूपमा लाने विधेयक बने पनि कार्यान्वयनको कुनै प्रयास देखिन्न । कार्यान्वयनको पहिलो पाइला भनेको पाठ्यक्रम निर्माण गरी विद्यालय तहदेखि पठनपाठन अघि बढाउनु आवश्यक छ । त्यतिमात्र होइन भाषा-साहित्य प्रज्ञा प्रतिष्ठान स्थापना हुनुपर्छ । निजामती कर्मचारीदेखि लिएर अन्य कर्मचारीसमेतलाई भाषाको ज्ञान र कक्षा अनिवार्य गरिएको खण्डमा सेवा प्रभावकारी होला । यतातर्फ वाग्मती प्रदेश सरकार संवेदनशील बनोस् ।

नीति तथा कार्यक्रम महिला स्वास्थ्य, महिला शिक्षा र महिला श्रमशक्ति विकासको सवालमा चुकेको छ । रोगको हिसाबले महिलालाई पुरुषलाई भन्दा ४२ बढी रोग लाग्छ । पाठेघरको मुखको क्यान्सर र स्तन क्यान्सर नेपालको जटिल स्वास्थ्य समस्या बनेको छ । दैनिक ७ महिला पाठेघरको क्यान्सरका कारण मर्न बाध्य छन् भन्ने तथ्याङ्क छ । वाग्मती प्रदेशका हरेक जिल्ला या निर्वाचन क्षेत्रमा मातृस्वास्थ्य उपचारको बन्दोबस्तसँगै क्यान्सरको निःशुल्क उपचार सरकारको कर्तव्य हो । पाठेघरको मुखको क्यान्सर रोक्ने HPV VACCINE लाई स्वास्थ्य बीमाअन्तर्गत लगी निःशुल्क र अनिवार्य बन्दोबस्त गर्नुपर्दछ । साथै स्वास्थ्य बीमाअन्तर्गतका महँगा उपचार र औषधि झिक्ने काम जो राज्यले गर्दै छ त्यो गलत हो, प्रदेश सरकार यो विषयमा संवेदनशील बनोस् ।

यहाँ गृहिणी महिलाको सन्दर्भ छ । गृहिणी महिलाका लागि नाराबाजी होइन, साक्षरता, फेरि पनि प्रौढ कक्षा र सीपमूलक तालिम जरुरी छ । छोरीलाई शिक्षा-दीक्षा नै दिने हो । शिक्षामा अगाडि नबढेसम्म कुनै पनि हिसाबले अगाडि बढेको भन्न मिल्दैन । महिला शिक्षा–महिला स्वास्थ्य, महिला स्वास्थ्य - महिला रोजगारी अन्योन्याश्रित हुन् ।

आधा आकाश महिलालाई श्रमशक्तिको रूपमा विकास नगरेसम्म अर्थतन्त्र, समाज व्यवस्था अगाडि बढ्दैन । यसको अर्थ छोरीहरूलाई रोजगारीको नाममा खाडी पठाउनु किञ्चित होइन । सस्तो ज्यामीको रूपमा बेचिएका चेलिबेटीहरू, सबैखाले हिंसामा परेका महिला, अन्धविश्वासको शिकार बनेका महिलाहरूले देशको वास्तविक तस्बिर प्रतिबिम्बित गर्छ । तसर्थ, महिलाको जीवनमा परिवर्तनको लागि शिक्षा, स्वास्थ्य, रोजगारीमा जोड अपरिहार्य विषय हो ।

खाद्यसुरक्षा, गुणस्तर परीक्षण, आयातीत औषधिको गुणस्तर जाँचदेखि उपलब्धताको विषय निकै संवेदनशील छ । यतातर्फ पहलको लागि नीति तथा कार्यक्रम संशोधन गरियोस् ।

*(नेमकिपाका केन्द्रीय सदस्य तथा वाग्मती प्रदेशसभा सदस्य सृजना सैँजूले जेठ १७ गतेको बैठकमा वाग्मती प्रदेश सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रम २०८१ को छलफलमा राख्नुभएको विचारको सारसङ्क्षेप)*

# सरकार वास्तविक किसानको पक्षमा भन्दा बिचौलियाहरूको पक्षमा

- गीता काफ्ले



वाग्मती प्रदेश सरकारको नीति तथा कार्यक्रम आयो। तर, कागलाई बेल पाक्यो हर्ष न विस्मात् भयो।

यो नीति तथा कार्यक्रममा जनताले नयाँ कुरा भेटाउन सकेनन्। पद जोगाउनलाई दौडधुप गर्दैमा फुर्सद नभएका मन्त्रीहरूले लेख्न नभ्याएको हुनाले कर्मचारीले तयार गरेकै कुरा ल्याइएको चर्चा छ। कर्मचारीले पनि पुरानै फोटोकपी मात्र गरेको गाइँगुइँ सुनिन्छ। यसरी कतिञ्जेल इज्जत जोगिएला ?

सरकारले प्रस्तुत गरेको कार्यक्रम वाचन गर्नका लागि मात्र हो कि ? संसद्मा सुनायो, पुस्तिका निकाल्यो, त्यसपछि सकियो ! यसरी जनताको आँखामा छारो हाल्ने काम कतिञ्जेलसम्म चल्छ ? सरकारको नीति तथा कार्यक्रम औपचारिकतामा सीमित हुनु नै दुःखको कुरो हो। व्यवहारमा लागु नहुने नीति र जनताको अवस्थामा कुनै परिवर्तन नल्याइने अर्थ न व्यर्थका कुरामा रमाएर प्रदेश सरकारलाई बोलेका कुरा व्यवहारमा लागु गरी देखाउन हामी चुनौती दिन्छौँ।

विगतमा सरकारले रासायनिक मल कारखाना स्थापना गर्ने कार्यक्रम ल्याएको थियो। काम कति सक्यो ? सरकारले जवाफ देओस्। किसानलाई ढाँट्ने काम किन गर्‍यौँ ? मल कारखाना किन हरायो ? विदेशी कम्पनीले धम्की दियो कि ? हाम्रा मन्त्रीहरूलाई लोभ देखायो कि ? रासायनिक मल कारखाना आवश्यक छ। अन्यथा, हाम्रो कृषि क्षेत्र योभन्दा तहसनहस हुनेछ।

यो सरकार वास्तविक किसानको पक्षमा भन्दा पनि बिचौलियाहरूको पक्षमा देखिन्छ। सिँचाइको बन्दोबस्त नगरी उब्जनी बढ्दैन। बीउबिजन, औजार, मलखादले उब्जनी कति होला भनी तय गर्दछ। स-साना किसानलाई कानुनले बाँध्ने, अनेकौँ तगारा हाल्ने र पेल्ने काम सरकारबाट भइरहेको छ। बहुसङ्ख्यक स-साना किसानलाई साथ-सहयोग नदिएसम्म कृषि क्षेत्र माथि उठ्ने छैन। पशुपालन क्षेत्रका स-साना किसान ऋणको भारी बोक्न बाध्य छन्। माटोमा उब्जनी गर्ने वास्तविक किसान र जनसमुदायलाई खाद्यवस्तु उपलब्ध गराउने किसान खुसी नभएसम्म नेपाली सुखी बन्नै सक्दैनन् र नेपाल समृद्ध बन्न सक्दैन।

त्यसैले, स-साना कृषक र मजदुरलाई हेरेर नीति बनाऊ, बजेट बनाऊ ! हामी बारम्बार यही भन्दै छौँ। यही कुरामा वाग्मती प्रदेश सरकार यो पटक पनि चुक्यो। त्यसप्रति हाम्रो खेद छ। वाग्मती प्रदेशको यो नीति तथा कार्यक्रम हात्ती आयो, हात्ती आयो, फुस्साझैँ भएको छ।

*(वाग्मती प्रदेश सरकारले प्रस्तुत गरेको आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रममाथि जेठ १७ गते भएको छलफलमा भाग लिँदै वाग्मती प्रदेशसभा सदस्य गीता काफ्लेले व्यक्त गर्नुभएको विचार)*

झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ।

दोस्रो स्मृतिवर्ष

# सधैँ पार्श्वभूमिकामा सन्तुष्ट हुने कामरेड शोभा

– सुरेन्द्रराज गोसाईं



## प्रारम्भिक छलफल : जीवन र मृत्यु

केही विषय यस्ता हुन्छन् जुनबारे लेख्न नपरे या भन्न नपरे हुन्थ्यो भन्ने लाग्छ। केही खबर यस्ता हुन्छन् जुन सुन्न नपरे या सुनाउन नपरे हुन्थ्यो भन्ने लाग्छ। तर, त्यसको वैकल्पिक बाटो मान्छे पाउँदैनन् ! यस्तै विवशता र दोसाँधबिच मान्छेको जीवन चल्दै आएको हो र चल्दै जानेछ। सायद, जन्म र मृत्युबिच यहींनिर भिन्नता छ ! जन्मपछि मृत्यु अवश्यम्भावी छ तर मृत्युपछि जन्म असम्भव छ। जीवनलाई मृत्युले लघारिरहेको हुन्छ भने मानिसको जीजीविषा अन्तिमसम्म अतृप्त नै हुन्छ। त्यसकारण, सामान्य अवस्थामा सबैका निम्ति मृत्यु अशुभ, अप्रिय र अस्वीकार्य हुन्छ भने जीवन सर्वोप्रिय हुन्छ।

केही घटना यस्ता हुन्छन् जुन आँखा अगाडि घटिसक्दा पनि विश्वास गर्न गाह्रो हुन्छ। त्यो घटना केवल भ्रम होस् भन्ने हजारबार पुकार्दा पनि व्यर्थै हुन्छ। कतिपय घटना घटेको वर्षौं बितिसक्दा पनि अझै भ्रम हो कि भन्ने मनमा लागिरहन्छ। हो, कसैको मृत्यु त्यस्तैगरी अकल्पनीय एवम् अपत्यारिलो हुने गर्दछ।

कसैको भौतिक अनुपस्थिति भइसक्दासमेत व्यवहार, वाणी, विचार, सिद्धान्त, जीवनकालका सुकीर्तिको माध्यमबाट समाजमा जीवित भइरहन्छन्। मानिसहरूको मनमनमा बाँचिरहन्छन्। समाजले पनि अभिप्रेरणा पाइरहन्छ। मानिसहरू ऊर्जा प्राप्त गरिरहन्छन्। मृत्युपछि पनि मानव जगतको सेवामा निरन्तरता दिन सक्ने तथा जीवनमा जीवन थप्न सक्ने त्यो प्रकृतिको मृत्यु विरलै मात्र पाइन्छ। सायद सार्थक जीवनको प्रतिफल हो त्यो र हो त्यो एक सार्थक जीवनको अनुपम नमुना !

जीवनको दूरी र परिधि नाप्ने धृष्टता कतिपयले गर्छन्। जीवनलाई तौलने मानिसहरू पनि यहाँ नभएका होइनन्। जीवनको परिभाषा पत्ता लगाउने चाहनाले धेरैलाई लपेट्ने गरेको कैयौँ दृष्टान्त भेटिन्छन्। यद्यपि, जीवनको लम्बाइ-चौडाइ नाप्नु या जीवनको परिभाषा खोज्नुभन्दा पनि जीवनलाई अर्थपूर्ण एवम् सार्थकतापूर्ण बनाउनुमा नै कल्याण हुन्छ भन्ने मान्यता राख्नेहरूको सङ्ख्या जरुर कम छैन। जीवन छोटो या लामोभन्दा पनि जीवनमय बनोस् या जीवन जीवनजस्तै बनोस् भन्ने मत समाजमा नपाइने होइन। निश्चय पनि मृत्युभन्दा अगाडि नै धेरै पटक मरेर बाँच्नुभन्दा त जीवन बाँचेर मर्नु कैयौँ गुणा श्रेयष्कर हुन्छ।

जीवनले कमसेकम वरपर जीवन जगायो या कसैको जीवन खोस्यो ? जीवनले जगत हँसायो कि जीवनले जगत सतायो ? यी सवाल पनि कम महत्त्वका जरुर होइनन्। कसैको जीवन चिरकालसम्म स्मरणीय रहने या नरहने यही विषयले छिनोफानो गर्दछ।

यही प्रकाशमा श्रद्धेय शोभा मिसलाई चिन्ने, बुझ्ने र सम्झने यहाँ यत्न गर्नु सान्दर्भिक होला। सुरुमा शोभा मिस, त्यसपछि शोभा भाउजू अनि कामरेड शोभा ! यी सरल तर आत्मीय सम्बोधनले उहाँमाथि जरुर न्याय गर्नेछन्। उहाँको जीवनका आयाम उजागर गर्न यी सम्बोधन अपुग नहोलान् !

## धेरैको मन जित्न सफल "शोभा मिस"

उहाँलाई धेरैजसोले अथवा सर्वसाधारणले पहिला एक कर्तव्यपरायण तथा मृदुभाषी शिक्षिकाका रूपमा चिने। धेरैले उहाँसँग एक सरल, सहयोगी एवम् आत्मीय शिक्षिकाका रूपमा व्यवहार गरे। सुरुमा गृह जिल्ला रामेछाप र त्यसपछि भक्तपुरका विद्यार्थी, अभिभावक, शिक्षक-कर्मचारी, शैक्षिक क्षेत्रले उहाँलाई एक जिम्मेवार असल शिक्षिकाको रूपमा पाए। धेरैले उहाँको अथक मिहिनेतलाई नजिकबाट देखे। उहाँ सर्वसाधारण जनताका सन्तानहरूका 'शोभा मिस' बन्नुभयो। सामान्य परिवारका छोराछोरीलाई शिक्षादीक्षा दिनुमा नै उहाँले आनन्दको अनुभव गर्नुभयो। गरीबका बच्चाबच्चीहरूको भविष्य निर्माण नै उहाँको पहिलो चासो बन्यो र लामो समयसम्म त्यहीनै उहाँको कार्यक्षेत्र बन्यो। समाजको तल्लो वर्ग पढ्ने शिक्षण संस्थाहरू राम्रा बनून् र त्यहाँका शिक्षकहरू योग्य बनून् भन्ने उद्देश्यका साथ उहाँले काम गर्नुभयो। शिक्षकहरूलाई निरन्तर उत्साहित गर्नुभयो।

नयाँनयाँ शिक्षकहरूलाई मार्गनिर्देश गर्ने जिम्मेवारी पनि सम्हाल्नुभयो। यथार्थमा उहाँ शिक्षकहरूका पनि शिक्षक या अभिभावक हुनुहुन्थ्यो। कैयौँ अभावमा हुर्केका विद्यार्थीहरूका उहाँ अभिभावक बन्नुभयो। यी सबै कार्य उहाँले खुसीपूर्वक भित्री मनदेखि गर्नुभयो। त्यसकारण, उहाँलाई धेरैले सम्मानपूर्वक सम्बोधन गरे, 'शोभा मिस'। त्यो आदरपूर्वक हृदय-हृदयबाट दिइएको पदवी थियो।

निःसन्देह उहाँको समर्पण बेजोड थियो। उहाँको व्यवहार सरल एवम् शिष्ट थियो। उहाँले विभिन्न कार्य तथा क्षेत्रमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुभयो। विभिन्न विद्यालयमा पुगेर शैक्षिक उन्नयन तथा व्यवस्थापकीय सुधारको निम्ति सुझाव दिनुभयो। शैक्षिक क्षेत्रका सामान्यदेखि जटिल समस्या समाधानमा चासो देखाउने र त्यस कार्यमा जुट्ने उहाँको स्वभाव नै थियो। शैक्षिक समस्याबारे हुने छलफलमा उहाँ स्पष्ट शब्दमा आफ्नो मत राख्नुहुन्थ्यो। समस्या समाधानका उपाय सुझाउने उहाँसँग बेग्लै खुबी थियो। छलफलमा उहाँ प्रस्ट विचार राख्नुहुन्थ्यो। शैक्षिक छलफलमा उहाँ अलि बढी चासो देखाउनुहुन्थ्यो र खुल्नुहुन्थ्यो। घरको बैठक कोठामा होस् या बाहिर शैक्षिक सवाल उहाँको बढ्ता अभिरुचिको विषय बन्थ्यो। त्यसैले होला छलफलहरूको क्रममा अध्यक्ष रोहितसमेत बरोबर मन्द मुस्कानसहित भन्ने गर्नुहुन्थ्यो, 'शोभा मिस धायोदिसं, छिं सिइक थकियागु विषयलय्' (शोभा मिस, यो विषयमा तपाईँलाई थाहा होला, भन्नुस् त)। यहाँनिर अध्यक्षज्यूको भनाइ स्मरण हुन्छ, 'शोभा मिससँग बाहिर हिँड्दा धेरै बच्चाबच्चीहरूले शोभा मिसलाई चिन्ने र कुराकानी गर्न आउने। बाटोमा सँगै हिँड्दा नयाँ पुस्ताले बरु हामीलाई नचिन्ने या नबोल्ने। शिक्षक बन्नुको राम्रो पक्ष भनेकै त्यही हो।'

साँचो अर्थमा उहाँ धेरैका प्रिय तथा एक आदरणीय शिक्षिका हुनुहुन्थ्यो। चार दशकभन्दा लामो शिक्षण सेवाको दौरानमा उहाँले एक आदर्श शिक्षिकाको व्यक्तित्व निर्माण गर्नुभयो। धेरैका प्रिय शोभा मिसको असामयिक निधनमा विद्यार्थी, शिक्षक तथा अभिभावकहरू अत्यन्त दुःखी बने। उहाँ बित्नुभएको वर्ष दिन नाघिसकेको विश्वास गर्नसमेत ती अझै तयार देखिँदैनन्।

## "नेता पत्नी" दम्भको छनक नै नभएका "शोभा भाउजू"

नेमकिपाका अध्यक्ष कामरेड रोहितलाई सम्मानपूर्वक 'रोहित दाइ' या 'दाइ' भनेर सम्बोधन गर्ने गरिन्छ। भूमिगत कालमा होस् या खुला भइसकेपछि पार्टीभित्र अध्यक्षज्यूलाई दाइ भन्नुमा सबै सहज महसुस गर्छन्। पार्टी बाहिर पनि धेरैबाट दाइ भनेरै सम्बोधन गरिन्छ। एउटा बृहत् संयुक्त परिवारकी जेठी बुहारी भएको नाताले शोभा प्रधान स्वाभाविकरूपमा धेरैकी भाउजू हुनुभयो। घरमा आउने पाहुनाहरूले 'शोभा भाउजू' भन्नु सामान्य विषय हुने नै भयो।

कामरेड रोहितको नेतृत्वमा नेमकिपा स्थापना भएको ९ वर्षपछि र उहाँ १० वर्ष भारत प्रवास (विसं २०२६-२०३६) पश्चात् नेपाल फर्केको झन्डै ४ वर्षपछि शोभा प्रधानसँग विवाह गर्नुभएको हो। त्यतिखेर भर्खरै आन्दोलनहरू सकेको अवस्था थियो। जनमतसङ्ग्रहपश्चात् 'सुधारिएको पञ्चायती व्यवस्था' ले २०३८ सालमा राष्ट्रिय पञ्चायतको निर्वाचन सम्पन्न गरेको र भक्तपुरबाट 'प्रतिबन्धित' नेमकिपाले उठाएको जनपक्षीय उम्मेदवार विजयी भएको थियो। २०३९ सालमा भएको स्थानीय निकायको निर्वाचनमा नेमकिपाका जनपक्षीय उम्मेदवारहरू तत्कालीन भक्तपुर नगरपञ्चायतमा अत्यधिक मतका साथ विजयी भएका थिए। भर्खरै पुनः शक्ति आर्जन गरेको पञ्चायतलाई काठमाडौँ उपत्यकामा हराएको हुनाले पनि नेमकिपाको चर्चा व्यापक चलिरहेको थियो। यी राजनीतिक घटनाक्रमका बिच अध्यक्ष रोहितको विवाह शोभा प्रधानसँग मङ्सिर ९, २०४० मा भएको थियो। तसर्थ त्यो विवाह धेरैको चासो र चर्चाको विषय बन्नु अस्वाभाविक थिएन। तसर्थ, पार्टी अध्यक्षज्यूकी जहानको रूपमा उहाँ छिट्टै नै परिचित हुनुभयो। पार्टी कार्यकर्ता र अन्य राजनीतिक व्यक्तित्वहरूका शोभा भाउजू बन्नुभयो।

राजनीतिक भेटघाटको क्रममा घरमा आउने पाहुना होस् या औपचारिक सभा समारोहमा भाग लिँदा 'भाउजू' भनेर परिचित हुँदै जानुभयो। घरमा आउने पाहुनाहरू मीठो वचन, न्यानो आतिथ्य तथा सत्कारबाट प्रभावित भएका धेरै दृष्टान्त छन्। त्यतिमात्र होइन नियमित अध्यक्षज्यूसँग सम्पर्कमा रहने व्यक्ति तथा अन्य व्यक्तिहरूसमेत उहाँको सहयोगी भूमिका, हार्दिकता तथा सत्कारबाट प्रभावित नभएका सायद भेटिन्नन्। अध्यक्षज्यूको लगभग दैनिक १८-२० घण्टा चल्ने 'घरको कार्यालय' सम्हाल्न या व्यवस्थित बनाउन उहाँको भूमिका महत्त्वपूर्ण थियो।

उहाँले निःस्वार्थ सामाजिक सेवा कार्य तथा कामदार महिलाहरूको हकहितमा हुने गतिविधिमा पनि सक्रियता देखाउन थाल्नुभयो। सामाजिक सांस्कृतिक गतिविधिमा उहाँको साथ तथा सहयोग बढ्दै गएसँगै उहाँको समाजसेवी व्यक्तित्वले उचाइ प्राप्त गर्दै गयो। आफ्नै भूमिका तथा सङ्घर्षमार्फत उहाँ जनताबिच घुलमिल हुनुभयो र परिचित हुनुभयो। धेरैको मनसँग उहाँ जोडिनुभयो र नजिकिनुभयो। विशेषगरी

महिला दिदीबहिनीहरूलाई व्यावहारिक पक्षमा सक्दो सहयोग गर्ने, प्रेरित गर्ने र व्याहारिक ज्ञान प्रदान गर्ने कार्यमा अगुवाइ गर्नुभयो। महिलाहरूको सांस्कृतिक स्तर उकास्न उहाँले सक्दो प्रयास गर्नुभयो। महिलाहरूका सामाजिक समस्यामा गाह्रो नमानी साथ दिनुभयो।



सांस्कृतिक–राजनीतिक गतिविधिमा शिष्टाचार, आतिथ्य या सत्कारको पक्षमा महिला दिदीबहिनीहरूलाई प्रशिक्षित बनाउन उहाँले गर्नुभएको प्रयास धेरैको मनमनमा अझै ताजा नै छ। उहाँको सरलता, सद्व्यवहार एवम् आत्मीयताको न्यानोपन धेरैले अनुभव गरेकै हुनुपर्छ। सुपरिचित नेताकी जहान भएर पनि समाजमा सधैँ अत्यन्त सामान्य, सरल शैली एवम् व्यावहारिक ढङ्गमा प्रस्तुत हुँदा धेरैले आश्चर्य मान्ने गरेको नपाइएको होइन। सबैभन्दा महत्त्वपूर्ण पक्ष त, उहाँ दृश्यमा कममात्र देखापर्नुभयो। उहाँ दबुमा भन्दा पनि बढ्ता पर्दा पछाडिनै बसेर आवश्यक सहयोग तथा बन्दोबस्त मिलाउन खट्नुभयो। प्रायःजसो महत्त्वपूर्ण अवसरमा समेत पार्श्वभूमिकामा सन्तुष्ट हुनुभयो। त्यसको ज्वलन्त उदाहरण, हरेक वर्ष दुई दिन चल्ने साहित्य तः मुंज्या (बृहत सम्मेलन) जस्तो भव्य दबुमा उहाँ कहिल्यै उभिनुभएन र बस्नुभएन तर प्रतिकूल स्वास्थ्यमा समेत तःमुंज्याको व्यवस्थापन पक्षमा निरन्तर सहयोग पुऱ्याउनुभयो। तसर्थ, उहाँको देहावसानको ३ महिनापश्चात् भएको तःमुंज्याको दबुमा मृत्युपर्यन्त अभिनन्दन गरियो।

'नेता पत्नी' को दम्भको छनकमात्र पनि नदेखिनु उहाँको व्यक्तित्वको अर्को महत्त्वपूर्ण पक्ष हो। यही स्वभाव तथा कार्यशैलीकै कारण धेरैको मन जित्न उहाँ सफल हुनुभयो। यी व्यावहारिक पक्षले नै उहाँलाई धेरैको 'शोभा भाउजू' बनायो।

राजनीतिक शक्ति, पद तथा पैसाको दम्भबाट निकै टाढा रहेर सामान्य जीवनशैलीमा समर्थन जनाउँदै सदासर्वदा गरीब, शोषित–पीडित जनतासँग नजिक बस्न सहमत हुनु उहाँको सकारात्मक पक्ष हो। त्यही पक्षले नै उहाँलाई परिवार विशेषको मात्र नभई धेरैको 'शोभा भाउजू' बनायो। उहाँलाई धेरैले 'शोभा भाउजू' भनी सम्बोधन गर्ने अवसर पाएझैँ 'शोभा हजूरआमा' भन्ने अवसरबाट धरै वञ्चित भए ! गुनासो यति हो, तर सबै मानवीय चाहना पूर्ति हुन सम्भव नहुने पनि त्यतिकै सत्य हो।

## पञ्चायती राज्यस्तरको दमनले जन्माएका "कामरेड शोभा"

नेपाली राजनीतिमा मात्र होइन संसारको राजनीतिमा धेरैजसो महिला राजनीतिक कार्यकर्ताहरू विवाह अगाडिसम्म राजनीतिक गतिविधि तथा सङ्गठनमा सक्रिय हुने तर विवाहसँगै ओझेल पर्दै जाने र गुमनामसमेत हुने गरेको पाइन्छ। त्यसको ठीकविपरीत विवाह हुनुभन्दा अगाडिसम्म शोभा प्रधान रामेछापको ठोसेमा एक सामान्य शिक्षिका र 'प्रधान सरकी छोरी' सम्म हुनुहुन्थ्यो। अध्यक्ष रोहितसँग वैवाहिक जीवन सुरु भएसँगै राजनीतिकरूपमा उहाँ प्रशिक्षित हुन थाल्नुभयो। राजनीतिक परिस्थितिमा अकस्मात् आएको बदलावले पनि उहाँलाई छोटो समयमा राजनीतिकरूपमा परिपक्व बनायो।

विवाह भएको भर्खर ५ वर्ष बित्दै थियो। ठूलो छोरो भर्खर ४ वर्ष र गर्भमा अर्को बच्चा थियो। विसं २०४५ भदौ ५ गते ठूलो भूकम्प गयो। प्राकृतिक विपत्तिमा पीडित जनताको उद्धार कार्यमा अहोरात्र जुटिरहेका नेमकिपाका नेता कार्यकर्ताहरूविरुद्ध षड्यन्त्र भयो। निरङ्कुश शासकहरूले विपत्तिमै षड्यन्त्रको जालो बुनेर आफ्ना शत्रुलाई दबाउँछ भन्ने भनाइ यथार्थ साबित भयो। त्यो पञ्चायती राज्यस्तरको षड्यन्त्र नेमकिपाको नेतृत्व समाप्त पारी नेमकिपालाई समूल नष्ट गर्ने उद्देश्यले रचिएको थियो। अध्यक्ष रोहितलगायत सयौँ नेता तथा कार्यकर्ता पक्राउ पर्नुभयो। सयौँ नेता कार्यकर्ता

भूमिगत हुनुभयो । अध्यक्ष रोहित र अन्य केही कार्यकर्ताहरूलाई पञ्चायती व्यवस्थाले फाँसी दिने योजनासहित तत्कालीन प्रधानमन्त्री र पञ्चायतका मुख्य मुख्य मानिसहरू 'रोहितलाई फाँसी दे !' भन्दै सडकमा उत्रे । राणाशाहीको दमनलाई पनि बिर्साउने खालको श्वेत आतङ्क मच्चाइयो । हप्तौं हप्तासम्म भक्तपुरमा अघोषित कर्फ्यु लागु गरियो । पृथ्वीनारायण शाहको भक्तपुर हमलापछिको त्यो अर्को दमन थियो । भक्तपुरका जनता तथा देशभरका नेमकिपाका कार्यकर्ताहरूमाथि युद्धबन्दीतुल्य व्यवहार गरियो । त्यो विषम परिस्थितिले नै 'कामरेड शोभा' जन्मायो भन्नु अतियुक्ति नहोला ! त्यो अत्यन्त कठिन परिस्थितिमा उहाँले आफूलाई सम्हाल्दै सङ्घर्षको मैदानमा उत्रनुभयो । कानुनी तथा राजनीतिक सङ्घर्षमा टेवा पुऱ्याउनुभयो । जेलका नेता र जनतालाई जोड्ने साँघुको जिम्मेवारी सकुशल बहन गर्नुभयो । 'भक्तपुर काण्ड' का पीडितहरूलाई एकजुट बनाउन र परिचालित गर्न उहाँले उल्लेख्य भूमिका निर्वाह गर्नुभयो । उहाँको राजनीतिक जीवन सार्वजनिकरूपमा अगाडि बढाउन 'भक्तपुर काण्ड' को बज्रपात 'वरदान' या अवसर साबित भयो । त्यो राजनीतिक अग्नि परीक्षामा उहाँ सकुशल उत्तीर्ण हुनुभयो र 'कामरेड शोभा' बाट विभूषित हुनुभयो । विशेषगरी पत्रकार, वकिल, मानवअधिकारकर्मीहरूसँगको अन्तरक्रिया र 'भक्तपुर काण्ड' का पीडितहरूसँगको निरन्तर छलफलबाट उहाँले गहिरो राजनीतिक तथा सामाजिक ज्ञान र अनुभव हासिल गर्नुभयो । त्यसले नै उहाँलाई एक परिपक्व कामरेड बनायो । कति 'खारिएका' कार्यकर्ताहरूसमेत विचलित भएको अवस्थामा 'नेमकिपा र समाज बुझिनसकेको' उहाँ धैर्यपूर्वक सङ्घर्षमा लाग्नुभयो र धेरैलाई अभिप्रेरित गर्नुभयो । त्यही बेला पञ्चायती दमनविरुद्ध अगाडि बढेको महिला प्रतिरोध तथा सङ्घर्षकी उहाँ एक प्रेरक व्यक्तित्व र अगुवा हुनुहुन्थ्यो भन्नु अझ बढी उचित हुनेछ ।

यसप्रकार राजनीतिक सङ्घर्षमा होमिन 'भक्तपुर काण्ड' ले पृष्ठभूमि तयार गऱ्यो भने प्रतिक्रियावादीहरूका हेपाइ, तुच्छ वचन, अभद्र व्यवहार तथा दमन आदिले उहाँलाई अझ बढी स्पात बनाउँदै लग्यो । यसरी सङ्कटका बिच एक राजनीतिक कार्यकर्ताको गुण उहाँमा छिटोछिटो विकास हुँदै गयो भन्दा फरक नपर्ला । पञ्चायती राज्यस्तरको दमनले 'कामरेड शोभा' को जन्ममा उत्तोलक या उत्प्रेरकको भूमिका निर्वाह गऱ्यो भन्नु अन्यथा हुनेछैन ।

जनआन्दोलनको शक्तिले पञ्चायतलाई फालेर बहुदलीय व्यवस्थाको पुनःस्थापना गरेपश्चात् उहाँ नेपाल क्रान्तिकारी शिक्षक सङ्घका विभिन्न समिति र नेपाल क्रान्तिकारी महिला सङ्घका विभिन्न जिम्मेवारीमा रहेर सक्रिय रहनुभयो । महिलाहरूको राजनीतिक चेतनास्तर उकास्न महिला सङ्गठनमा बसेर उहाँले अमूल्य योगदान दिनुभयो । आफू स्तन क्यान्सरबाट पीडित भएपछि महिलाहरूलाई स्वास्थ्य सचेतना दिन सक्रिय रहनुभयो । महिला रोगसम्बन्धी स्वास्थ्य शिविरहरू ठाउँ–ठाउँमा चलाउन नेतृत्व गरेर उहाँले धेरैको जीवनमा गुण लगाउनुभयो । महिला कार्यकर्ता, नयाँ पुस्ताका पार्टी कार्यकर्ताहरूलाई उत्प्रेरणा दिन र व्यावहारिक ज्ञान दिन कहिल्यै पछि पर्नुभएन । महिला सङ्गठन र शिक्षक सङ्गठनले जिल्लाजिल्लामा गरेका गतिविधिमा भाग लिएर आफ्नो राजनीतिक जिम्मेवारी निर्वाह गर्नुभयो । शिक्षक आन्दोलन तथा गतिविधिमा पनि उहाँको सक्रियता रह्यो । विभिन्न राजनीतिक आन्दोलनमा उहाँले अन्य साथीहरूसँगसँगै सक्रियतापूर्वक भाग लिनुभयो । कामरेड शोभाले आफ्ना अन्य गहन जिम्मेवारीबिच बाहिरी राजनीतिक गतिविधिमा गाह्रो नमानी सक्रिय सहभागिता जनाइरहेको देख्दा धेरै महिला दिदीबहिनीहरू उत्साहित हुन्थे र कतिपय अवस्थामा आफ्ना कमीकमजोरी र निष्क्रियताप्रति आत्मालोचित समेत हुन्थे ।

## कामरेड शोभाको अगाध आस्था

स्वास्थ्य कमजोर हुँदै गइरहेको स्थितिमा समेत आफ्नो शारीरिक कष्ट, पीडाबारे भन्दा पनि सङ्गठन, समाज र पार्टीबारे गम्भीर चासो तथा चिन्ता लिइरहनुभएको देख्नेहरू उहाँको उच्च मनोबल, दृढ इच्छाशक्ति र गहिरो भावनाप्रति नतमस्तक नभई बस्न सक्दैनन् ।

कोरियाली साहित्यमा कहीँकतै पढ्न पाइन्छ, 'देश र जनताको निम्ति अहोरात्र सङ्घर्षरत पार्टी नेतृत्वको सेवा गर्नु पनि क्रान्तिको सेवा गर्नु नै हो ।' हो, कामरेड शोभाले क्रान्तिको सेवा देखाउने दाँतभन्दा जीवनपद्धतिको रूपमा अवलम्बन गर्नुभयो । पार्टी सङ्गठन र पार्टी अध्यक्षज्यूका असङ्ख्य बैठक, भेटघाट, कार्यक्रम सुव्यवस्थित बनाउने जस्तो अत्यन्त संवेदनशील कार्य तथा गहन जिम्मेवारी बिना कुनै कमजोरी सम्हाल्नुभयो । त्यसलाई आफ्नो जीवनको दैनिकी बनाउनुभयो । ती कार्यमा उहाँ डुबेरै लाग्नुहुन्थ्यो । हरेक भेटघाटपछि पाहुनाहरूलाई प्रशन्न मुद्रामा पठाउन उहाँ आफ्नो तर्फबाट हरसम्भव प्रयत्न गर्नुहुन्थ्यो । अध्यक्षज्यूका कतिपय जिल्ला भ्रमणमा सँगै पुगेर आवश्यक बन्दोबस्त तथा समन्वयमा सहयोग गर्नुभयो । त्यस क्रममा उहाँले कहीं कतै गुनासो आउने स्थिति कहिल्यै निम्त्याउनु भएन । त्यस कार्यमा उहाँ सिद्धहस्त हुनुहुन्थ्यो । नजिकबाट चिन्नेहरू यस्तै भन्छन् ।

अध्यक्षज्यूलाई उहाँ अत्यन्त आदरपूर्वक एवम्

आत्मीयतापूर्वक 'दाइ' भनी सम्वोधन गर्नुहुन्थ्यो। कहिले काहीँ बाहिर निस्कने क्रममा या कुनै कार्यक्रमतिर जाने क्रममा ढिलाइ गरेको 'अभियोग' लाग्दा उहाँ हाँस्दै भन्नुहुन्थ्यो 'ब्यारेकको सेना भएको भए भन्नासाथ तयार हुन सक्थेँ, के गर्ने घरको सदस्य परेँ' त्यसमाथि महिला सदस्य, अलि ढिलो हुने त भइहाल्यो !'

अध्यक्षज्यूको राजनीतिक कार्यतालिका, दैनिक औषधि सेवन, रेखदेख तथा खानपिनमा कुनै किसिमले पनि तलमाथि नहोस् भन्ने उहाँको सदावहार चाहना र प्रयत्न रह्यो। 'दाइया वासः भपियदिए धुनला ? लोमनी।' (दाइले औषधि खानुभयो ? बिर्सनु होला), 'दाइया इलय् भपिय ध्युला ?' (दाइले समयमा त खानुभयो ?) अस्पतालको उपचारकक्षमा छँदा समेत यस्तै जिज्ञासा, चासो आफ्ना नजिककाहरूलाई व्यक्त गर्नुभयो। अन्तिम दिनहरूमा समेत त्यस्तै भावना पोखिरहनुभयो। उहाँको आँसुमा कुनै अर्थ लुकेको हुन्थ्यो भने त्यही नै मात्र थियो। परिवार, पार्टी र पार्टी नेतृत्वप्रति उहाँ कति अगाध आस्था राख्नुहुन्थ्यो र प्रतिबद्ध तथा इमानदार हुनुहुन्थ्यो भन्ने यी र यस्ता थुप्रै प्रसङ्ग या उदाहरण पाइन्छन्।

अन्त्यमा, कामरेड शोभाको भौतिक शरीरले बिदा लिएको एक वर्षमा उहाँप्रति पुनः भावपूर्ण श्रद्धाञ्जली।

कामरेड शोभाको देहान्तपश्चात् श्रद्धाञ्जलीस्वरूप कोरिएको एउटा कविता :

## बिदा भन्न त कहाँ मन थियो र !

सेवा, त्याग र तपस्या जारी छ
साथ छोडेर जान कहाँ मन थियो र !
सिद्धान्त र सङ्कल्प अझै बलियो छ
सङ्घर्षको मैदान छोड्न कहाँ मन थियो र !

गन्तव्य पुग्न, यो धर्ती सिङ्गार्न अझै बाँकी नै छ
गगनमाथि उडी जान कहाँ मन थियो र !
सहयात्रा चालु राखी क्षितिज उघार्न बाँकी नै छ
साँझ नपर्दै विश्राम लिन कहाँ मन थियो र !

हेरफेरको तीव्र हावा चल्न बाँकी नै छ
हात हल्लाई बिदा माग्न कहाँ मन थियो र !
विचारको विजय उत्सव मनाउन बाँकी नै छ
बिदा सदाका लागि भन्न कहाँ मन थियो र !

बिदा ! लौ बिदा तर कदापि होइन हार मानेर
बिदा ! लौ बिदा तर सदा विचार कायम राखेर।

स्रोत : मजदुर दैनिक, २०८०।३।१६

# जीवन-आचरण

## मृत्युदण्ड

एक पटक 'अमर राज्य' का एउटा बुद्धिमान मन्त्री एउटा षड्यन्त्रको शिकार हुन पुगे।

बुद्धिमान मन्त्रीको बुद्धि-विवेकबाट अमर राज्यका जनतामात्र होइन, टाढा-टाढाका मित्र-शत्रु राष्ट्रहरू सबै प्रभावित थिए र सबैले उनलाई ठूलै आदर तथा सम्मान गर्थे। यी सब कुराहरू देखेर अमर राज्यका अन्य मन्त्रीहरू सबै भित्रभित्रै इर्ष्याले जलिरहेका थिए। उनीहरू सबै मिलेर राजाको कानमा बुद्धिमान मन्त्रीका विरुद्धमा झूटो लाञ्छनाहरू लगाउने गर्थे। एकजना होइन, दुईजना होइन, लगभग सबै मन्त्रीहरूले एकै स्वरमा भने पछि राजाले पनि सही सम्झेर त्यो बुद्धिमान मन्त्रीलाई राज्यसत्ता हडप्ने षड्यन्त्र गरेको आरोप लगाउँदै जेल चलान तथा मृत्युदण्डको सजाय सुनायो।

प्रशिद्ध बुद्धिमान मन्त्रीलाई मृत्युदण्ड दिएको हेर्न ठूलै भीड लागेको थियो। मृत्युदण्ड दिनु अघि बुद्धिमान मन्त्रीलाई आफ्नो मनको अन्तिम कुरा राख्ने अनुमति दिइयो।

बुद्धिमान मन्त्रीले राजातिर हेर्दै गम्भीर आवाजमा बोल्न थाले - 'महाराज, हजुरले जहिले पनि सोधी बक्सनु हुन्थ्यो नि मैले हजुरबाट कुनै रहस्य त लुकाएको छैन ? हो महाराज मैले हजुरबाट एउटै मात्र रहस्य लुकाउँदै आएको छु। मैले मर्नु अघि हजुरलाई त्यो रहस्य बताएर जाने इच्छा गर्छु।'

बुद्धिमान मन्त्रीको कुरा सुनेपछि राजा छिटोभन्दा छिटो त्यो रहस्य सुन्न आतुर भयो र रहस्य भन्नलाई अनुमति दियो।

अनुमति पाउने बित्तिकै बुद्धिमान मन्त्रीले कसैले नसुन्ने गरी राजाको कानमा सुटुक्क त्यो रहस्य बतायो।

बुद्धिमान मन्त्रीको रहस्य सुन्ने बित्तिकै राजाको होसहवास उड्यो, डरले राजाका पाइलाहरू कामिरहेको स्पष्ट देखिन्थ्यो। राजाले तुरुन्तै बुद्धिमान मन्त्रीलाई आरोप मुक्त घोषणा गर्दै प्रधानमन्त्रीमा नियुक्त गरे। साथै बुद्धिमान मन्त्रीविरुद्धमा गलत आरोप लगाएको भन्दै अन्य सबै मन्त्रीहरूलाई हिरासतमा लिन आदेश दिए र राज्यसत्ता हडप्ने षड्यन्त्र गर्ने कोसिस गरेको भन्दै मृत्युदण्ड दिन लगाए।

आखिर के रहस्य भनेको रहेछ त बुद्धिमान मन्त्रीले ? सबैको मनमा प्रश्न उठिरहेको थियो।

बुद्धिमान मन्त्रीले सिर्फ यति भनेको थियो - 'महाराज, हजुरलाई त थाहै छ, राज-ज्योतिषको मृत्युको समयमा म उहाँको समिपमै थिएँ। राज-ज्योतिषले मर्नु अघि मलाई भन्नुभएको थियो कि म (बुद्धिमान मन्त्री) मरेको ७ दिनपछि महाराजको मृत्यु हुने छ र 'अमर-राज्य' को पतनका दिनहरू आरम्भ हुने छन्।'

# के पुँजीवादी संविधानबाटै समाजवाद सम्भव छ ?

विवेक

माओवादी अध्यक्ष एवम् प्रधानमन्त्री पुष्पकमल दाहालले *'वर्तमान संविधानबाटै समाजवादमा पुग्न सकिने'* बताए (जेठ २४ गते, गोरखापत्र)। उनले नेकपा माओवादीको गण्डकी प्रदेशको आयोजनामा भएको एक कार्यक्रममा उक्त कुरा बताएका हुन् ।

माओवादी पार्टी अराजकतावादबाट चरम दक्षिणपन्थी अवसरवादमा परिणत भएको यो प्रस्ट उदाहरण हो। ठुलो उद्देश्यलाई परित्याग गरी स–साना उद्देश्य प्राप्तिलाई नै आफ्नो गन्तव्य बनाउनु दक्षिणपन्थी अवसरवाद हो। वैज्ञानिक समाजवादको महान् लक्ष्यलाई त्यागेर पुँजीवादी संविधानबाटै समाजवाद आउने भ्रम सिर्जना गर्नु 'प्रचण्ड'को विश्वासघाती र धोकाको राजनीति हो।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को एउटा भनाइ यहाँ स्मरणीय छ, *'शान्तिपूर्णरूपमा समाजवाद स्थापना हुने भए सशस्त्र सङ्घर्षको आवश्यकता नै पर्दैनथ्यो।'* यो विश्व कम्युनिस्ट आन्दोलनको इतिहासको शिक्षा पनि हो।

मार्क्स र एङ्गेल्सले सन् १८४८ मा **कम्युनिस्ट घोषणापत्र**मा पुँजीवादको बनिबनाउ संरचनाभित्र समाजवादको स्थापना सम्भव नहुने र *'कामदारवर्गले बल प्रयोगद्वारा पुँजीपतिवर्गलाई हटाएर आफ्नो शासन सत्ता कायम गर्नुपर्ने'* बताएका थिए। त्यस अघिसम्म सर्वहारावर्गलाई आफ्नो शासन कसरी प्राप्त गर्ने स्पष्ट थाहा थिएन। सबै नागरिकहरू समान हुनुपर्ने विचार राख्ने समानतावादीहरू त्यसअघि नै समाजमा देखा नपरेका भने होइनन्। सेन्ट साइमन, चार्ल्स फ्युरियो, रोबर्ट ओबेनहरूले धनी र गरिबवर्गको अन्त्यको कल्पना गरेका थिए। उनीहरूले पुँजीपतिवर्गलाई सत्ताच्युत गरेर कामदारवर्गले कसरी सत्ता प्राप्त गर्न सकिन्छ भन्ने कुनै स्पष्ट मार्ग पहिचान गर्न सकेनन्। त्यसैले ती दार्शनिकहरूलाई काल्पनिक समाजवादीहरू भनियो।

मार्क्स र एङ्गेल्सले **कम्युनिस्ट घोषणापत्र**मार्फत सशस्त्र सङ्घर्ष नै कामदारवर्गको सत्ता प्राप्तिको एक मात्र उचित विकल्प भएको मार्गनिर्देश गरे र सर्वहारावर्गको आँखा खोलिदिए। त्यो नै आजसम्मको समाज विकासको क्रममा आएको वैज्ञानिक र नवीन विचार हो। त्यसलाई मार्क्सवाद भनियो। अहिले विश्वका आधाभन्दा बढी जनता मार्क्सवादको अध्ययन गरेर आआफ्नो देशमा समाजवाद स्थापनाको लागि सङ्घर्षरत छन्। नेमकिपाले मार्क्सवाद, लेनिनवाद र माओ त्सेतुङ विचारधारालाई आफ्नो मार्गनिर्देशक सिद्धान्त मानेको छ भने एमाले र माओवादीलगायतका 'कम्युनिस्ट' पार्टीहरूले पनि मार्क्सवाद र लेनिनवादलाई सैद्धान्तिक आधारको रूपमा स्वीकारेका छन्।

प्रधानमन्त्री 'प्रचण्ड'को पछिल्लो अभिव्यक्ति नेपालको राजनीतिमा नौलो भने होइन। एमाले र माओवादी एक भएर नेकपाको गठनपछि 'प्रचण्ड' मदन भण्डारीको प्रशंसक भएर हिँडेका थिए। त्यतिबेला उनले पार्टी भेला र कार्यक्रमहरूमा मदन भण्डारीको जनताको बहुदलीय जनवादको खुबै गुणगान गरे। भण्डारीको नाम जपेर उनी एमाले कार्यकर्ताहरूलाई आफ्नो प्रभावमा पार्न चाहन्थे र महाधिवेशनबाट पार्टी अध्यक्ष लड्ने वातावरण निर्माण गर्दै थिए। तर, सर्वोच्च अदालतले ऋषि कटेलको मुद्दामा एमाले र माओवादीलाई पहिलेकै अवस्थामा पुऱ्याएपछि 'प्रचण्ड'को त्यो सपना तुहियो। उनले माधव नेपाललाई आफ्नो पक्षमा लिएर एमालेबाट अलग हुने र सूर्य चिह्न लिएर निर्वाचन लड्ने प्रयास गरेका थिए। 'प्रचण्ड'को त्यो सपना निर्वाचन आयोगले पनि पूरा हुन दिएन र माधव नेपालसँग पनि एक हुन पाएन।

नेपालका वामपन्थी राजनीतिकर्मीहरूबिच मदन भण्डारीबारे कुनै भ्रम छैन। उनी नेपाली राजनीतिका बर्नस्टिन हुन्। बर्नस्टिन कार्ल मार्क्सका समकालीन थिए। उनी संशोधनवादी थिए। १९ औँ शताब्दीमा देखापरेको मार्क्सवादविरोधी धारको उनी वकालत गर्थे। उनले क्रान्तिकारी मार्क्सवादको दार्शनिक, आर्थिक एवम् राजनैतिक पक्षका आधारभूत सिद्धान्तहरूको संशोधन गर्ने प्रयास गरे। संशोधनवादीको रूपमा विश्व कम्युनिस्ट आन्दोलनमा देखिएका उनी एक नकारात्मक पात्र थिए। संशोधनवाद भनेको मार्क्सवादलाई बङ्ग्याउने वा हेरफेर गर्ने पुँजीवादी विचार हो।

वर्तमान संविधानबाटै समाजवादमा पुग्ने विचार पनि नेपाली वामपन्थी आन्दोलनमा देखिएको संशोधनवाद हो। लेनिन र स्तालिनको नेतृत्वमा सन् १९१७ मा सोभियत सङ्घमा समाजवादी क्रान्ति भयो। त्यो सशस्त्र क्रान्तिबाट पुँजीपतिवर्गको सत्ता उल्टाएर सर्वहारावर्गले आफ्नो सत्ता कब्जा गरेको सफल उदाहरण हो। क्रान्तिपछि सोभियत सङ्घले पुँजीपतिवर्गले २/३ सय वर्षमा विभिन्न देशमा गरेको विकासका कार्यहरू ३०–४० वर्षमा गरेर देखाइदियो। यसले समाजवाद कामदारवर्गको निम्ति उत्कृष्ट राजनैतिक व्यवस्था भन्ने प्रमाणित भयो।

सोभियत सङ्घमा स्तालिनको निधनपछि नेतृत्वमा आएका ख्रुश्चेभले १९५६ पछि वर्गसङ्घर्ष आवश्यक छैन भन्दै 'शान्तिपूर्ण

सङ्क्रमण', 'शान्तिपूर्ण सहअस्तित्व' जस्ता प्रतिस्पर्धाबाटै समाजवादको स्थापना हुने संशोधनवादी विचार अघि सारेपछि समाजवादका खम्बाहरू ढल्न थाले। सोभियत सङ्घमा समाजवाद तासको घरझैँ भत्कियो। अहिले त्यहाँ न समाजवाद रह्यो न देश नै। विश्व मानचित्रमा सोभियत सङ्घ १५ ओटा देशमा विभाजित भयो। समाजवादी विचारले सोभियत सङ्घलाई एक बनाइराखेको थियो। त्यसैले चुनावबाटै समाजवाद स्थापना गर्ने सोच कसैले राख्छन् भने त्यस्तालाई ख्रुश्चेभका नयाँ अवतारको रूपमा चिन्नुपर्छ। ख्रुश्चेभ सोभियत सङ्घ ध्वस्त पार्न मार्क्सवादविरोधी संशोधनवादी विचारलाई अघि बढाउने पुँजीवादी नेता हुन्।

त्यसो त पुँजीवादी निर्वाचनमा जितेर समाजवाद स्थापना सम्भव छैन भन्ने गतिलो उदाहरण चिल्ली पनि हो। सन् १९७० मा त्यहाँ कम्युनिस्ट पार्टीका नेता एलेन्डे राष्ट्रपति निर्वाचित भए। उनले कम्युनिस्ट सिद्धान्तअनुसार घरेलु नीति र परराष्ट्र नीतिमा परिवर्तन गर्न खोजे। त्यहाँ विद्रोह भयो। एलेन्डे आफै बन्दुक बोकेर प्रतिक्रियावादीहरूसित लड्नुपऱ्यो। लड्दालड्दै दरबारमै उनी सहिद भए। शान्तिपूर्ण तरिकाले निर्वाचन जितेर समाजवाद स्थापना गर्न खोज्नेहरूको हविगत के हुन्छ चिल्लीको उदाहरण हाम्रो सामु छ।

सन् १९६० मा इन्डोनेसियाको कम्युनिस्ट पार्टीले पनि सोभियत संशोधनवादी ख्रुश्चेभको शान्तिपूर्ण सङ्क्रमणको विचारलाई स्वीकार गऱ्यो। निर्वाचनमा इन्डोनेसियाली कम्युनिस्ट पार्टीले धेरै स्थानमा जित हासिल गऱ्यो। तत्कालीन इन्डोनेसियाली कम्युनिस्ट पार्टीका महासचिव डीएन अडितले सरकारलाई 'अर्ध समाजवादी' सरकारको नाम दिए। इन्डोनेसियाली कम्युनिस्ट पार्टी निकै बलियो र सशक्त थियो। तर, पुँजीपतिवर्गले हतियारको बलमा सन् १९६५ मा 'अर्धसमाजवादी' देशलाई ध्वस्त पाऱ्यो। लाखौँ कम्युनिस्ट नेता कार्यकर्ताहरूको हत्या भयो। लामो समयसम्म उठ्नै नसक्ने गरी त्यहाँको कम्युनिस्ट पार्टीलाई दबाइयो। निर्वाचनबाटै समाजवादको कल्पना गर्ने कम्युनिस्टहरूले इन्डोनेसियाको घटनाबाट पनि शिक्षा लिनुपर्छ।

भारतको केरालामा सन् १९५८ मा समाजवादीहरूले बहुमत प्राप्त गरे। नम्बुद्रीपाद त्यहाँका मुख्यमन्त्री बने। शिक्षा, स्वास्थ्य उपचारको व्यवस्था र क्रान्तिकारी भूमिसुधार लागु गरियो। विपक्षीहरूले त्यहाँ विभिन्न ध्वंसात्मक गतिविधिहरू गर्न थाले। केन्द्र सरकारले त्यसैलाई निहुँ बनाएर केराला सरकार भङ्ग गरी राष्ट्रपति शासन लागु गऱ्यो। पछिल्लो चुनाव हुनुअघि नै कम्युनिस्ट पार्टीका सबै नेता कार्यकर्ताहरूलाई जेलमा राखेर चुनाव घोषणा गरियो। जेलमा बसेकै नेताहरूलाई त्यहाँका जनताले जिताए। समाजवादी नीतिअनुसार काम गर्न थाले फेरि पनि त्यहाँको सरकारलाई भङ्ग गरी राष्ट्रपति नेतृत्वको सरकार गठन गरियो र कम्युनिस्ट सरकारलाई काम गर्न दिएन।

विश्व कम्युनिस्ट आन्दोलनमा यस्ता थुप्रै उदाहरणहरू छन्, जहाँ शान्तिपूर्ण तरिकाबाट निर्वाचन जितेर पनि कम्युनिस्ट पार्टीको सिद्धान्तअनुसार काम गर्न खोज्दा दुःखद अन्त्य भएको छ। पुँजीपतिवर्ग आफ्नो सत्ता बचाउनको निम्ति जस्तोसुकै निर्मम दमन गर्न पनि पछि पर्दैनन् भन्ने चिल्ली, इन्डोनेसिया, केरालाका घटनाहरू केही उदाहरणहरू हुन्।

नेपालको सन्दर्भमा एमाले नेता मदन भण्डारीले 'जनताको बहुदलीय जनवाद' लाई अघि सारे। पुँजीवादी व्यवस्थामा निर्वाचन जितेर सरकारमा जाने र समाजवाद स्थापना गर्ने भन्नु पनि मार्क्सवादविरोधी संशोधनवादी विचार नै हो। यो विश्व कम्युनिस्ट आन्दोलनमा धेरै देशमा प्रयोग भएर पनि व्यवहारमा असफल भइसकेको विचार हो।

पछिल्लो चरणमा माओवादी अध्यक्ष 'प्रचण्ड'ले पनि त्यो संशोधनवादी विचारको वकालत गर्न थालेका छन्। अहिले उनका लम्पट कार्यकर्ताहरूले ताली बजाएर अन्धो सर्मथन गर्दै छन्। विगतमा हतियार उठाएर सत्ता परिवर्तन गर्न खोज्नु र वर्तमान संविधानबाटै निर्वाचन लडेर समाजवाद स्थापना हुने विचार परस्पर विपरीत छन्। त्यसमध्ये कुन ठीक हो माओवादी नेता कार्यकर्ताहरूले छुट्याउन सक्नुपर्ने हो। अहिलेको विचार सही हो भने कथित जनयुद्ध गलत थियो भनी माओवादीले आत्मआलोचना गर्न सक्नुपर्थ्यो। १७ हजार मानिसको ज्यान गएको, खर्बौंको सम्पत्ति क्षति भएको र नेपाल भारतको एक अङ्गको रूपमा हुन गएकोमा जनतासँग माफी माग्नुपर्दछ।


जनताको निम्ति सशस्त्र सङ्घर्ष गरेको दाबी गर्ने माओवादीहरू स्वयं पुँजीपतिवर्गले भन्दा बढी सुविधा लिएर विशेषाधिकार प्राप्त वर्गमा परिणत भएका छन्। उनीहरू पतीत हुँदै अहिले जनताबिच घृणाको पात्र बन्दै छन्। संविधानले निर्दिष्ट गरेको समाजवादउन्मुख कामसमेत नगरी **'निजी क्षेत्रलाई ड्राइभिङ सीटमा राख्ने'** बताएर त्यहीअनुसार बजेट ल्याउने 'प्रचण्ड' सरकारले समाजवादको कुरा गर्नु त 'हुटिट्याँउको खुट्टैबाट चाल पाइन्छ' भनेझैँ हो।

पुँजीवादी संविधानबाटै समाजवादसम्म पुग्न सक्ने अभिव्यक्ति 'प्रचण्ड'को सैद्धान्तिक र वैचारिक पतन तथा माओवादी पार्टी विघटनको सङ्केत हो। माओवादीभित्रका क्रान्तिकारी धारका नेता कार्यकर्ताहरूले समयमै बुझेर उचित कदम चाल्न सकेनन् भने माओवादी पार्टी नाउँको जहाजमा यात्रारत सबै नेता कार्यकर्ताहरू एकैसाथ डुब्नेछन्। माओवादी नेपालको कम्युनिस्ट आन्दोलनको इतिहासमा कलङ्क वा कालो धब्बाको रूपमा सदा रहिरहनेछ।

# वैज्ञानिक अब्दुल कलाम



राजेन्द्र बहादुर कायष्ठ



**विषय प्रवेश :** मानिस पृथ्वीमा भएका जीवहरूमध्ये सबभन्दा बुद्धिमान प्राणी हो। मानिसले आफ्नो बुद्धिले पृथ्वीको सम्पूर्ण भागमा आधिपत्य जमाउनुको साथै सबै अन्य जन्तुहरूलाई आफ्नो नियन्त्रणमा लिन सफल भएको छ। मानिसले आफ्नो सजिलोको लागि विभिन्न आविष्कारहरू गरेका छन्। जीवनमा आउने समस्याहरूलाई मनन गरी समयअनुसार त्यसको समाधान पनि गर्दै आएका छन्। विज्ञानको आविष्कारहरूले गर्दा पृथ्वी अहिले एउटा सानो गाउँजस्तो भएको छ। विश्वका कुनै पनि स्थानमा रहेका मानिसहरूसँग सम्पर्क गर्नु र पुग्नु हाल एकदम सहज भएको छ। मानिसले जन्मेदेखि लिएर आउने वंशाणुगत गुणमध्ये रिस, डाहा, इर्ष्या, घमण्ड, डर, प्यास, माया, प्रेम, निद्रा, यौन इच्छा, भोक आदि हुन्। यसमध्ये मानिसले गरेको भौतिक प्रगतिको कारण मानिसहरू डाहा, इर्ष्या र घमण्ड अत्यधिक बढ्दै गएको छ। विशेषगरी मानिसहरूमा उच्च पदमा पुग्दा र आर्थिक रूपमा सबल हुँदा घमण्ड बढ्ने गरेको पाइन्छ। थोरै मानिसहरू मात्र उच्च पदमा पुग्दा र आर्थिक रूपमा ठूलो प्रगति गर्दा पनि उच्च विचार र सादा जीवन बिताउने गर्दछन्। विश्वका अधिकांश सफल मानिसहरूको विगत आर्थिक रूपमा कमजोर र दयनीय हुनुको साथै निम्न वर्गीय परिवारमा हुर्केको पाइन्छ। तर, उनीहरूले जीवनमा आफ्नो बुद्धि र मिहिनेतबाट आर्थिक तथा सामाजिक रूपमा उच्च स्थान हासिल गरेपछि धेरैजसोले आफ्नो विगत बिर्सने गर्दछन्। तर, केही मानिसहरू यस्ता पनि छन् जसले आफ्नो जीवनमा सामाजिक, आर्थिक र पदीय रूपमा उच्च स्थान हासिल गरे पनि उच्च विचार, सादा जीवन र लोककल्याणकारी कार्यमा रमाएका छन्। उनीहरूमा कहिल्यै पनि आफ्नो सफलतामा घमण्ड र अहङ्कार भएन। यस्तै व्यक्तिहरूमध्ये भारतको तमिलनाडु राज्यको चेन्नईमा जन्मेका अब्दुल कलाम (Avul Pakir Jainulabdeen Abdul Kalam, 1931-2015) पनि एक हुन्। उनले आफ्नो मिहिनेत र परिश्रमले आफ्नो लक्ष्य हासिल गर्दै नयाँ उचाइ हासिल गर्न सफल भए। उनले आफ्नो देश भारतलाई अन्तरिक्ष युगमा प्रवेश गराउनुको साथै रकेट, क्षेप्यास्त्रहरू र परमाणु बम निमार्णमा मुख्य योगदान दिए। उनी गरिब मुसलमान परिवारमा हुर्केर पनि वैज्ञानिक हुँदै भारतको राष्ट्रपतिसम्म बन्न सफल भए। उनी विशेषगरी सादा जीवन र उच्च विचारका लागि संसारभर प्रसिद्ध छन्। उनको जीवनमा कहिल्यै पनि तडकभडक देखिएन। उनी जहाँ पुग्थे, त्यहाँ उनको भव्य स्वागत हुन्थ्यो।

**बाल्यकाल :** अब्दुल कलामको जन्म भारतको तमिलनाडु राज्यको चेन्नईको रामेश्वरम जिल्लाको धनुषकोडी भन्ने गाउँमा एउटा गरिब मुसलमान परिवारमा १५ अक्टोवर १९३१ मा भएको थियो। उनी परिवारका कान्छा छोरा थिए। उनका पिताको नाम जैनुलाब्दीन (Jainulabdeen Marakayar) थियो। कलामका जिजु बाजेहरू धनी व्यापारी




बालक अब्दुल कलाम आमा-बुबा र दाजु दिदीसँग

र जमिनदार थिए। तर, विभिन्न कारणहरूले गर्दा कलामको पिताको पुस्तामा आइपुग्दा आर्थिक रूपमा कमजोर हुन पुगे।

कलामका पिता कम पढेका र आर्थिक स्थिति पनि राम्रो थिएन। उनका पिता फुर्सदमा आफै डुङ्गा चलाउँथे र आफ्नो काम भएको बेलामा अरूलाई चलाउन भाडामा दिने गर्दथे। अब्दुलका पिता यात्रीहरूलाई डुङ्गाबाट रामेश्वरम मन्दिरसम्म पुऱ्याउने कार्य गर्दथे। साथै उनी स्थानीय मस्जिदका इमाम पनि थिए। उनको आमाको नाम आशियाम्मा (Ashiamma) थियो। औपचारिक शिक्षामात्र हासिल गरेकी उनी गृहणी थिइन्। अब्दुल कलामका माता-पिताका ४ छोरा र १ छोरी गरी पाँच सन्तानहरू थिए। अब्दुल कलाम सबभन्दा कान्छा छोरा थिए। आमाबुबाले राखेको उनको नाम अबुल पाकिर जैनुलाब्दीन अब्दुल कलाम (Avul Pakir Jainulabdeen Abdul Kalam अर्थात् A.P.J. Abdul Kalam) थियो। उनको नामको Avul उनका जिजुबाजेको नाम, Pakir बाजेको नाम र Jainulabdeen बुबाको नामबाट राखिएको थियो। बाँकी Abdul Kalam मात्र उनको थियो। बोलीचालीमा उनलाई अब्दुल कलाममात्र भन्ने गरिन्छ।



अब्दुल कलामको जन्म गाउँको घर

उनको परिवारको आर्थिक अवस्था कमजोर भएकोले सानोमा कलामले धेरै दुख पाए। परिवारको आर्थिक कमजोरीले उनले सानो अवस्थामा मासु खान छोडेका थिए जुन पछि गएर उनको बानी नै भयो। उनी ८ वर्षको हुँदा आफ्नो बुबाको डुङ्गाबाट यात्रीहरूलाई रामेश्वरम मन्दिरसम्म पुऱ्याउँथे र यात्रीहरू फर्केर नआएसम्म डुङ्गामा बसेर किताब अध्ययन गर्दथे। घरको आर्थिक कमजोरीले गर्दा फुर्सदका समयमा पत्रिका बेच्ने गर्दथे। पत्रिका बेच्नुको अर्को कारण उनलाई सानैदेखि पत्रपत्रिका पढ्ने रुचि थियो। पत्रिका बेच्ने क्रममा उनी पत्रिकाका विभिन्न लेखहरू पढ्न सकाउँथे। कम पढेका र आर्थिक रूपमा कमजोर भए पनि उनका पिता बुद्धिमान, दयालु स्वभावका र धार्मिक व्यक्ति थिए। उनी परिवारका कान्छा छोरा भएकोले परिवारको सबैको माया पाएका थिए। अब्दुल बाल्यकालदेखि नै भौतिक तथा भावनात्मक रूपले अन्यभन्दा अलग प्रकारका थिए। उनी सधैँ आफ्नी आमासँग भुइँमा बसेर खाना खाने गर्दथे। कलामको भनाइअनुसार इमानदारी तथा स्वअनुशासनको पाठ आफ्नो पिताबाट र राम्रो कुरामा विश्वास गर्ने र दयालुपन आदि गुण आमाबाट सिकेका थिए।

**शिक्षा :** कलामले आफ्नो शिक्षाको सुरुवात रामेश्वरमको प्राथमिक स्कुलबाट गरेका थिए। माध्यमिक तहको शिक्षा स्वार्ज मावि (Schwartz Secondary School) बाट प्राप्त गरे। विद्यालय पढ्दा उनी रामेश्वरम मन्दिरका मूल पुजारीका छोरासँग कक्षाकोठामा पहिलो बेञ्चमा बस्ने गर्दथे। एकदिन एकजना नयाँ शिक्षकलाई कलाम मुसलमान भएर एकजना हिन्दु पुरोहितको छोरासँगै पहिलो बेञ्चमा बसेको चित्त बुझेन र उनलाई कक्षाकोठाको अन्तिम बेञ्चमा राख्न लगे। त्यसबेला उनले मनमनै अठोट गरेका थिए *'म कक्षाकोठाको अन्तिम बेञ्चमा बसेर पढ्नु परे पनि पढाइमा अगाडि हुनेछु।'* उनी कक्षा ५ मा पढ्दा विज्ञान शिक्षकले चराहरू कसरी उडछन् भनेर सिकाएका थिए। तर, विद्यार्थीहरूले राम्रोसँग नबुझेपछि उक्त शिक्षकले कक्षा समय सकेपछि समुद्री किनारामा लगेर चराहरू उडेको अवलोकन गराउनुको साथै चराहरू उड्दा पुच्छर र पखेटा चलाउने तरीका आदिबारे जानकारी गराएका थिए। यस घटनाले उनको मष्तिकमा गहिरो प्रभाव परेको थियो। यसबाट उनलाई पछि ठूलो भएपछि विमान बनाउने प्रेरणा दियो। त्यसरी नै एकचोटि विद्यालयमा केही कुरा सोच्दै कक्षाकोठामा जाँदा उनी भुलवस अन्य कक्षामा पसेका थिए। त्यसवेला उक्त कक्षाका शिक्षकले उनलाई आफ्नो कक्षा नै थाहा नहुने विद्यार्थी के पढेर खान्छौ भनी बेसरी हपारेका थिए। यस घटनाबाट पनि उनलाई पढ्नमा उत्प्रेरणा प्राप्त भयो। विद्यालय शिक्षामा राम्रो गरेपछि सेन्ट जोसेफ कलेजबाट सन् १९५४ मा भौतिक शास्त्रमा स्नातक उपाधी हासिल गरे। यसरी नै सन् १९५५ मा Madras Institute of Technology मा aerospace engineering अध्ययन सुरु गरे। यहाँ परीक्षा दिनको लागि उनको दिदीले आफ्नो सुनको गहना धितो राखी उनलाई पैसा दिएका थिए। उनले परीक्षामा राम्रो अङ्क ल्याएकोले छात्रवृत्तिमा अध्ययन गर्ने अवसर पाए तर उनले त्यसको लागि एउटा विमानको नमुनासहितको प्रोजेक्ट बुझाउनु पर्ने थियो। उनले निश्चित समयमा विमानको मोडेल र प्रोजेक्ट बुझाए तर सम्बन्धित प्रोफेसरले उनले बनाएको विमानको मोडेल र प्रोजेक्ट ठीक नभएको भनी ठाडै अस्वीकार गरिदिए। अब्दुलले नयाँ मोडेल बनाउन र प्रोजेक्ट बनाउन एक महिनाको थप समय मागे तर प्रोफेसरले तीन दिनभित्र बनाउन सक्नुपर्ने हैन भने छात्रवृत्तिमा पढ्न नपाउने भनी चेतावनी दिए। अब अब्दुल ठूलो समस्यामा परे।

त्यसपछि छात्रवृत्ति गुम्ने डर र आफ्नो विमान बनाउने सानैदेखिको इच्छाको कारण अब्दुलले तीन दिन तीन रात एकछिन आराम नलिइकन नयाँ विमानको मोडेल र प्रोजेक्ट तयार गरेर प्रोफेसरलाई बुझाए। यसपाली भने प्रोफेसर उनको कार्यदेखि अति खुशी भई उनलाई अँगालो मारेर उनको कार्यको लागि धन्यवाद दिए। उनी सुरुमा विद्यालयमा पढ्दा औसत क्षमता भएका विद्यार्थी थिए। उनलाई मनपर्ने विषय सामाजिक विज्ञान र भौतिक विज्ञान थियो। उनी आफ्नो मनपर्ने किताबहरू एक्लै बसेर अध्ययन गर्न रुचाउँथे। उनी उच्च शिक्षा अध्ययनको क्रममा पढाइमा अब्बल हुँदै गएका थिए। उनको अध्ययनमा उनका छिमेकी एस.टि.आर. मानिक्कमले धेरै सहयोग गरेका थिए। कलामको पढ्ने रुचिलाई मनन गरी मानिक्कमले कलामलाई आफ्नो पुस्तकालयमा पढ्ने अवसर दिएका थिए। कलाम उक्त पुस्तकालयमा गएर घण्टौं बसेर विभिन्न पुस्तकहरू अध्ययन गर्दथे। उनले सन् १९५७ मा Madras Institute of Technology बाट aeronautical engineering मा डिग्री हासिल गरे। उनी उच्च शिक्षा अध्ययनरत हुँदा पढाइमा अब्बल र तीक्ष्ण बुद्धिका भइसकेका थिए। उनी नयाँ प्रयोग गर्न र अन्तरिक्ष विज्ञानमा बढी रुचि राखेर घण्टौं अध्ययन गरिरहन्थे। अब्दुल कलामले आफ्नो जीवनकालमा विभिन्न राष्ट्रिय र अन्तराष्ट्रिय विश्वविद्यालयबाट ४८ ओटा मानार्थ डाक्टर उपाधी प्राप्त गरेका थिए।

**रोजगारीको लागि सङ्घर्ष र सफलता :** उनले aeronautical engineering मा उच्च शिक्षा हासिल गरेपछि उनी सेनाको विमान चालक बन्न चाहन्थे। आफ्नो इच्छा पूरा गर्नको लागि Indian Air Force of Deharadun मा आवेदन दिए। ८ जना आवश्यक सङ्ख्याको लागि २५ जनाले आवेदन दिएका थिए। अन्तरवार्ता पछि परीक्षाफलमा कलामको नाम नवौं नम्बरमा निस्क्यो। पछि थाहा भयो उनी एक अङ्कले आठौं स्थानमा नाम निस्कनबाट पछाडि परेका रहेछन्। यसरी उनको भारतीय वायु सेनामा काम गर्ने इच्छा अधुरो भएपछि सन् १९५८ मा डिफेन्स रिसर्च डेभलपमेण्ट अर्गनाइजेशन (DRDO) मा भर्ना भए। त्यहाँ उनको पहिलो प्रोजेक्ट होवर क्राफट् बनाउनु थियो। उक्त संस्थामा काम गर्न उनले सन् १९६२ मा छाडे। त्यसपछि डा. विक्रम साराभाइले उनलाई इन्डियन स्पेस रिर्सच संस्था (ISRO) मा काम गर्न बोलाए र उनी सो संस्थामा काम गर्न गए। डा. विक्रम साराभाईलाई भारतीय अन्तरिक्ष कार्यक्रमका पिता भनिन्छ। उनले उक्त संस्थामा लगभग ४१ वर्ष कार्य गरे। उक्त संस्थामा कार्य गर्दा विशेष गरी डा. विक्रम साराभाई र डा. सतिस धवनको उल्लेखनीय सहयोग रह्यो।

## उपलब्धीहरू

उनले उक्त संस्थामा रहेर रकेट र मिसाइल निमार्णमा गरेका उपलब्धीहरू निम्न अनुसार छन्–

- सन् १९८० मा भारतीय उपग्रह **रोहिणी** अन्तरिक्षमा छाडियो।
- सन् १९८३ मा तेज गतिको **त्रिशुल मिसाइल**को सफल परीक्षण।
- सन् १९८८ मा एक सतहदेखि अर्को सतहसम्म मार हान्न सक्ने **पृथ्वी मिसाइल**को सफल परीक्षण।
- सन् १९९० मा **एण्टी ट्याङक मिसाइल**को सफल परीक्षण।

उनले भारतको मिसाइल र रकेट निमार्णमा महत्त्वपूर्ण योगदान दिएकोले उनलाई भारतमा **मिसाइल म्यान अफ इण्डिया** उपनामले चिनिन्छ।


### भारत सरकारबाट प्राप्त र भारतमा प्राप्त सम्मानहरू :

- मुख्य अधिकारी : टेक्नोलोजी इन्फरमेशन फरकास्टिङ एण्ड असेसमेन्ट काउन्सिल (TIFAC)।
- मुख्य वैज्ञानिक सल्लाहकार : केन्द्रीय भारत सरकार।
- क्याबिनेट मन्त्री : केन्द्रीय भारत सरकार।
- सन् १९८१ मा पद्म भुषण।
- सन् १९९० मा पद्म विभुषण।
- सन् १९९७ मा भारत रत्न।
- सन् २००२ देखि २००७ सम्म राष्ट्रपति।

## उच्च सम्मान



तत्कालीन राष्ट्रपति नीलम सञ्जीवा रेड्डीबाट **पद्म भुषण** प्राप्त गर्दै अब्दुल कलाम, सन् १९८१।



तत्कालीन राष्ट्रपति रामास्वामी वेंकटारमणबाट **पद्म विभुषण** प्राप्त गर्दै अब्दुल कलाम, सन् १९९० ।



तत्कालीन राष्ट्रपति के आर नारायणनबाट भारतको सर्वोच्च पदक **भारत रत्न** प्राप्त गर्दै अब्दुल कलाम, सन् १९९७ ।

यससँगै अब्दुल कलामले राष्ट्रिय र अन्तर्राष्ट्रिय थुप्रै सम्मान र उपाधीहरू प्राप्त गरेका थिए ।



सन् २००२ मा अब्दुल कलाम भारतको ११ औं राष्ट्रपति पदको शपथ ग्रहण गर्दै ।

**अब्दुल कलामका अनुकरणीय भनाइहरू :** अब्दुल कलामले विशेषगरी भारतको रकेट र मिसाइल विकासको क्षेत्रमा उल्लेखनीय काम गरेका थिए । तर, उनको सरल, सिधा र मिहिनेती व्यवहार सबैको लागि अनुकरणीय छ । उनले आफ्नो पद र क्षमताको घमण्ड कहिल्यै पनि देखाएनन् । उनी सधैँ आफूलाई सामान्य र साधारण नागरिककै दर्जाका रूपमा राख्दथे । उनले राष्ट्रपतिको रूपमा देश र विदेशको भ्रमणमा जाँदा प्राप्त उपहारहरू देशको लागि नै समर्पण गर्दथे र व्यक्तिगत रूपमा लिने गर्दैनथे । उनका समर्थकले उनलाई विभिन्न वस्तुहरू उपहारमा दिन चाहन्थे तर उनले कुनै पनि सामान बिनामूल्य नतिरी लिएनन् । उनी सधैँ उच्च विचार र सादा जीवनका धनी भएर बाँचे । उनी मुसलमान भए पनि नियमित हिन्दु ग्रन्थ र महाभारत अध्ययन गर्दथे । उनका केही मननीय अभिव्यक्तिहरू –

- सूर्यझैं चम्कनु छ भने सूर्यजस्तै जल्न सक्नुपर्छ ।
- वर्षा रोक्नको लागि छाता सफल नहुन सक्छ तर वर्षामा उभिनको लागि छाताले सहयोग गर्दछ । यसरी नै आत्मविश्वासले सिधै सफलता प्राप्त गर्न सकिँदैन तर आत्मविश्वासले जिन्दगीको कुनै पनि चुनौतीको सामना गर्न सहयोग गर्दछ ।
- पिज्जाले मलाई जहिले पनि दुविधामा पार्ने गर्दछ किनकी राखेर ल्याउँदा चारकुने बाकसमा, खोल्दा गोलाकार, खाँदा त्रिभुजाकार । यसरी नै जिन्दगीमा पनि मानिसहरू पिज्जा जस्तै हेर्दा एकथरी, स्वभाव अर्को थरी र व्यवहार झन अर्को थरी ।
- सम्मान ऐना जस्तो हुन्छ, जस्तो तपाईँ अरूलाई दिनुहुन्छ त्यस्तो नै उनीहरूले तपाईँलाई दिनेछ ।
- ज्ञान र कर्मबाट विपत्तिलाई समृद्धिमा बदल्न सकिन्छ ।
- जिन्दगीले ग्यारेण्टी र वारेण्टी दिने गर्दैन । यसले सम्भावना र मौका दिने गर्दछ जस्लाइ तपाईँ मिहिनेतबाट उपलब्धी हासिल गर्न सक्नुहुन्छ ।
- विगतका दिन रद्दी कागज हो, वर्तमान आजको पत्रिका हो, भविष्य परीक्षाको प्रश्नपत्र हो । यसकारण ध्यान लगाएर पढ्नुस् र लेख्नुस् होइन भने जिन्दगी टिस्यु पेपरजस्तै हुनेछ ।
- सपना त्यो होइन जुन तपाईँ सुतेको बेला देख्नुहुन्छ, सपना त्यो हो जस्ले तपाईँलाई सुत्न दिँदैन ।
- पानीबाट सिक्नुपर्ने मुख्य कुरा परिस्थितिअनुसार आफूलाई जुनसुकै आकारमा परिवर्तन गर्न सक्नु तर आफू बग्ने दिशा आफैं निर्धारण गर्नु ।
- जिन्दगीमा सफलता प्राप्त गर्न चारओटा कार्य गर्नुहोस् । ठूलो लक्ष्य, त्यसको लागि आवश्यक ज्ञान प्राप्ती, कडा

मिहिनेत र निरन्तर लगाव। यसबाट जुनसुकै सफलता हासिल गर्न सकिन्छ।

- आशावादी व्यक्ति हरेक कार्यमा फाइदा देख्दछ भने निराशावादी व्यक्ति हरेक कार्यमा बेफाइदा देख्दछ।
- भगवान केवल मिहिनेत गर्नेलाई मात्र मद्दत गर्दछ।
- सफलता पाउनको लागि तपाईं आफ्नो लक्ष्यप्रति निष्ठावान हुनुपर्दछ।
- तपाईँ आफ्नो भविष्य बदल्न सक्नुहुन्न तर आफ्नो बानी बदल्न सक्नुहुन्छ। अनि तपाईँको बानीले तपाईँको भविष्य बदल्न सक्नुहुन्छ।

**निधन :** अब्दुल कलाम अविवाहित थिए। एकचोटि एकजना पत्रकारले अविवाहित रहनुको कारणबारे सोध्दा उनले जवाफ दिएका थिए 'मेरो विचारमा एकजना पुरुषलाई पत्नि र सन्तान हुँदा बढी स्वार्थीपना बढाउँछ। यसकारण मैले विवाह नगरेको हो।' हुन त यो कुरा छलफलको विषय हो।

सन् १९१५ जुलाई १५ मा भारतको मेघालय राज्यको सदरमुकाम शिलोंगमा आयोजित एक कार्यक्रममा बोल्दाबोल्दै अब्दुल कलामलाई अचानक छाती भारी भएको अनुभव भयो र उनी मञ्चमा नै ढले। त्यसबेला उनको अन्तिम शब्द थियो 'All fit'। त्यसपश्चात तुरुन्तै शिलोंगमा रहेको बेथानी अस्पतालमा लगियो तर उनको अस्पतालमा नै मृत्युभयो।



अब्दुल कलामको शवयात्रा

यसरी विश्वलाई सादा जीवन र उच्च विचारका लागि उदाहरणीय व्यक्ति वैज्ञानिक अब्दुल कलामले यो संसारलाई छोडेर गए। उनको पार्थिव शरीरलाई राजकीय सम्मानका साथ मुसलमान परम्पराअनुसार उनको जन्मस्थल तमिलनाडु राज्यको रामेश्वरम जिल्लाको पैकरुम्बुमा समाधिस्थ गरियो। उनको शवयात्रामा लगभग ३,५०,००० जना मानिसहरू सहभागी भएका थिए जसमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलगायत थुप्रै गन्यमाण्य व्यक्तिहरू रहेका थिए। उनलाई समाधिस्थ गरिएको स्थानमा पछि स्मृति भवन बनाइएको छ।



रामेश्वरममा बनाइएको अब्दुल कलाम स्मृति भवन

अब्दुल कलामका विज्ञान र विविध विषयका दर्जनौं पुस्तकहरू प्रकाशित छन्।

**सन्दर्भ सामग्रीहरू**

१. विश्वका चर्चित वैज्ञानिकहरू:दिलिप श्रेष्ठ/उर्मिला शाही

२. गुगल

## Word Search

African Countries

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| N | S | O | U | T | H | A | F | R | I | C | A |
| O | A | I | M | O | R | O | C | C | O | R | E |
| O | A | L | W | E | T | U | N | I | S | I | A |
| R | T | A | G | A | R | A | W | I | I | E | E |
| E | O | S | Y | E | L | D | A | G | E | N | M |
| M | I | Y | A | N | R | A | S | R | L | O | A |
| A | T | P | Y | G | E | I | M | W | A | E | L |
| C | R | N | Z | N | B | K | A | A | N | L | I |
| C | L | B | D | A | S | A | R | N | A | A | I |
| O | B | Z | N | A | M | E | L | D | W | R | S |
| L | I | B | Y | A | H | B | N | A | S | R | O |
| G | U | I | N | E | A | C | I | C | T | E | I |
| A | N | I | G | E | R | I | A | A | O | I | N |
| S | U | D | A | N | I | B | A | A | B | S | T |

ALGERIA
BOTSWANA
CAMEROON
SIERRA LEONE
CHAD
SOUTH AFRICA
EGYPT
GUINEA
KENYA
LIBYA
MALAWI
MALI
MOROCCO
NIGERIA
RWANDA
SUDAN
TUNISIA
ZAMBIA

(दायाँ-बायाँ-तल-माथि-तेर्सो-ठाडो-छडके-सुल्टो-उल्टोबाट छेउका मिल्दो शब्दहरू खोज्नुहोस्।)

## भक्तपुर नपाका नियम-कानुन

# 'नवदुर्गा गणको मुकुन्डो निर्माण अक्षय कोष व्यवस्थापन निर्देशिका-२०७५' : एक चर्चा



डा. हरिराम सुवाल
संयोजक, विधायन समिति,
भक्तपुर नपा

नेपालको मानचित्रमा वाग्मती प्रदेशअन्तर्गत काठमाडौँ उपत्यकाको तीन जिल्लामध्ये भक्तपुर एक हो। यो जिल्ला विशेषगरी धार्मिक, सांस्कृतिक, पुरातात्त्विक, कला तथा शिक्षाको दृष्टिकोणले देशकै एक धरोहरको रूपमा रहेको छ। भक्तपुर जिल्लाको ऐतिहासिक पृष्ठभूमितर्फ नियाल्दा यसको प्राचीन नाम खोपृङ थियो। लिच्छविहरूको आगमनपूर्व किरातहरूले कैयौँ शताब्दीसम्म शासन चलाउँदा नेपाल उपत्यका र आसपासका इलाकामा अनेक नामका बस्तीहरू आवाद भइसकेको सम्बद्ध प्रमाणहरूको आधारमा जान्न सकिन्छ। लिच्छवि कालका शासकहरूले संस्कृतलाई राजभाषा बनाई यावत कुराहरू संस्कृतमै लेखाएको पाइए पनि तत्कालीन अभिलेखहरूमा सम्बद्ध ग्राम एवम् प्रदेशका नाम उल्लेख गर्ने



मुकुन्डो बनाउने समस्याबारे पूर्ण चित्रकारसँग बुझ्दै भक्तपुर नगर पालिकाका प्रमुख सुनिल प्रजापति (कालो कोट लगाइराखेको) सहितको टोली (२०७५ असोजमा) | तस्बिर : काष्ठमडप

सन्दर्भमा ऐतङ, कडम्प्रिङ, कादुङ, किचप्रिचिङ, कुर्पासी, खकम्प्रिङ, खूलप्रिङ, खृपुङ, गणिदुङ, जोन्जोन्दिङ, टेग्वल, दुप्रङ, पिख्, माखोदुलं, माखोपृङ, खोपृङ, याप्रिङ, लोप्रिङ आदि शब्दहरू संस्कृत भाषाका होइनन्, सम्भवतः लिच्छवि पूर्वशासन गर्ने किरात परिवारका भाषाबाट आएका नामहरू हुन् कि भन्ने अनुमान लगाउन सकिन्छ।

लिच्छवि कालका अभिलेखहरूमा खूलप्रिङ, खृपुङ, खोपृङ, माखोदुलं, माखोपृङ आदि शब्दहरू उल्लेख हुनआएको सन्दर्भमा भक्तपुर भेगमा अनेक नामका बस्तीहरू किरातकालमा बसिसकेको जानिन्छ। धनवज्र बज्राचार्यले लिच्छविकालीन अभिलेख पुस्तकमा तुलाछेँ टोलको शिवदेव र अंशुवर्माको संयुक्त अभिलेखको व्याख्या गर्ने क्रममा लेखेका छन्, *'माखोपृम् ङका बासिन्दाहरूलाई प्रशासनसम्बन्धी केही अधिकार सुम्पेको लगत्तै पछि त्योसँगै रहेको खृपुग्रामलाई पनि त्यही अधिकार सुम्पेको यताबाट बुझिन्छ। माखोपृम् र खृपुङग्राम भिन्नाभिन्नै बस्ती हुन् भने पनि यताबाट बुझिन्छ।'* त्यस्तै धनवज्र बज्राचार्यले लिच्छविकालीन अभिलेखको पुस्तकमा गोलमढी टोलको शिवदेव र अंशुवर्माको अभिलेखको व्याख्या गर्ने क्रममा लेखेका छन्, *'नेवारी भाषामा भक्तपुरलाई अहिलेसम्म पनि खोपः भनिन्छ। यसको पूर्वरूप खोपृङ् हो।'* मानदेवको पालाको देउपाटनको रत्नसङ्घको अभिलेखमा खोपृग्रामको उल्लेख छ। गोल्मढीको यस अभिलेखमा खोपृम्को अगाडि 'मा' पनि जोडिएको छ। 'मा' ले के कुरा जनाएको हो, सो बुझ्न सकिएको छैन। भक्तपुरको तुलाछेँ टोलको अभिलेखमा अर्कै खृपुङ् ग्रामको उल्लेख छ। तर, पछिसम्म चलेर आएको हुनाले भक्तपुरको प्राचीन नाउँ खोपृङ नै हो भन्ने कुरामा शङ्का छैन। स्थानभेदले मात्र यसको विभिन्न रूप देखिएको बुझिन्छ। तत्कालीन समयमा समग्र भक्तपुर भेगलाई खोपृङ भनिन्थ्यो। विक्रमको छैटौँ शताब्दीको सुरुतिर ग्रामको रूपमा रहेको भक्तपुरको सातौँ शताब्दीको मध्यतिर शिवदेव तथा अंशुवर्माको पालासम्म पुग्दा तलसहितको द्रङजस्तो समृद्ध बस्तीको रूपमा प्रसिद्ध भइसकेको थियो। यस कुराको प्रामाणिक पुष्टि गोल्मढी टोलको शिवदेव तथा अंशुवर्माको संवत् ५१६ को संयुक्त अभिलेखबाट मिल्छ भनी डा. पुरुषोत्तमलोचन श्रेष्ठले आफ्नो पुस्तक *'त्रिपुरा र युथुनिमम् राजकुल'* मा उल्लेख गरेका छन्। तुलाछेँ टोलको अभिलेखमा खृपुग्राम उल्लेख भएको र कुम्हाले टोलको अभिलेखमा माखोदुलं उल्लेख गरिएकोले लिच्छवि कालमा तुलाछेँ टोल इलाकामा खृपुङ र कुम्हाले टोल इलाकामा माखोदुलं नामका बस्ती आवाद थिए भन्ने बुझिन्छ। यसरी भक्तपुरको

ऐतिहासिक अभिलेखबाट यसको प्राचीन नामलाई विभिन्न नामबाट सम्बोधन भएको थियो भने आनन्द देवको समयदेखि यक्ष मल्लको समयसम्म भक्तपुर नेपालको राजधानीको रूपमा रहेको थियो ।



मुकुन्डोमा रङ भर्दै पूर्ण चित्रकार

हाल भक्तपुर जिल्लामा ४ ओटा नगरपालिका छन् । भक्तपुर र मध्यपुर पुराना नगरपालिकाहरू हुन् भने सूर्यविनायक र चाँगुनारायण नयाँ थपिएका नगरपालिका हुन् । नेपाल मजदुर किसान पार्टीले आफ्नो घोषणापत्रमा कला संस्कृतिको संरक्षण गर्ने उल्लेख छ । त्यसैले भक्तपुर नपाका जनप्रतिनिधिहरू घोषणापत्रमा उल्लेखित प्रतिबद्धतालाई पूरा गर्न क्रियाशील छन् ।

नेमकिपा केन्द्रीय निर्वाचन परिचालन समितिले प्रकाशन गरेको स्थानीय तहको निर्वाचन घोषणापत्र २०७४ मा *'नगरको कला-संस्कृति र सम्पदा संरक्षण गरी पर्यटन उद्योगलाई प्रोत्साहित गर्ने तथा सांस्कृतिकरूपले महत्त्वपूर्ण र विश्व सम्पदा क्षेत्रका निजी घरहरू पुनःनिर्माण गर्न आवश्यक जनशक्तिलाई तालिम दिने र निर्माण सामग्री सहुलियतमा उपलब्ध गराइने'* उल्लेख छ । साथै भक्तपुर नगरपालिकाको नेमकिपाको घोषणापत्र २०७४ को बुँदा न. ४ मा कला, संस्कृति/पर्यटन शीर्षक दिई **'पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति'** नारालाई सार्थक बनाउने उल्लेख छ । उक्त घोषणापत्रमा *'भक्तपुरलाई सफा, स्वच्छ, सांस्कृतिक नगर, पर्यटकीय गन्तव्य र शिक्षाको केन्द्र बनाउने'* पनि उल्लेख छ । भक्तपुर नगरपालिका र यहाँ निर्वाचित नेमिकपाका जनप्रतिनिधिहरू घोषणापत्रका प्रतिबद्धताहरू कार्यान्वयन गर्दै टोल-टोलको जात्रा, पर्व, रीतिथिति, चलनलाई संरक्षण र प्रवर्द्धन गर्न क्रियाशील छन् । त्यस्तै विविध चलनहरूमध्ये भक्तपुर नगरपालिका वडा नं. ६ साविक वडा नं. ५ याछेँमा हरेक वर्ष नवमीको दिनमा नवदुर्गाको मुकुन्डो प्रदर्शन गर्ने चलन छ । यो मुकुन्डो प्रदर्शन गर्ने कामलाई संरक्षण गर्न भक्तपुर नगरपालिका लागिपरेको छ । यसैक्रममा **'भक्तपुर नगरपालिका, नवदुर्गा गणको मुकुन्डो निर्माण अक्षय कोष व्यवस्थापन निर्देशिका, २०७५'** हो । जुन निर्देशिका नगरसभाबाट पारित भएर कार्यान्वयनमा छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भक्तपुर नगरपालिकाको चौथो नगरसभा २०७५ बाट यो निर्देशिका पारित गरिएको थियो । प्रत्येक वर्ष सञ्चालन हुँदै आएको प्रसिद्ध नवदुर्गा नाचका लागि बनाइने नवदुर्गा गणको मुकुन्डो निर्माण कार्यलाई निरन्तरता दिई कालान्तरसम्म नवदुर्गा नाचलाई जीवन्त राख्न आर्थिक स्रोतहरू परिचालन गरी नवदुर्गा गणको मुकुन्डो निर्माण कोषको रूपमा अक्षय कोष सञ्चालन गरी सो अक्षय कोषबाट प्राप्त हुने ब्याजबाट वार्षिकरूपमा मुकुन्डो निर्माण कार्यलाई निरन्तरता दिन वाञ्छित भएको हुँदा भक्तपुर नगरपालिकाको चौथो नगरसभाले यो निर्देशिका बनाएको हो ।



मुकुन्डो तयार गर्दै

यस निर्देशिकाको **दफा २(१)** ले अक्षय कोष सञ्चालन समिति गठन र सञ्चालनको व्यवस्था गरेको छ । निर्देशिकामा प्रत्येक वर्ष नवदुर्गा नाचका लागि नयाँ मुकुन्डो निर्माण गरी देवगणलाई हस्तान्तरण गर्नको लागि आवश्यक आम्दानी र खर्चको व्यवस्थापनको लागि अक्षय कोष सञ्चालन समिति गठन गरिने उल्लेख छ । **दफा २ (२)** ले अक्षयकोष सञ्चालन समितिका पदाधिकारीहरूको सम्बन्धमा गरिएको व्यवस्थाअनुसार भक्तपुर नगरपालिकाका उपप्रमुखको संयोजकत्वमा वडा नं ६ का वडाध्यक्ष सचिव, वडा नं. ९ का वडाध्यक्ष कोषाध्यक्ष, गुठी संस्थान, भक्तपुर नगरपालिकाको अधिकृत प्रतिनिधि सदस्य, जिल्ला प्रशासन कार्यालयका अधिकृत प्रतिनिधि सदस्य, नवदुर्गा गणको मुकुन्डो निर्माण गर्ने परम्परागत पेशाका व्यक्ति सदस्य र स्थानीय बुद्धिजीवीबाट

संयोजकले मनोनीत गरेका एक जना सदस्य रहने व्यवस्था छ। हाल यस दफाअनुसार भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशी, भनपा वडा नं. ६ का वडाध्यक्ष डा. हरिराम सुवाल सचिव, भनपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्व कोषाध्यक्ष, मुकुन्डो निर्माणकर्ता पूर्ण चित्रकार सदस्य र जिल्ला प्रशासन र गुठी संस्थानका प्रतिनिधि रहेको ६ सदस्यीय समिति रहेको छ र एक जना मनोनीत गर्न बाँकी छ।

**दफा २ (३)** ले अक्षय कोष खातासम्बन्धी व्यवस्था गरको छ। जसअनुसार अक्षय कोष सञ्चालन समितिले यस निर्देशिकाको उद्देश्य पूरा गर्नका लागि अक्षय कोष सञ्चालन समितिको नाममा स्थानीय बैङ्क तथा वित्तीय संस्थामा आवश्यकताअनुसार अक्षय कोष खाता सञ्चालन गर्न सकिने प्रावधान छ। यस व्यवस्थाअनुसार हाल बैङ्क अफ काठमाडौँमा अक्षय कोष स्थापना गरिएको छ। यस कोषमा भक्तपुर नगर कार्यपालिकाले पनि एकमुष्ट दस लाख जम्मा गरिदिएको छ भने स्थानीयरूपमा क्रियाशील अक्षय कोष व्यवस्थापन समितिले उक्त बैङ्क खातामा रकम जम्मा गरिसकेको छ। बाँकी अरू रकम र प्राप्त सहयोग रकम पनि उक्त खातामा जम्मा गर्ने प्रक्रिया भइरहेको छ।

निर्देशिकाको **दफा २ (४)** ले उक्त खातामा जम्मा हुने रकमबारे व्यवस्था गरेको छ। जसअनुसार नेपाल सरकार, भक्तपुर नगरपालिका, जिल्ला प्रशासन कार्यालय, गुठी संस्थान, भक्तपुरका विभिन्न सङ्घ संस्था, भक्तजन तथा श्रद्धालुहरूबाट जम्मा हुने रकम यस खातामा जम्मा गर्न सकिने व्यवस्था छ। यस दफाअनुसार गुठी संस्थान, भक्तपुर शाखाले हरेक वर्ष मुकुन्डो निर्माणकर्तालाई चालीस हजार रुपैयाँ प्रदान गर्दै आएको छ भने जिल्ला प्रशासन, भक्तपुरबाट पनि सहयोग दिने आश्वासन प्राप्त भएको छ। विभिन्न व्यक्तिबाट पनि सहयोग रकम जुटिरहेको छ।

मुकुन्डो निर्माण प्रक्रियाका विभिन्न चरणहरूमा मुकुन्डो निर्माणकर्ता पूर्ण चित्रकारको महत्त्वपूर्ण भूमिका छ। उहाँले वि.सं. २०१९ सालदेखि मुकुन्डो निर्माण गर्दै आउनुभएको छ। आर्थिक समस्या न्यूनीकरण गर्न नगरपालिकाले थोरै भए पनि अक्षय कोषको व्यवस्था गरेको छ भने यसलाई दीर्घकालीनरूपमा समाधान गर्नेतर्फ नगरपालिकाले पाइला चालेको छ। निर्वाचित जनप्रतिनिधिहरूले मुकुन्डो निर्माणमा आवश्यक सहयोग गर्दै आएका छन्। यस वर्ष कोरोना महामारीले नवमीको दिनमा मुकुन्डो प्रदर्शन जनप्रतिनिधिकै सहयोगमा स्थगित गरिएको थियो।

स्रोत : मजदुर दैनिक, मङ्सिर ३०, २०७७

# प्रेरणीय

## जमिनदारको सम्पत्ति

आल्सिबाइडिस एक सम्पन्न जमिनदार थिए। उनी प्रशस्त जमिनका मालिक थिए। घरमा नोकरचाकर प्रशस्त थिए। उनलाई आफ्नो सम्पत्ति र जमिनदारीमा बडो गर्व थियो। उनी जहाँ पुगे पनि आफ्नो सम्पत्तिको बढाइचढाइ गरिहाल्थे। उनका अगाडि उभिने जोकोहीले पनि उनको सम्पत्तिको बकबक नसुनी धरै पाउँदैनथे।

एक दिन उनी महात्मा सुकरातकोमा गए। सुकरातसित सामान्य भलाकुसारीपछि उनी आफ्नो ऐश्वर्यको वर्णन गर्न थाले। उनको धनमहिमा नसकिउन्जेल सुकरात चुपचाप उनको कुरा सुनेर बसिरहे। केही क्षणपछि उनको त्यो बकबक बन्द भयो। उनले आफूलाई निकै ठूलो जमिनदारका रूपमा चिनाउन खोजेको सुकरातले बुझिहाले। त्यसपछि सुकरातले पृथ्वीको एउटा नक्सा मगाए। त्यो नक्सा फैलाएर जमिनदारसँग सोधे, 'महाशय, यसमा हाम्रो प्यारो देश ग्रिस कहाँ छ ?' 'यो रह्यो ग्रिस,' जमिनदारले नक्सामा एक स्थानमा औँला राख्दै गर्वसाथ भने। 'अनि यो ग्रिसभित्र हाम्रो ऐटिका प्रान्त कहाँ छ ? के तपाईँ बताउन सक्नुहुन्छ ?' सुकरातले फेरि तिनै जमिनदारलाई सोधे। जमिनदारले आफ्नो सानो प्रान्तलाई बडो कठिनाइले खोजे र सुकरातलाई देखाए।

सुकरातले फेरि उनीसँग सोधे, 'यस ऐटिकाको सिमानाभित्र तपाईँको जमिनदारी कहाँदेखि कहाँसम्म पर्छ ?' 'हजुर पनि कस्ता-कस्ता कुरा सोध्नुहुन्छ महात्मा ? एउटा विश्वको नक्सामा यति सानो जमिनदारी कसरी देख्न सकिन्छ ?' जमिनदारले छक्क पर्दै प्रश्न गरे। उनको प्रश्न सुनेर सुकरातले गम्भीर हुँदै भने, 'जुन जमिनका लागि यति ठूलो नक्सामा एउटा बिन्दु पनि राख्ने स्थान छैन, त्यति थोरै जमिनमाथि तपाईँ किन यति धेरै गर्व गर्नुहुन्छ ? यस सम्पूर्ण ब्रह्माण्डमा तपाईँको भूमि र तपाईँ कहाँ हुनुहुन्छ, कति ठूलो हुनुहुन्छ ? एकछिन सोच्नुहोस् त, यति थोरै जमिनमा के गर्व गर्नु ?' सुकरातका कुरा सुनिसकेपछि जमिनदार आल्सिबाइडिसका आँखा खुले। उनले आफ्नो गल्ती महसुस गरे। उनले सुकरातसित माफी मागे र त्यस दिनदेखि आफ्नो जमिनको बढाइचढाइ गर्न छाडिदिए।

# परिहिमानी र परिहिमानी स्थलाकृति



विष्णुभक्त राजचल

परिहिमानी (Periglaciar) को शाब्दिक अर्थ, हिउँ वा बरफको आसपास (around the ice) हो। तर, यसको प्रयोग परिहिमानी स्थलाकृति (Periglacial Land Scapes) हिउँद्वारा प्रभावित विस्तृत स्थान) र परिहिमानी जलवायु दुइटैमा गरेका छन्। परिहिमानी अर्थात् अत्यन्त बाक्लो हिउँले धेरै कालसम्म टन्न ढाकेर वा छोपिएर रहेको स्थान र परिहिमानी जलवायु अर्थात् हिमाङ्क भन्दापनि न्यून तापक्रम भएर जहिले पनि हिमपात हुने भई हिउँले ढाकिएर रहने क्षेत्र एवम् हिमनदीबिच कुनै फरक नदेखिने अवस्था हो। हिउँको सम्पर्कमा रहेका सँगैको जमिन पनि चिस्यानले जम्ने भई गतिहीन अवस्थामा रहेको परिहिमानी वातावरणमा देख्न सकिन्छ। पछिल्लो समयमा आएर परिहिमानी स्थलाकृतितर्फ अधिकांश भू-तत्त्वविद् विद्वानहरूको ध्यान आकर्षित हुँदै गएको देखिन्छ। तर, परिहिमानी स्थलाकृतिमा प्राप्त आधुनिक विवरणको पछाडि एक लामो इतिहास लुकेको छ भनेका छन्। उनाइसौँ शताब्दी मै James Murdoch Geikie (1839-1915) ले चीसो हावापानीमा हिउँले ढाकिएको भन्दा अलग्ग अरू कुनै विशेषखालका स्थलरूपको निर्माण भएको आभास गरेका थिए। तर, उनी कुनै निष्कर्षमा पुग्न सकेनन्। सन् १९०० ई. मा Francois Emile Matthes (1874-1948) ले Nivation नामको प्रकृयाको उल्लेख गरेका थिए। सन् १९०९ मा सबभन्दा पहिले Walery Wladyslaw Daniel Lozinski (1880–1944) ले परिहिमानी (periglacial) शब्दको प्रयोग गरेका थिए। तर, यसलाई परिहिमानीको एक सुनिश्चित परिभाषामा राख्न सकेन र उनले यसलाई तुषारोको अपक्षयको प्रभावशाली प्रकृयाको रूपमा मात्र स्वीकार गरे। यसपछि परिहिमानी प्रकृयाको अध्ययनको सिलासित प्रारम्भ भयो।

DeLorme Donaldson Cairnes (1879-1917) ले सन् १९१२ मा हिउँद्वारा अपदित स्थल स्वरूपलाई Equiplantation, सन् १९१६ मा Henery Miner Eakin ले Altiplanation र सन् १९१४ मा Arvid Gustaf Hogbom (1857-1940) ले तुषारो उत्क्षेपन (Frost heaving) आदि समावेस गरेका थिए।

वर्तमान समयमा परिहिमानी नामको प्रयोग विस्तृत रूपमा गरेका छन्। पहिले होस् या अहिले अति बाक्लो हिउँले स्थायी रूपमा टन्न ढाकिएर रहेको विस्तृत क्षेत्रलाई परिहिमानी नामाकरण गरेका छन्। **परिहिमानी स्थलाकृति** भन्नाले हिउँले प्रभावित क्षेत्रमा देखापर्ने गरेका विभिन्न आकार, रूप र स्वभावका धरातल भन्ने बुझिन्छ। हिउँले ढाकिएका हिमाच्छादित क्षेत्र स्थायी भए पनि सदासर्वदा स्थायी हुँदैनन्। त्यही भएर प्लीस्टोसीनकालका परिहिमानी क्षेत्रका अधिकांश भाग अहिले हिउँ विहीन भइसकेका छन्। अहिले सम्पूर्ण धरातलीय क्षेत्रको १/५ (पाँच खण्डको एक) खण्डमा मात्र हिउँले ढाकिएर रहेको बाँकी देखिन्छ। ती पनि प्राय:जसो उत्तरी गोलार्द्धको अति चीसो जलवायु भएको भागमा मात्र जस्तै अलास्का, क्यानाडाको उत्तरी खण्ड, ग्रीनल्याण्ड, युरोप र साइबेरियाका उत्तरी खण्ड र हिमाल, आल्पस रकी जस्ता उच्चतम पहाडी क्षेत्रको शिखर खण्डमा मात्र परिहिमानी वातावरण बाँकी रहेका छन्। परिहिमानी क्षेत्रको सबैभन्दा महत्त्वपूर्ण भाग भन्नुनै 'स्थायी तुषारो भूमी' (Permafrost Area) हो।

## परिहिमानी जलवायु (Periglacial Climate)

परिहिमानी जलवायु के कस्तो खालको हो भन्नेबारे निश्चित गर्न गाह्रो पर्दछ। किनभने, कुनै एक स्थानको




James



Matthes




Lozinski



Cairnes



Eakin



Hogbom

जलवायु र अर्को स्थानको जलवायुभन्दा धेरै फरक देखापर्न सक्छ। सामान्यतया परिहिमानी जलवायुको विशेषता भन्नु ०° को हिमाङ्कभन्दा धेरै न्यून

तापक्रम हुनु, जाडोको मौसम लामो, जमिनमा रहेको पानी तथा भूमिगत पानी जमेको अवस्थामा हुनु हो। ग्रीनल्याण्ड, आइसल्याण्ड, एन्टार्कटिकाको हावापानी नै परिहिमानी हावापानी हो।

## परिहिमानी प्रकृया (Periglacial Processes)

परिहिमानी क्षेत्रमा हिमनदी बहने क्षेत्रमाभन्दा फरक भिन्नै खालका भू–आकृति प्रकृया देखिन्छ। परिहिमानी क्षेत्रमा क्रियाशील प्रकृयाको विवरण पर्याप्तमात्रामा पाउन गाह्रो हुन्छ। परिहिमानी क्षेत्र मानव बस्तीभन्दा धेरै टाढा भएको हुँदा त्यहाँको जलवायु र स्थलाकृति सम्बन्धी अध्ययन धेरै कालपछि मात्र भएको हो भनेका छन्। त्यसैले यसको क्रियाशील प्रकृयाका विवरणबारे अध्ययन गाह्रो भएको बताइएको हो। परिहिमानी प्रकृया निम्न प्रकारका छन् –

### परिहिमानी क्षेत्रमा तुषारो अपक्षय वा घर्षण (Frost weathering or Congelifraction)

परिहिमानी क्षेत्रमा दिउँसो केही तापक्रम बढ्ने भएकोले केही परिमाणमा हिउँ पग्लिएर जाने (हिम द्रवीकरण) तर रातको समयमा अत्यधिक चीसोले गर्दा हिउँ जम्ने प्रकृया हुन्छ। यसरी एउटै चट्टानमाथि हिउँ जम्ने र पग्लिने कृया बारम्बार हुँदा चट्टानमा दबाब पैदा भएर कमजोर हुँदै टुक्रिने र विखण्डन भएर जाने गर्छ। परिहिमानी क्षेत्रमा यो प्रकृया सर्वाधिक महत्त्वको देखिन्छ।

### तुषारो उत्क्षपण (Frost Heaving)

तुषारो उत्क्षपण भन्नाले हिउँको भार वा चाप बढ्ने प्रकृया हो। यो प्रकृया पनि कुनै चट्टानमाथिको हिउँ पग्लिने र जम्नेनै हो तापनि चट्टान टुक्रिने नभई सतह उठ्ने र दब्ने प्रकृया हो। राती चट्टानमाथिको पानी जम्ने तर दिउँसो तापक्रम बढ्नाले हिउँ पग्लिएर जाने कारणले राती हिउँको चाप बढेर जमिन दबेर जाने र दिउँसो हिउँ पग्लिनाले चाप घटेर जमिन उठ्ने प्रकृया हुन्छ। यो प्रकृयाले गर्दा कहीं कतै गढको निर्माण हुने गर्छ। वास्तविक रूपमा यो प्रकृया त्यतिको सरल नभई जटिल देखिन्छ।

### हिमपहिरो जानु (Solifluction)

अत्यधिक हिउँ पर्ने हिमक्षेत्रमा माथिको मोटो बाक्लो हिउँको बोझले गर्दा तलतिर सतह नजिकको हिउँ, माटो, चट्टानको मिश्रण खण्ड तलतिर भिरालो ढालमा घिस्रिएर जान्छ। यसलाई हिम पहिरो भनिन्छ। यो प्रकृया वास्तविक रूपमा सक्रिय सतहमा बढी हुने गर्छ।

### निवेशन प्रकृया (Nivation)

हिमक्षेत्र स्थित खाल्डोमा हिउँ भर्ने र पग्लिने प्रकृयाद्वारा ती हिम खाल्डो क्षतविक्षत भएर जाने लाई Nivation भनिन्छ। हिउँको अपरदनात्मक कार्यले परिहिमानी क्षेत्रस्थित हिउँखण्ड भरिएर रहेका हिउँ खाल्डोमा शरद ऋतुको चीसो याममा हिउँ जम्ने तर गृष्ममा हिउँ पग्लिएर जाने कारण हिम खाल्डो कमजोर भई टुटफुट भएर जाने गर्छ।

### जलीय प्रकृया (Fluvial Process)

गृष्मकालमा तापवृद्धिको कारण परिहिमानी क्षेत्रको केही हिउँ पग्लिएर गई पानी बनेर बगी खोला या नदीको रूप लिन्छ। हिम घर्षणको कारण हिमनदीझैँ हिउँसँगै रहेका माटो, बालुवा, पत्थर आदि खोलाले बगाएर लान नसकी नदी खोला बग्ने घाटी उपत्यकामा चौडा पारी माटो बालुवा जताततै फैलाउँछ। यसलाई जलीय प्रकृया भनिन्छ। नदी खोलाको अपरदनात्मक शक्ति कम भई परिवहणको कारकमात्र बन्न पुग्छ। परिहिमानी क्षेत्रमा माटोलाई बगाएर लाने शक्ति र गतिले अपघर्षणन नभई नयाँ मोड लिन्छ।

## परिहिमानी क्षेत्रका विभिन्न स्वरूपका स्थलाकृतिहरू (Periglacial Landscapes)



परिहिमानी क्षेत्रमा अति न्यून तापक्रमको परिहिमानी जलवायुका कारण, मोटो हिउँले टन्न ढाकिएर रहेका हिउँ क्षेत्रबाट सयौं हजारौं वर्ष पछि पग्लिएर हटेर गइसकेपछि विभिन्न प्रकृयाद्वारा निर्मित विभिन्न आकार प्रकारका घरातलीय स्वरूपहरू देखापर्ने गर्दछ। त्यसरी देखापर्ने गरेका विभिन्न नाम र आकारका धरातलीय स्वरूपहरू निम्न प्रकारका छन्–

**(१) हिउँको क्षयिकरणद्वारा निर्मित स्थल स्वरूपहरू**

(Congelifractate Landforms)
(a) आन्तरिक शक्ति (Invultions)
(i) मोडदार शक्ति (Fold Invultion), (ii) ठाडो स्तम्भकार (Pillar Invultion), (iii) अमोरफोस शक्ति (Amorphous Invultion)

**(b) हिउँका ढिस्को (Hummock)**

(i) भू-ढिस्को (Earth Hummock), (ii) वनस्पतिजन्य ढिस्को (Turf Hummock), (iii) मिमा मण्ड (Mima Mound)

**(c) पिन्गो (Pingo)**



(क) रूपको आधारमा
(i) गोलाकार शिखर भएको (Rounded Top Pingo),
(ii) कचौरा आकारको (Creater Pingo)
(ख) प्रादेशिक विशेषताको आधारमा
(i) अकेन्जी जस्तोको पिन्गो, (ii) पूर्वी ग्रीनल्याण्ड जस्तोको पिन्गो
(ग) पुरानो पिन्गो
(i) वृत्ताकार (ii) अर्ध वृत्ताकार पिन्गो

**(d) थर्मोकार्स्ट (Thermokarst)**

(क) वृत्ताकार स्थलरूप (Macro Landforms)
(i) थर्मोकार्स्ट ताल (Thermokarst Lake), (ii) धसान उपत्यका (Subsidence Basin), (iii) शुष्क घाटी (Dry Valley), (iv) धसिन लागेको प्वाल (Pre-sink Holes)
(ख) सूक्ष्म स्थल रूप (Micro-Landforms)
(i) फनेल आकारको खाडल (Funnel shaped sink), (ii) धसिएको खाडल (Sink Holes), (iii) फासिल थर्मोकार्स्ट

**(e) तुषारो निर्मित ठाडो ढाल (Frost-riven cliff)**

**(f) तुषारो निर्मित बहु भुजाकार सतह (Frost-Polygons)**

**(२) क्रमागत धरातल (Patterned Ground)**

(क) रूपको आधारमा मन्द ढालमा रहेका
(i) ढुङ्गे वृत्त (stone circles-sorted and unsorted),
(ii) ढुङ्गे जाल (stone nets), (iii) ढुङ्गे बहुभुज (stone polygons)
(ख) तीव्र ढालमा रहेका
(i) ढुङ्गे माला (stone garlands), (ii) ढुङ्गे पत्र (stone stripes)

**(३) विसङ्गतित धरातल (Confroted Surface)**

(i) तुषारोले खियाउँदा (अपक्षय गर्दा) बनेका विसङ्गतित धरातल (ii) पग्लिएको हिउँ (Freeze Thaw)

**(४) हिम पहिरी निर्मित स्थलाकृत** (Soliflucatate Land)

(a) (क) हिम पहिरोको गतिमा भिन्नताको कारण बनेका स्थलरूप
(i) हिम पहिरो निर्मित तह (आलि) (stone banked terrace), (ii) वनस्पतिजन्य तह (turf banked terrace)
(ख) हिम पहिरोनिर्मित गोलाकार रूपमा काँटछाँट भई फुकेका भाग
(i) हिम पहिरोनिर्मित ढुङ्गाको किनारी लोव (stone banked lobe), (ii) वनस्पतिजन्य लोव (Turf banked Lobe)
(ग) असमान धरातल (plication)
(b) थुपार्ने क्रियाबाट निर्मित भू-स्वरूप
(i) स-साना ढुङ्गाले ढाकिएर बनेका पहाडी ढाल (talus or scree), (ii) स्तरीकृत ढाल (stratified scree),
(c) ढुङ्गे खोला (stone stream)

**(५) उच्चसमस्थलीय स्वरूप** (Altiplanation Landforms)

(क) तुषारोद्वारा अपहरित (खियाउने, ओसार्ने र थुपार्ने) क्रियाद्वारा निर्मित तह (High altitude landforms)
(i) Altiplanation Terress
(ख) फरक विशेषताका अपक्षय (Differential weadering) द्वारा निर्मित स्थलाकृति
(i) Tors, (ii) तुषारो निर्मित ठाडो ढाल (Frost rivine cliff)
ग) थुपार्ने क्रियाद्वारा निर्मित स्थलाकृति
(i) Block Filds, (ii) stone streams, (iii) Bolder Fields

**(६) निवेशन स्थलाकृत** (Nivation Landforms)

(क) खियाउने प्रकृयाबाट निर्मित हिम खाडल
(i) Nivation Terrace, (ii) Nivation platform, ( iii) Ridges, (iv) Nivation fans

**(७) वायुद्वारा निर्मित स्थलाकृत** (Eolian Landforms)

(क) अपरदनात्मक प्रकृयाले गर्दा बनेका स्थलाकृत (Erosional)
(i) Grooved bed rock Surface, (ii) ventifacts
(ख) थुपार्ने कार्यबाट निर्मित स्थलरूप
(a) व्यवस्थित निक्षेप (Disseminated deposits)
(i) बालुवा (Sand), (ii) silt
(b) व्यवस्थित निक्षेप
(i) परिहिमानी लोयस, (ii) परिहिमानी बलौते स्टुप

**(८) खोलाजन्य स्थलरूप**

अव्यवस्थित घाटी (Asymmetrical valleys)

## वडाध्यक्षको डायरीबाट

# सहकारी समस्यामा सहजीकरण

कुशल

वडा कार्यालयमा म सेवाग्राहीसँग छलफल गर्दै थिएँ। प्रथम प्रहर भएकोले वडा कार्यालयमा सेवाग्राहीहरू अलि बढी नै थियो। तापनि म एक एक गर्दै धैर्यकासाथ सेवाग्राहीहरूसँग कुराकानी गरिरहेको थिएँ। त्यही समयमा अचानक एक हुल मानिसहरू वडामा आए। उनीहरू प्रायः गैरनेवारहरू देखिन्थे। धेरै गैरनेवारहरू वडामा डेलिगेशन आएको खबर पाएपछि वडाको ठुलो हलमा बसाउनको लागि कार्यालय सहायकलाई निर्देशन दिएँ। सेवाग्राहीहरूसँग कुराकानी गर्दागर्दै नै मेरो दिमागले थप कुरा सोच्न थाल्यो। गैरनेवारहरू यति धेरै किन आएका होलान्। के समस्या लिएर आएका हुन् ? यस्तै सोच्दै गर्दा कार्यालय सहायक मेरो नजिक आएर मलाई भन्नुभयो, 'सर सयभन्दा बढीको डेलिगेशन आएको छ। वडाको हलमा नअटेर वडा बाहिर पनि धेरै बसेका छन्। मानिसहरू धेरै रिसाएका छन्। हाम्रो वडाको एउटा कुन सहकारीले उनीहरूको बचत फिर्ता गरेन रे। त्यही भएर वडाध्यक्षसँग छलफल गर्छु भनेर आएका हुन्। तामाङ र मधिसेहरू धेरै छन्।'

कार्यालय सहायकको कुरा सुनेपछि मेरो मनमा खेलेका कुराहरू स्वतः समाप्त भयो। मनमा नयाँ उत्साह पलायो। सयौँ मानिसहरू आएर वडामा मलाई भेट्न आउनु सामान्य कुरा थिएन। यति धेरै गैरनेवार मानिसहरूसँग परिचय हुने र समस्या समाधान गर्ने अवसर भनेको राम्रो हो। त्यही भएर म सेवाग्राहीहरूसँग आधा घण्टामा नै कुरा सकाएर ठुलो हलमा प्रवेश गरेँ। सबैलाई नमस्कार गरी आफ्नो कुर्सीमा बसेँ। मानिसहरू कुर्सी नपुगेर भुइँमासमेत बसिरहेका थिए। कोही उभिएका थिए। झ्यालबाहिर हेर्दा पनि धेरै मानिसहरू देखेँ। मैले सबैलाई मिलेर बस्न अनुरोध गर्दै भनेँ, 'म यस वडाको वडाध्यक्ष हुँ। तपाईंहरू प्रायःलाई त म चिन्दिन। के समस्या लिएर आउनु भएको होला। कृपया हल्ला नगरिदिनु होला। एकजनाले तपाईंहरूको समस्या भन्नुहोला।'

मेरो कुरा सुनेपछि एकजना मधिसेले बोल्नुभयो, 'हामी तपाईंको वडाको मान्छेहरूले चलाएको सहकारीका पिडितहरू हौँ। मैले चना चटपट बेचेर कमाएको सबै रकम सहकारीमा जम्मा गरेको थिएँ। तर, आज फिर्ता लिन जादाँ सहकारी बन्द अवस्थामा छ। यहाँ आउने प्रायः सबैको यही समस्या हो। तपाईंको वडावासीले खोलेको सहकारीले हाम्रो बचत फिर्ता गरेन। हुनत सहकारीको अफिस यस वडामा होइन। तर, सहकारीका सञ्चालकहरू तपाईंको वडाको हो। त्यही भएर वडामा बोलाएर छलफल गरिदिनु पर्‍यो। हाम्रो बचत फिर्ता गरिदिनु पर्‍यो। वडाध्यक्षज्यूले सहकारीको अध्यक्ष, सचिब, कोषाध्यक्षलाई बोलाई दिनु पर्‍यो।'

त्यसपछि भर्खरकै उमेरकी एक मधिसे युवतीले भन्नुभयो, 'सर, मेरो यस सहकारीमा जम्मा सोह्र हजार छ। पानीपुरी बेचेर अलि अलि जम्मा गरेको पैसा हो। दुइटी छोरी बोर्डिङमा हालेकी छु। फि तिर्न बचत लिन जादाँ सहकारी बन्द छ।'

त्यसपछि अर्को व्यक्तिले भने, 'सर, म डाइलेसिस गर्नुपर्ने बिरामी हो। मेरो यस सहकारीमा तीन लाख छ। पहिला डाइलेसिस गर्ने दिनमा नै अस्पतालमा पैसा दिन ल्याइयो। तर, अहिले सहकारी बन्द छ। हिजो म पनि पैसा नभएर सहकारीमा गएको थिएँ। तर बन्द अवस्थामा थियो।' त्यसपछि एकजना नेवार बहिनीले बोल्ने अनुमति मागिन्। उनी पनि २०/२२ वर्षको जस्तो देखिन्थ्यो। तिनले बोल्न थालिन्, 'सर, म यस वडाको बासिन्दा हुँ। मेरो नाम अनिता (नाम परिर्वतित) हो। म यस सहकारीको कर्मचारी पनि हुँ। मेरो यस सहकारीमा दश लाख मुद्दती खातामा छ। मुद्दती खाताको समय सकिएको एक महिना भयो, फिर्ता पाएको छैन। यस सहकारीको अध्यक्ष आकास अवाल (नाम परिवर्तित) हो, सचिब राम अवाल हो र कोषाध्यक्ष दिनेस प्रजापति (नाम परिवर्तित) हो। यिनीहरू सबै हाम्रै वडाका हुन्। अरू पनि सञ्चालकहरू छन्। ती पनि सबै यसै वडाका हुन्। अस्ति देखि सहकारी बन्द भएको छ। घरपतिले वहालवापत तीन लाख तिर्नु पर्‍यो भनेको छ। वहाल नपाएकोले घरपतिले सहकारीको कार्यालयमा ताला लगाएका छन्। त्यसपछि सञ्चालकहरू पनि आएका छैनन्। मेरो विचारमा त अध्यक्षले पैसा हिनामिना गरेको जस्तो लाग्छ। अध्यक्षले त्यत्रो घर बनाएको छ अनि करोडौँ पर्ने गाडी चढेर हिंडेको छ। त्यो गाडी र घर तलबले मात्र बनेको होला त ? तपाईंले सहकारीमा छापा मारेर माइन्यूतलगायत सबै फाइलहरू जफत गरेर अनुसन्धान गर्नु पर्‍यो। पक्कै पनि बचत अपचलन गरेको हुनुपर्छ। आफ्नै बहिनीलाई बिनाधितो पचास लाख ऋण दिएको छ। अध्यक्ष आफैले करोडौँ रुपैयाँ बिनाधितो र

बिनाकागज ऋण लिएको छ। अनि कसरी बचतकर्ताको पैसा फिर्ता गर्न सक्छ ? तपाईंले सञ्चालकहरूलाई अहिले बोलाइ दिनु पऱ्यो।'

आकास अवाललाई म राम्रोसँग चिन्थें। एक समयमा मैले आफैले पढाएको विद्यार्थी थियो। त्यस व्यक्तिले सहकारी सञ्चालन गरेको मलाई राम्रोसँग जानकारी थियो। के कारणले यस्तो परिस्थिति आएछ। म निकै सोचमग्न भएँ। देशमा कोरोना र आर्थिक मन्दिले गर्दा अर्थतन्त्र जर्जर भइसकेको थियो। यसैको मार सहकारीमा परेको हो कि जस्तो लाग्यो। तब मैले भनें, 'म यस सहकारी र सहकारीको सञ्चालकहरूलाई राम्ररी चिन्छु। बचतकर्ताहरूको बचत फिर्ताको लागि म पनि आवश्यक पहल गर्छु। दुःख कष्ट गरेर कमाएको पैसा जम्मा गरेको र आफ्नो पसिनाको बचत रकम कुनै पनि हालतमा फिर्ता लिनुपर्छ। जनताको पैसा यसरी कुनै पनि हालतमा फिर्ता दिनुपर्छ। तपाईंहरू वडामा गुनासो गर्न आएर सही गर्नुभयो। यहाँबाट आवश्यक पहल म गर्न तयार छु। सबभन्दा पहिला त म अध्यक्षलाई यहाँ बोलाउँछु।' यति भनेर मैले आकासलाई कल गरें र वडामा आउन अनुरोध गरें। नभदै वहाँ तुरुन्त वडामा आउनुभयो।

मैले वहाँलाई आफ्नो कुरा राख्न अनुरोध गरें। वहाँले भन्नुभयो, 'सहकारीको अफिस घरपतिले बन्द गरिदिएको हो। महिनाको पचास हजार तिर्नुपर्छ। तीन महिनादेखि वहाल तिर्न नसकेकोले घरपतिले बन्द गरिदिएको हो। देशमा कोरोना पूर्णरूपमा नियन्त्रणमा आइसकेको छैन। फेरि मन्दि सुरु भयो। ऋणीहरूले पैसा समयमै फिर्ता नदिएपछि यो समस्या आएको हो। करिब चार करोड ऋण उठाउनु छ। बचतकर्ताहरूको पैसा तीन करोड छ। संस्था कुनै पनि हालतमा जोखिममा छैन। तपाईंहरूको पैसा एक एक फिर्ता गर्छु। तर, यसको लागि मलाई केही समय चाहिन्छ। केही व्यक्तिहरूको पैसा फिर्ता गरिसकेको पनि छु। विशेषगरी साना साना बचतकर्ताहरूको पैसा अलि अलि गर्दै तिर्छु। सञ्चालकहरू सहकारीमा नआएको अवस्था छ। तर पनि म घरपतिलाई भनेर सहकारी खोल्ने प्रयास गर्छु।' आकासको कुरामा बचतकर्ताहरू सन्तुष्ट हुन सकेन। अरू सञ्चालकहरूलाई वडामा बोलाउन हुटिङ गर्न थाले। कोही कोहीले त अध्यक्षलाई नराम्रोसँग गाली गर्न थाले। वडामा बचतकर्ताहरूको आक्रोस बढ्दै गयो। एकजना अपाङ्ग महिला बोल्न खोज्दै थिए। त्यही भएर हल्ला बन्द गराई त्यस अपाङ्ग आईमाईलाई बोल्न अनुरोध गरें। त्यस महिलाले भन्न थालिन्, 'सर, यस अध्यक्षलाई मैले टौमढीको चोकमा भेटेको थिएँ। त्यही उसको कठालो समाएर यही हातले पिटेको थिएँ। यो असत्ती मान्छे हो। आज पनि यसलाई वडा बाहिर निस्केपछि जुत्ताको माला लगाउनु पर्छ। एक अपाङ्ग र असक्षम महिलाको बचत खाएर गाडी चढेर हिंड्ने र महल बनाएर बस्ने मान्छेलाई जनकारबाही गर्नुपर्छ। कानुनी कारबाही वडाले गर्नुस्, हामी बचतकर्ताको तर्फबाट आफै कारबाही गर्छौं।'

प्रतिउत्तरमा मैले भनें, 'यहाँ मारपिट गर्न आउनु भएको हो कि छलफल गर्नलाई आउनु भएको हो ? मारपिट गर्ने हो भने यहाँ किन आउनु पऱ्यो ? मेरो विश्वासले यहाँ तपाईंको अध्यक्ष आउनु भएको हो। तपाईंहरूबाट पिटाइ खुवाउनलाई बोलाएको होइन। वडा कार्यालय भित्र र बाहिर कुनै पनि हालतमा मारपिट गर्न पाईंदैन। बरु छलफल गरेर अगाडि बढौं। अरू सञ्चालकहरूलाई पनि बोलाइ दिन्छु। तपाईंहरू छलफल गर्नुस्।' त्यसपछि मैले अरू सञ्चालकहरूलाई पनि कार्यालयमा बोलाएँ। वहाँहरू तुरुन्तै वडामा आउनुभयो। तर, वहाँहरू निकै डराए। सायद धेरै बचतकर्ताहरू देखेर होला। उनीहरू बोल्न तयार भएनन् र बचतकर्ताहरू निकै आक्रोसमा आउनुभयो। त्यसकारण मैले सञ्चालकहरूलाई अर्को कोठामा लगेर कुराकानी थालें। बचतकर्ताहरूलाई केही बेर कुर्नलाई अनुरोध गरें।

मैले सहकारीमा के भएको भनी सबैलाई प्रश्न गरें। सचिब राम अवालले भने, 'मलाई केही थाहा छैन। सबै कुरा यो आकासले गर्छ।' अरू सञ्चालकहरूले चाहिं आफूहरू पदमा छु भन्ने थाहै नभएको जानकारी दिनुभयो। अध्यक्षले चाहिं मन्दिले गर्दा ऋण नउठेको र बचतकर्ताको बचत बिस्तारै फर्काउने वाचा गरे। केहीबेरपछि उनीहरू आपसमा आरोप प्रत्यारोप गर्न थाले। कुनै निचोड आएन। मैले कमसेकम बचतकर्ताहरूको बचत फिर्ता पाउने कुनै आधार दिएर विश्वासमा लिनुपर्ने र नत्र मास अनियन्त्रित भई कुनै पनि घटना हुनसक्ने सङ्केत दिएँ। तैपनि वहाँहरू तयार देखिएनन्। धेरै बेर भएकोले कुनै निचोडबिना नै छलफल सकाई ठुलो हलमा गएँ। सञ्चालकहरू बोल्न तयार भएनन्। अध्यक्ष पनि बोल्न तयार देखिएन। त्यसपछि मैले बोलें, 'बचतकर्ताको बचत फिर्ता गर्नुपर्नेमा दुईमत रहेन। सञ्चालकहरूबिच एकता छैन। अध्यक्षले बचत फिर्ता गर्छु त भन्छ। तर, कसरी फिर्ता गर्ने कुनै योजना छैन। सायद कोरोना र मन्दिको पनि प्रभाव देखिन्छ। त्यसैले, बचतकर्ताहरूले पनि बचत गर्नलाई एक पटक सोच्नुपर्ने हो। त्यसैले तपाईंहरूको पनि गल्ति देखिन्छ।' मेरो कुराले पनि उनीहरू सन्तुष्टि भएनन्। त्यसपछि अध्यक्षले बोल्नु भयो, 'मलाई दस दिनको समय दिनुस्। साथीहरूसँग छलफल गरी केही गर्ने प्रयास गर्छु।' अध्यक्षले दस दिन मागेपछि मैले पनि दस दिन र पछि फेरि वडामा आउनुहोला भनी बैठक समापन गरें।

आठ दिनसम्म त कोही पनि सञ्चालकहरू सर्म्पकमा आएनन् । नवौँ दिनमा मैले सबैलाई कल गरेँ । तर उनीहरू वडामा आउनै चाहेनन् । बैठक बोलाउँदासमेत कार्यव्यस्ता देखाई भाग्ने काम गरिरहे । दसौँ दिन बिहान कडाइकासाथ बैठक बोलाएँ र आ–आफनो धारणा राख्न अनुरोध गरेँ । सबैले अध्यक्षले नै सबै जिम्मा लिनुपर्ने बताउनुभयो । सञ्चालक पदमा नै नरहेकोले हामीले जवाफ दिन आवश्यक नभएको र अध्यक्षलाई नै जिम्मेवार बनाउन सबैले अनुरोध गरे । कोही कोही सञ्चालकले अध्यक्षले बचत हिनामिना गरेको आरोप पनि लगाउनुभयो । त्यसपछि मैले भनेँ,'सबै सञ्चालकहरू अनिवार्य दस बजे वडामा आउनुहोला । बचतकर्ताहरू आज आउँछन् । त्यत्रो मानिसहरूको सामना म एक्लैले मात्र किन गर्ने ? जवाफ दिनुपर्ने तपाईँहरूले हो । मैले त सहजीकरण मात्र गर्ने हो । मास अनियन्त्रित भई जे पनि हुनसक्छ । आज तपाइँहरूले कुनै भरपर्दो जवाफ दिनुभएन भने म तपाइँहरूको सम्पत्ति रोक्काको लागि नगरपालिकामा पत्राचार गर्नुपर्ने हुन्छ । वडाबाट सम्पूर्ण सिफारिस रोक्नुपर्ने हुन्छ ।' मेरो कुरामा उनीहरूले कुनै प्रतिक्रिया जनाएनन् । त्यसकारण मैले पनि बैठक समापनको घोषणा गरिदिएँ । त्यसपछि सबै आ–आफनो बाटो लागे । तर, मलाई एकदम चिन्ता लाग्न थाल्यो । पछि त्यत्रो मानिसहरूको अगाडि के बोल्ने हो ? उनीहरूको रीसलाई कसरी नियन्त्रण गर्ने हो । सञ्चालकहरूको ताल यस्तो छ । जिम्मेवारी लिएर बचत फिर्ता गर्न तयार नै थिएन । पहिला मंगेलेचाले सहकारीको ६ हजार रकम हिनामिना गर्दा उल्टो टोपी लगाएर नगर परिक्रमा गराएको इतिहास याद आयो । अहिले त करौडौँको रकम हिनामिना भएको देखिन्छ । पहिला पनि यस्तै भए होलान् भनी मनमनै कल्पना गरेँ । वास्तवमै पनि तरकारी बेचेर, जागिर खाएर, खेतीपाती गरेर, चनाचटपट बेचेर, पानी पुरी बेचेर राखेको मानिसहरूको पैसा हिनामिना गरी घर बनाउने र करौडौँको गाडी चलाउने सञ्चालक र प्रशासकहरूलाई उचित कारबाही गर्नैपर्छ । तर कारबाही गर्ने कसरी त ? सोह्र हजार बचत गर्ने एक मधिसे बहिनीको समेत पैसा फिर्ता गर्न नसकेको देख्दा अचम्मै लाग्यो । एक परिचित भाउजुले त्यही ६ लाख मुद्दतीमा राखेको थियो । वहाँ भाउजु दसौँ पटक मेरो घरमा आएर रकम फिर्ता लिई दिन अनुरोध गरिन् । एक जना छिमेकी दाइको त्यस सहकारीमा दस लाख मुद्दतीमा रहेछ । तर फिर्ता लिन सकेको थिएन । वहाँ पनि धेरै पटक वडामा आउनुभयो । कसरी समस्या समाधान गर्ने होला भनी सोच्दै म घरमा खाना खान आएँ ।

दस बजे म फेरि वडा कार्यालयमा पुगेँ । वडामा धेरै बचतकर्ताहरू भेला भइसकेका थिए । त्यसपछि सञ्चालकहरूलाई बोलाएँ । वहाँहरू पनि आउनुभयो । वडामा र वडा बाहिर चर्काचर्की पऱ्यो । ठुलो ठुलो स्वरले कराउनु भयो । हात हालाहालको स्थिति देखा पऱ्यो । कर्मचारीहरूलाई सर्तक भएर रहन पहिला नै निर्देशन दिएको थिएँ । त्यही कारण झगडा हुन पाएन । सञ्चालकहरूले बचत फिर्ता गर्ने नदेखेपछि मैले बचतकर्ताहरूसँग छलफल गरी लिखित उजुरी दिन अनुरोध गरेँ । वहाँहरूले हस्ताक्षर सङ्कलन गरी तुरुन्त उजुरी दिनुभयो । त्यसपछि मैले नगरप्रमुखको नाममा सञ्चालकको सम्पत्ति रोक्काको लागि अनुरोध गर्दै चिठी लेखेर बचतकर्ताहरूलाई नगरपालिका जान अनुरोध गरेँ । सञ्चालकहरूलाई पनि वडाबाट सबै सम्पत्ति रोक्का हुने जानकारी गराई बैठक समापन गरेँ ।

हाल नगरपालिकाले केही सञ्चालकहरूको अचल सम्पत्ति मालपोतमा रोक्काको लागि पत्र काटेको छ । चल सम्पत्तिको हकमा वडा कार्यालयले केही सञ्चालकहरूको खाता रोक्का राख्ने कार्य भएको छ । त्यसको बाबजुद पनि बचतकर्ताहरू वडा कार्यालय र नगरपालिकामा आउने क्रम जारी रहेको छ ।

# चीनका प्राचीन नीतिकथा

## gSsnL afF/]

छी राज्यका राजा स्वेनको बाँसुरी सुन्ने सोख थियो । उनी एक्लो बाँसुरी बादकले बजाएको भन्दा धेरै जनाले एकै चोटि बजाएको सामूहिक बाँसुरी बादन रुचाउँथे । उनको दरबारमा तीन सय जना बाँसुरेहरू थिए ।

नानक्वो नाम गरेको एक जना चलाख मानिसले पनि दरबारमा बाँसुरी बजाउने जागिरको माग्यो । राजाले राम्रै तलब दिएर उसलाई बाँसुरेहरूको समूहमा राख्यो ।

वास्तवमा नानक्वो बाँसुरी बजाउन कत्ति पनि जान्दैनथे । तर तीन सय जना बाँसुरेहरूको भीडमा उनी एक्लोले बाँसुरी बजाउन नजानेर केही फरक पर्दैनथ्यो । अरूले बाँसुरी बजाउँदा उसले पनि बाँसुरी बजाएको स्वाङ पार्थ्यो । यसरी उसले आरामसँग जीवन गुजारी रहेको थियो ।

राजा स्वेनको मृत्युपछि उनका छोरा राजा भए । तर, उनी सामूहिक बाँसुरी बादनका सौकिन थिएनन् । उनलाई एक जनाले बजाउने एकल बाँसुरी बादन मन पर्थ्यो । यो कुरा थाहा पाउने बित्तिकै छट्टु नानक्वो जागिर छाडेर भाग्यो ।

अनुवादः विनय कसजू

# मध्यपूर्वमा दिगो शान्तिका लागि प्यालेस्टिनलाई संयुक्त राष्ट्रसङ्घको पूर्ण सदस्यता अनिवार्य

यी जिन




अप्रिलमा, संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्मा संरा अमेरिकाले भिटो प्रयोग गर्दा संयुक्त राष्ट्रसङ्घको पूर्ण सदस्यताको लागि प्यालेस्टिनको अनुरोध अस्वीकृत भयो । यो आश्चर्यको कुरा होइन किनभने मतदानअघि भिटोको अपेक्षा गरिएको थियो, जसले प्यालेस्टिनीहरूको लामो समयदेखि संयुक्त राष्ट्रसङ्घको मान्यता प्राप्त स्वतन्त्र राज्य बन्ने सपनालाई चकनाचुर पारेको थियो ।

पूर्ण सदस्यताको लागि यो प्यालेस्टिनको दोस्रो पटकको माग हो र यो गाजामा भएको लडाइँले ७५ वर्षभन्दा बढी अवधिदेखि प्यालेस्टिन-इजरायल द्वन्द्वलाई केन्द्रमा राखेको छ । यो निराशाजनक छ कि व्यापकरूपमा विश्व जनमतको समर्थन प्राप्त प्रस्तावलाई १५ सदस्यीय परिषद्का १२ सदस्यहरूले पक्षमा मतदान गरे, एक पटक फेरि एक देशको भिटोद्वारा अवरुद्ध भयो । वासिङ्टनको विरोध मुख्यतया दुई कारणमा आधारित छ । **पहिलो,** यसले स्वतन्त्र प्यालेस्टिन राज्यको स्थापना संयुक्त राष्ट्रसङ्घमा होइन, पक्षहरूबिचको प्रत्यक्ष वार्ताबाट हुनुपर्छ भनी भन्छ । **दोस्रो,** पूर्ण प्यालेस्टिनी सदस्यताले दुई-राज्य समाधानको लागि नेतृत्व गर्न मद्दत गर्दैन भन्ने दाबी गर्छ । तथापि, त्यस्ता तर्कहरूले सायदै औचित्य राख्छन् ।

**पहिलो,** प्यालेस्टिनी राज्यको मान्यताको लागि एक बलियो नैतिक अनिवार्यता छ र संयुक्त राष्ट्रसङ्घ ठ्याक्कै त्यो ठाउँ हो जहाँ प्यालेस्टिन र इजरायलको समान स्थिति हुनेछ । यसबाहेक, प्यालेस्टिनी जनताले इजरायली जनताको जस्तै अधिकारको उपभोग गर्न पाउनुपर्छ । सन् १९४७ मा फर्केर हेर्दा संयुक्त राष्ट्रसङ्घको महासभा (UNGA) को सङ्कल्प १८१ मार्फत प्यालेस्टिनलाई बेवास्ता गर्दा इजरायल राज्य स्थापना भएको थियो । १९७४ मा, संयुक्त राष्ट्रसङ्घीय महासभाले अर्को प्रस्ताव पारित गर्‍यो । प्रस्ताव नं. ३२३६ ले प्यालेस्टिनी जनताको राष्ट्रिय स्वतन्त्रता र सार्वभौमसत्ताको अधिकारलाई पुनः पुष्टि गर्‍यो ।

आज, प्यालेस्टिन संयुक्त राष्ट्रसङ्घमा एक गैरसदस्य पर्यवेक्षक राज्य भए पनि अन्तर्राष्ट्रिय समुदायको बहुमतद्वारा एक सार्वभौम राज्यको रूपमा मान्यता प्राप्त छ । भर्खरै नर्वे, आयरल्यान्ड र स्पेनले प्यालेस्टिनी राज्यलाई मान्यता दिएका छन् र प्यालेस्टिनलाई मान्यता दिने देशहरूको कुल सङ्ख्या लगभग १५० पुगेको छ । यसले व्यापक अन्तर्राष्ट्रिय सहमति झल्काउँछ र उग्र गाजा द्वन्द्वले प्यालेस्टिनको कानुनी स्थितिमा नयाँ सान्दर्भिकता र अत्यावश्यकता मात्र देखाउँछ । धेरै लामो समयदेखि, केही देशका क्रमिक सरकारहरूले दुई-राज्य समाधानलाई समर्थन गर्ने दाबी गर्दै आएका छन्, तर यो दाबी खोक्रो छ । कतिपयले अझै प्यालेस्टिनी राज्यलाई मान्यता दिने बेला नभएको तर्क गर्दा हामीले यो प्रश्न सोध्नुपर्छ, अहिले होइन भने कहिले ?

**दोस्रो,** प्यालेस्टिनको पूर्ण संयुक्त राष्ट्र सदस्यताले सुदृढ बनाउँछ दुई-राज्य समाधानलाई कमजोर बनाउँदैन र प्यालेस्टिनको अधिकारको मान्यता भविष्यको कुनै पनि वार्ताको लागि महत्त्वपूर्ण छ । कानुनी स्थितिको असमानता भएमा शान्ति वार्ता बराबरीमा हुँदैन । निकट भविष्यको लागि, दुई पक्षहरूलाई समानतामा ल्याउने सबैभन्दा राम्रो तरिका भनेको प्यालेस्टिनले इस्लामिक संसार र ग्लोबल साउथमा मात्र नभई विश्वव्यापी रूपमा, संयुक्त राष्ट्रसङ्घजस्ता ठाउँहरूमा पनि वैधता प्राप्त गरेको देखाउनु हो ।

**तेस्रो,** प्यालेस्टिन र इजरायलभन्दा ठूलो प्यालेस्टिनको मुद्दा हो । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसका शब्दहरू उद्धृत गर्न, *'दुई-राज्य समाधानतर्फ प्रगति गर्न असफल हुँदा यस क्षेत्रका करोडौँ*



*मानिसहरूको लागि अस्थिरता र जोखिम मात्र बढ्छ, जो हिंसाको निरन्तर खतरामा बाँच्न जारी रहनेछन् ।'* प्यालेस्टिनको भविष्य मध्यपूर्वमा स्थायी शान्ति र स्थिरताबाट अविभाज्य छ ।

केही समयअघि संयुक्त राष्ट्रसङ्घीय महासभाले भारी बहुमतको साथ सुरक्षा परिषद्लाई पूर्ण प्यालेस्टिनी सदस्यताको लागि **'अनुकूल विचार'** दिन सिफारिस गर्ने प्रस्ताव पारित गरेको थियो । त्यस प्रस्तावमा चीनले स्पष्ट समर्थन गरेको छ । संयुक्त राष्ट्रसङ्घका लागि चीनका राजदूतले यस ऐतिहासिक सङ्कल्पको स्वागत गरे र जोड दिए, *'प्रस्तावले अन्तर्राष्ट्रिय समुदायको इच्छालाई प्रतिबिम्बित गर्दछ र प्यालेस्टिनका जनताले भोगेको ऐतिहासिक अन्यायलाई सुधार्ने प्रयासको रूपमा मान्यता दिन्छ ।'*

यद्यपि, धेरैले तर्क गर्छन् कि संयुक्त राष्ट्रसङ्घीय महासभाका प्रस्तावहरूको सुरक्षा परिषद्को प्रस्तावहरू जस्तै बाध्यकारी प्रभाव छैन । तर, यो प्रस्ताव पारित हुनु महत्त्वपूर्ण छ किनभने यसले प्यालेस्टिनलाई स्वतन्त्र राज्यको रूपमा मान्यताको लागि दबाब दिन अन्तर्राष्ट्रिय समुदायमा बलियो गति उत्पन्न गर्दछ । प्यालेस्टिनको सदस्यताको विरुद्धमा रहेकाहरूका लागि यो एकदमै स्पष्ट सङ्केत हो कि यो प्यालेस्टिन राज्यलाई गम्भीरताका साथ लिने समय अहिले नै हो । आशा छ, संयुक्त राष्ट्रसङ्घका लागि प्यालेस्टिनी दूतले भनेझैँ यो प्रस्तावमाथिको समर्थन भविष्यमा **'शान्तिमा लगानी'** हुन सक्छ ।

*(लेखक पेइचिङस्थित समसामयिक विषयमा टिप्पणीकार हुनुहुन्छ ।)*


अनुवाद : आरोही

स्रोत : मजदुर दैनिक


**औषधी, खाद्यसामग्री लगायतका वस्तु किन्दा**

**म्याद हेर्ने बानी गरौं ।**


# बासिबियाँलो



क) दिइएको त्रिकोणको छेउका थोप्लाहरूमा अङ्क १ देखि ९ सम्म यसरी लेख्नुहोस् कि हरेक छेउको लाइनका अङ्क जोड्दा १७ होस् । उत्तर यसै अङ्कमा दिइएको छ ।

तलको चित्रको धर्कोमाथि नकाटी, नदोहोऱ्याइ हात नझिकी अर्को धर्को तान्नुहोस्






**भक्तपुर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

ब्यासी, भक्तपुर

## प्राङ्गारिक मल बिक्रीसम्बन्धी सूचना

भक्तपुर नगरपालिकाबाट कुहिने फोहोरलाई CNBM प्रविधि प्रयोग गरी तयार पारेको प्राङ्गारिक मलप्रति किलो रु. २०।- का दरले धमाधम बिक्री गरिरहेको जानकारी गराउँदै उक्त प्राङ्गारिक मलको प्रयोग गरी आफ्नो कृषि उत्पादन वृद्धि गरी लाभ लिन प्राङ्गारिक मल खरिदको लागि सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# तस्बिरमा सोह्रौं नगरसभाका केही झलक




भक्तपुर नपाको सोह्रौं नगरसभाको बैठक



धन्यवाद प्रस्ताव पारित



आव २०८१/८२ को नीति तथा कार्यक्रम पारित



आव २०८१/८२ को बजेट सर्वसम्मतिबाट पारित

## तस्विरमा सोह्रौं नगरसभाका केही झलक





भक्तपुर नपाको सोह्रौं नगरसभाका विभिन्न बैठकमा नगर सभासद्‌हरू



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति भक्तपुर नपा र भक्तपुर पर्यटन विकास समितिको संयुक्त आयोजनामा स्थानीय पथप्रदर्शक पुनर्ताजगी तालिम समापन समारोहमा । असार १६ गते



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिद्वारा मेड्पाअन्तर्गत भक्तपुर नपामा सञ्चालित आधारभूत बेकरी, मखमली जुत्ता र पेपर रिसाइक्लिन तालिमको निरीक्षण । असार ११ गते

## तस्बिरमा केही गतिविधि



विश्वविद्यालय अनुदान आयोगको सहयोग र ख्वप कलेजको आयोजनामा R-Studio Programming बारे कार्यशाला गोष्ठी । जेठ २२ गते



भक्तपुर नपाबाट सञ्चालित ख्वप अस्पतालमा असार ४ गतेबाट ल्यापरोस्कोपिक सर्जरी (दुरबिनबाट गरिने शल्यक्रिया) बाट पित्त थैलीको पत्थरीको अप्रेशन सुरु ।



भक्तपुर नपा वडा नं. २ मा वडाध्यक्ष हरिप्रसाद बासुकलाले वडाका ६० जना स्थानीयहरुलाई नि:शुल्क विद्युतीय चुल्हो (इन्डक्सन) वितरण । असार १४ गते



नर्सिङ पहिलो बर्षको परीक्षाको नतिजा (२०८०)मा भक्तपुर नपाद्वारा सञ्चालित ख्वप बहुप्राविधिक अध्ययन संस्थानबाट सम्मिलित ३९ जनामध्ये ३२ जना विशिष्ट र ७ जना पहिलो श्रेणीमा उत्तीर्ण भई शतप्रतिशत सफल नतिजा हासिल ।

# तस्बिरमा केही गतिविधि



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिबाट चिनियाँ जनराजनैतिक परामर्श सम्मेलन, राष्ट्रिय समितिका उपाध्यक्ष पाथ अरको नेतृत्वमा आउनुभएको प्रतिनिधिमण्डल टोलीलाई स्वागत । असार २ गते



भक्तपुर नपाका उपप्रमुख रजनी जोशीबाट जनवादी गणतन्त्र चीनको सर्वोच्च अदालतका न्यायाधीश माननीय लिऊ कुइसियाङलाई स्वागत । असार ४ गते





भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिसँग चीनको स–छ्वान विश्वविद्यालय दक्षिण एसियाली अध्ययन संस्थानका प्रो. लि ताओको नेतृत्वमा आएको टोलीद्वारा भेट । असार १८ गते



# समालोचनाया सिद्धान्त



## (समालोचनाया सिद्धान्त-२७)


– प्रो. माणिकलाल श्रेष्ठ

### तँसा-क

## समालोचनाया विभिन्न ढङ्ग

समालोचना सम्बन्धी विभिन्न प्रवाह व दृष्टिकोण ला च्वय् अध्याय अध्यायस व्याख्या जुइ धुंकल । सुं लेखक बा छुं कृतिया समालोचना याइबेले छु छु तरीका बा ढङ्ग छ्यलेगु या धका छको बिचा याना स्वये ! समालोचनाया थ्व विभिन्न तरीका मध्ये गुम्हसिनं छगू, गुम्हसिनं मेगु अले हानं गुम्हसिनं निगू स्वंगु तरीका नं ल्वाक छ्याना छ्यला तः ।

### इण्डक्टिव् (प्रयोग याना स्वयेगु) वा वैज्ञानिक तरीका



एरिस्टोटल

लेखकपिनि कृति हे ब्वना स्वया उकिया अध्ययन व विश्लेषण यायेगु, अले उकिं हे नियम लुइकेगु । पिनें नियम हया कसी याना कृति चुला स्वयेगु ज्या मयायेगु तरीका थ्व खः । **‘काव्यशास्त्र’** या महान लेखक **एरिस्टोटलं** थ्व हे तरीका छ्यला समालोचना यागु खः । एरिस्टोटलं थःगु समयया ग्रीक लेखकपिनि त्रासदी ब्वना त्रासदीया नियम व महाकाव्य ब्वना महाकाव्यया नियम च्वया थकल । थौं कन्हे बिलायते थ्व तरीका समालोचनाय् गाक्कं छ्यलेगु या । निर्णय बिइगुसिकं अपो ध्यान विश्लेषणे बिइगु जूगुलिं थ्व तरीकायात वैज्ञानिक तरीका नं धा । *(च्वय् दकले न्हापांया अध्याये थ्व तरीकाया व्याख्या जुइ धुंकूगु दु) ।*

### जुडिसियल (निर्णय बिइगु) तरीका



होरेस




क्यास्त्लेभेत्रो




ब्वायले

एरिस्टोटलयात ‘इण्डक्टिव्’ तरीकाया नी स्वंम्ह धायेथें तुं **होरेस** **‘जुडिसियल’** तरीका छ्यलेगु चलन पिकाम्ह खः । साहित्य कला सम्बन्धी छुं छता नियमयात माने याना, उकियात ऐन थें भाषा साहित्य व कलाया कृतियात व हे नियमं जिउ मजिउ स्वयेगु तरीका थ्व खः । एरिस्टोटलं कृति ब्वना दयेकूगु नियमयात अकाट्य नियम भापा उगु नियमं न्हू न्हूगु कृति लना स्वयेगु ज्या होरेसं यात । न्हापाया कृति स्वया दयेका तःगु धारणायात आधार याना न्हू न्हूगु कृति स्वयेबेले न्हूगु प्रयोग, न्हूगु धारणा फुक्क नियम कथं लाइ मखु । अथे जुगुलिं जुडिसियल तरीका अनुदार जुइ यो । **क्यास्त्लेभेत्रो** (Giacomo Castelvetro (1546-1616) (भिंखुगूगु शताब्दीया इटालियाम्ह), **ब्वायले** (Pierre Bayle (1647-1706) (भिंन्हय्गूगु शताब्दीया फ्रान्सयाम्ह) पिसं थ्व हे लँ ज्वन ।

## फिलोसफिकल (दर्शनया) तरीका



प्लेटो




प्लोटिनस्


थ्व तरीकाकथं न्हापां कला धयागु छु धका चिन्तन याइ, अले साहित्य नं कला खः ला कि मखु ? खःसा कलाया सिद्धान्त साहित्ये छ्यला स्वये गुलि तक छिं धका स्वइगु खः । छगू छुं राजनैतिक, नैतिक बा कलाया सिद्धान्त व दर्शनया मिखां साहित्ययात नं फाया स्वयेगु थ्व तरीका खः । विभिन्न दर्शन दुगुलिं थ्व तरीका ज्वनीपिं समालोचकपिनि मत परस्पर यक्को पा । साहित्य (काव्य) या समालोचनाय् दकले न्हापां तरीका **प्लेटो** (प्राचीन ग्रीसयाम्ह दार्शनिक), **प्लोटिनस्** (Plotinus (204/5-270 CE) (स्वंगूगु शताद्वीया रोमयाम्ह) निम्हसिनं छुं भति न्हापा हे छ्यले धुंकल, अथेसां समालोचना यायेत आधार हे जुइक छ्यला क्यंपिं जर्मनीया **कान्ट्, सुपनहार** (Arthur Schopenhauer (1788-1860), **स्किलर, स्केलिङ व हेगेल** (फुक्क झिंच्यागूगु व झिंगुंगूगु शताब्दीयापिं) व **क्रोचे** (नीगूगु शताब्दीया इटालीयाम्ह) खः ।



कान्ट्



सुपनहार



स्किलर



स्केलिङ




हेगेल



क्रोचे

## ऐतिहासिक, मनोवैज्ञानिक व तुलनात्मक तरीका

थ्व स्वता धुंका मेमेगु ढङ्ग नं समालोचना-ज्याय् छ्यलेगु या । ऐतिहासिक ढङ्ग धका छुं छगू कृतियात



रिचार्डस्

अलग मब्वंसे इतिहासया क्रम कथं उगु ईया समाज व इतिहास नाप अध्ययन यायेगु तरीका दु। तुलनात्मक तरीका कथं छु कृतियात व हे लेखकया मेगु कृति बा उगु हे जोगु खँ च्वइम्ह मेम्ह लेखकया कृति बा उगु हे ईया कृति बा उगु हे विषयया कृति नाप तुलना याना स्वये मा। *(ऐतिहासिक समालोचना व तुलनात्मक समालोचनाया तरीका खुगूगु अध्याये व्याख्या जुइ धुंकूगु दु)*। साहित्य व कलाया कृतियात मनोविज्ञानया दृष्टिं चिउता दइगु विषय कया वाला स्वयेगु उकिया भावात्मक व मनोवैज्ञानिक प्रभावया अध्ययन यायेगु तरीका मनोवैज्ञानिक तरीका खः। थ्व तरीका समालोचनाय् छ्यलीम्ह छम्ह प्रसिद्ध समालोचक **आई. ए. रिचार्डस्** खः।

*(थ्व स्वंगुलिं तरीकाया मुक्क अलग अस्तित्व मदु, मेमेगु तरीका नाप थ्व तरीका नं ल्वाक ज्याना समालोचना-ज्याय् छ्यला तःगु जक खने दु)*।

## तँसा-ख

# शब्द व्याख्या

समालोचना धयागु हे छगू प्राविधिक विषय जूगुलिं व सफू च्वयेत नेपाल भाषाया शब्दं जक बांलाक ध्वाथुक्क कने मछिंथाय् आपालं मेमेगु भाषाया शब्द नं छ्यलागु दु। थ्वजोगु यक्को शब्द ला छ्यला तःथाय् लेख ब्वना यंकेबेले हे अर्थ सिइदइ। गुगुं व्याख्या अन हे जूगु दु, गुगुंया अर्थ कोष्ट (ब्राकेट) या दुने व गुगुं अध्याय क्वचायेका क्वय् टिप्पणी बिया यानागु दु। अथेसां व्याख्या मजूगु छगू निगू शब्द व निगू स्वंगू अर्थ दुगु शब्द जुया बांलाक सिइ मदुगु जुक्कोया अर्थ छ्यायेगु कुतः थन याये।

**कलाया मू** – कला गुलि ग्यं अर्थात कलाया मूल्य, सार बा महात्म्य, अंग्रेजी भाषाय् Value धाइगु बस्तु।

**शाश्वत गुण** – न्ह्याबलें च्वनीगु, गबलेसं मसीगु, महिलीगु गुण।

**मूल्याङ्कन** – थुलि ग्यं धका लना बिइगु।

**बस्तुगत तथ्य** – मनूया कल्पना व इच्छा कथं मखु, मनूया इच्छां अलग छुं धाथें दुगु बस्तुं खने दुगु तथ्य।

**अभिव्यक्ति व भाव-सञ्चार** – मने च्वंगु छुं खँ बांलाक प्वंकेगु अभिव्यक्ति खः, अले सफल अभिव्यक्तिं थःके च्वंगु भाव हे मेगु मने न्ह्याका बिइगु भाव-सञ्चार ख।

**साहित्यया कच्चा पदार्थ** – कच्चा पदार्थया पाखें कारखानां तयारी माल पिकाइथें साहित्यं छु सिर्जना यायेत मागु बस्तु, तथ्य, विषय-ज्ञान साहित्यया 'कच्चा पदार्थ' खः।

**अनुभूति** – छुं खना न्यना बा सिया न्ह्यपुइ दिउगु छुं छता विशेष अनुभव।

**सर्वहारा साहित्य** – उद्योग कल कारखाना तस्सकं थहाँ वना समाजं उत्पादन यक्को याबेले छगू थ्वजोगु वर्गया मनू नं दत, गुम्ह्यसिया छैँ मदु, बुँ मदु, ज्या याना नयेत लाय् नं मदु। थःके दुगु म्हया बल छ्यला श्रम याना ज्याला कया नइ। थ्वजोपिं ज्यामित, छगु उद्योगे हे द्वलंदो याना औद्योगिक समाजे ला आपा मनू हे थ्व वर्गयापिं जुइ। थ्व वर्गयात सर्वहारा वर्ग व थ्व वर्गया हित व स्वार्थ स्वइगु साहित्ययात सर्वहारा साहित्य धाइ।

**रिकर्ड** – च्वया मुंका तःगु छुं।

**क्याथार्सिस** – विरेचन, शुद्धिकरण, मभिंगु मनिंगु फुक्क क्वकया शरीरया शुद्ध यायेगु।

**समंजन** – निगू अःखःगु भावना व प्रवृत्तियात छथाय् ह्वनेगु, ल्वापु तंकेगु (निगूयात क्वत्यला मखु, भ्रन थना कुला बिया)।

**रोमान्टिक** – थम्हं खंथें स्वतन्त्र कथं कल्पना यायेगु।

**क्लासिकल** – छुं बांलागु कृतियात नमूना याना व हे कथं च्वयेगु *(रोमान्टिक व क्लासिकलया व्याख्या अध्याय १४ या क्वय् टिप्पणीइ दु)।*

**पद्य व कविता** – छन्दे बा मात्राय् चिना तःगु रचना पद्य खः, कल्पना दुगु रचना कविता खः। पद्य Verse खः, कविता Poetry ।

**सहज अनुभूति** – Intuition, इटालीया समालोचकं कला धयागु हे सहज अनुभूतिया अभिव्यञ्जना धाल। **क्रोचे**या कथं 'बुद्धिं' खंकीगु ज्ञान युक्ति खः, कल्पनां खनीगु ज्ञान नं 'इन्टुइसन' मखु, नुगलं खंकीगु ज्ञान थ्व खः। थःगु नुगलं (ब्रम्हं) खंगु खँ मनुखं सुचुका तइ मखुः कनी गथे खन अथे हे कनी। कने मफइकथं जक चागु ज्ञान 'इन्टुइसन' मखु। इन्टुइसन कनेगु बा प्वंकेगु, अभिव्यञ्जना खः।

**'देकादेन्त'** – ता तक हा कया च्वंगु बस्तु कोदलेत बुलुहुँ धेचुला वंगु; न्हास जुयावं वंगु; क्वब्वाना च्वंगु।

**प्रवृत्ति** – छुं उद्वोधकं भ्रीत छगू प्रेरणा बिइ। थ्व प्रेरणां मने क्वातुक्क हइगु छगू भावना (impulse) प्रवृत्ति खः।

*(प्रो माणिकलाल श्रेष्ठजुया थ्व **समालोचनाया सिद्धान्त**- वर्ष ३९ अङ्क ४, २०७८ फागुन, सङ्ख्या ३०६ निसें वर्ष ४१ अङ्क ८, २०८१ असार, सङ्ख्या ३३६ तक कथहं पिब्वयागु)*

**(क्वचाल)**

# पुण्यराम घेमोसु

## जिम्याष्टिक खेलाडी तथा निर्णायक



राजकुमार लघु

पुण्यराम घेमोसु जिम्याष्टिकका अन्तराष्ट्रिय खेलाडी तथा प्रशिक्षक हुन्। उनको जन्म २०३६ साल असोज ६ गते भक्तपुर नगरपालिका हाल वडा नं ४ (साविक वडा नं १२) लाकोलाछँको एक किसान परिवारमा भएको थियो। उनको पिताको नाम विष्णु घेमोसु र माताको नाम मैया घेमोसु हो। उनले भारती प्रावि भक्तपुर खलाँमा कक्षा १ देखि ३ सम्म अध्ययन गरे। त्यसपछि बयासीस्थित बासु माध्यमिक विद्यालयमा कक्षा ४ देखि १० सम्म अध्ययनलाई जारी राखे। त्यसबेला विद्यार्थीको एक गन्तब्य थियो बासु मावि। त्यहीबाट पुण्यरामले फलामे ढोका एसएलसी दोश्रो श्रेणीमा उत्तीर्ण गरे। उनले उच्च शिक्षा अध्ययनलाई निरन्तरता दिन भक्तपुर क्याम्पस र नवदुर्गा क्याम्पसमा भर्ना भए तर विभिन्न कारणले निरन्तरता दिन सकेन।



पुण्यराम घेमोसुको जीवन सङ्गीनी शिक्षिका लक्ष्मीशोभा न्याइच्याई हुन्। उनीहरूका एक छोरी लिसम र एक छोरा पुस्कल घेमोसु छन्। छोरी ख्वप ईन्जिनीयरिङ कलेज, भक्तपुरमा सिभिल विषय लिई अन्तिम वर्षमा अध्ययनरत छिन्।

पुण्यरामका हालको राष्ट्रिय जिम्याष्टिक प्रशिक्षक काठमाडौँका पूर्णमान बज्राचार्य हुन्। उनको प्रारम्भिक चरणमा खेल प्रशिक्षणको सुरुवात विसं २०४६-०४७ सालतिर भक्तपुर त्रिपुरा सुन्दरी कभर्ड हलमा भयो। उनका सुरुका प्रशिक्षक जिम्याष्टिक खेलाडी कृष्णराम जाकिबन्जार हुन्। त्यसपछि उनले खेललाई तीखार्ने सिलसिलामा जिम्याष्टिक प्रशिक्षकहरू सुरेश भेले र मिलन भुजुबाट २०५१ देखि २०५३ सालसम्म लगान्तार ३ वर्ष प्रशिक्षण लिएका थिए।

खेल क्षेत्रमा प्रवेश गर्नाको कारणबारे पुण्यराम आफ्नो रुचि र खेल खेलेर देशको नाम संसारमा चम्काउने र राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडी उत्पादन गर्ने हो। उनलाई मनपर्ने जिम्याष्टिक खेलाडी राजु राई हुन्। उनका अनुसार जिम्याष्टिक खेलाडी राजु राई काठमाडौँबाट खेल्ने अल राउण्डर खेलाडी हुन्। उनी हरेक खेलमा उत्तीकै राम्रा छन्, बास्केटबल र क्रिकेट पनि खेल्छन्।

पुण्यराम भक्तपुरका विभिन्न सङ्घ संस्थामा आवद्ध भई खेलकुद विकासमा र सामाजिक कार्यमा पनि संलग्न छन्। उनी भक्तपुर जिल्ला जिम्याष्टिक सङ्घका सदस्य हुन्। उनी स्थानीय भक्तपुर लाकोलाछँको एकता वाचनालयमा पनि सदस्य भई पुस्तकालयको गतिविधि र विकासमामा पनि लागेका छन्। उनले २०५४ सालमा १२ वडा खेलकुद समितिमा आवद्ध भई वडाको खेलकुद विकासमा संलग्न रहे।

पुण्यराम हाल ग्यालेक्सी स्कुल काठमाडौँमा जिम्याष्टिक खेल र टेबल टेनिस खेलको आधारभूत प्रशिक्षण दिइरहेका छन्। उनले २०५५ सालमा दीपेन्द्र प्रहरी सांगामा ३० जना महिला खेलाडीहरूलाई जिम्याष्टिकको प्रशिक्षण दिएका थिए। उनले प्रोक्सीमा इन्टरनेशन स्कुल आदर्शमा २०५८ सालमा तीन महिना २५ जना विद्यार्थीहरूलाई जिम्याष्टिक खेलको प्रशिक्षण दिएका थिए। उनले हालसम्म ग्यालेक्सी सेकेण्डरी स्कूल काठमाडौँमा एक हजार जनाजति विद्यार्थीहरूलाई प्रशिक्षण दिइसकेको बताउँछन्। उनका अनुसार ग्यालेक्सी स्कूलको प्रमुख उद्देश्य प्रत्येक खेलको आधारभूत प्रशिक्षण दिनु हो जसले भोलि कुनै पनि खेलमा जान सकून् भन्ने हो।

पुण्यराम क्रिकेट, बास्केटबल र कबड्डी पनि खेल्छन्। उनले भेलुखेलमा सम्पन कबड्डी खेलकुद प्रतियोगितामा २०५५ सालतिर जनसेवा विकास मण्डलबाट खेलेका थिए भने सहिद स्मृति खेल मैदानमा २०५८ सालतिर आयोजित जिल्ला ब्यापी कबड्डी प्रतियोगितामा पनि १२ वडा खेलकुद समितिबाट प्रतिस्पर्धा गरेका थिए ।

खेल क्षेत्रमा कसरी प्रवेश भयो भन्ने जिज्ञासामा पुण्यराम भन्छन्, सुरुमा उनलाई उसका बुबा विष्णु घेमोसुले यस खेलमा खेल्न हौसला दिए। त्यसका निम्ति उनका बुबालाई टोलका साथीभाइले छोरालाई जिम्याष्टिक खेलाउन अनुरोध पनि गरेका थिए। त्यसपछि टोलका काका माइला छुंकाँको

माध्यमबाट उनी जिम्याष्टिक खेल्न भक्तपुर त्रिपुरा सुन्दरी कभर्ड हलमा भर्ना भए र खेल्न सुरु गरे ।

अन्तरष्ट्रिय जिम्याष्टिक खेलाडी तथा प्रशिक्षक पुण्यराम घेमोसुको उद्देश्य जिम्याष्टिक खेलको प्रमुख प्रशिक्षक (कोच) बनी धेरैभन्दा धेरै राष्ट्रिय-अन्तराष्ट्रिय खेलाडी उत्पादन गर्नु हो । उनी थप्छन्, जिम्याष्टिक खेलमा निःस्वार्थपूर्वक लाग्ने ध्येय छ । भक्तपुर नगरपालिका वा अन्य सङ्घ संस्थाले अवसर दिएमा निःशुल्करूपमा जिम्याष्टिक खेलको प्रमुख निर्णायकको भूमिका खेल्ने प्रतिबद्धता जाहेर गर्छन् । उनी भन्छन्, हाल म भक्तपुर जिल्ला जिम्याष्टिक सङ्घको प्राविधिक निर्देशकको जिम्मेवारीमा छु ।

जिम्याष्टिक खेल किन खेल्ने भन्ने जिज्ञासामा उनी भन्छन्, यो खेल स्वस्थ रहन खेल्नुपर्छ । जिम्याष्टिक खेल प्रत्येक खेलको आधार हो । जिम्याष्टिक Mother of Spotrs हो । जिम्याष्टिक Clay of sports हो अर्थात् जिम्याष्टिक खेललाई काँचो माटोको रूपमा पनि लिइन्छ । यो खेलको आधारभूत चरण प्रशिक्षण लिएर जुनसुकै खेलमा फिट हुन सजिलो हुन्छ । यो खेल खेल्ने आँटिला र साहसिलो हुन्छन् ।

जिम्याष्टिक खेलका फाइदाहरू के के छन् भन्ने प्रश्नमा उनी भन्छन्, यस खेलबाट स्वस्थ शरीर निर्माण हुनुको साथै रोजगारी सिर्जना गर्न टेवा पुग्छ । जीवन जीउने आधार तय हुन्छ । समाजमा परिचित भई पहिचान बन्दछ ।

यस खेलमा के कस्ता समस्याहरू छन् भन्ने जिज्ञासामा पुण्यराम भन्छन्, खेल सामग्री विदेशमा उत्पादन हुन्छ र महँगो भएकोले खरिद गर्न समस्या हुन्छ । धेरै इभेन्टहरू भएकोले लगानी गर्न गाह्रो छ । जिम्याष्टिक खेलमा २० ओटा इभेन्टसहरू हुन्छन्- Mens Artisix ६ ओटा, Women Articsix ४ ओटा, Trapoline women ६ ओटा, Mens Trapoline ४ ओटा र Redmix ४ ओटा छन् । Aerobic पनि यस खेल अन्तरगत पर्छ । नेपालमा जिम्याष्टिक खेलको प्रशिक्षकहरूको धेरै कमी छन् । राष्ट्रिय खेलकुद परिषद्बाट कममात्र खेल प्रशिक्षकहरू नियुक्त गर्दछ । स्थानीय स्रोतबाटै प्रशिक्षकको बन्दोबस्त गरिन्छ । भक्तपुर नगरपालिकाबाट पनि खेल सामग्री बन्दोबस्त गरी योग्य प्रशिक्षक नियुक्त गरे खेलको थप विकासमा टेवा पुग्छ ।

यस खेलका अविस्मरणीय क्षणबारे प्रश्न गर्दा जिम्याष्टिक खेलाडी पुण्यराम भन्छन्, २०६४ सालमा Central South Asian जिम्याष्टिक प्रतियोगिता भारतमा खेल्न जाँदा एकजना उत्कृष्ट खेलाडीको खेल हेरी सोही type मा खेल खेल्दा यस खेलमा नौलो सीपमा खेलेजस्तो भयो । सो सीप प्रदर्शन गर्दा अरू प्रशिक्षकहरू र मेरो प्रशिक्षक पूर्णमान बज्राचार्य पनि प्रभावित भएको क्षण मेरो खेलकुद क्षेत्रको अविस्मरणीय क्षण हो ।

युवा खेलाडीहरूलाई केही सन्देश छ कि भन्ने सन्दर्भमा पुण्यराम भन्छन्, प्रत्येक खेलाडी अनुशासित हुनुपर्छ । आफूले सिकेको खेल अरूलाई सिकाएमा आफूले थप सिकिन्छ । खेल अभ्यास निरन्तर गर्नुपर्छ । अनिमात्र सफल खेलाडी बन्न सक्छ ।

## अन्तरष्ट्रिय जिम्याष्टिक खेलाडी तथा प्रशिक्षक पुण्यराम घेमोसुका केही उपलब्धी

### National tournament

a. Parallel bars Gold-1st
b. Horizontal bars Gold-1st
c. Side horse Gold-1st
d. Roman rings Gold-1st
Team Events silver-2nd Long horse Bronze
e. National Gymanastics championship
f. Side horse Gold-Ist
g. Roman Rings Gold-1st, All Round Gold- 1st \ Team Events Gold-1st
h. Parallel bars Silver-2nd
i. Floor Exercises Silver-2nd
j. Horizontal bars Bronze-3rd
-National gymnastics championship Kathmandu 2053-participated
- Youth day 2055 oragined by national sports council 2050-parcipated
- Open gyamnastic championship on the auspicious king Gyanendra
- Paras shaha birthday 2059 gymnastic championship-3rd Bronze
- Best player mens award 2054 and 2055 two year

**Judge and team management experience**

1. 9th National Games 2079, Pokhara
2. 8th National game 2075 and 2076
3.7th National game 2073
4. 6th National Game 2068
5. 5th National Game 2065

अज्ञानीहरू रोगदेखि डराउँछन्
मूर्खहरू रोगलाई बेवास्ता गर्छन्
बुद्धिमानहरू रोगदेखि सतर्क रहन्छन्
सफा गर्ने बानी बसालौं
रोगदेखि टाढा बसौं ।

# स्थानीय तहको अधिकारमाथि शिक्षा मन्त्रालयको गैरसंवैधानिक हस्तक्षेप

शिक्षा मन्त्रालयले हालै शिक्षक सरुवा सम्बन्धी निर्देशिका २०८१ जारी गरेर देशभरका स्थानीय तहले प्रयोग गर्दै आएको अधिकार खोस्ने संविधान र सङ्घीय भावनाविपरीत काम गऱ्यो। निर्देशिकाले शिक्षकहरूको जिल्लान्तर सरुवासम्बन्धी व्यवस्थामा सहजीकरण गर्ने बहानामा झन् अप्ठेरो र जटिल बनाइ दिएको छ। यस अघिसम्म स्थानीय तहहरूले स्थानीय शिक्षा ऐनअनुसार सम्बन्धित दुई पालिकाको सहमति र विद्यालय व्यवस्थापन समितिको निर्णयअनुसार सरुवा हुने व्यवस्था थियो।

नेपालको संविधान २०७२ ले मावि तह (कक्षा १२ सम्म) को एकल अधिकार स्थानीय तहलाई दिएको छ। स्थानीय तहहरूले आफ्नै शिक्षा ऐन बनाएर काम गर्दै छन्। सङ्घ सरकारले विभिन्न बहानामा संविधानविपरीत जिल्ला विकास तथा समन्वय एकाइ खडा गरी काम गर्दै छ र खारेज भइसकेको जिल्ला शिक्षा कार्यालयलाई निरन्तरता दिने कोसिस गर्दै छ। हाल प्रतिनिधिसभामा विचाराधीन शिक्षा विधेयकमा जिल्ला शिक्षा कार्यालयलाई पुनःस्थापनाको प्रस्ताव गर्नु त्यसको एक उदाहरण हो। संविधान र कानुनमा सङ्घीय व्यवस्था भए पनि सिहदरबार चलाउने शासक दलहरूको सोच र चिन्तन भने एकात्मक राज्यकै रहेको देखिन्छ।

शिक्षा मन्त्रालयले जारी गरेको शिक्षक सरुवासम्बन्धी निर्देशिकाको परिच्छेद २ को दफा ३ मा शिक्षक सरुवासम्बन्धी कार्यमा आवश्यक समन्वय तथा सहजीकरण शिक्षक व्यवस्थापन गर्ने केन्द्रको महानिर्देशक संयोजक, मन्त्रालयको विद्यालय शिक्षा शाखा प्रमुख र केन्द्रको शिक्षक व्यवस्थापन शाखा प्रमुख सदस्य रहेको समितिले गर्ने व्यवस्था गरिएको छ।

एकात्मक राज्य प्रणालीमा एकजना शिक्षक, कर्मचारी सरुवा गर्न पनि सिंहदरबार धाउनुपर्ने र सम्पूर्ण अधिकार केन्द्रमा रहेको कारण जनतालाई दुःख भएको हुँदा काममा छिटो छरितो र सहजताको लागि भनेर सङ्घीयता लागु गरिएको हो। निर्वाचनको बेला राजनैतिक दलहरूले गाउँ गाउँमा सिंहदरबारको नारा पनि लगाएका थिए। स्थानीय तहहरूलाई क्रमशः अधिकार सम्पन्न बनाउँदै लानुपर्नेमा उल्टै मन्त्रालयले स्थानीय तहमा गइसकेको अधिकार खोस्नु गलत मात्रै होइन सङ्घीयता र संविधानको भावना र मर्म विपरीत पनि छ।

निर्देशिकाको परिच्छेद ५ दफा १५ मा भएको व्यवस्थाले जिल्लान्तर शिक्षक सरुवालाई थप जटिल बनाएको छ। यस दफामा शिक्षकको प्राथमिकताक्रम तोकिएको छ। हाल कार्यरत रहेको विद्यालयको सम्बन्धित तहमा सबैभन्दा बढी स्थायी सेवा गरेको, त्यो नभए हालको तहमा सबैभन्दा बढी सेवा गरेको, त्यो पनि नभए तोकिएको न्युनत्तम योग्यताभन्दा माथिल्लो तहको शैक्षिक योग्यताको प्राप्ताङ्कको आधारमा वा त्यस्तो पनि नभए गोलाप्रथाको आधारमा गरिने व्यवस्था छ। सरकारले यसबाट कस्तो राम्रो परिणामको अपेक्षा गरेको हो ?

निर्देशिकाको व्यवस्थाले सरुवा हुन चाहने शिक्षक, विद्यालय व्यवस्थापन समिति र स्थानीय तहहरूले चाहेर पनि आवश्यक शिक्षक व्यवस्थापन सम्भव नहुने देखियो। योग्य शिक्षक आफ्नो घरपायक सरुवा हुनुपऱ्यो भने उसले धेरैजनाबिच प्रतिस्पर्धामा जित्नु पर्ने भयो। आफूभन्दा अघि सेवा गरेका शिक्षकहरू भएसम्म सरुवा सम्भव नहुने भयो। योग्यताभन्दा वरिष्ठतालाई प्रथमिकता दिने र सार्वजनिक सूचना आह्वान गर्नुपर्ने प्रावधानले शिक्षक जो अवकाश नजिक पुगेका छन्, विद्यालयहरू त्यस्ता शिक्षकहरूलाई लिनै पर्ने बाध्यकारी हुन्छन्। निर्देशिकामा उल्लेखित यस्ता अव्यहारिक  प्रावधानहरूले शैक्षिक गुणस्तरमा वृद्धि गर्ने सोच केवल सोचमा मात्रै सीमित रहने छ।

नयाँ संविधान कार्यान्वयनसँगै स्थानीय तहहरूले शैक्षिक गुणस्तर राम्रो गर्न आआफ्नो क्षेत्रबाट प्रयास गरे र गर्दै पनि छन्। त्यसको परिणाम धेरै पालिकाहरूले गुणस्तरमा सुधार गरेका पनि छन्। कमजोर विद्यालयहरूका भौतिक सुधार, शैक्षिक उपकरणहरूको व्यवस्था गर्नु सङ्घ सरकारको पनि जिम्मेवारी हो। त्यसतर्फ ध्यान नदिई स्थानीय तहको अधिकार खोस्ने कार्यले राम्रो सन्देश दिएको छैन।

शिक्षा मन्त्रालयले विद्यालयमा भौतिक पूर्वाधार कस्तो छ, शिक्षक दरबन्दीको अवस्था ठिक छ छैन, विषयगत शिक्षक पुगेको छ छैन, शिक्षकहरू योग्य छन् वा छैनन् भन्नेतर्फ ध्यान दिनुपर्ने हो। अधिकारभन्दा बाहिर गएर शिक्षक नियुक्तिमा जबरजस्ती हात हाल्नु उचित होइन।

सैद्धान्तिक रूपमा भन्ने हो भने तलब जसले खुवाउँछ, शिक्षक र कर्मचारी उसको नियन्त्रणमा हुनुपर्छ। देशभरका शिक्षकहरूलाई तलब स्थानीय तहहरूले खुवाउँछ। तर नियन्त्रण भने विभिन्न नाउँमा जिल्ला विकास तथा समन्वय एकाइले गर्न खोज्दैछ। यो सिद्धान्त र व्यवहारबिच कसरी मेल खान्छ ?

देशका अधिकांश विद्यालयहरू स्थानीय जनताकै पहलमा बनेका थिए। ती जनताले विद्यालयप्रति अपनत्व कायम गरेमा नै विद्यालयको विकास र प्रगति सम्भव हुन्छ। शिक्षक सरुवासम्बन्धी निर्देशिकाले विद्यालय व्यवस्थापन समितिलाई शिक्षक सरुवामा भूमिका विहीन बनाइदिएको छ। यस्तो अवस्थामा शिक्षक र विद्यालय व्यवस्थापन समितिबिच द्वन्द्व बढ्न सक्ने र समस्या जटिल हुने देखिन्छ।

यसर्थ स्वतन्त्र पार्टीका शिक्षामन्त्री सुमना श्रेष्ठले देशका विद्यालयलाई गैरसरकारी संस्था (एनजीओ) सञ्चालन गरेजस्तै सञ्चालन गर्न खोजेको देखिन्छ। त्यो प्रक्रिया संविधानविपरीत, अव्यवहारिक र स्थानीय जनताको हितमा नरहेको प्रष्ट हुन्छ। यसर्थ, उक्त निर्देशिका तत्काल खारेज हुन आवश्यक छ।

# भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बैठक भक्तपुर नपा वडा नं. २ ब्यासीस्थित नगरपालिकाको कार्यालय भवनमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

## बैठक सङ्ख्या– ५५

## मिति २०८१ वैशाख १६ गते, आइतबार

**उपस्थिति**

| | |
|---|---|
| १. प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. वडाध्यक्ष श्री उपेन्द्र सुवाल | ऐ |
| ७. वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छें | ऐ |
| ८. वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. वडाध्यक्ष श्री कृष्णप्रसाद कोजु | ऐ |
| ११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व | ऐ |
| १२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा | ऐ |
| १३. कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. कार्यपालिका सदस्य श्री कृष्णप्यारी भुजु | ऐ |
| १७. कार्यपालिका सदस्य श्री रञ्जना त्वाती | ऐ |
| १८. प्रमुख प्रशासकीय अधिकृत श्री बसन्त भट्टराई | ऐ |

## निर्णयहरू

### गुंला बाजा प्रतियोगिता

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवम् वरिष्ठ राजनीतिज्ञ श्री नारायणमान बिजुक्छें (रोहित) ज्यूको प्रमुख आतिथ्यमा खुला गुंला बाजा प्रतियोगिता तथा पुरस्कार वितरण समारोह मिति २०८१ वैशाख २२ गते शनिवार भार्वाचो, भ.न.पा. १, कुथुवहीमा गर्ने निर्णय गरियो ।

### जनप्रतिनिधि बहालीको २ वर्ष

'भक्तपुर नगरपालिकामा जनप्रतिनिधिहरु बहाली भएको २ वर्ष' पुगेको अवसरमा मिति २०८१ जेठ ६ गते नेपाल मजदुर किसान पार्टीका अध्यक्ष श्री नारायणमान बिजुक्छें (रोहित) को प्रमुख आतिथ्यमा प्रवचन कार्यक्रम गर्ने निर्णय गरियो ।

### टेबलटेनिस कभर्डहल उद्घाटन

भक्तपुर नगरपालिकामा 'जनप्रतिनिधिहरु बहाली भएको २ वर्ष' पुगेको अवसरमा नेपाल मजदुर किसान पार्टीका सविच एवम् प्रतिनिधिसभा सदस्य माननीय श्री प्रेम सुवालज्यूको प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिका वडा नं. १० बेखालस्थित नवनिर्मित टेबल टेनिस कभर्ड हल उद्घाटन कार्यक्रम मिति २०८१।०२।६ गते, आइतबार बेखाल, भनपा १० मा गर्ने निर्णय गरियो ।

### अरनिको सभा भवन शिलान्यास

भक्तपुर नगरपालिकाद्वारा भ.न.पा वडा नं. ६ देकोचामानिर्माण गरिने अरनिको सभाभवन शिलान्यास कार्यक्रम मिति २०८१ वैशाख २१ गते, शुक्रबार देकोचो, भनपा ६ मा गर्ने निर्णय गरियो ।

त्रिभुवन विश्वविद्यालय कीर्तिपुरसँगको सहकार्यमा मिति २०८१।०१।२५ गते, मंगलबार ख्वप इन्जिनियरिङ कलेजमा इतिहास र संस्कृति सम्बन्धी कार्यशाला गोष्ठी गर्ने निर्णय गरियो ।

### समिति निर्णय अनुमोदन

देहायका समितिका देहायका निर्णय अनुमोदन गर्ने निर्णय गरियो–

**कृषि समिति**

मिति २०८१।१।१३ गते

१. यस वर्ष भक्तपुर नगरका कृषकहरुलाई **ताइचिन धानको बीउ वितरण** गर्न प्रतिकिलो रु.११०।– का दरले ताइचिन धानको बीउ १०००० दस हजार किलो खरिद गर्न तथा धानको बीउको लागत मूल्यमा ५० प्रतिशत रकम सहुलियत दरमा कृषकहरुलाई वितरण गर्ने निर्णय गरियो ।

२. भक्तपुर नगरका कृषकहरुलाई भक्तपुर नगरपालिकाबाट उत्पादन गरिएको **कम्पोष्ट मल कम मूल्य** २० किलो प्रति बोरा रु.३५०।– (अक्षेरुपी तीन सय पचास) मा सहुलियत दरमा प्रति घरधुरीलाई प्रतिबोरा रु.२००।– (अक्षेरुपी दुई

सय) मा आ.व. २०८०/०८१ असार मसान्तसम्मको लागि वितरण गर्ने निर्णय गरियो।

३. सामुदायिक कुकुरहरुलाई **रेबिज खोप कार्यक्रम** सञ्चालन गर्न आ.व. २०८०/०८१ को वार्षिक सशर्त बजेटबाट खोप व्यवस्थापनको लागि कृषि प्राविधिकलाई ५०,०००।- (अक्षेरुपी पचास हजार) मात्र पेश्की माग गर्ने अख्तियारी दिने निर्णय गरियो।

## युवा तथा खेलकुद समिति

मिति २०८१।१।१४ गते

१. भक्तपुर नगरपालिकाबाट सञ्चालन गरिरहेको **टेबल टेनिस प्रशिक्षण**को लागि आवश्यक टेबल टेनिस बोर्ड ६ थान, टेबुल टेनिस बल १००० ओटा, ऐरिना १० ओटा र आवश्यकता अनुसार डम्बेल, कोन, स्केपिङ्ग रोपहरु खरिद गर्ने निर्णय गरियो।

## निर्माण समिति

मिति २०८१/०१/०४ गते

| क.सं. | योजनाका विवरण | वडा नं. | बजेट शीर्षक | ल.ई.रकम | रि ल.ई./कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजना को अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क) ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | सुधारिएको चुलो (Induction Cooker)खरिद | नपा | वाग्मती प्रदेश सशर्त अनुदान | १,११९,२६५।०० | | | | | | | | स्पेशिफिकेशन समेत पेश भएको |
| २ | भनपा १० सिलकेमा Polysand Plantको डिजाइन, स्पेशिफिकेशन र इष्टिमेट तयार गर्ने परामर्श सेवा | १० | पराशर्म सेवा | ४९६,२०५।६० | | | | | | | | |
| ३ | महेश्वरी ग्यारेजको सिमानामा घेरावार गर्ने कार्य | ७ | मर्मत | ६७,७४२।३१ | | | | | | | | |
| ४ | नपुखू पर्खाल पुन:निर्माण कार्य | १ | नपा | १,४५५,५६९।९० | | | | | | | | |
| ख)उपभोक्ता समिति स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | नपुखू पर्खाल पुन:निर्माण कार्य | १ | नपा | १,४५५,५६९।९० | | | उ.स.अ. : श्री नरेश गोठे अ.स.स. : श्री श्यामकृष्ण खत्री | | | | | |
| ग) | रि.ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | |
| १ | खोंरिमा रहेको परोपकार केन्द्र परिसरको बाटो सववेस स्तरोन्नती कार्य | ७ | मर्मत | ९४,२४९।४४ | ९४,४३७।४३ | | | | | | | |
| घ) | पेश्की फछ्र्यौट तथा भुक्तानी सम्बन्धमा | | | | | | | | | | | |
| १ | थुसाचादेखि च्याम्हासिंहसम्मको फुटपाठ मर्मत कार्य (निर्माण सामग्री र दक्ष कामदारको ज्याला मात्र) | ८ | खानेपानी पूर्वाधार विकास | २,६७४,८३३।६८ | | ८८०,०००।०० | २,१९२,३०९।६९ | १,३१२,३०९।६९ | २,५५०,८९३।४८ | सम्पन्न | श्यामसुन्दर बेकोजु | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | बिस्का जात्राको लागि थप सीसीटीभी निगरानी जडान कार्य | नपा | मर्मत | ४८२,४६३।४४ | | | ३४३,९४८।८० | ३४३,९४८।८० | ४६९,२९८।५४ | सम्पन्न | Reboot Technology Pvt. Ltd., Kathmandu | |
| ३ | नगर प्रहरी कार्यालयमा रङ्गरोगन कार्य | १ | मर्मत | १४०,७४१।१८ | | सामान तर्फ | ४५,७६५।०० | ४५,७६५।०० | ४८,१७९।५४ | सम्पन्न | अमानत (कृष्णहरि लागेजु) | सामान जिन्सीबाट प्राप्त र ज्याला रु. ६३,५००।०० मात्र भुक्तानी गर्ने |
| | | | | | | ज्याला तर्फ | ८०,०००।०० | ८०,०००।०० | ८८,७३४।३८ | | | |
| | | | | | | जम्मा | १२५,७६५।०० | १२५,७६५।०० | १३६,९१३।९२ | | | |
| मिति २०८१/०१/१६ गते | | | | | | | | | | | | |
| क) | ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | |
| १ | अरनिको सभागृह भवन निर्माणका लागि सित पाइलिङ कार्य | ६ | अरनिको सभागृह | ९८९,२२५।७४ | | | | | | | | स्वीकृत ल.ई. अनुमोदन गर्ने |
| २ | वेखाल कभर्ड हलमा रंगरोगन तथा Site Development | १० | वेखाल कभर्ड हल | २,५४६,७९५।५४ | | | | | | | | |
| ३ | नपली क्षेत्रको खोला सुधार कार्य | ९ | मर्मत | ४४४,८२५।५२ | | | | | | | | |
| ख) | उपभोक्ता समिति स्वीकृति सम्बन्धमा | | | | | | | | | | | |
| १ | चोखामा भत्किएको रिटेनिङ वाल मर्मत कार्य | ९ | मर्मत | ५०४,५११।१७ | | | उ.स.अ. : श्री कृष्णहरि कोजू<br>अ.स.स. : श्री छोरीमैया सुजखु | | | | | चालु आ.व. रू. १० लाख मात्र विनियोजन भएको |
| २ | कमलविनायक बसपार्कमा सडक बत्ती जडान कार्य | १० | मर्मत | १२२,५११।३५ | | | उ.स.अ. : श्री पुरूषोत्तम कुटुव<br>अ.स.स. : श्री कृष्णनारायण दुमरू | | | | | |
| ३ | भनपा १० मा डिप वोरिङ खानेपानी योजना (पहिलो चरण : Setting of Machine & EquipmentरBoring and Testing) | १० वाग्मती प्रदेश सशर्त अनुदान भनपाको खानेपानी पूर्वाधार विकास | | ३,९३८,३६६।१६ | | | उ.स.अ. : श्री रामभक्त थकुलवत<br>अ.स.स. : श्री कृष्णनारायण दुमरू | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ग) | म्याद थप सम्बन्धमा | | | | | | | | | | | |
| १ | लिवाली वसपार्क स्थित ख्वप अस्पतालको उत्तरतर्फको बाटो पीच कार्य | ८ | योजना हरूको बाँकी भुक्तानी | ५५२,७९२।९० | | मिति २०८१ असार १५ गतेसम्म म्याद थप गर्ने । | | | | | | |
| घ) | रि.ल.ई./ल.ई. स्वीकृति, पेश्की फछ्र्यौट तथा भुक्तानी सम्बन्धमा | | | | | | | | | | | |
| १ | शित भण्डारण गृह भवन निर्माण कार्य (दोस्रो चरण) | ८ | सङ्घीय सरकार समपूरक | १२,७७८,४९१।८० | ८,८१६,६२७।४८ | | २,९२५,४८०।०७ | २,९२५,४८०।०७ | २,९२५,४८०।०७ | आंशिक सम्पन्न | Poudel Construction, Dillibazar, Kathmandu | |
| २ | वेखाल कभर्ड हल निर्माण ( तेस्रो चरण) | १० | नपा | १३,७६६,१८८।७१ | ८,०५७,२८४।७९ | | ६,९२८,९२९।३० | ६,९२८,९२९।३० | ६,९२८,९२९।३० | आंशिक सम्पन्न | Samaj Sewa Construction, Gatthaghar, Bhaktapur | |
| ३ | तुमचो दुगुरे चोखा आवास क्षेत्र खानेपानी उ.स.को कार्यालय भवन निर्माण कार्य | ९ | अन्य सार्वजनिक निर्माण | २,७४१,२७९।७४ | | ८००,०००।०० | ८१९,००४।७२ | १९,००४।७२ | १,२५४,५८४।९२ | आंशिक सम्पन्न | विष्णुप्रसाद दुमरू | |
| ४ | वेखाल स्वास्थ्य सेवा केन्द्र भवन निर्माण कार्य (तेस्रो चरण) | १० | नपा | ३,०६५,७८२।०३ | ३,०३५,१३१।४५ | १,०००,०००।०० | १,८५८,०९६।०९ | ८५८,०९६।०९ | २,३२२,१२६।३५ | आंशिक सम्पन्न | देवकुमार अवाल | |
| ५ | सहिद स्मृति खेल मैदानको घेराबारमा रङरोगन कार्य | २ | मर्मत | ९९,३५९।८५ | | | ८९,१२९।५३ | ८९,१२९।५३ | ९८,०७०।६० | सम्पन्न | अमानत (कृष्णहरि लागेजु) | |
| ६ | महेश्वरी ग्यारेजको सिमानामा घेराबार गर्ने कार्य | ७ | मर्मत | ६७,७४२।३१ | | | ५९,८३५।६७ | ज्याला : ४०,८००।०० | ६०,६९२।३८ | सम्पन्न | अमानत | सामान जिन्सीबाट शाखाबाट प्राप्त |
| ७ | भनपा १ देखि १० सम्म विभिन्न नियमित मर्मत (ढुङ्गा छपाइ मर्मत) कार्यहरू ( २०८० चैत महिना) | १/१० | मर्मत | ४७,५५६।०८ | | सामान तर्फ | १४,४६१।६७ | १४,४६१।६७ | १४,४६१।६७ | सम्पन्न | अमानत ( राधेश्याम भैनाल्व) | जिन्सी उपशाखा बाट सामान प्राप्त भएको रु. २५,८००।०० ज्याला भुक्तानी गर्ने |
| | | | | | | ज्याला तर्फ | २५,८००।०० | २५,८००।०० | ३१,८८०।३० | | | |
| | | | | | | जम्मा | ४०,२६१।६७ | ४०,२६१।६७ | ४६,३४१।९७ | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | भनपा १ देखि १० सम्म विभिन्न नियमित मर्मत (ईंटा छपाइ, फलामसम्बन्धी, ब्लक छपाइ मर्मत) कार्यहरू (२०८० चैत महिना) | १-१० | मर्मत | ९८,१९७।९७ | | सामान तर्फ | २०,९६५।६७ | २०,९६५।६७ | २०,९६५।६७ | सम्पन्न | अमानत (राधेश्याम भैनात्व) | जिन्सी उपशाखाबाट सामान प्राप्त भएको र रु. ६७,२००।०० ज्याला भुक्तानी गर्ने |
| | | | | | | ज्याला तर्फ | ६७,२००।०० | ६७,२००।०० | ७०,७२२।०१ | | | |
| | | | | | | जम्मा | ८८,१६५।६७ | ८८,१६५।६७ | ९१,६८७।६८ | | | |

## विविध

विविध विषयमा छलफल हुदा निम्नानुसार गर्ने निर्णय गरियो -

**क.** भक्तपुर नगरपालिकाबाट सञ्चालित अरनिको सभा भवन निर्माण आयोजनाको लागि देहाय बमोजिमको **निर्माण समिति गठन** गर्ने निर्णय गरियो-

१. श्री सुनिल प्रजापति, प्रमुख, भक्तपुर नगरपालिका
२. श्री रजनी जोशी, उपप्रमुख, भक्तपुर नगरपालिका
३. श्री रविन्द्र ज्याख्व, वडाअध्यक्ष, वडा नं. ९, भ.न.पा.
४. श्री उकेश कवां, वडाअध्यक्ष, वडा नं. ७ , भ.न.पा.
५. श्री हरिराम सुवाल, वडाअध्यक्ष, वडा नं. ६ , भ.न.पा.
६. श्री वसन्त भट्टराई, प्रमुख प्रशासकीय अधिकृत, भ.न.पा.
७. श्री सुनिल दुवाल, प्राचार्य, ख्वप कलेज अफ इन्जिनियरिङ
८. श्री सरोज वैद्य, ईन्जिनियर, भक्तपुर
९. श्री दिलभक्त जयना, योजना तथा प्राविधिक शाखा प्रमुख, भ.न.पा.

**ख.** भक्तपुर नगरपालिकाबाट सञ्चालित अरनिको सभा भवन निर्माण आयोजनाको लागि देहाय बमोजिमको **प्राविधिक समिति गठन** गर्ने निर्णय गरियो-

१. संयोजक : ई. श्री सुनिल दुवाल
२. सदस्य : ई. श्री सुजन माक
३. सदस्य : ई. श्री राजेन्द्र हाडा
४. सदस्य : ई. श्री सरोज वैद्य
५. सदस्य : आ. श्री रामगोविन्दश्रेष्ठ
६. सदस्य सचिव : आ. श्री दिलभक्त जयना

## बोलपत्र मूल्याङ्कन समिति

मिति २०८०/१२/१९ गते

**ग.** भक्तपुर नगरपालिकाबाट दैनिक सङ्कलित फोहोरमैला व्यवस्थापन गर्न आवश्यक इलेक्ट्रिक ट्राइसाइकल छ (पाँच) थानको लागि आधिकारिक बिक्रेताबाट निर्धारित दरमा (क्याटलग सपिङ्ग) विधिबाट खरिद गर्न मिति २०८०/११/१७ गोरखापत्र दैनिकमा प्रकाशित सूचनाअनुसार म्यादभित्र पर्न आएका अधिकृत विक्रेताहरूको स्पेसिफिकेशन, गुणस्तर र सुबिधा सम्बन्धमा नपाबाट सञ्चालित ख्वप कलेज अफ इन्जिनियरिङका मेकानिकल इन्जिनियरको अध्ययन प्रतिवेदन अनुसारदेहायका तालिका बमोजिम प्रस्तावदाता कम्पनी हुलास मोटर्स प्रा.लि.को प्रस्तावित स्पेसिफिकेशन अनुकुल नभएको हुँदा सो रद्द गर्ने निर्णय गरियो ।

**तालिका**

| Description | Requirements | Firm name: Hulas Motors Pvt.Ltd. | Firm name: Nata Enterprises & Suppliers | Firm name: Supermoon International Pvt.Ltd. | Firm name: Jayasawal Auto | Firm name: Janak Auto |
|---|---|---|---|---|---|---|
| Battery | Type; LiFePo4 Capacity: 9.2 Kwh Life Cycle: 2500 Cycles @ 80% DOD Warranty: atleast 3 years on Battery cell | Acid tubing Battery 180Ah/12V/5pcs | Lead Acid 180Ah/60V | Comply | Not mentioned | Lead Acid Battery 150Ah/72V |
| Charging Duration | Not more than 5 hrs | 10-12 hrs | 6-8 hrs | 4-5 hrs | Not mentioned | 6-8 hrs |

**घ.** उपरोक्त प्राविधिक प्रतिवेदन र आर्थिक प्रस्तावका आधारमा प्रस्तावदाता नाता इन्टरप्राइजेज एण्ड सप्लायर्स प्रा.लि.को Electric Three Wheeler Loder (ई.ट्राइसाइकल) कबोल अङ्क प्रतिथान रकम रु.५,२०,०००।०० (भ्याटसहित) का दरले ५ थानको जम्मा रकम रु.२६,००,०००।०० (अक्षरेपि छब्बीस लाख रूपैयाँ) मात्र न्यूनत्तम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भएकोले उक्त प्रस्तावदाता स्वीकृत गर्न सिफारिस गर्ने निर्णय गरियो ।

# बैठक सङ्ख्या- ५६

## मिति २०८१ जेठ ४ गते, शुक्रबार

## निर्णयहरू

### कर्मचारी सम्मानित

भक्तपुर नगरपालिका सुशासन समितिको मिति २०८१।२।४ को निर्णय अनुसार १२ जना उत्कृष्ट कर्मचारीहरू तथा ३० वर्ष बढी कार्य गरेका ३३ जना कर्मचारीहरूलाई सम्मानित गर्ने निर्णय गरियो।

### समितिको निर्णय अनुमोदन

देहायका  समितिका देहायका निर्णय अनुमोदन गर्ने निर्णय गरियो–

#### कृषि समिति

मिति २०८१।१।२७ गते

१. यस वर्ष भक्तपुर नगरका कृषकहरूलाई **ताइचिन धानको बीउ** प्रतिकिलो रु.११०।- को (५० प्रतिशत)रकम सहुलियत दरमा वितरण गर्न तथा भक्तपुर नगरपालिकाद्वारा उत्पादित **कम्पोष्ट मल** २०८१ साल असार मसान्तसम्मको लागि २० किलोको प्रति बोरा रु. २०० (अक्षेरूपी दुई सय मात्र) मा वितरण गर्न सबै वडा कार्यालयमा परिपत्र गर्ने।

२. भक्तपुर नगरपालिकाको कृषकहरूलाई धान बीउ उपचार सम्बन्धी पर्चा वितरण गर्ने निर्णय गरियो।

#### शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति

मिति २०८१।२।१ गते

**१.** भाजु पुखु र जलेश्वर मन्दिर पुनः निर्माण पुस्तक तयार पार्ने देहाय बमोजिम कार्यका लागि देहाय बमोजिम **पारिश्रमिक प्रदान** गर्ने निर्णय गरियो–

क. सम्पादन गर्ने विज्ञलाई – रु.१०,०००।–

ख. डिजाइन गर्ने विज्ञलाई – रु.१०,०००।–

**२.** चिनीयाँ भाषा प्रशिक्षकहरूलाई पारिश्रमिक दिने सम्बन्धमा यसै समितिको मिति २०८० श्रावण ९ गतेको बैठकको निर्णयानुसार हुने गरी **पारिश्रमिक** प्रदान गर्ने निर्णय गरियो।

**३.** श्री भैरवनाथ सांस्कृतिक समूहले सञ्चालन गरेको मुहालीं बाजा प्रशिक्षण कार्यका लागि रु.३०,०००।– **आर्थिक सहायता** प्रदान गर्ने निर्णय गरियो।

**४.** ख्वप बहु–प्राविधिक अध्ययन संस्थान सञ्चालनका लागि रु.१ करोड ५० लाख **अनुदान प्रदान** गर्ने निर्णय गरियो।

#### वातावरण तथा पर्यटन समिति

मिति २०८०।१२।२३ गते

१. घरको फोहोर कुहिने र नकुहिने वस्तुमा छुत्याई राख्नको लागि प्रत्येक घरलाई कुहिने फोहोर राख्न हरियो रङको र नकुहिने फोहोर राख्न रातो रङको बाल्टिन वितरण गर्न र कुहिने फोहोरलाई घरमै कम्पोष्ट मल बनाउन कम्पोष्ट विन समेत आवश्यक हुने भएकोले वडामा वितरणको लागि आवश्यक बाल्टिन र कम्पोष्ट विनको सङ्ख्या माग गरी पठाउन सबै **वडा कार्यालयहरूमा परिपत्र** गर्ने।

मिति २०८१।२।१ गते

१. वर्षायाम सुरु हुने समय भएकोले सबै वडा कार्यालयको आयोजनामा वडा क्षेत्रमा उपयुक्त स्थानहरूमा **वृक्षारोपण कार्यक्रम** आयोजना गर्ने। वृक्षारोपणको लागि आवश्यक विरुवाहरू खरिद गरी व्यवस्था गर्ने।

#### नगर विपद व्यवस्थापन समिति

मिति २०८१।०२।२ गते

१.मिति २०८१।०१।१४ गते भ.न.पा.वडा नं. २ मिवाछेँस्थित काठको फर्निचरहरूमा अचानक आगलागी भई भ.न.पा. ६ बस्ने विक्रम जतिको फर्निचरमा रहेको काठपात, मेशिनरी सामानहरू समेत काम नलाग्ने गरी जलेको, वडा नं. ५ बस्ने प्रेम गलुको छोरा ऐ. बस्ने प्रदिप गलुको फर्निचरमा रहेको काठ, सामान र मेशिनहरूसमेत काम नलाग्ने गरी जलेर नष्ट भएको र वडा नं. २ बस्ने जुजुमान लघुको घरमा समेत आगोले पाइपहरू पग्लिएको साथै घरमा रहेको धान समेत जलेर नष्ट भएकोले आर्थिक सहयोग पाऊँ भनी छुट्टा छुट्टै निवेदन पेश भएको सम्बन्धमा छलफल हुँदा र घटना स्थलको प्रहरी मुचुल्का समेत पेश गरेको देखिएकोले देहाय अनुसार **राहत स्वरूप आर्थिक सहयोग** उपलब्ध गराउने निर्णय गरियो–

१. विक्रम जतिलाई रु.४०,०००।– (चालीस हजार)

२. प्रदिप गलुलाई रु. ३०,०००।– (तीस हजार)

३. जुजुमान लघुलाई रु.३०,०००।– (तीस हजार)

#### सुशासन समिति

मिति २०८१।०२।४ गते

१.भक्तपुर नगरपालिकामाजनप्रतिनिधि बहाली भएको २ वर्ष पुगेको अवसरमा यस नगरपालिकामा ३० वर्षभन्दा बढी निरन्तर अटुट रूपमा सेवा गरेका ३३ जना कर्मचारीहरूलाई कर बाहेक रु. पाँच हजार पुरस्कारसहित सम्मान पत्र प्रदान गर्ने तथा १२ जना कर्मचारीहरूलाई कर बाहेक रु. पन्ध्र हजार नगद पुरस्कारसहित उत्कृष्ट कर्मचारीको रूपमा सम्मानित गर्न सिफारिस गरी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो।

## आर्थिक तथा लेखा समिति

मिति २०८१।०१।१७ गते

१. **समदर्शी बचत तथा ऋण सहकारी संस्था लि.** को च.नं. २५५/२०८०/०८१ मिति २०८१।१।१६ गतेको पत्र सम्बन्धमा बैठकमा छलफल भई जानकारी प्राप्त भयो। तत् सम्बन्धमा भक्तपुर नगरपालिकाको कार्यपालिका

२०८०।११।२३ गतेको बैठक निर्णय अनुसार समदर्शी साकोसको आ.व. २०७५/०७६ देखि २०७९/०८० सम्म ५ वर्षको छानविनको सिलसिलामा **लेखा परीक्षण गर्न** पठाउने निर्णय गरियो।

२. **सहकारी शाखा**को सम्पूर्ण हिसाब किताब व्यवस्थित रूपमा डिजिटल रूपमा राख्न र विभिन्न समयमा तालिमहरू सञ्चालन गर्न एक जना कर्मचारीले मात्र नभ्याउने भएकोले ख्वप कलेजबाट व्यवस्थापन विषय लिई स्नातक अध्ययन गरिरहेका एक जना विद्यार्थीलाई ईन्टर्नका लागि माग गर्ने निर्णयगरियो। सोको पारिश्रमिक लेखा परीक्षणको सिलसिलामा आएका इन्टर्न विद्यार्थीलाई दिएको सरह पारिश्रमिक दिन कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो।

मिति २०८१।०१।२७ गते

१. **प्राञ्जल बचत तथा ऋण सहकारी संस्थाका** बचतकर्ताहरूबाट बचत फिर्ता नदिएको सम्बन्धमा प्राञ्जल साकोसका पदाधिकारीहरू र पीडितहरूबीच पटक पटक छलफल गरी सम्झौता हुँदा समेत रकम फिर्ता नदिएकोले पदाधिकारीहरूको सम्पत्ति रोक्का गरी पाऊँ भनी पटक पटक निवेदन परेको र वडा नं. ६ वडा कार्यालयको च.नं. १२७५ मिति २०८१।१।२६ गतेको पत्रबाट समेत उल्लेखित व्यक्तिहरूको जग्गा रोक्का गर्न भूमि सुधार तथा मालपोत कार्यालय, भक्तपुरमा सिफारिस दिन अनुरोध भई आए अनुसार उक्त जग्गाहरू रोक्का गर्न भू.सु. तथा मा.पो. का. भक्तपुरमा सिफारिस गर्ने निर्णय अनुमोदन गर्ने गरियो–

**तपसिल**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | ज.ध.को नाम | संस्थाका पदाधिकारी |
|---|---|---|---|---|---|
| भ.न.पा. | ९ हाल ६ | ७१२ | ०-०-३-१.५ | ईन्दिरा अवाल, आयुष अवाल | अध्यक्ष श्री कृष्णाराम अवालको श्रीमती र छोरा |
| भ.न.पा. | ४ च हाल १० | ३२५ | ०-५-२-० | रेणु बुयो, कृतिका बासु (बुयो) र रनिश बुयो | सदस्य राजेश बुयोकी श्रीमतीहरु र छोरा |

२. **प्राञ्जल बचत तथा ऋण सहकारी संस्था लि.** का सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति पदधिकारीहरू र व्यवस्थापनलाई मिति २०८१।०२।०१ गते मंगलबार विहान ११:०० बजे बोलाई छलफल गर्ने निर्णय गरियो।

३. **जय भवानी बचत तथा ऋण सहकारी संस्था लि.** बाट पेश भएको कागजातहरू मिति २०८१।२।३ गते विहीवार विहान ११:०० बजे अनुगमन, निरीक्षण गर्ने र सो सम्बन्धमा साकोसमा जानकारी दिने निर्णय गरियो।

४. **भक्तपुर नगरपालिका क्षेत्र बाहिरका सहकारी संस्थाहरू**बाट दैनिक बचत सङ्कलनहरू पठाई नगरवासीहरूको रकम सङ्कलन गरी फिर्ता नदिने क्रम बढ्दै गइरहेको देखिएकोले नगर बाहिरका सहकारी संस्थाहरूबाट सङ्कलकहरू आई दैनिक बचत रकम सङ्कलन गर्न आएको खण्डमा दैनिक बचत रकम जम्मा नगर्न सम्पूर्ण नगरवासीहरूमा भक्तपुर नगरपालिकाबाट अनुरोध गर्न 'मजदुर' दैनिक पत्रिकामा सूचना प्रकाशित गर्ने निर्णय गरियो।

५. **भक्तपुर श्रमिक साकोस**को निवेदन अनुसार संस्थाको विनियमको दफा ५ उपदफा १० मा (ञ)उपदफा साधारण सभाको निर्णय अनुसार थप गर्न स्वीकृति दिने निर्णय गरियो।

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
**नगरको विकासमा सघाऔं ।**

**निर्माण समिति**

मिति २०८१/०१/२१ गते

| क्र.सं. | योजनाको विवरण | वडा नं. | बजेट शीर्षक | ल.ई.रकम | रि.ल.ई./कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क)ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | ग्राभेल हाली बाटो सम्याउने कार्य, सिलखे | १० | | ९९९,४५८।२७ | | | | | | | | |
| ख) | रि.ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | |
| १ | लिबाली बसपार्क स्थित ख्वप अस्पतालको उत्तरतर्फको बाटो पीच कार्य | ८ | योजनाहरू को बाँकी भुक्तानी मर्मत | ५५२,७९२।९० | ८५८,२८०।७८ | | | | | | | |
| ग) | उपभोक्ता समिति स्वीकृति सम्बन्धमा | | | | | | | | | | | |
| १ | नपली क्षेत्रको खोला सुधार कार्य | १ | मर्मत | ४४४,८२५।५२ | | | उ.स.अ.:श्री ढकराज थापा<br>अ.स.स.:श्री श्यामकृष्ण खत्री | | | | | |
| २ | नगर प्रहरीको कार्यालयमा सीसीटीभी निगरानी जडान कार्य | १ | मर्मत | २१०,२३०।९१ | | | उ.स.अ. :श्री केशव कोजु<br>अ.स.स. :श्री श्यामकृष्ण खत्री | | | | | |
| घ रि.ल.ई./ल.ई. स्वीकृति, पेश्की फछ्र्यौट तथा भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | खौंरिमा रहेको परोपकार केन्द्र परिसरको बाटो सबवेस स्तरोन्नती कार्य | ७ | मर्मत | ९४,४३७।४३ | | | ८९,६४०।०० | ८९,६४०।०० | ९४,३९८।१७ | सम्पन्न | रन्जना त्वाती | |
| ङ)म्याद थप सम्बन्धमा | | | | | | | | | | | | |
| १ | हनुमन्ते खोला सुधार (रिटेनिङ वाल निर्माण समेत) (ठेक्का नं. bktmun/NCB/works/0२र०८०र८१) | नपा | नपा | १३,२७३,५८२।४५ | कबोल अङ्क : ५६,८९,४१३।५१ | मिति २०८१ असार मसान्तसम्म म्याद थप माग भएको । | | | | | | |
| च) | विविध | | | | | | | | | | | |
| १ | बाराही पुल परिसरमा एप्रोच रोड बनाउने तथा रिटेनिङ वाल लगाउने कार्य सम्बन्धमा छलफल गर्दा स्थानीय विवाद समाधानार्थ वंशगोपालदेगमना बाटो र मंगलघाट किनाराको बाटोको Junction मा यस अघि Filling गरी ग्राभेल बिछ्याइएको बाटो २-३ फिटसम्म कटान गरी पूर्व र दक्षिणतर्फ Slope गर्दै साविकको जमिन लेभलसम्म भेट्ने गरी Slope गरी सतह मिलाउने र सम्पदाहरू भएको स्थानको हकमा यस अघिको बाराही पुल परिसर व्यवस्थापन समितिको प्रतिवेदनमा उल्लेख भए अनुसार सम्पदाहरूलाई साविक लेभलमै पुनःस्थापना गर्ने । | | | | | | | | | | | |

**छ. एजेण्डा नं. १: रिना कन्स्ट्रक्सनको म्याद थप सम्बन्धी निवेदन बारे ।**

भक्तपुर न.पा. वडा नं. ३ बाराही पुलस्थित Approach Road works and Retaining Wall Construction around Barahi Premises (ठेक्का नं. bktmun/works/01/079/80) कार्य सम्पन्न गर्ने म्याद २०८१ वैशाख मसान्तसम्म मात्रै भएकोले ठेकेदार Rina Construction को मिति २०८१/०१/२५ (दर्ता नं. ११२७५) को आवश्यक कामको लागि म्याद थप सम्बन्धमा प्राप्त पत्र बारे छलफल गरी देहाय बमोजिम गर्ने निर्णय गरियो ।

क) उल्लेखित कार्यका लागि भक्तपुर नगरपालिका र रिना कन्स्ट्रक्सन बिच मिति २०७९/१०/०४ गते भएको

सम्झौताका शर्तहरूमा मूल्य समायोजन बारे उल्लेख नभएको र सो कार्यको बोलपत्र प्रकाशन गर्दाको Online Bid Document को Special Conditions of Contract (SCC) मूल्य समायोजन (Price Adjustment) हुने छैन भनी प्रस्ट उल्लेख भएकोले निवेदक रिना कन्स्ट्रक्सनले माग गरे बमोजिम वार्षिक १०% का दरले दुई वर्षको २०% रकम बढाउने गरी मूल्य समायोजन हुन नसक्ने व्यहोरा जानकारी दिने ।

ख) योजना कार्यान्वयनका क्रममा यसअघि केही समस्या देखिए पनि हाल सो समस्या समाधान भई कार्य सुचारु गर्ने वातावरण बनेकोले ठेक्का रद्द गर्नुपर्ने कुनै कारण नभएकोले सो कार्य सुचारु गर्न लगाउने ।

ग) कार्य सम्पन्न गर्नको लागि हालको समय उपयुक्त हुन नसकिने र उक्त बाँकी कार्य २०८१ को दसैं तिहार पछि मात्र गर्न सकिने भनी ठेकेदारको पत्रमा उल्लेख भएको र निर्माणस्थल खोला किनारमै भएकोले नजिकिँदो वर्षा मौसमका कारण बाढीजन्य जोखिमलाई समेत दृष्टिगत गरी उक्त बाँकी कार्य सम्पन्न गर्न २०८१ चैत मसान्तसम्म म्याद थप गर्ने ।

घ) ठेकेदारले यसअघि पेश गरेको कार्य सम्पादन मिति २०८१/४/१० गतेसम्म मात्रै म्याद भएकोले कार्य सम्पन्न गर्ने अवधि पछि १२ महिनाको Defects Liability Period र थप १ महिनासम्म पुग्ने गरी सो कार्यको लागि Performance Bond को म्याद मिति २०८३ वैशाख मसान्तसम्म Valid हुने गरी म्याद बढाई १५ दिनभित्र पेश गर्न ठेकेदारलाई जानकारी दिने ।

**एजेण्डा नं. २: डिप बोरिङ्को प्राप्त मन्जुरीबारे राजकुमार कोजुको निवेदन बारे ।**

भ.न.पा. वडा नं. १० सिलखे साविक भ.न.पा. ४ (ख) कि.नं. १७७, १९० र २०९ का जग्गावाल (मोही) श्री राजकुमार कोजुको डिप बोरिङ्को लागि मन्जुरी बारे मिति २०८१/०१/२० (द.नं. १११९४) को निवेदन सम्बन्धमा, छलफल गर्दा निजको जग्गा फोहोर व्यवस्थापन एवम् पुनःप्रयोगका लागि बक्स कम्पोष्टिङ विधि लगायतका आवश्यक कार्य गर्न मिति २०७९ चैत्र १२ गते लिज (भाडा) मा लिने गरी निवेदक र नगरपालिका बीच सम्झौता भइसकेकोले र डिप बोरिङ निर्माण गरी सञ्चालन गरे/गराएमा मञ्जुरी भएको थप दाबी विरोध नगर्ने व्यहोरा उल्लेख भई आएकोले कि.नं. १७७ (क्षे.फ. ३-७-२-०) को उपयुक्त स्थानमा डिप बोरिङ कार्य सञ्चालन गर्ने निर्णय गरियो ।

**विविध**

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो –

क. यस न.पा.का कार्यपालिका सदस्य श्री सुनिता अवालले मिति २०८० फागुन ६ गतेदेखि सञ्चालन भएको दोस्रो अन्तर स्थानीय तह यू १८ बास्केटबल प्रतियोगितामा यस नपाका खेलाडीहरू सहभागी गराउन रु.१,००,०००।०० पेश्की लिएकोमा रु.८१,३२४।०० खर्च गरी पे.फ. का लागि पेश गरेको निवेदन अनुसार निजको खर्च समर्थन गरी बाँकी रकम बैंक दाखिला गरी निजको नाउँमा रहेको **पे.फ. गर्ने** निर्णय गरियो ।

ख. अग्रिम भुक्तानी उपलब्ध गराउने बारे ।

भ.न.पा. वडा नं. ६ देकोचामा निर्माणाधीन अरनिको सभा भवन निर्माण कार्य (पहिलो चरण : हलको MAT Foundation) (ठेक्का नं. bktmun/works/04/080/81) को ठेकेदार श्री R.B. Siddhartha-J.A. Engineering-Purna Binayak JV, Kageshwori Manohara Municipality-9, Kathmandu ले अग्रिम भुक्तानी (Advance Payment) पाऊँ भनी मिति २०८१/०१/२८ गते (द.नं. ११३९२, मिति २०८१/०१/३०) को बारे छलफल हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५२ क बमोजिम अग्रिम भुक्तानी ( पेश्की) बराबरको बैङ्क जमानत प्राप्त गरी सम्झौता रकम (रु. ६,३०,४८,०५७।८८) को करिब १०५ अर्थात् रु. ६३,००,०००।- (अक्षरेपि त्रिसठ्ठी लाख रूपैयाँ मात्र) अग्रिम भुक्तानी उपलब्ध गराउने निर्णय गरियो ।

ग. भक्तपुर नगरपालिकाबाट निर्माणाधीन थंथु दरबार भवन पुनः निर्माण आयोजना अन्तर्गत पहिलो तलासम्मको भवन निर्माण कार्य गर्न भ.न.पा.वडा नं. ३ को सिफारिसमा गठित तपसिल **उपभोक्ता समिति र अनुगमन समिति** अनुमोदनको लागि कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो :

**क. उपभोक्ता समिति**

अध्यक्ष : श्री विश्वनारायण भैल
सचिव : श्री मैया त्वायना घटुवा
कोषाध्यक्ष : श्री लक्ष्मीसुन्दर स्वंगमिखा
सदस्य : श्री चन्द्रलक्ष्मी सिल्पकार
सदस्य : श्री शिवराम धुख्वा
सदस्य : श्री सुनिल सिल्पकार
सदस्य : श्री बुद्धलक्ष्मी खाईतु
सदस्य : श्री कमलनारायण धुख्वा
सदस्य : श्री जगनाथ गोरा

**ख. अनुगमन समिति**

संयोजक : श्री राजकृष्ण गोरा

सदस्य : श्री शंकर विरबल

सदस्य : श्री लक्ष्मीबहादुर सुवाल

घ. ख्वप कलेजको मिति २०८०।०४।०७ गतेको सञ्चालक समितिको निर्णय अनुसार शारदा क्याम्पसको नाममा रहेको जग्गा र भवन ख्वप कलेजको नाममा दाखिला खारेज गर्नको लागि १० नं. वडा कार्यालयबाट घरबाटो सिफारिस लिन तिर्नुपर्ने सम्पत्ति कर छुट गर्नको लागि निवेदन पेश भएकोमा छलफल हुँदा ख्वपकलेजको सिफारिस लिन तिर्नुपर्ने **सम्पत्ति कर छुट** दिने निर्णय गरियो र सोबारे सम्बन्धित वडा कार्यालयमा लेखी पठाउने निर्णय गरियो–


**तपसिल**

| क्र.सं. | जिल्ला | नगरपालिका | साविक वडा नं. | हालको वडा नं. | कि. नं. | क्षे.फ. |
|---|---|---|---|---|---|---|
| १ | भक्तपुर | भक्तपुर | ४ | १० | ३९ | २-६-०-० |
| २ | ऐ | ऐ | ऐ | ऐ | ३९ | २-६-०-० |
| ३ | ऐ | ऐ | ऐ | ऐ | ४२८ | ०-१२-०-० |

ङ. भक्तपुर नगरपालिका वडा नं. १ स्थित **जुद्ध वारुण यन्त्र कार्यालय**, भक्तपुरमा रहेको Hose (रोली) हरू लामो समयदेखि प्रयोगमा आउँदा प्वाल पर्ने र काटिने र छोटो भई काममा समस्या परेकोले ४ थान (1.5 Hose pipe (per Roll/pcs 30 meter) उपलब्ध गराई दिनु हुन भनी यस कार्यालयमा निवेदन पेस भएकोमा उक्त पाइप खरिदको नपामा सूचिकृत कम्पनीहरूबाट दररेट पेश भएकोमा सबभन्दा कम दररेट सुर्यनिधि सप्लायर्स, सानो ठिमी, भक्तपुरको दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

च. भक्तपुर नगरपालिकाबाट फोहोरमैला व्यवस्थापन गर्न घरदैलो गल्ली सडकमा फोहोर सङ्कलन कार्यमा प्रयोगको लागि विद्युतीय सवारी साधन खरिद गर्न मिति २०८०।११।१७ को 'गोरखापत्र' दैनिकमा प्रकाशित सूचना अनुसार म्यादभित्र दर्ता हुन आएका प्रस्तावहरूमध्ये नाता इन्टरप्राइजेज एण्ड सप्लायर्स प्रा.लि. काठमाडौंको प्रस्ताव छनौट गर्ने निर्णय भएकोमा कार्यालयबाट तयार पारेको स्पेसिफिकेशनको बुंदा (१) २ (४) सँग त्यस कम्पनीबाट पेस भएको स्पेसिफिकेशनमा फरक परेको भनी मिति २०८१।०१।३१ को प्राविधिक प्रतिवेदनबाट खुल्न आएको हुँदा **विद्युतीय सवारी साधन खरिद सम्बन्धी सबै प्रक्रिया रद्द** गर्ने निर्णय गरियो ।

# हाम्रो स्थानीय तह




| मध्यपुर-थिमी नपा, भक्तपुर | | |
|---|---|---|
| जनगणना वर्ष (विसं) | २०६८ | २०७८ |
| परिवार सङ्ख्या | २०३०२ | ३१९६६ |
| जनसङ्ख्या | ८३०३६ | ११९७५६ |
| परिवार आकार | | ३.७५ |
| लैङ्गिक अनुपात | | १०२.९४ |
| वार्षिक जनसङ्ख्या वृद्धिदर प्रतिशत | | ३.५१ |
| जनघनत्व | | १०४४१ |
| साक्षरता दर प्रतिशत | | ९०.२२ |

स्रोत : नक्सा (नेपाल अर्काइभ्स), जनसङ्ख्या (राष्ट्रिय तथ्याङ्क कार्यालय)

**भक्तपुर नपाबाट नियमित रूपमा प्रकाशित 'भक्तपुर' मासिक र 'ख्वप पौ' पढौं ।**

## थाहा पाइराखौं

- बास्केट बल खेलको सुरुवात अमेरिकाबाट भएको हो ।
- रोगहरूको मुख्य कारक सूक्ष्मजीवाणु हो भनेर पत्ता लगाउने चिकित्सक लुई पाश्चर हुन् ।
- बेलायतका प्रथम अन्धा मन्त्री डेविट ब्लन्केट हुन् ।
- सगरमाथालाई माउण्ट एभरेष्ट नामदिने एभरेष्ट हुन् । (बेलायतका एक इन्जिनियर)
- फ्रान्सको राज्यक्रान्ति सन् १७८९ मा भएको थियो ।
- विश्वमा सबैभन्दा लामो समय राष्ट्र प्रमखु हुने क्युवाका फिडेल क्यास्ट्रो हुन् ।

*-सङ्कलकः न्हुछेरत्न बुद्धाचार्य*

## भक्तपुर नगरपालिका गतिविधि

भक्तपुर नगरपालिका गतिविधि

# विश्व वातावरण दिवसको अवसरमा पपर डम्फोमा सरसफाइ तथा वृक्षारोपण



विश्व वातावरण दिवस जुन ५ को अवसर पारेर भक्तपुर नगरपालिकाले भक्तपुर नपा वडा नं. ५ योसिंख्यस्थित पपर डम्फो र तरकारी बजार परिसरमा सरसफाइ तथा वृक्षारोपण जेठ २३ गते गरेको छ।

भक्तपुर नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी र स्थानीय जनताको उत्साहजनक सहभागितामा उक्त क्षेत्रको सरसफाइ र वृक्षारोपण कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नपाले २०७४ सालको निर्वाचनपश्चात भक्तपुर नपामा जनप्रतिनिधि बहाली भएसँगै प्रत्येक महिनाको १ र १५ गते नगरका विभिन्न ठाउँहरूको पाक्षिक सरसफाइ र वृक्षारोपण कार्यक्रम आयोजना गर्दै आएको अवगत गराउनुभयो।

उहाँले सम्पदास्थलको सरसफाइ गर्ने दायित्व सबै नगरवासीहरूको हो भन्नुहुँदै भक्तपुर नपाको सफाइ अभियानमा पनि नगरवासीहरूको सक्रियता पूर्वक सहभागिता रहँदै आएको उल्लेख गर्नुभयो।

देशको राजनीतिक वातावरण राम्रो भए मात्र सबै क्षेत्र व्यवस्थित हुने बताउनुहुँदै उहाँले नागरिकहरूले सामाजिक दायित्व बहन गर्नेतर्फ पनि जोड दिनुपर्ने बताउनुभयो।

उहाँले वातावरण सुन्दर र स्वच्छ भए मात्र हामी निरोगी हुने बताउनुहुँदै वातावरणलाई सफा र हराभरा बनाउन समुदायकै सक्रियता आवश्यक भएको बताउनुभयो।



त्यस्तै उपप्रमुख **रजनी जोशी**ले सरसफाइ अभियान कुनै व्यक्ति विशेषको कार्य नभई समाज र समुदायकै हितमा केन्द्रित हुनुपर्नेमा जोड दिनुहुँदै फोहोरलाई मोहरको रूपमा सदुपयोग गर्न सकिने बताउनुभयो। भक्तपुर नपाले चलाएको सफाइ अभियानले आज भक्तपुर देशकै सुन्दर र आकर्षक नगरको रूपमा विकास भएको बताउनुहुँदै उहाँले नगर सुन्दर हुनुमा नगरवासीहरूको पनि उल्लेखनीय भूमिका रहेको बताउनुभयो।

कार्यक्रमका सभापति वातावरण समितिका संयोजक एवम् भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले भक्तपुर नपाले एक विद्यालय एक सम्पदा सरसफाइ र एक सहकारी एक सम्पदा सरसफाइ अभियानलाई अगाडि बढाउने नीतिअनुरूप काम गर्दै सबैलाई सरसफाइमा सचेत र सङ्गठित पार्ने कार्य गर्दै आएको बताउनुभयो।

भक्तपुर नपा वडा नं. ५ का वडाध्यक्ष **योगेन्द्रमान बिजुक्छें**ले सरसफाइ कार्यक्रममा सहभागी सबैमा धन्यवाद ज्ञापन गर्नुहुँदै आफ्नो गाउँ, घर, टोल आफैं सफा गर्ने अभियान सञ्चालन गरी वरपरका वातावरणलाई स्वच्छ, सुन्दर र हराभरा बनाउन सबैले आआफ्नो तर्फबाट पहल गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।



कार्यक्रममा भक्तपुर नपा वडा नं. ५ का वडा सदस्य **नारायणप्रसाद त्वानाबासु**ले पनि बोल्नुभएको थियो ।

भक्तपुर नपाको आयोजनामा भएको वृक्षारोपण कार्यक्रममा धुपी, कपुर, कल्की, पारिजात, कांगियोलगायतका ६५ ओटा बोट विरुवाहरू रोपिएको थियो ।

## कम्पोष्ट मल उत्पादन र प्रयोगबारे क्युवाबाट सिक्नुपर्ने




भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले जैविक मलको उत्पादन, प्रयोगबारे नेपालले क्युवाबाट सिक्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

भक्तपुर नगरपालिकाको आयोजनामा कम्पोष्ट मल प्रयोग सम्बन्धी किसानहरूलाई जेठ २४ गते भएको अभिमुखीकरण कार्यक्रममा उहाँले उक्त विचार राख्नुहुँदै क्युवालाई अमेरिकी साम्राज्यवादले नाकाबन्दी गरी दु:ख दिएको बेला त्यहाँ जैविक खेती सुरु गरेर कृषिमा आत्मनिर्भर बन्न सफल भएको उल्लेख गर्नुभयो ।

उहाँले कुहिने फोहोर मलबाट कम्पोष्ट मल उत्पादन गरी सस्तोमा किसानहरूलाई बिक्री गरिरहेको बताउनुहुँदै माटोको गुणस्तरमा कमी हुन नदिन किसानहरूलाई कम्पोष्ट मल प्रयोगको लागि उत्साहित गर्नुभयो ।

उहाँले भन्नुभयो, नेमकिपाले स्वदेशमै मल कारखाना स्थापनाको लागि निरन्तर आवाज उठाउँदै आएको छ । मल कारखाना भएको भए किसानले समयमा रसायनिक मल पाउने थिए, उत्पादनमा वृद्धि हुने र व्यापार घाटा कम गर्ने मद्दत पुग्नेछ ।

बजेटमा कृषिलाई प्राथमिकतामा नराखेको उल्लेख गर्नुहुँदै उहाँले देशको अर्थतन्त्र कमजोर हुनुमा आर्थिक



उदारीकरणको नीति अवलम्बन गर्नु हो भन्नुभयो । देशका भएभरका कलकारखानाहरूमा निजीकरण गरेर कसरी देशको अर्थतन्त्र बलियो हुन सक्छ ? उहाँको भनाइ थियो ।

नगर सभासद् **गोविन्द दुवाल**ले मजदुर किसानको समस्या समाधान भएमात्र देशको समस्या समाधान हुने उल्लेख गर्नुहुँदै विदेशीको हितमा काम गर्नेहरू जुनसुकै पार्टीको नेता कार्यकर्ता भए पनि जनताका शत्रु हुन् भन्नुभयो ।

भक्तपुर नगरपालिका कृषि समितिका संयोजक **राजकृष्ण गोरा**को सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा कम्पोष्ट मल प्राविधिक **रमिता तमखू**ले भक्तपुर नपाले कसरी कम्पोष्ट मल उत्पादन गर्दैछ र कृषिमा त्यसको कसरी प्रयोग गर्ने भनी प्रस्तुतीकरण दिनुभएको थियो । सो क्रममा कृषकहरूले कम्पोष्ट मल प्रयोग सम्बन्धी विभिन्न जिज्ञासाहरू राखेका थिए ।

## जुद्ध बारुण यन्त्र कार्यालयलाई अग्नि नियन्त्रण सामग्री हस्तान्तरण



भक्तपुर नगरपालिकाले भनपा वडा नं. १ स्थित जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरलाई बारुण यन्त्रमा जडान गर्ने 1.5''/4'' Hose pipe (pipe/Roll/Pcs 30 meter) चार थान अग्नि नियन्त्रण सामग्रीहरू हस्तान्तरण गरियो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले जेठ २८ गते एक कार्यक्रम आयोजना गरी उक्त सामग्रीहरू जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरका कार्यालय प्रमुख अनिल सुवेदीमार्फत हतान्तरण गर्नुभयो ।

कार्यक्रममा नगर प्रमुख **प्रजापति**ले विपद्का विभिन्न घटनामध्ये आगलागी पनि गम्भीर र चुनौतीपूर्ण भएको हुँदा सम्भावित दुर्घटनालाई समयमै नियन्त्रणमा ल्याउन सके ठूलो क्षति हुनबाट जोगिने बताउनुभयो ।

उहाँले अग्नि नियन्त्रण सामग्रीहरू हस्तान्तरणले विपद्का समयमा उद्धार कार्यलाई छिटो र प्रभावकारी बनाई मानवीय एवम् भौतिक क्षति रोक्न मद्दत मिल्ने अपेक्षा रहेको बताउनुभयो ।

प्रमुख प्रशासकीय अधिकृत **बसन्त भट्टराई**ले दमकलको सही व्यवस्थापन र उपयोग महत्त्वपूर्ण पक्ष भएको बताउनुहुँदै साधन भएर पनि यथोचित व्यवस्थापन र दृढ समर्पित जनशक्ति अभावले अकल्पनीय नियति भोग्नुपर्ने अवस्था सिर्जना हुनेतर्फ सचेत हुनुपर्ने बताउनुभयो ।

जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरका कार्यालय प्रमुख **अनिल सुवेदी**ले दमकल आकस्मिक आगलागीका घटनामा प्रयोग गरिने संवेदनशील यन्त्र भएको बताउनुहुँदै घटनास्थलमा समयमै दमकल पुऱ्याउन सके ठूलो क्षति रोक्न सक्ने सम्भावना रहेको बताउनुभयो ।

उक्त कार्यक्रममा भक्तपुर नगरपालिका विपद् व्यवस्थापन समितिका पदाधिकारी र भक्तपुर नपाका शाखा प्रमुखहरूको उपस्थिति रहेको थियो ।

## स्थानीय पथप्रदर्शक पुनतार्जगी तालिम




भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले पथप्रदर्शक स्थानीय दूतको रूपमा हुने भएकोले सही, सत्य तथ्यपूर्ण जानकारी प्रदान गरी स्वदेश र विदेशमा भक्तपुरको सही पहिचान प्रचारप्रसार गर्न योगदान गर्नुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर नगरपालिकाको आयोजना जेठ २९ गते भएको भक्तपुरका स्थानीय पथप्रदर्शक पुनतार्जगी तालिम कार्यक्रममा उहाँले अन्तर्राष्ट्रिय पर्यटन धेरै विश्वासिलो नहुने र कुनै पनि घटना परिघटनाले यसमा प्रत्यक्ष असर गर्ने भएको अनुभवले सिकाएको हुँदा आन्तरिक र छिमेकी पर्यटनलाई महत्त्व दिएर विकास गर्नुपर्नेमा जोड दिनुभयो ।

नेपाल प्राकृतिक र सांस्कृतिक सौन्दर्यताले भरिपूर्ण रहेको चर्चा गर्नुहुँदै उहाँले पर्यटनको आधारको रूपमा यसलाई विकास गरी देशको आर्थिक विकासमा योगदान गर्नुपर्नेमा पथप्रदर्शकहरूलाई मार्गनिर्देश गर्नुभयो ।

पर्यटनको विकासको लागि आवश्यक पूर्वाधार र सहजीकरणमा सरकार हालसम्म पनि सफल नभएको चर्चा गर्नुहुँदै उहाँले देशलाई आत्मनिर्भर बनाई विकास निर्माण अगाडि बढाउनुपर्ने बताउनुभयो ।

पर्यटन उद्योगको नकारात्मक प्रभावलाई न्यूनीकरण गर्दै अगाडि बढ्नुपर्नेमा जोड दिनुहुँदै उहाँले संसारका सबैभन्दा बढी पर्यटकहरू घुम्ने पर्यटकीय गन्तव्यहरूबारे प्रकाश पार्नुभयो ।

पथप्रदर्शकहरूले अन्तर्राष्ट्रिय राजनीतिक अवस्था र घटनाबारे पनि जानकारी राख्नुपर्नेमा जोड दिनुहुँदै उहाँले अध्ययन अध्यापनलाई निरन्तरता दिनुपर्ने बताउनुभयो ।

कार्यक्रमका सभापति भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष एवम् वातावरण समितिका संयोजक **रविन्द्र ज्याख्व**ले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुहुँदै पर्यटनको बुझाइमा एकरूपता आउनुपर्ने र गलत सूचनाबाट दिगो असर पर्नेबारे सचेत रहनुपर्ने बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ५ का वडाध्यक्ष **योगेन्द्रमान बिजुक्छेँ**ले स्वागत मन्तव्य राख्नुहुँदै स्थानीय पाठ्यक्रमबाट नयाँ पुस्तालाई भक्तपुरको इतिहास, संस्कृति र जीवनशैलीबारे शिक्षित पार्दै आएको जानकारी गराउनुभयो ।



नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानका पूर्वप्रमुख **कृष्ण खरेल** र भक्तपुर नपा पर्यटन सूचना केन्द्रका प्रमुख **गौतमप्रसाद लासिवा**ले व्यवसायिकता मार्गदर्शन र सांस्कृतिक नगर भक्तपुरको परिचयबारे प्रस्तुतीकरण प्रस्तुत गर्नुभयो ।

उक्त कार्यक्रममा भक्तपुर पर्यटन विकास समितिका अध्यक्ष दिपेशराज शर्मा र भक्तपुर नपा पर्यटन समितिका पदाधिकारीहरूको उपस्थिति रहेको थियो ।

## चिनियाँ भाषा तालिमको प्रमाणपत्र वितरण



भक्तपुर नगरपालिकाको आयोजनामा भएको चिनियाँ भाषा तालिमको समापन तथा प्रमाणपत्र वितरण कार्यक्रम जेठ ३० गते सम्पन्न भयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले चिनियाँ भाषाका ९ जना उत्कृष्ट प्रशिक्षार्थीहरूलाई उपहार प्रदान गर्नुका साथै सम्पूर्ण प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भाषा सञ्चारको माध्यम हो र भाषासँगै चिनियाँ राजनीति, अर्थतन्त्र, कला संस्कृति तथा त्यहाँको भूगोलबारे गहन अध्ययन गर्न आवश्यक भएको बताउनुभयो ।

राम्रा राम्रा चिनियाँ साहित्यहरू नेपालीमा अनुवाद गर्न सके धेरै जनताको सेवा हुने बताउनुहुँदै उहाँले नेपालमा चिनियाँ पर्यटकहरूको सङ्ख्या वृद्धि हुँदै गएकोले चिनियाँ भाषाको महत्त्व अझ बढ्दै गएको छ भन्नुभयो ।

भाषा सिक्नु रहरले मात्रै नगरीकन समाजको सेवा गर्ने भावनाले मिहिनेत गर्ने र थप सिक्न सधैँ उत्सुक बन्नुपर्ने उहाँले सोही अवसरमा बताउनुभयो ।

चिनियाँ भाषाका प्रशिक्षक **राजेन्द्र चवाल**ले भाषा सिक्नेहरूले कम बोल्ने त धेरै सिक्ने बानी बसाल्नुपर्ने बताउनुहुँदै कला संस्कृतिको गहन अध्ययनले भाषा छिटो सिकिने विचार राख्नुभयो ।

कार्यक्रममा प्रशिक्षक **हरिलक्ष्मी दनेखु** र **विनय हाडा**ले भाषा सिकाइ र अध्ययनलाई निरन्तरता दिनु महत्त्वपूर्ण विषय भएको बताउनुभयो । प्रशिक्षार्थीको तर्फबाट चिनियाँ कविता र गीत प्रस्तुत गरेको थियो ।



सोही क्रममा प्रमुख प्रजापतिले चिनियाँ भाषा प्रशिक्षकहरूलाई प्रशंसा पत्र र मायाको चिनो वितरण गर्नुभयो ।

## भक्तपुर नगरपालिका ९ नं. वडा कार्यालयबाट सर्वसाधारण जनताको लागि जानकारी

भक्तपुर नगरपालिका वडा नं. ९ स्थित नवदुर्गा मन्दिर (द्यःछेँ) देखि सरस्वती विद्यागृह मावि सम्म ढुङ्गा छपाइ बाटो मर्मत कार्य निर्माण नै नगरी कागजमा सम्पन्न भन्ने फेसबुकमा पोस्ट गरिएकोप्रति यस वडा कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ ।

चालु आ.व. २०८०/८१ को बजेटमा सडक बोर्डअन्तर्गतको योजनामा भनपा ९ र भनपा १० दुवै कार्यालयले नवदुर्गा द्यःछेँदेखि कमलविनायक बसपार्कसम्म कालोपत्रे सडक छुने गरी ढुङ्गा छाप्ने योजना राखेका थिए । यी योजनाहरू आपसी समन्वयमा सँगसँगै गर्ने उद्देश्यले भनपा १० वडा कार्यालयमा २०८० पुस ४ गते बिहान स्थानीय जनताको भेला बसी दुवै योजनाको उपभोक्ता समिति अलग्ग अलग्ग बनाइएको थियो । त्यतिबेला उपस्थित स्थानीयहरूबिच छलफल हुँदा नवदुर्गा द्यःछेँबाट सुरु गरे पनि अथवा कमलविनायक बसपार्कबाट सुरु गरे पनि एकातिरबाट क्रमशः सिध्याउँदै जाने र महत्त्वका हिसाबले कमलविनायक बसपार्कबाट सुरु गर्ने सामूहिक निर्णय भएको थियो ।

सोहीअनुसार वडा नं. १० को योजना कार्यान्वयन गरेपछि त्यसलगतै ९ नं. वडाको योजना कार्यान्वयन गर्दा निर्धारित बजेटले सरस्वती विद्यागृहको उत्तरतिरको पाटीसम्म ढुङ्गा छपाइ गरिएको थियो । सोही व्यहोरा 'भक्तपुर' मासिक पत्रिकामा सबैको जानकारीकालागि प्रकाशित गरिएको हो । ९ नं. वडाको योजनाको ल.ई. रु.१३,४८,४६६।६४ भएकोमा कार्य गर्दा जम्मा खुद खर्च रु. १२,२९,२७४।५० भएको थियो भने १० नं. वडाको योजनाको ल.ई. रु. १३,११,८०३।४१ भएकोमा कार्य गर्दा जम्मा खुद खर्च रु. १२,२९,५५९।२० भएको थियो । 'भक्तपुर' मासिक पत्रिकामा यही व्यहोरा प्रकाशित भएको हो । निर्धारित बजेटबमोजिम योजना सञ्चालन गरिएको फछ्र्यौटमात्र हो । अझै पनि बाँकी काम गर्न बजेट अपुग भएको हुँदा भनपा ९ नं. वडा कार्यालयबाट नवदुर्गा द्यःछेँसम्मको सडकमा ढुङ्गा छपाइ कार्य गर्न २०८१।२।२ गते भक्तपुर नगरपालिकामा बजेट मागसहित पत्राचार गरिएको सबैमा जानकारी गराउँदछौँ ।

सामाजिक सञ्जालमा स्टाटस लेखेर जनताबिच योजनाको बारेमा स्पष्ट पार्ने अवसर दिएकोमा स्टाटसकर्तालाई धन्यवाद व्यक्त गर्दछौँ । तर, योजना कहाँबाट अगाडि बढाउने भन्ने छलफल हुँदा र उपभोक्ता समिति गठन गर्ने क्रममा भएको भेलामा उहाँ आफै सहभागी हुनु भएर पनि जनतालाई भ्रामक सन्देश जाने स्टाटस लेख्नुहुँदा उहाँमा पूर्वाग्रही दृष्टिकोण देखिएको आभास भयो । निर्धारित बजेटले उहाँको घरअगाडिसम्म ढुङ्गा छाप्न पुग्दैनथ्यो, तथापि त्यहाँसम्म जसरी पनि पुऱ्याउनैपर्ने उहाँको आग्रहले उपभोक्ता समितिका पदाधिकारीहरू र ढुङ्गा आपूर्ति गर्ने व्यवसायीको आफ्नै खर्चले उहाँको घरसम्मको बाटोमा ढुङ्गा छपाइ गरिएको व्यहोरासमेत यहाँ अवगत गराउँदछौँ । यसमा उहाँ आफैले पनि धेरै सहयोग गर्नुभएको थियो । यस कार्यमा निःस्वार्थपूर्वक लाग्नुहुने उपभोक्ता समितिका

पदाधिकारीहरू, दक्ष तथा अर्धदक्ष कामदारहरू, स्थानीय जनता, ढुङ्गा र अन्य निर्माण सामग्री आपूर्तिकर्तालगायत सबैमा यस वडा कार्यालयको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ।

नगरपालिकाका सबै गतिविधि र आम्दानी खर्चको विवरण प्रकाशन मात्र नभई विभिन्न सार्वजनिक कार्यक्रमहरूमा जनप्रतिनिधिहरूमार्फत सर्वसाधारण जनतामा जानकारी गराउने अभ्यास निरन्तर भइरहेको छ। काम गर्दा गल्ती हुनसक्छ, गल्ती भए सच्याउन तयार छौँ तर भ्रामक सन्देश दिएर कसैप्रति व्यक्तिगत रिस साँध्ने प्रयास आफ्नै लागि घातक हुनसक्छ। स्टाटस लेख्नुहुने महानुभावको विषयमा वडा कार्यालयलाई धेरै कुरा जानकारी छ। उहाँको व्यक्तिगत र घरायसी समस्या समाधानका लागि वडा कार्यालय र स्थानीय अग्रजहरूले धेरै सहयोग गरेको उहाँले भुल्नुभएको छैन भन्ने विश्वास छ।

सामाजिक सञ्जालमा सस्तो लोकप्रियताको लागि स्टाटस र कमेन्ट गर्नुभन्दा यथार्थ कुरा बुझ्न सम्पूर्णमा हामी हार्दिक अपिल गर्दछौँ। यहाँहरूकै मतले विजयी भएका जनप्रतिनिधिहरूलाई आलोचना गर्ने अधिकार सबैमा छ, हामी सच्याउन तयार पनि छौँ। तर, गलत आरोप लगाउँदा त्यसले समाजमा पर्नसक्ने नकारात्मक प्रभावबारे ख्याल गर्नुभए स्थानीय सरकारलाई जनउत्तरदायी भएर उत्साहपूर्वक काम गर्ने बल मिल्छ।

अन्त्यमा, भक्तपुर नगरपालिका र वडा कार्यालयहरू नगरवासी जनताको सेवामा सदा इमानदारीपूर्वक लागिरहने प्रतिबद्धता व्यक्त गर्दछौँ।

**भक्तपुर नगरपालिका, ९ नं. वडा कार्यालय**

मिति २०८१ जेठ ३१ गते

(मजदुर दैनिक, असार १ गतेबाट)

## स्थानीय स्काउटको दीक्षान्त समारोह तथा सपथ ग्रहण कार्यक्रम



नेपाल स्काउटअन्तर्गतको स्थानीय स्काउट भक्तपुर नगरपालिकाको दीक्षान्त समारोह तथा सपथग्रहण कार्यक्रम जेठ ३२ गते सम्पन्न भयो।

उक्त समारोहमा नेपाल स्काउट भक्तपुर नगरपालिकाका स्थानीय संरक्षक एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले स्थानीय स्काउट भक्तपुर नगरपालिका कार्य समितिका ७ जना र परिषद् समितिका २० जना गरी २७ जना परिषद् सदस्यहरूलाई दीक्षित गर्नुभयो। सोही अवसरमा उहाँले परिषद्मा मनोनित सदस्यहरूलाई पत्र, ब्याच र स्कार्फ पनि वितरण गर्नुभयो।

दीक्षान्त समारोहको औपचारिक कार्यक्रममा स्थानीय संरक्षक एवम् नगर प्रमुख **प्रजापति**ले स्काउटको मूल्य मान्यताभित्र बसी काम गर्ने, विद्यार्थीमाझ देशभक्तिपूर्ण भावनाको विकास गर्ने र देश विकास र समाजको निम्ति समर्पित भई काम गर्ने भावना स्काउट शिक्षाको महत्त्वपूर्ण पक्ष भएको बताउनुभयो।

उहाँले नगरभित्रका विद्यालयहरूमा स्काउट गठनमा जोड दिनुपर्ने बताउनुहुँदै उहाँले स्काउट मास्टरहरू सेवामा प्रतिस्पर्धा गरी आफ्नो छुट्टै पहिचान कायम गर्न सक्षम हुनुपर्ने बताउनुभयो।

भक्तपुर नपाका उपप्रमुख तथा नेपाल स्काउट भक्तपुर नगरपालिकाका स्थानीय प्रमुख स्काउट **रजनी जोशी**ले दीक्षित भएका सबैमा बधाईज्ञापन गर्दै कुनै पनि विपद्मा सक्रियतापूर्वक सहयोग गर्ने भावनाले स्काउट मास्टरहरू तयारी अवस्थामा बस्नुपर्ने बताउनुभयो।



नेपाल स्काउट भक्तपुर नगरपालिकाका स्थानीय संयोजक **बालकृष्ण बनमाला**ले पद र जिम्मेवारीअनुसार आफूलाई दिइएको काम र कर्तव्य इमानदारीपूर्वक निर्वाह गर्न सबैजना प्रतिबद्ध हुनुपर्ने बताउनुभयो।

कार्यक्रममा नेपाल स्काउटका पूर्वराष्ट्रिय सचिव एवम् राष्ट्रिय प्रधान कार्यालयका सल्लाहकार रामगोपाल कर्माचार्य, नेपाल स्काउटका पूर्वराष्ट्रिय तालिम आयुक्त भक्तराज भण्डारी र स्काउट मास्टर पुष्पा प्रजापतिले पनि बोल्नुभएको थियो।

## नि:शुल्क इन्डक्सन चुल्हो वितरण




भक्तपुर नगरपालिका वडा नं. २ का स्थानीय गरिब, असहाय तथा विपन्न नागरिकहरूलाई नि:शुल्क विद्युतीय चुल्हो (इन्डक्सन) वितरण कार्यक्रम असार १४ गते सम्पन्न भयो। कार्यक्रममा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले त्यसै वडाका ६० जना स्थानीयहरूलाई इन्डक्सन चुल्हो वितरण गर्नुभएको थियो।

कार्यक्रममा वडाध्यक्ष **हरिप्रसाद बासुकला**ले आ.व. २०८०/८१ वडाका विकास निर्माण कार्यहरूबारे जानकारी दिनुहुँदै भक्तपुर नगरपालिकाले जनतालाई सहज रूपमा सेवा सुविधाहरू दिइरहेको बताउनुभयो। नेपाल मजदुर किसान पार्टीका जनप्रतिनिधिहरू जनताको सेवा गर्न सक्रिय भई लागिरहेको बताउनुहुँदै भक्तपुरका विकास निर्माण एवम् सम्पदा पुन:निर्माणमा स्थानीय जनताको सहभागितामा उपभोक्ता समितिमार्फत काम गर्दा स्थानीयहरूको विश्वास, जनसहभागिता र अपनत्व रहने बताउनुभयो।

कृषकहरूलाई भक्तपुर नपाबाट उत्पादित मल, आवश्यकताअनुसार बीऊबिजनहरू वितरण गर्दै आइरहेको पनि उहाँले बताउनुभयो।

वडा सदस्य **मन्जुमैंया लाखाजु**ले वडामा घरदैलो नर्सिङ सेवाअन्तर्गत स्वास्थ्य क्षेत्रमा पुऱ्याइरहेको योगदान र गतिविधिहरूबारे चर्चा गर्नुभयो। वडा नर्स **ग्रेसा कर्माचार्य**ले बालबालिकाहरूमा हुने आँखाको पर्दामा हुने क्यान्सर रेटिनोब्लास्टोमा र डेंगीसम्बन्धी जनचेतनामूलक प्रस्तुती दिनुभएको थियो।

कार्यक्रममा स्थानीय रत्नकाजी नायभारी र लक्ष्मीप्रसाद दुवालले पनि बोल्नुभएको थियो।

## स्थानीय पथप्रदर्शक पुनर्ताजगी तालिम सम्पन्न




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजपातिको प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिका र भक्तपुर पर्यटन विकास समितिको संयुक्त आयोजनामा सञ्चालित २० दिने स्थानीय पथप्रदर्शक पुनर्ताजगी तालिम समापन समारोह असार १६ गते सम्पन्न भयो।

कार्यक्रममा प्रमुख अतिथि **प्रजापति**ले पर्यटकहरूलाई सन्तोष पार्न सके विज्ञापनको भन्दा प्रभावकारी हुने बताउनुहुँदै स्थानीय पथप्रदर्शकहरू भक्तपुरको सूचना प्रवाहक र अनौपचारिक राजदूतको रूपमा रहने भएकोले भक्तपुर आउने स्वदेशी र विदेशीलाई सही र तथ्यपरक जानकारी दिनुपर्ने बताउनुभयो।

उहाँले तालिमका प्रशिक्षकहरूले उहाँहरूको वर्षौंको अध्ययन र अनुभवबाट सिकेका ज्ञान र सीपलाई प्रशिक्षणको क्रममा स्थानीय पथप्रदर्शकहरूलाई दिइएको सीप आफ्नो कार्य क्षेत्रमा सदुपयोग गर्नुपर्नेमा जोड दिनुभयो। पथप्रदर्शकहरूले आफ्ना कमीकमजोरीहरूलाई सच्याउँदै नराम्रा बानी व्यहोरा छोडेर अनुशासित र मर्यादित रूपमा पर्यटकहरूलाई सही र जानकारीमूलक सूचना दिनुपर्ने बताउनुभयो। आन्तरिक र बाह्य पर्यटनलाई ध्यानमा राखेर सङ्कटको समयमा पनि हतोत्साहित नभई प्रतिकूलतालाई अनुकूलतामा बदलेर अगाडि बढ्नुपर्नेमा जोड दिँदै निरन्तर अध्ययन गर्नुपर्ने बताउनुभयो।

देशको सांस्कृतिक सम्पदा पर्यटनको आधारको रूपमा रहेको भए तापनि तीन तहका सरकार र सरोकारवाला कार्यालयहरूबिच समन्वय र सहकार्य हुन नसक्दा २०७२ सालको विनाशकारी भूकम्पले क्षति पुऱ्याएका देशका धेरै सम्पदाहरू हालसम्म पनि पुनर्निर्माण हुन नसकेकाले पर्यटन उद्योगको विकासमा नकारात्मक प्रभाव परिरहेको जानकारी गराउनुभयो। देशले अधिक पर्यटक आगमनको लक्ष्य राख्नलाई सो को लागि आवश्यक पूर्वाधारहरू निर्माण गर्नुपर्नेमा सरकारको ध्यान नपुग्नु विडम्बना भएको बताउनुभयो।

भक्तपुर नगरपालिकाले पर्यटनको आधारको रूपमा रहेका मूर्त र अमूर्त सांस्कृतिक सम्पदाहरू संरक्षण गर्दै पर्यटन उद्योगको लागि आवश्यक सीपयुक्त जनशक्ति तयार पार्न विभिन्न

भाषा र सीपमूलक तालिम प्रदान गर्दै आएको उहाँले जानकारी गराउनु भयो। स्थानीय पथप्रदर्शकहरूले पनि भक्तपुरको पर्यटन विकासको लागि तालिमबाट सिकेको ज्ञान र सीपलाई सही ढङ्गले सदुपयोग गरी योगदान गर्नुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले पर्यटन आर्थिक आयआर्जनको मात्र साधन नभइ सांस्कृतिक आदानप्रदानको माध्यमसमेत रहेको बताउनुहुँदै स्थानीय पथप्रदर्शकहरूले सभ्य सुसंस्कृत व्यवहारबाट पाहुनाहरूलाई सेवा दिनुनपर्ने बताउनुभयो।

कार्यक्रमका अतिथि नेपाल, इतिहास, संस्कृति तथा पुरातत्त्व विभागका प्रमुख (त्रि.वि.) **महेशकुमार आचार्य**ले भक्तपुर आदर्श र अनुकरणीय नगरको रूपमा रहेको स्मरण गर्नुहुँदै स्थानीय पथप्रदर्शकहरूले देशको सम्पदा, इतिहास, संस्कृति र पुरातत्त्वबारे राष्ट्रिय र अन्तराष्ट्रिय पर्यटकहरूलाई सही सूचना प्रवाह गर्दै भक्तपुरको छविलाई अझ उज्यालो पार्ने विश्वास व्यक्त गर्नुभयो।

समापन समारोहका सभापति एवम् भक्तपुर नगरपालिका वातावरण तथा पर्यटन समितिका संयोजक **रबिन्द्र ज्याख्व**ले भक्तपुरका सबै स्थानीय पथप्रदर्शकहरूले दिने सूचना र जानकारीमा एक रूपता हुनुपर्ने, मूर्त र अमूर्त सम्पदाको सूचना जारी गर्दा भौतिकवादी दृष्टिकोणले यसका निर्माणकर्ता कलाकारहरूको योगदानहरूलाई प्रकाश पार्नुपर्ने र स्थानीय र वाह्य पर्यटन दुवैलाई जोड दिनुपर्ने विचार व्यक्त गर्नुभयो।

कार्यक्रममा उपस्थित सम्पूर्णलाई स्वागत गर्नुहुँदै स्थानीय पथप्रदर्शक परिचालन समितिका संयोजक **गौतमप्रसाद लासिवा**ले यो २० दिने पुनर्ताजगी तालिम अन्यभन्दा पृथक, प्रभावकारी, उपयोगी र व्यवहारिक भएको बताउनुहुँदै यसका प्रशिक्षकहरू सबै आ–आफ्नो क्षेत्रका विज्ञ र अनुभवीहरू रहेको हुँदा प्रशिक्षार्थीहरूले प्रशिक्षणमा सिकाइएका सीप र ज्ञानलाई पथप्रदर्शकहरूले कार्य क्षेत्रमा सदुपयोग गरी पर्यटन उद्योगको विकासलाई योगदान दिनुपर्नेमा जोड दिनुभयो।

भक्तपुर पर्यटन विकास समितिका अध्यक्ष **दिपेशराज शर्मा**ले भक्तपुर नगरपालिकाको स्थानीय पथप्रदर्शक व्यवस्थापन र परिचालन अन्य पर्यटकीय स्थलहरूको लागि समेत सिकाइको विषय भएकोले तालिम प्राप्त स्थानीय पथप्रदर्शकहरूले उदाहरणीय काम गर्नुपर्ने बताउनुभयो।

भक्तपुर नगरपालिका वातावरण तथा पर्यटन समितिका सदस्य **मञ्जुमैया लाखा**ले सञ्चालन गरेको कार्यक्रममा प्रशिक्षार्थीको तर्फबाट **विष्णुप्रसाद सुवाल**ले पनि बोल्नुभएको थियो।

कार्यक्रममा प्रमुख अतिथि सुनिल प्रजपातिले भक्तपुर स्थानीय पथप्रदर्शकहरूको बीस दिने पुनर्ताजगी तालिममा सहभागी प्रशिक्षार्थीहरू ५० जनालाई प्रमाणपत्र र प्रशिक्षकहरू २३ जनालाई सम्मानपत्र वितरण गर्नुभएको थियो।



# eQmk'/ gkfsf]cgudg

## पाइपलाइनमा बजार अनुगमन




भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक एवं वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोराको नेतृत्वमा जेठ २१ गते पाइपलाइनमा २५ ओटा पसल अनुगमन गरियो ।

अनुगमनमा बस्नेत किराना पसलमा मूल्य सूची राख्नुपर्ने र म्याद नाघेको विभिन्न सामानहरू जफत गरी नष्ट गरियो ।

पाइपलाइन ऐैला वेभरेजमा दर्ता प्रमाणपत्र नभएकोले तीन दिनभित्र कार्यालयमा उपस्थित हुन निर्देशन दियो भने युना लेडिज टेलर्स २०७५/०७६ देखि नवीकरण नभएकोले तीन दिनभित्र नवीकरण गर्न निर्देशन दियो ।

मिना कुमारी श्रेष्ठ किराना पसल २०७६/०७७ देखि नवीकरण नभएकोले तीन दिनभित्र नवीकरण गर्न निर्देशन दियो ।

पच्चीस ओटा पसल अनुगमन गर्दा १३ ओटा पसल दर्ता नभएकोमा अनुगमन टोलीले स्थलगत ८ ओटा पसल दर्ता गराइयो ।

## दोस्रो दिन पनि पाइपलाइनमा अनुगमन

अनुगमन टोलीले जेठ २२ गते पनि पाइपलाइनमा १५ ओटा पसल अनुगमन गरियो ।

अनुगमनमा एल्बिन नेवारी खाजा घर रविशेष किराना पसललाई नवीकरण गर्न, तराजु नवीकरण नभएकोले जफत गरी तीन दिनभित्र नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दिई म्याद नाघेको विभिन्न सामानहरू जफत गरी नष्ट गरियो ।


त्यस्तै सुबोध शर्माको टेलर्स तीन दिनभित्र दर्ता गर्न, कुमार स्टोर नवीकरण गर्न, तराजु नवीकरण गर्न र म्याद नाघेका विभिन्न सामानहरू जफत गरी नष्ट गरियो ।

सिता किराना पसल र मिना कर्माचार्यको किराना पसल दर्ता नवीकरण नदेखिएकोले तीन दिनभित्र कार्यालयमा कागजातसहित उपस्थित हुन निर्देशन दियो । साथै तराजु नवीकरण गर्न र म्याद नाघेको विभिन्न सामानहरू जफत गरी नष्ट गरियो । रिकिम ब्युटी पार्लर दर्ता नवीकरण प्रमाणपत्र पसलमा नभएकोले सो कागजातसहित तीन दिनभित्र नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दियो भने म्याद नाघेका विभिन्न सामानहरू जफत गरी नष्ट गरियो ।

१५ ओटा पसल अनुगमन गर्दा ५ ओटा पसल दर्ता नभएकोमा १० ओटा नवीकरण नगरेको पाइएकोले नवीकरण गरेको कागजात सहित नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दिइयो ।

उपरोक्त अनुगमन टोलीमा समितिका सदस्य श्यामकृष्ण खत्री, रोशनमैया सुवाल, रिता फसिकवा, श्यानिटेशन उपशाखा प्रमुख न.नि. दिलिपकुमार सुवाल, वडानिरीक्षक रामकृष्ण प्रजापति, कर उपशाखाका न्हूज किजू र मोहनदेवी व्याञ्जू, महानगरीय प्रहरी परिसरका प्रहरी सहायक निरीक्षक जनकबहादुर थापा, भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका सुमित्रा श्रेष्ठ, उद्योग बाणिज्य सङ्घ भक्तपुरका राजु त्वानाबासु र उपभोक्ता मञ्चका लक्ष्मी भण्डारी सहभागी रहेको थियो ।

### बसिबियाँलो (क) को उत्तर



# शैक्षिक गतिविधि

## विश्वविद्यालयहरूलाई अनुसन्धानको केन्द्रको रुपमा रुपान्तरण गर्नुपर्छ : प्रमुख प्रजापति




विश्वविद्यालय अनुदान आयोगको सहयोग र भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेजको आयोजनामा २०८१ जेठ २२–२५ गतेसम्म सञ्चालन हुने R-Studio Programming बारे कार्यशाला गोष्ठीको जेठ २२ गते एक कार्यक्रमबिच उद्घाटन भयो।

कार्यशालाको उद्घाटन गर्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले राजनीतिक नेतृत्वको दूरदर्शी सोच र चिन्तनले विश्वविद्यालयहरूलाई नयाँ प्रयोग र अनुसन्धान गर्ने प्राज्ञिक थलो बनाउन सकिने बताउनुहुँदै विश्वविद्यालयहरूलाई अनुसन्धानको केन्द्रको रूपमा रूपान्तरण गर्नुपर्ने आजको आवश्यकता भएको बताउनुभयो।



विश्वविद्यालयहरू राजनीतिक हस्तक्षेपका कारण लथालिङ बनेको दृष्टान्तहरू उल्लेख गर्नुहुँदै प्रमुख प्रजापतिले राजनीतिक हस्तक्षेपको अन्त्य, शैक्षिक गुणस्तर वृद्धि र व्यवहारिक शिक्षा प्रदान गर्नेतर्फ विश्वविद्यालयहरूले जोड दिनुपर्ने बताउनुभयो।

देशको शिक्षा नीति समयसापेक्ष ढङ्गले परिमार्जित गर्दै लानुपर्ने बताउनुहुँदै उहाँले भक्तपुर नपाबाट सञ्चालित कलेजहरूमा अध्ययन अध्यापनका साथै अनुसन्धान क्षेत्रमा पनि जोड दिँदै प्रत्येक कलेजमा अनुसन्धान युनिटहरूको लागि आवश्यक बजेट विनियोजन गरेको जानकारी गराउनुभयो।

कार्यक्रममा ख्वप कलेजका प्राचार्य **प्रकाशकुमार श्रेष्ठ** र उपप्राचार्य डा. **राजेशकुमार श्रेष्ठ**ले ख्वप कलेजको आयोजनामा भएका अनुसन्धानमूलक गतिविधि सञ्चालनले अनुसन्धानको क्षेत्रमा महत्त्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो।

## इन्जिनियरिङ कलेजमा छात्रवृत्ति वितरण

### ८६ जना विद्यार्थीहरूलाई रु. ५४ लाख ७६ हजार रकम बराबरको छात्रवृत्ति




भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेजमा प्रवेश परीक्षामा उत्कृष्ट र गरिब तथा जेहेनदार विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण कार्यक्रम जेठ २५ गते कलेजको सभाहलमा भयो।

उक्त कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख एवम् कलेज व्यवस्थापन समितिका अध्यक्ष सुनिल प्रजापतिले कलेजमा अध्ययनरत ८६ जना विद्यार्थीहरूलाई रु. ५४ लाख ७६ हजार रकम बराबरको छात्रवृत्ति प्रदान गर्नुभयो।

कार्यक्रममा नगर प्रमुख **प्रजापति**ले भक्तपुर नगरपालिका शैक्षिक ऋण प्रदान गरी गरिब परिवारलाई उच्च शिक्षाको व्यवस्था गर्ने देशकै पहिलो नगरपालिका भएको बताउनुहुँदै भक्तपुर नपाबाट सञ्चालित कलेजहरूले इन्जिनियरिङ, विज्ञान, व्यवस्थापन, मानविकी जस्ता विभिन्न विषयहरूमा स्नातकोत्तरसम्मको शिक्षा प्रदान गरिरहेको र

ख्वप विश्वविद्यालयको स्थापनाको लागि पनि निरन्तर पहल भइरहेको अवगत गराउनुभयो ।

कुनै पनि देशको प्राविधिक क्षेत्र राम्रो भएमा त्यहाँको विकास निर्माणको काम पनि व्यवस्थित ढङ्गले अगाडि बढ्ने बताउनुहुँदै उहाँले भक्तपुर नपाले प्राविधिक शिक्षामा पनि जोड दिँदै विभिन्न कार्यक्रमहरू थप्दै लगिरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थाहरूमा पर्याप्त छात्रवृत्तिको व्यवस्था गर्दै आएको जानकारी दिनुहुँदै प्रमुख प्रजापतिले देशको लागि आवश्यक विभिन्न विषयका जनशक्तिको अभाव नहोस् भन्ने उद्देश्यले भूगोल, इतिहास, संस्कृति, नेपालभाषा, अर्थशास्त्र, दर्शनशास्त्र जस्ता थुप्रै विषयहरूमा जुनसुकै कलेज तथा विश्वविद्यालयमा अध्ययन गरे पनि विद्यावारिधिसम्म छात्रवृत्तिको व्यवस्था गर्दै आएको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष एवम् कलेज व्यवस्थापन समितिका सदस्य **रविन्द्र ज्याख्व**ले भक्तपुर नपाद्वारा सञ्चालित कलेज स्थापनाको इतिहास, उद्देश्यमाथि प्रष्ट पार्नुहुँदै छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीहरूले समाज र देशको लागि समर्पितभावले काम गर्नुपर्नेमा जोड दिनुभयो ।

विद्यार्थीहरूलाई प्रदान गरिने छात्रवृत्तिलाई सुविधाको रूपमा नलिई उच्च शिक्षा हासिल गर्न कलेजको तर्फबाट दिएको सहयोगको रूपमा ग्रहण गर्नुपर्ने बताउनुहुँदै उहाँले कलेजको पृष्ठभूमिबारे अभिभावक र विद्यार्थीहरूलाई सूचित गर्न अभिभावकसहित छात्रवृत्ति वितरण कार्यक्रम आयोजना गरेको बताउनुभयो ।

ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य ई. **सुजन माक**ले इलेक्ट्रोनिक्स एण्ड कम्युनिकेशन विषयको महत्त्वमाथि प्रकाश पार्नुहुँदै यी विषयमा अध्ययन गर्ने विद्यार्थीहरूलाई प्राथमिकताका साथ छात्रवृत्ति प्रदान गरी प्रोत्साहन गरिरहेको बताउनुहुँदै कलेजले प्रदान गर्ने छात्रवृत्ति आर्थिक कारण उच्च शिक्षा हासिल गर्नबाट वञ्चित हुने विद्यार्थीहरूलाई सुनौलो अवसर हो भन्नुभयो ।



उक्त कार्यक्रममा कलेजका उपप्राचार्य डा. **सुवेगमान बिजुक्छेँ** र लेखा शाखाका प्रमुख **काजीबहादुर पञ्च**ले पनि बोल्नुभएको थियो ।

## अर्थक्वेक इन्जिनियरिङ र अर्बान डिजाइन एण्ड कन्जरभेसनका विद्यार्थीलाई स्वागत एवम् अभिमुखीकरण




भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेजमा स्नातकोत्तर तहको अर्थक्वेक इन्जिनियरिङ र अर्बान डिजाइन एण्ड कन्जरभेसनमा भर्ना भएका विद्यार्थीहरूलाई स्वागत एवम् अभिमुखीकरण कार्यक्रम असार २ गते एक समारोहमा भयो ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका केन्द्रीय अध्यक्ष **नारायणमान बिजुक्छेँ (रोहित)** ले विद्यार्थीले अध्ययन-अनुसन्धानमा जोड दिनुपर्ने र देश र जनताको सेवा हुने काममा लाग्नुपर्ने बताउनुभयो ।




अध्ययन अनुसन्धानमा सक्षम र सफल विद्यार्थी आफू सन्तोष हुने र देशको लागि पनि सेवा गर्नसक्ने बताउनुहुँदै उहाँले ती विद्यार्थीहरूको काम गराइमा उत्साह पनि बढ्छ भन्नुभयो ।

नेपाल र भारतजस्ता देशले आफ्नो देशलाई राम्रो बनाउनुभन्दा विदेशीको मुख ताक्ने प्रवृत्तिले बौद्धिक शक्तिको अभाव हुँदै गएकोमा उहाँले चिन्ता व्यक्त गर्नुभयो ।

देश सक्षम र राम्रो बनाउन सरकार नै लागि पर्नुपर्छ भन्नुहुँदै उहाँले चीनको प्रगतिलाई बाधा पुऱ्याउन चारैतर्फबाट चीनमाथि आक्रमण गर्ने अमेरेकी नीति खोटपूर्ण छ भन्नुभयो ।

पश्चिमी देशबाट भएको सिमेन्ट र डण्डीको अनुसन्धानबाट निर्माणमा सिमेन्ट र डण्डीको प्रयोग भएकोले

नेपाली माटो सुहाउँदो निर्माणमा सहयोग पुऱ्याउन नेपालको भौतिक अवस्थाबारे अनुसन्धानमा जोड दिनुपर्ने आश्यकता औँल्याउनुहुँदै उहाँले नेपाली र विदेशीको काम गराइमा भिन्नता छ, नेपालीले काम गर्न छलफललाई जोड दिन्छ भन्नुभयो।

कलेज सञ्चालक समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले कलेजको उद्देश्यबमोजिम गुणस्तरीय शिक्षा दिने, देशभक्त नागरिक बनाउने र सक्षम प्राविधिक तयार गर्ने काम आंशिकरूपमा सफलता मिलिसकेको र पूर्ण सफलतामा पुग्नको लागि सबैले दत्तचित्त भई आ–आफ्नो काम गर्नुपर्नेमा जोड दिनुभयो।

बौद्धिक शक्ति विदेश पलायन हुनुमा सरकार दोषी रहेको प्रष्ट पार्नुहुँदै उहाँले संयुक्त राष्ट्रसङ्घले २०३० मा विश्वमा गरिबी उन्मूलन गर्ने घोषणा गर्दैगर्दा चीनले २०२० मै गरिब उन्मूलन भएको घोषणा गऱ्यो। यो चीनको समाजवादी राजनैतिक बन्दोबस्तले सफलता मिलेको हो भन्नुभयो।

ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य ई. **सुजन माक**ले अनुसन्धान कार्यमा टेवा पुऱ्याउन कलेजले राष्ट्रिय–अन्तरष्ट्रिय सम्मेलन गर्दै आएको र २०८२ सालको माघमा हुने चौथो अन्तर्राष्ट्रिय सम्मेलनमा धेरैओटा शोधपत्रहरू आउने अपेक्षा व्यक्त गर्नुभयो।

ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य ई. **सुनिल दुवाल**ले रिसर्च पेपर राम्रो भएका विद्यार्थीले आफ्ले रोजेको विषयमा विद्यावारिधि गर्न धेरै अवसर मिल्ने बताउनुभयो।

ख्वप इन्जिनियरिङ कलेजका उपप्राचार्य डा. **सुवेगमान बिजुक्छेँ**ले उपलब्धिमूलक अनुसन्धान कार्यमा दत्तचित्त भएर लागिपर्नुपर्ने र त्यस्तो विद्यार्थीले अरूलाई बुझाउन सक्ने बन्नुपर्छ भन्नुभयो।

उक्त कार्यक्रममा अर्थक्वेक इन्जिनियरिङ विभागीय प्रमुख डा. **मन्जिप शाक्य**ले अर्थक्वेक इन्जिनियरिङ भनेको स्ट्रक्चर, सिस्मोलजी र जियोलजीको संयोजन भएको बताउनुभयो।




अर्बान डिजाइन एण्ड कन्जरभेसनका विभागीय प्रमख आ. **लिवास फैजू**ले नयाँ र व्यवस्थित सहर बनाउन विज्ञ बनाउने शिक्षा अर्बान डिजाइन एण्ड कन्जरभेसनको अध्यापनले गर्छ भन्नुभयो।

अर्थक्वेक इन्जिनियरिङको स्नातकोत्तर तहमा नेपाल प्रथम हुन सफल ई. रोसन प्रजापतिलाई प्रमुख अतिथि बिजुक्छेँले रु.२५ हजार नगद पुरस्कार र गोल्ड मेडल तथा प्रसंशा–पत्र वितरण गर्नुभएको थियो।

## शैक्षिक र प्रशासनिक पक्षबारे सुझाव सङ्कलन गर्न स्थानीयवासीको भेला




ख्वप कलेज अफ इन्जिनियरिङको आयोजनामा असार ३ गते स्थानीयवासीको भेला कलेजको सभाहलमा भयो।

कलेजको शैक्षिक एवम् प्रशासनिक गतिविधिबारे सुझाव सङ्कलन गर्न आयोजित उक्त भेलामा कलेज सञ्चालक समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले इन्जिनियरिङ कलेजलाई देशकै उत्कृष्ट अनुसन्धान केन्द्रको रूपमा विकास गर्नुपर्ने बताउनुभयो।

उहाँले धेरै विद्यार्थी उच्च शिक्षाको बहानामा विदेश जाने लहर चलिरहेको र गत १० महिनामा ९५ अर्बभन्दा बढी रकम विदेश गइसकेको तथ्याङ्क प्रस्तुत गर्नुहुँदै विद्यार्थीलाई देशमै गुणस्तरीय शिक्षा दिनेतर्फ सरकारको ध्यान जानुपर्ने आवश्यकता औँल्याउनुभयो।

उहाँले जनतालाई सुलभ तरिकाले गुणस्तरीय शिक्षा प्रदान गर्न २०५६ सालमा ख्वप उच्च मावि स्थापना भएपछि क्रमशः आठ ओटा कलेजहरूको स्थापना र सञ्चालनमा आएको उहाँले बताउनुभयो।

हामीले काम हेर्ने हो; व्यवहार हेर्ने हो; काम गर्ने बेलामा कमी कमजोरी हुनसक्नेतर्फ औँल्याउनुहुँदै उहाँले भन्नुभयो, 'आलोचना आत्मालोचना हुनुपर्छ, आलोचनादेखि भाग्ने होइन बरु सुधार गर्दै जानुपर्छ।'

मेडिकल कलेजसहितको ख्वप विश्वविद्यालय स्थापनाको स्वीकृति दिनुपर्नेमा ख्वप विश्वविद्यालय विधेयक अर्थमन्त्रालयमै थन्किएको चर्चा गर्नुहुँदै उहाँले जनताको सेवाको लागि ख्वप विश्वविद्यालयले १५ लाखमै एमबीबीएस पढाउने बताउनुभयो।

आर्थिकरूपमा कमजोर विद्यार्थीहरूलाई भक्तपुर नगरपालिकाले रु. पाँच लाखसम्म सहुलियत दरमा शैक्षिक

ऋण उपलब्ध गराउँदै हाल ६ सय विद्यार्थीहरू उच्च शिक्षा अध्ययन गरिरहेको उहाँले बताउनुभयो ।

कार्यक्रममा कलेज सञ्चालक समितिका सदस्य एवम् भनपा ९ नं. वडाका वडाध्यक्ष **रबीन्द्र ज्याख्व**ले भक्तपुर नगरपालिकाले विभिन्न आवास योजना जनताको सेवा सुविधाको लागि सञ्चालन गरिरहेको बताउनुभयो ।

लिबाली आवास योजना भक्तपुरकै एउटा शैक्षिक गन्तव्य भएको बताउनुहुँदै उहाँले भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्रको रूपमा विकास गर्न भक्तपुर नगरपालिका लागिरहेको बताउनुभयो ।

स्थानीयवासीको रचनात्मक सल्लाह र सुझाव कलेज विकासको लागि आवश्यक भएको बताउनुहुँदै उहाँले सल्लाह सुझाव उपलब्ध गराउन आग्रह गर्नुभयो ।

कलेज सञ्चालक समितिका सदस्य एवम् भनपा ८ नं. वडाका वडाध्यक्ष **कृष्णप्रसाद कोजु**ले इन्जिनियरिङ कलेजका प्राविधिकहरूले जनतासँग प्रत्यक्षरूपमा जोडिएर विकास निर्माणको काममा हातेमालो गर्नुपर्ने बताउनुभयो ।

ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य ई. **सुजन माक**ले इन्जिनियरिङ कलेजको अतुलनीय योगदानबारे चर्चा गर्नुहुँदै सबैको साथ र सहयोगले शैक्षिक गुणस्तर वृद्धि हुँदै आएको बताउनुभयो ।

कलेजका प्राचार्य ई. **सुनिल दुवाल**ले स्थानीयवासीको समुदायमा आधारित सञ्चालित कलेजको रेखदेख तथा अनुगमन पनि समुदायले नै गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा प्रशासन शाखा प्रमुख **सन्जय मानन्धर**ले पनि बोल्नुभएको थियो ।

उक्त कार्यक्रममा उपस्थित वडावासीहरूले कलेजको शैक्षिक एवम् प्रशासनिक सम्बन्धमा विभिन्न सुझाव दिनुभयो ।

### नर्सिङ पहिलो वर्षको नतिजा प्रकाशित

## ख्वप बहुप्राविधिक अध्ययन संस्थानमा शत प्रतिशत उत्तीर्ण, ३२ जना विशिष्ट श्रेणीमा उत्तीर्ण



प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सीटीईभीटी) ले नर्सिङ पहिलो वर्षको परीक्षाको नतिजा असार ४ गते प्रकाशन गरेको छ । परिषद्ले २०८० मङ्सिर महिनामा लिएको नर्सिङ पहिलो वर्षको परीक्षा नतिजा प्रकाशन गरेको हो ।

उक्त परीक्षामा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप बहुप्राविधिक अध्ययन संस्थानले शतप्रतिशत सफल नतिजा हासिल गरेको छ ।

ख्वप बहुप्राविधिक अध्ययन संस्थानबाट नर्सिङ पहिलो वर्षको परीक्षामा कुल ३९ जनाले परीक्षा दिएकोमा परीक्षामा सम्मिलित सबै विद्यार्थीहरू उत्कृष्ट अङ्कले उत्तीर्ण भएका छन् ।

उक्त परीक्षामा ख्वप बहुप्राविधिक अध्ययन संस्थान पहिलो वर्षका विद्यार्थीहरूले ल्याएको उच्चत्तम अङ्क ८९.६ प्रतिशत रहेको छ भने न्यूनत्तम अङ्क ७०.५ प्रतिशत रहेको छ ।

परीक्षामा सम्मिलित ३९ जना विद्यार्थीमध्ये ३२ जना विशिष्ट श्रेणीमा उत्तीर्ण हुन सफल भएका छन् भने ७ जना पहिलो श्रेणीमा उत्तीर्ण भएका छन् ।


**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर-२

**कक्षा ११ को छात्रवृत्तिसम्बन्धी भक्तपुर नगरपालिकाको सूचना**

शैक्षिक सत्र २०८१/०८२ को लागि भक्तपुर नगरपालिकाअन्तगर्तका विद्यालयहरूमा कक्षा ११ मा छात्रवृत्तिमा अध्ययन गर्न चाहने विद्यार्थीहरूको लागि, स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले गरेको व्यवस्थाबमोजिम विद्यालयले उपलब्ध गराउनुपर्ने १०% छात्रवृत्तिमध्ये ३३% छात्रवृत्ति सिफारिसको लागि भक्तपुर नगरपालिकाको निर्णयअनुसार छनौट हुने व्यहोरा सूचित गरिन्छ । छात्रवृत्तिमा अध्ययन गर्न इच्छुक विद्यार्थीहरूले नगर शिक्षा शाखा, ब्यासीमा दरखास्त दिनुहुन सम्बन्धित सम्पूर्णमा सूचित गरिन्छ ।

छात्रवृत्ति व्यवस्थापनसम्बन्धी सम्पूर्ण प्रक्रिया संस्थागत विद्यालय छात्रवृत्ति वितरण कार्यविधि २०७४ बमोजिम अवलम्वन गरिनेछ ।

**तपसिल**

१. फाराम वितरण : २०८१ असार १९ गते बुधबारदेखि
२. फाराम बुझाउने अन्तिम मिति : २०८१ असार ३१ गत सोमबारसम्म
३. दर्ता शुल्क : रू.२००।– (दुई सय रूपैयाँ मात्र)
पुनश्चः दोब्बर दस्तुर तिरी २०८१ साउन ३ गते विहीबारसम्म निवेदन बुझाउन सकिनेछ ।

परीक्षा केन्द्र
ख्वप माध्यमिक विद्यालय
देकोचा, भक्तपुर-६

परीक्षा मिति
२०८१ साउन १२ गते शनिबार
बिहान ७:३० बजे

शिक्षा शाखा
भक्तपुर नगरपालिका
सम्पर्क : ०१-६६१०११६

# स्वास्थ्य सेवा

## मनोरोगसम्बन्धी अभिमुखीकरण




भक्तपुर नगरपालिका वडा नं. १ को आयोजना तथा ख्वप अस्पतालको प्राविधिक सहयोगमा भक्तपुर नपा १ वडा कार्यालयमा मनारोगसम्बन्धी अभिमुखीकरण कार्यक्रम जेठ २९ गते भयो ।

कार्यक्रममा मनोरोग विशेषज्ञ डा. **विश्वबन्धु शर्मा**ले देशको कुल जनसङ्ख्यामध्ये १२ प्रतिशत जनसङ्ख्या कुनै न कुनै किसिमको मानसिक रोगबाट पिडित रहेको बताउनुहुँदै मानसिक रोगीलाई परिवारको सहयोग तथा चिकित्सकको परामर्शमा नियमित औषधी सेवनमार्फत निको हुने जानकारी दिनुभयो ।

उहाँले मानसिक रोगीलाई अपहेलना गर्न नहुने बताउनुहुँदै रोगीहरूको मनोबल बढाउन व्यवहारिक वातावरण बनाउनु आवश्यक रहेको चर्चा गर्नुभयो । हाल समाजमा कम उमेरका बालबालिकाहरूदेखि कक्षा ११/१२ मा अध्ययनरत विद्यार्थीहरूमा समेत मनोरोग देखिन थालेको जानकारी दिनुहुँदै कम उमेरका विशेषगरी सुस्तमनस्थिति भएका बालबालिकाहरूलाई विद्यालयहरूमा छुट्टै कक्षा कोठाको व्यवस्था गरी छुट्टै पाठ्यक्रम बनाई अध्ययन गर्नदिनु उपयुक्त हुने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा-१ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले भक्तपुर नगरपालिकाबाट नगरवासीहरूलाई स्वस्थ बनाउन स्वास्थ्य सेवाको उपलब्धताको लागि वडा-वडामा आधारभूत स्वास्थ्य केन्द्रहरू स्थापना गरी ल्याबसहितको सेवा सञ्चालन गर्दै आएको, घरदैलो नर्सिङ सेवालगायत समय समयमा स्वास्थ्य शिविरसमेत आयोजना गर्दै आएको जानकारी दिनुभयो । उहाँले युवाहरू विदेशिनुमा देशमा रोजगारीको अवसर नपाउनु मुख्य कारण हो भन्नुभयो ।

कार्यक्रममा भनपा १ का वडा सदस्य **सूर्यप्रसाद श्रेष्ठ** र स्थानीय समाजसेवी **कृष्णबहादुर दुगुजु**ले पनि बोल्नुभएको थियो भने स्थानीय विद्यालयका शिक्षक शिक्षिका, स्वास्थ्यकर्मी, वडावासी महिला, युवा र विद्यार्थीहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

## ल्यापरोस्कोपिक सर्जरी



भक्तपुर नगरपालिकाबाट सञ्चालित ख्वप अस्पतालमा असार ४ गतेबाट ल्यापरोस्कोपिक सर्जरी (दुरबिनबाट गरिने शल्यक्रिया) बाट पित्त थैलीको पत्थरीको अप्रेशन सुरु गरेको छ ।

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

### पर्यटक सेवा शुल्क सम्बन्धी सूचना

यस नगरपालिका क्षेत्रभित्र प्रवेश गर्ने गैर सार्क पर्यटकलाई १५ अमेरिकी डलर वा रु. १५००।- नेपाली रुपैयाँ लिँदै आइरहेकोमा हाल आएर डलरको भाउ क्रमशः वृद्धि हुँदै एक अमेरिकी डलर बराबर १२७।- नेपाली रुपैयाँको हाराहारीमा पुगेकोले डलरको भाउ समायोजन गर्न नेपाली रुपैयाँको हकमा पर्यटक सेवा शुल्क रु. १५००।- को सट्टा सन् २०२३ जनवरी १ देखि लागू हुने गरी एक गैर सार्क पर्यटकको **१५ अमेरिकी डलर वा रु. १८००।- (एक हजार आठ सय) नेपाली रुपैयाँ** कायम गर्ने निर्णय गरिएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



An Undertaking Of Bhaktapur Municipality

# Khwopa Hospital

## Jestha Report, 2081

| Age Group | Number | In Percentage |
|---|---|---|
| 0-9 | 2502 | 10.93 |
| 10-14. | 827 | 3.61 |
| 15-19 | 855 | 3.73 |
| 20-59 | 14337 | 62.61 |
| ≥60 | 4378 | 19.12 |
| Total | 22899 | 100 |

| Services | Number | In Percentage |
|---|---|---|
| Emergency | 654 | 2.86 |
| General | 4033 | 17.61 |
| Insurance | 18212 | 79.53 |
| Total | 22899 | 100.00 |

| District | Number | In Percentage |
|---|---|---|
| Baitadi | 1 | |
| Dhading | 1 | |
| Ilam | 1 | |
| Salyan | 1 | |
| Sankhuwasabha | 1 | |
| Pyuthan | 1 | |
| Bajhang | 1 | |
| Saptri | 1 | |
| Darchula | 1 | |
| Dang | 2 | |
| Kalikot | 2 | |
| Rautahat | 2 | |
| Rukum | 2 | |
| Dailekh | 3 | |
| Dhanusha | 3 | |
| Mahottari | 3 | |
| Morang | 3 | |
| gorkha | 4 | |
| Jhapa | 4 | |
| Rolpa | 5 | |
| Surkhet | 5 | |
| Jumla | 7 | |
| Kailali | 7 | |
| Sindhuli | 7 | |
| Udhayapur | 7 | |
| Nuwakot | 8 | |
| Okhaldhunga | 8 | |
| Bara | 10 | |
| Khotang | 11 | |
| Sarlahi | 12 | |
| Lalitpur | 13 | |
| Makwanpur | 14 | |
| Achham | 16 | |
| Dolkha | 18 | |
| Kathmandu | 32 | |
| Ramechap | 40 | |
| Sindhupalchowk | 47 | |
| Kavrepalanchok | 117 | |
| Bhaktapur | 22478 | |
| Total | 22899 | |

| | |
|---|---|
| Madhyapur Thimi | 141 |
| Suryabinayak | 1061 |
| Changu | 3931 |
| Bhaktapur | 17345 |
| Total | 22478 |

| Department | Number | In Percentage |
|---|---|---|
| CHRP-Respiratory Medicine | 69 | 0.30 |
| Neuro Surgery | 71 | 0.31 |
| Urology | 72 | 0.31 |
| Physiotherapy | 180 | 0.79 |
| Psychiatric | 188 | 0.82 |
| General Ward | 203 | 0.89 |
| Cardiologist | 280 | 1.22 |
| MDGP | 281 | 1.23 |
| Laboratory | 527 | 2.30 |
| General Surgery OPD | 548 | 2.39 |
| Dermatology | 843 | 3.68 |
| Internal Medicine | 1272 | 5.55 |
| Dental | 1380 | 6.03 |
| ENT | 1477 | 6.45 |
| Emergency Ward | 1589 | 6.94 |
| Paediatric | 1639 | 7.16 |
| Obs. & Gynaecology | 1740 | 7.60 |
| Orthopedic | 2999 | 13.10 |
| General OPD | 7541 | 32.93 |
| Total | 22899 | 100.00 |

| | |
|---|---|
| Patient Admitted | 203 |
| Discharge | 89 |
| LAMA | 3 |
| Refer | 11 |

### Eye Program

| | |
|---|---|
| Total Checkup | 2711 |
| Total Cataract Surgery | 117 |

### Operation

| | |
|---|---|
| Major | 120 |
| Minor | 67 |

| Gender | Number | In Percentage |
|---|---|---|
| Female | 13747 | 60.03 |
| Male | 9152 | 39.97 |
| Total | 22899 | 100.00 |

भक्तपुर नपाद्वारा सञ्चालित ख्वप अस्पतालको
२०८१ जेठ महिनाको सेवा प्रगति

# भेटघाट

## चिनियाँ प्रतिनिधिमण्डललाई भक्तपुरमा स्वागत



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले चिनियाँ जनराजनैतिक परामर्श सम्मेलन, राष्ट्रिय समितिका उपाध्यक्ष पाथ अरको नेतृत्वमा आउनुभएको प्रतिनिधिमण्डल टोलीलाई भक्तपुर दरबार क्षेत्र प्रवेशद्वारमा खादा, भादगाउँदले टोपी र पुष्पगुच्छाले असार २ गते स्वागत गर्नुभयो।

टोलीलाई स्वागत गर्दै नगर प्रमुख **प्रजापति**ले भक्तपुरको कला संस्कृति संरक्षणमा भक्तपुर नपाले विशेष जोड दिँदै आएको बताउनुभयो।



भ्रमणका क्रममा उपाध्यक्ष **पाथ अर**ले भक्तपुरले गरेको न्यानो स्वागतको लागि धन्यवादज्ञापन गर्नुहुँदै भक्तपुर कला र संस्कृतिमा निकै समृद्ध नगर भएको बताउनुभयो। उहाँले जीवन्त नगरको अवलोकन भ्रमण गर्न पाउँदा निकै गौरवको अनुभूति भएको बताउनुहुँदै चीन-नेपालबिचको मित्रता अमर रहने विश्वास व्यक्त गर्नुभयो।

चिनियाँ प्रतिनिधिमण्डल टोलीले भक्तपुरको स्थानीय उत्पादन र मृतिका कलाबारे चासो व्यक्त गरेका थिए।



टोलीले भक्तपुरको ऐतिहासिक र सांस्कृतिक सम्पदाहरू दरबार क्षेत्र, पोटरी स्क्वायर, टौमढी हुँदै फसिदेगको अभिरुचिपूर्वक अवलोकन गर्नुभएको थियो। सोही क्रममा दुवै पक्षबिच मायाको चिनो आदानप्रदान भएको थियो।

उक्त कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराई, कार्यपालिका सदस्यहरूलगायतको उपस्थिति रहेको थियो भने चिनियाँ जनराजनैतिक परामर्श सम्मेलन, राष्ट्रिय समितिका सदस्यहरू छि चाल, एवई च्यून, वन सु काङ्ग, यान च्यूए, वाङ चोङ्यी, लीन मियाओलगायतको उपस्थिति रहेको थियो।

## चीनको सर्वोच्च अदालतका न्यायाधीश भक्तपुर भ्रमणमा



जनवादी गणतन्त्र चीनको सर्वोच्च अदालतका न्यायाधीश माननीय लिऊ कुईसियाङले असार ४ गते भक्तपुरको भ्रमण गर्नुभयो। उहाँको नेतृत्वमा आएको टोलीलाई भक्तपुर नपामा उपप्रमुख रजनी जोशीले स्वागत गर्नुभयो।

भक्तपुर नपाकोतर्फबाट उपप्रमुख जोशीले माननीय लिऊलाई मायाको चिनो स्वरूप मयूरको झ्याल र भक्तपुर नपाका प्रकाशनहरू उपहार प्रदान गर्नुभयो।

# चीनका प्रो. लि ताओको नेतृत्वको टोली भक्तपुर भ्रमणमा



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग चीनको स–छ्वान विश्वविद्यालय दक्षिण एसियाली अध्ययन संस्थानका प्रो. लि ताओको नेतृत्वमा आएको प्रतिनिधिमण्डलले असार १८ गते भेट गऱ्यो ।

प्रतिनिधिमण्डललाई भक्तपुर नगरपालिकामा स्वागत गर्दै नगर प्रमुख **प्रजापति**ले नेपाल–चीनबिचको सम्बन्ध अझ प्रगाढ र सुमधुर हुँदै जाने विश्वास व्यक्त गर्नुभयो ।

नेपाल मजदुर किसान पार्टी वैज्ञानिक समाजवादमा विश्वास गर्ने पार्टी भएको बताउनुहुँदै उहाँले नेमकिपाले सधैँ एक चीन नीतिलाई समर्थन गर्दै आइरहेको बताउनुभयो ।

नेपाल धर्मनिरपेक्ष देश भए पनि नेपालको धर्म, भाषा र संस्कृतिमा विदेशी हस्तक्षेप स्वीकार्य नभएको बताउनुहुँदै उहाँले मित्र देश चीनको आर्थिक, सामाजिक, सांस्कृतिक विकासबाट भक्तपुर नपाले सिक्न चाहन्छ भन्नुभयो ।

पछिल्लो जनगणनाअनुसार नेपालको कुल जनसङ्ख्यामध्ये नेवार जाति ४.६ प्रतिशत भए पनि भक्तपुर नगरमा ९५ प्रतिशतभन्दा बढी नेवार जातिको बसोबास रहेको बताउनुहुँदै उहाँले भक्तपुर नपाले स्थानीय जाति, भाषा, संस्कृति, परम्परागत सीप संरक्षणका लागि विभिन्न गतिविधिहरू गर्दै आएको बताउनुभयो । उहाँले भन्नुभयो – 'नेवार जाति सम्पदा र संस्कृतिमा अत्यन्त सम्पन्न जाति भएको, काठमाडौँ उपत्यकाको सम्पदा र संस्कृतिको निर्माताहरू पनि नेवारहरू नै भएको स्पष्ट पार्नुहुँदै त्यसको संरक्षण र सम्बर्द्धनको लागि नगरपालिकाले निरन्तर कार्य गरिरहेको छ ।'

भक्तपुर नपाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षणलगायतका क्षेत्रमा गरिरहेका गतिविधिबारे अवगत गराउनुहुँदै प्रमुख प्रजापतिले काठमाडौँ उपत्यकालाई सांस्कृतिक केन्द्रको रूपमा विकास गर्ने कोसिस गर्दै आएको बताउनुभयो ।

भेटमा प्रो.**ताओ**ले भक्तपुरले गरेको न्यानो स्वागतप्रति कृतज्ञता ज्ञापन गर्नुहुँदै नेपाल चीनबिचको सम्बन्धका आफ्नै मौलिक विशेषता रहेको बताउनुहुँदै नेपालमै गएर नेपालका विभिन्न विषयबारे अध्ययन अनुसन्धान गर्ने नीति चीनले अँगालेको बताउनुभयो ।

नेपाल–चीनबिच विकासको मामिलामा साझा उद्देश्य रहेको प्रष्ट पार्नुहुँदै प्रो. ताओले नेपालको विकासलाई तीव्रता दिन चीन सरकार नेपाललाई सहयोग र साझेदारीको अवधारणाका साथ अगाडि बढ्न चाहेको बताउनुभयो ।

नेपालबारे अध्ययन अनुसन्धानका क्रममा नेपालका बुद्धिजीवीहरूसँग सुमधुर सम्बन्ध स्थापनाले आफ्नो अध्ययनलाई थप टेवा मिलेको बताउनुहुँदै उहाँले भक्तपुर नगरपालिकाले ख्वप विश्वविद्यालय तथा मेडिकल कलेज सञ्चालनबारे जानकारी पाउँदा खुसी लागेको बताउनुभयो ।

स–छ्वान प्रान्त र भक्तपुरबिच पनि साझेदारीका धेरै सम्भावनाहरू भएको उल्लेख गर्नुहुँदै उहाँले पछिल्लो समयमा नेपालको चेपाङ जातिमा क्रिश्चियन धर्मको प्रभाव व्यापक रूपमा फैलिरहेको आफूहरूको अध्ययनले पाएको बताउनुभयो ।



भेटमा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराई, वडाध्यक्षहरू उकेश कवां, रबिन्द्र ज्याख्व, योगेन्द्रमान बिजुक्छेँ, कार्यपालिका सदस्य रोशनमैया सुवाल, युनान मिन्जु विश्वविद्यालयका प्रो. सेन हाइमेइ, याओ यिजिआङ, डा. काओ लिआङ, छुइ जिअयु, विद्यावारिधिका विद्यार्थी निरज लवजू, याओ जिअतोङ, अनुवादक राजेन्द्र चवाल, पर्यटक सूचना तथा सेवा केन्द्रका प्रमुख गौतमप्रसाद लासिवालगायतको उपस्थिति थियो ।

सोही क्रममा उहाँहरूबिच उपहार आदानप्रदान भएको थियो भने भेटपश्चात टोलीले भक्तपुरको सांस्कृतिक र ऐतिहासिक सम्पदाहरूको स्थलगत अवलोकन गर्नुभएको थियो ।

# संक्षेपमा

## निरीक्षण



भक्तपुर नपा वडा नं. ६ देकोचामा निर्माणाधीन अरनिको सभाभवनमा भइरहेको पीपीसी ढलान कार्यको जेठ ३१ गते निरीक्षण गर्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति ।

## फोटो प्रदर्शनीको अवलोकन



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरको कला, संस्कृति, सम्पदा एवम् रहनसहनसम्बन्धी फोटोग्राफर सुरेशराज शाक्यद्वारा खिचिएको 'भिगु ख्वप फोटो प्रदर्शनी' को असार १ गते अवलोकन गर्नुहुँदै ।

## छ्वुमा गणेश द्यःछेंको छाना छाउने कार्यको निरीक्षण



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति भनपा-६ चोछेँ छ्वुमा गणेश द्यःछेँ पुनर्निर्माणको क्रममा छाना छाउने कार्यको असार ७ गते निरीक्षण गर्नुहुँदै ।

## तालिम निरीक्षण





भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिद्वारा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) अन्तर्गत भक्तपुर नगरपालिकामा सञ्चालित आधार भूत बेकरी सीप विकास, मखमली जुत्ता बनाउने र पेपर रि साइक्लिङ तालिमको असार ११ गते निरीक्षण गर्नुभयो ।

## जगाती सडकमा पीच





भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति भक्तपुर नपा वडा नं. ८ पुरानो जगाती सडकमा पीच कार्यको असार १४ गते निरीक्षण गर्नुहुँदै ।

# विविध समाचार

## भक्तपुर मूर्त तथा अमूर्त सम्पदाको केन्द्र



'संस्कृति जगेर्नाको लागि एक व्यक्ति एक कला' भन्ने मूल मर्मका साथ एकान्तकुमारी सांस्कृतिक खलःको २८ औं वार्षिक साधारणसभा तथा १० औं अधिवेशन एवम् दोस्रो चरणको बाँसुरी बाजा प्रशिक्षण समापन तथा सम्मानपत्र वितरण कार्यक्रम जेठ २७ गते भयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुरको पहिचान बोकेको सम्पदा र मूर्त अमूर्त संस्कृतिको संरक्षण र संवर्द्धनले गर्दा नै भक्तपुर विश्वमा सम्पदा र संस्कृतिमा नमुना सहरको रूपमा परिचित भएको बताउनुभयो। बढ्दो पर्यटकबाट प्राप्त भएको सेवा शुल्कबाट सम्पदाको मर्मत सम्भारलगायतका कार्य गर्न सहज भएको उल्लेख गर्नुहुँदै उहाँले संस्कृति र सम्पदाको संरक्षण तथा जानकारीको लागि भक्तपुर नगरपालिकाले स्थानीय पाठ्यक्रम ख्वपको पहिचानबाट सहयोग मिलेको बताउनुभयो।

वर्तमान समयमा नयाँ युवा पुस्ताको आकर्षण बढ्दै गएकोले यस विषयमा समय समयमा व्यवहारिक, सचेतनात्मक कार्यक्रम गर्नुपर्ने आवश्यकता औंल्याउनुहुँदै उहाँले कला र सीपको सबै ठाउँमा सम्मान र कदर हुने भएकोले कला सही ठाउँमा प्रयोग गर्न सके स्वदेशमै मनग्य आम्दानी र आफ्नो चिनारी दिनसक्ने बताउनुभयो। श्रम र सीप स्वदेशमा नै प्रयोग गर्न हौसला प्रदान गर्नुपर्ने आवश्यकता पनि उहाँले औंल्याउनुभयो।

भनपा वडा नं. ५ का वडाध्यक्ष **योगेन्द्रमान बिजुक्छें**ले मानव विकास र मानव सभ्यताको पहिचान नै संस्कृति भएको चर्चा गर्नुहुँदै संस्कृतिको अध्ययन र अनुसन्धान कार्यमा आकर्षण बढिरहेको बताउनुभयो। मूर्त तथा अमूर्त संस्कृति र सम्पदालाई जीवन्तता दिन सबै अग्रसर भई संस्कृति संरक्षण कार्य क्रमशः पुस्तान्तरण हुँदै आएकोमा उहाँले खुसी व्यक्त गर्नुभयो।

कार्यक्रम खलःका अध्यक्ष कृष्णाराम माकको सभापतित्वमा भएको थियो। कार्यक्रममा सल्लाहकार चिनियालाल माक, प्रशिक्षण समिति संयोजक विष्णुप्रसाद कर्माचार्य, प्रशिक्षार्थी सुशिला न्याईच्याई र अतिथि प्रतिनिधि चण्डेश्वरी धिमे पुचःका कोषाध्यक्ष विक्रम धुकुछुले पनि बोल्नुभएको थियो।



कार्यक्रममा स्थानीय वडाका अग्रज गुरुहरू राधा माक, आशाकाजी माक, आशाकाजी खाइजू र रामकृष्ण चिंकबञ्जारलाई सम्मान एवम् बाँसुरी बाजा प्रशिक्षण सम्पन्न गर्न आर्थिक, भौतिक र नैतिक सहयोग गर्नुहुने सम्पूर्णलाई कदरपत्र प्रदान गरिएको थियो।

बन्द सत्रमा सचिव नारायणकृष्ण माक र कोषाध्यक्ष सीताराम माकले प्रस्तुत गर्नुभएको वार्षिक प्रगति प्रतिवेदन पारित गरिएको थियो। भेलाले राधेश्याम माकको अध्यक्षतामा १५ सदस्यीय नयाँ कार्य समिति गठन गरेकोछ।

## इन्द्रायणी मन्दिरको द्यःछेँ पुनःनिर्माणसम्बन्धी सार्वजनिक परीक्षण




भक्तपुर नगरपालिका वडा नं. २ खौमास्थित ऐतिहासिक एवम् पुरातात्त्विक सम्पदा इन्द्रायणी मन्दिरको द्यःछेँ पुनःनिर्माणबारे आर्थिक विवरण सार्वजनिक परीक्षण कार्यक्रम जेठ ३२ गते भयो।

कार्यक्रममा भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष **हरिप्रसाद बासुकला**ले भक्तपुर नगरपालिकाले निर्वाचन प्रतिबद्धताअनुसार शिक्षा, स्वास्थ्य, सरसफाइलगायत सम्पदा संरक्षण र पुन:निर्माणलाई प्राथमिकताअनुसार कार्य गर्दै आएको चर्चा गर्नुहुँदै कला संस्कृति संरक्षणलगायत नयाँ पुस्तालाई जानकारी दिन विभिन्न सांस्कृतिक प्रतियोगिताहरू आयोजना गरिरहेको बताउनुभयो।

भक्तपुर नगरभित्रका युवाहरूलाई स्वरोजगार बनाउन युवा लक्षित युवा उद्यमशीलता ऋण दिने प्रक्रिया अगाडि बढिरहेको चर्चा गर्नुहुँदै उहाँले युवाहरूलाई तालिम सञ्चालन गरी आत्मनिर्भरताको बाटोतर्फ डोऱ्याउने काम नपाले गर्दै आएको बताउनुभयो।

कार्यक्रममा सम्पदा शाखा प्रमुख ई. **रामगोविन्द श्रेष्ठ**ले उपभोक्ता समितिमार्फत काम गर्दा प्रभावकारी हुनुका साथै जनताको अपनत्व पनि रहने बताउनुभयो।

वडा सदस्य **मन्जु लाखाजु**ले वडामा भइरहेको विविध विकास निर्माण कार्यलगायत घरदैलो नर्सिङ सेवाअन्तर्गत सञ्चालित कार्यक्रमबारे बताउनुभयो।

उपभोक्ता समितिका अध्यक्ष विनोदचरण रायको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा मन्दिर पुन:निर्माण कार्यमा नगरपालिकाको बजेट (लगानी) का साथै विभिन्न सङ्घ, संस्थाहरू, गुठीलगायत स्थानीयहरूले आर्थिक सहयोग गरिरहेको जानकारी दिनुभयो। साथै हालसम्मको पुन:निर्माण कार्यमा रु. ५८ लाख ९४ हजार १३३ पैसा ७८ खर्च भएको विवरण सार्वजनिक गर्नुभयो।



उक्त कार्यक्रममा समितिका पदाधिकारीहरू राधेसुन्दर सैंजु, कृष्ण प्रधानाङ्ग र कृष्णश्वरी हाडाले पनि बोल्नुभएको थियो।

## स्थानीय भाषा ऐन निर्माणबारे ध्यानाकर्षण

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग नेवा: देय् दबूका प्रतिनिधिमण्डल टोलीले जेठ ३२ गते भक्तपुर नपाको सभाकक्षमा भेट गऱ्यो।



टोलीले प्रमुख प्रजापतिसमक्ष 'स्थानीय भाषा ऐन निर्माण' को लागि भक्तपुर नगरपालिकाको तर्फबाट आवश्यक पहलको लागि अनुरोध गरेको छ।

प्रमुख **प्रजापति**ले भाषा र संस्कृति देशको पहिचान भएको बताउनुहुँदै भाषाको ज्ञान बढाउन विद्यार्थी जीवनबाट भाषा अध्ययन अध्यापन गर्न जरुरी रहेको बताउनुभयो।

नेपालभाषा प्रवर्द्धनमा भक्तपुर नपाले जोड दिँदै आएको बताउनुहुँदै इतिहास, भूगोल, राजनीति शास्त्र, नेपालभाषालगायत महत्त्वपूर्ण विषय लिएर उच्च शिक्षा अध्ययनरत विद्यार्थीहरूलाई भक्तपुर नपाले पूर्ण छात्रवृत्तिको व्यवस्था गर्दै आएको बताउनुभयो।

भाषालाई पाठ्यक्रममा समावेश गर्ने विषयमा आवश्यक छलफल भइरहेको बताउनुहुँदै उहाँले भक्तपुर नपाले बैठक तथा कार्यक्रमहरू पनि नेपालभाषामै सञ्चालन गर्न जोड दिँदै आएको बताउनुभयो।

ख्वप देय् दबू, वाग्मती प्रदेशका अध्यक्ष **श्रीकृष्ण महर्जन**ले भाषा आयोगको सिफारिसको आधारमा वाग्मती प्रदेश सरकारले नेपालीका अतिरिक्त नेपालभाषा र तामाङभाषालाई सरकारी कामकाजी भाषाको रूपमा लागु गर्नका लागि वाग्मती प्रदेश राष्ट्र भाषा ऐन निर्माण गरी कार्यान्वयनको चरणमा रहेको अवस्थामा काठमाडौँ उपत्यका भित्रका सबै नगरपालिकाहरूमा भाषा आयोगको सिफारिस र वाग्मती प्रदेश राष्ट्र भाषा ऐनको आधारमा स्थानीय भाषा निर्माणको लागि निरन्तर रूपमा अभियान सञ्चालन गर्दै आएको बताउनुभयो। उहाँले स्थानीय भाषा ऐन निर्माणको लागि भक्तपुर नपाको तर्फबाट आवश्यक पहलको लागि समेत अनुरोध गर्नुभयो।

## सङ्घीयताबारे व्यापक छलफल नहुँदा शासकीय स्वरूपमा भद्रगोल

'सङ्घीयता बाँदरको हातमा नरिवलजस्तै भइरहेको छ। संविधानको भावना र मर्मअनुसार सङ्घीयताको कार्यान्वयन नहुँदा 'माल पाएर के गर्नु चाल पाए पो !' भनेझैँ भइरहेको छ।'




उक्त भनाइ नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छेँ (रोहित)** ले कानुन अध्ययन समाज नेपाल केन्द्रीय समितिद्वारा असार ३ गते आयोजित 'सङ्घीयता कार्यान्वयनका चुनौती र उपादेयता' विषयक विचार गोष्ठीमा व्यक्त गर्नुभएको हो ।

संसद्मा प्रतिनिधित्व गर्ने सांसदहरूमध्ये १० प्रतिशत पनि राजनीतिशास्त्र र अर्थशास्त्रको विद्यार्थी नभएको कारण सांसदहरूलाई आफ्नो काम एवं प्राथमिकताबारे जानकारी नहुँदा संविधान कार्यान्वयनमा समस्या भइरहेको धारणा राख्नुहुँदै उहाँले भन्नुभयो, 'प्रजातन्त्र र सङ्घीयताबारे व्यापक जनतालाई बुझाउन नसक्दा, राजनीतिकरूपमा सचेत गर्न नसक्दा पैसाको बलमा ठेकेदार, व्यापारी, कालाबजारियाहरूले चुनाव जितिरहेका छन्, संसद्मा तिनीहरूकै बाहुल्यता रहेको छ ।'

स्विट्जरल्यान्ड, अमेरिका, भारत, सोभियत सङ्घमा सङ्घीयता सफल भए पनि ती देशको भौगोलिक परिस्थिति र सामाजिक संरचना फरक भएको स्पष्ट पार्नुहुँदै उहाँले बुद्धिजीवी र विज्ञहरूबिच सङ्घीयताबारे व्यापक छलफल नगरी सङ्घ राज्य घोषणा गरेकोले शासकीय स्वरूपमा अहिलेको भद्रगोल स्थिति आएको हो भन्नुभयो ।

विकास गर्न धेरै समय नलाग्ने तथा मान्छेको सोचाइ परिवर्तनमा समय लाग्ने स्पष्ट पार्नुहुँदै अध्यक्ष बिजुक्छेँले बहुसङ्ख्यक कामदार जनतालाई राजनीतिकरूपमा सचेत र सङ्गठित गर्न सके समाज परिवर्तन गर्न धेरै समय नलाग्ने र परिवर्तन पनि दिगो हुनेछ भन्नुभयो ।

सांसदहरूलाई विकासे कार्यकर्ता बनाउँदाको परिणाम नै राजनीतिक नेता तथा कार्यकर्ताहरू भ्रष्टाचारी भइरहेको हो भन्नुहुँदै उहाँले नेमकिपाले सांसद विकास कोषको विरोध गर्नुको कारणबारे स्पष्ट पार्नुभयो ।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, 'नेमकिपा आफ्नो अडानमा अहिले पनि अडिग छ । देश र जनताको निःस्वार्थपूर्वक सेवामा नेमकिपाका नेता-कार्यकर्ताहरूले एक्लै भए पनि सङ्घर्ष गरिरहने छन् ।'

उहाँले भन्नुभयो, 'बहुसङ्ख्यक जनताले नबुझेसम्म जस्तोसुकै राम्रो कानुन बनाए पनि कानुन लागु हुन समय लाग्नेछ । महत्त्वपूर्ण कुरा नैतिकता र इमानदारी हो । कानुन कार्यान्वयन गराउन कानुन लागु गर्ने संस्थाहरू सक्रिय हुनुपर्छ । कानुनमा हुने 'लूप होल'बाट फाइदा लिनेतर्फ कार्यान्वयनकर्ता सजग हुनुपर्छ ।'

'वकिल भएर कानुनको पक्षमा मात्र वकालत गर्नेमा सीमित नरही कामदार जनताको पक्षमा कानुन परिवर्तनका लागि अग्रसर हुनुपर्छ, कामदार जनतालाई न्याय दिलाउने अगुवा हुनुपर्छ । वकिल समाज बदल्ने इमानदार चिन्तक हुनुपर्छ', अध्यक्ष बिजुक्छेँले भन्नुभयो ।

भ्रष्टाचार नियन्त्रण गर्न सके देशको अहिलेको आधा समस्या समाधान हुने धारणा राख्नुहुँदै अध्यक्ष बिजुक्छेँले २०४६ सालको परिवर्तनपछि संविधान र कानुनबाट मृत्युदण्डको व्यवस्थालाई हटाइँदाको परिणाम अहिले जघन्य खालका अपराधहरू बढिरहेको धारणा राख्नुभयो ।

उहाँले भन्नुभयो, 'संविधान जनताको आवश्यकताअनुसार परिवर्तन हुनुपर्छ । संविधान जनताको निम्ति हुनुपर्छ । शासक पार्टीहरूले गाउँ गाउँमा सिंहदरबार पुऱ्याउनुको सट्टा गाउँ गाउँमा भ्रष्टाचारी जन्माउने परिस्थिति सृजना गरेको छ ।'

अरूको भरमा होइन आफ्नै खुट्टामा उभिएर विकास गर्नुपर्ने र जनतालाई अनुशासित बनाउन लाग्नुपर्नेमा अध्यक्ष बिजुक्छेँले जोड दिनुभयो ।

भक्तपुर नगरपालिका प्रमुख **सुनिल प्रजापति**ले नेमकिपाले नेपालमा सङ्घीयताको विषयमा चर्चा चलेकै बेला स्वायत्तता र विकेन्द्रीकरण राम्रोसँग कार्यान्वयन गरिए सङ्घीयता आवश्यक नभएको विचार राखेको बताउनुहुँदै त्यो विचार अहिले पनि त्यतिकै सान्दर्भिक भएको व्यवहारले पुष्टि गरेको छ भन्नुभयो ।

संविधानले स्थानीय तहलाई दिएको अधिकारसमेत सङ्घ र प्रदेश सरकारले खोस्ने प्रयत्न गर्नु संविधान र सङ्घीयताको मर्म र भावनाविपरीत रहेको चर्चा गर्नुहुँदै उहाँले विकास निर्माणमा खर्च हुने रकम स्थानीय तहमार्फत गराउनुपर्नेमा जोड दिनुभयो ।



वडास्तरीय ससाना विकास निर्माणका कामसमेत सङ्घ र प्रदेशले गरिरहनु विडम्बनाको कुरा हो भन्नुहुँदै उहाँले शासक पार्टीका नेता–कार्यकर्ताहरू देश र जनताको सेवाभन्दा पनि आफू कसरी माथि पुग्ने सोचमा केन्द्रित रहेको बताउनुभयो ।

प्रमुख प्रजापतिले भन्नुभयो, 'राजनीति राम्रो नभए देश दुर्घटनामा पर्छ । मुख्य कुरा राजनीति गर्नेहरू इमानदार र स्वच्छ हुनुपर्छ ।'

नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य **सुरेन्द्रराज गोसाईले** नेमकिपाले सङ्घीयताको विषयमा १० वर्षअगाडि नै व्यापक छलफल गर्नुपर्नेमा जोड दिएको स्मरण गराउनुभयो ।

नेमकिपा सङ्घीयता लागु गर्नुअघि त्यसबारे व्यापक छलफल गर्नुपर्ने पक्षमा रहेको चर्चा गर्नुहुँदै उहाँले शासक पार्टीहरू सङ्घीयता कार्यान्वयनमा इमानदार नभएको, विदेशी इसारामा चलेको र बौद्धिक दासताकै कारण देश अहिले समस्यामा परेको बताउनुभयो ।

कार्यक्रममा कानुन अध्ययन समाजका अध्यक्ष **रामप्रसाद प्रजापति** र सदस्य **मनज ज्याख्वले** सङ्घीयता कार्यान्वयनका चुनौती र उपादेयता विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो ।

कार्यक्रममा आयोजक समितिका उपाध्यक्ष **शिवराज दाहाल, राधेश्याम सुवाल** र **राजेन्द्र सुवालले** पनि बोल्नुभएको थियो ।

## शैक्षिक गुणस्तरमा समानता ल्याउन नगरपालिकाको जोड




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सामुदायिक र संस्थागत विद्यालयबिच शैक्षिक गुणस्तरमा समानता ल्याउन नगरपालिकाले निरन्तर जोड दिँदै आएको बताउनुभयो ।

नवीन आधारभूत विद्यालयमा २०८१ सालमा नयाँ भर्ना भएका नवआगन्तुक विद्यार्थीहरूलाई स्वागत, आधारभूत तहका उत्तीर्ण विद्यार्थीहरूलाई बिदाइ तथा पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रममा उहाँले विद्यार्थीहरू पढाइसँगसँगै अतिरिक्त क्रियाकलापमा सहभागी भई आफूमा भएको ज्ञान र सीप उजागर गर्न क्रियाशील हुनुपर्ने बताउनुभयो ।

प्रमुख प्रजापतिले विद्यार्थीहरूमा किताबी ज्ञानसँगसँगै व्यवहारिक ज्ञानको पनि खाँचो रहेको बताउनुहुँदै विद्यार्थीहरूले आधारभूत तहको जगबाट नै उच्च शिक्षालाई मजबुत बनाउनुपर्ने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवांले** विद्यार्थीहरूले अनुशासन र समय परिपालनामा विशेष ध्यान दिन आग्रह गर्दै मिहिनेती विद्यार्थीले मात्र जीवनमा सफलता हासिल गर्छ भन्नुभयो ।

विद्यालयका प्रअ प्रकाश गोसाईले २०८१ सालमा नवीन आधारभूत विद्यालयमा ५५ जना नयाँ विद्यार्थीहरू भर्ना हुन आएको तथ्याङ्क प्रस्तुत गर्दै विद्यालयले विद्यार्थीहरूलाई विद्यालय शिक्षासँगसँगै व्यवहारिक र जीवनउपयोगी ज्ञान पनि प्रदान गर्दै आएको बताउनुभयो । नवीन आधारभूत विद्यालयप्रति स्थानीय समुदायको सकारात्मक प्रभावका कारण विद्यालयमा स्थानीय विद्यार्थी सङ्ख्यामा क्रमिक रूपमा वृद्धि हुँदै गइरहेको उहाँले सोही अवसरमा बताउनुभयो ।

कार्यक्रममा विद्यालयका शिक्षिका क्रिशाला माथ्या, रश्ना गोसाई पनि बोल्नुभएको थियो ।

उक्त कार्यक्रममा नगर प्रमुख प्रजापतिले विद्यालयबाट अवकाश प्राप्त शिक्षिका सानुमैया कर्माचार्यलाई दोसल्ला ओढाइ बिदाइ गर्नुभएको थियो भने प्रमुख अतिथि तथा अतिथिहरूले विद्यालयमा २०८१ सालमा नयाँ भर्ना भएका नवआगन्तुक विद्यार्थीहरूलाई स्वागत, आधारभूत तहका उत्तीर्ण विद्यार्थीहरूलाई बिदाइ तथा पुरस्कार वितरण गर्नुभएको थियो ।

## अनिवार्य अवकाश प्राप्त प्रअ कृष्णप्रसाद धन्छाको बिदाइ



बागीश्वरी माविबाट अनिवार्य अवकाश प्राप्त गर्नुभएका प्रधानाध्यापक कृष्णप्रसाद धन्छाको बिदाइ तथा पद हस्तान्तरण असार ४ गते भयो ।

उक्त कार्यक्रममा बागीश्वरी कलेज सञ्चालक समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले अवकाश प्राप्त प्रअ कृष्णप्रसाद धन्छालाई सम्मान पत्रका साथ सम्मान तथा बिदाइ गर्नुभएको थियो । सोही क्रममा बागीश्वरी माविमा निमित्त प्रधानाध्यापकको रूपमा सहायक प्रअ कृष्णप्रसाद कर्माचार्यलाई नियुक्ति पत्र हस्तान्तरण गरिएको थियो ।

कार्यक्रममा नगर प्रमुख **प्रजापति**ले भक्तपुरका शैक्षिक संस्थाहरूको गुणस्तर वृद्धिसँगै सिङ्गो भक्तपुरको सन्तुलित विकासमा नगरपालिकाले जोड दिँदै आएको बताउनुभयो ।

ख्वप विश्वविद्यालय स्थापना र सञ्चालनको लागि आवश्यक विधेयक पारित गराउन भक्तपुर नपाले निरन्तर पहल गर्दै आएको अवगत गराउनुहुँदै उहाँले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूमा विद्यार्थीहरूको माग र रुचिअनुसारका नयाँ नयाँ विषयहरू थप गर्दै अध्ययन अध्यापन गर्दै आएको स्पष्ट पार्नुभयो ।

बागीश्वरी मावि देशकै उत्कृष्ट सामुदायिक विद्यालय बन्न सफल हुनु सबैको लागि गौरवको विषय भएको बताउनुहुँदै यो विद्यालय समुदायमा आधारित, समुदायले अपनत्व ग्रहण गरेको विद्यालयको रूपमा परिचित छ भन्नुभयो ।

संस्था संस्थाबिच गुणस्तरीय सेवा प्रदान गर्ने विषयमा प्रतिस्पर्धा हुन जरुरी रहेको बताउनुहुँदै उहाँले बागीश्वरी बन्द, हडताल र तालाबन्दी जस्ता अवाञ्छित गतिविधिबाट मुक्त शैक्षिक संस्थाको रूपमा रहेको बताउनुभयो ।

कार्यक्रमका सभापति एवम् बागीश्वरी मावि सञ्चालक समितिका अध्यक्ष एवम् भनपा वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले शैक्षिक संस्थालाई आत्मनिर्भरताको बाटोमा डोर्‍याउने प्रयास गरिरहेको बताउनुहुँदै विद्यालय प्रगति र उन्नतिमा महत्त्वपूर्ण योगदान पुर्‍याउने पूर्वप्रअहरूमा उच्च सम्मान व्यक्त गर्नुभयो ।

उहाँले उमेर हदले अवकाश हुनुभएका प्रअ धन्छाको आगामी दिनहरू अझ क्रियाशील ढङ्गले व्यतित हुने विश्वास व्यक्त गर्नुहुँदै विद्यालयमा कार्यरत शिक्षक, शिक्षिका र कर्मचारीहरूले एकताबद्ध भई संस्थाको हितमा काम गर्नुपर्ने धारणा राख्नुभयो ।

कार्यक्रममा अवकाश प्राप्त प्रअ **कृष्णप्रसाद धन्छा**ले देश र समाज विकासमा शिक्षाको महत्त्वपूर्ण भूमिका भएको बताउनुहुँदै बागीश्वरीलाई आफ्नो जन्मभूमि र कर्मभूमिको रूपमा अपनत्व ग्रहण गर्न पाउँदा गौरवान्वित महसुस गरेको बताउनुभयो ।

त्यस्तै पूर्वप्रअ **मोहनप्रसाद प्रजापति**ले विद्यालयको नेतृत्वले विद्यालयको सफलता निर्धारण गर्ने हुँदा असल र इमानदार नेतृत्व चयनतर्फ बागीश्वरी सदैव सचेत रहेको बताउनुभयो ।

बागीश्वरी मावि प्लस टुका इन्चार्ज **ज्ञानसागर प्रजापति**ले विद्यालयका शिक्षकहरूमा पदको मोहभन्दा पनि विद्यालयको प्रगतिको लागि निरन्तर काम गर्ने इच्छाशक्तिले गर्दा बागीश्वरीले आजको सफलता हासिल गरेको बताउनुहुँदै कुनै पनि व्यक्तिले उमेरले भन्दा उसको विचारले उसलाई परिपक्व बनाउने धारणा राख्नुभयो ।

बागीश्वरी माविका नवनियुक्त निमित्त प्रअ **कृष्णप्रसाद कर्माचार्य**ले पदभार ग्रहण गर्दै विद्यालयको उन्नति र प्रगतिमा निरन्तर इमानदारिताका साथ लाग्न आफू प्रतिबद्ध रहेको बताउनुभयो ।

उक्त कार्यक्रममा बागीश्वरी कलेजका प्रअ धनकुमार श्रेष्ठ, विद्यालयका सहायक प्रअ उकेश सुवाल, पूर्वविद्यार्थी समाजका अध्यक्ष रत्नप्रसाद प्रजापति, शिक्षक प्रतिनिधि शोभा गोसाई, शिक्षिका श्रेया पहिजु, शिक्षक गेहेन्द्रप्रसाद दाहाल, विद्यालय हित समिति कक्षा १० का विद्यार्थी प्रतिनिधि सुवान सुवाललगायतले बोल्नुभएको थियो ।

अवकाश प्राप्त प्रअ धन्छाले स्व. शोभा प्रधानको स्वास्थ्य उपचार कोषमा सहयोग स्वरूप रु. २ लाखको चेक हस्तान्तरण गर्नुभयो ।

### काठमाडौं उपत्यका भौतिक विकास समितिको बैठक

# काठमाडौं केन्द्रित विकासले मौलिकता संरक्षणमा बाधा पुर्‍याउने



काठमाडौँ उपत्यका विकास प्राधिकरणअन्तर्गत गठित काठमाडौँ उपत्यका भौतिक विकास समितिको १८ औं बैठक समितिका अध्यक्ष माननीय सहरी विकास मन्त्री धनबहादुर

बुढाको अध्यक्षतामा असार ११ गते बस्यो ।

उक्त बैठकले काठमाडौँ उपत्यका विकास प्राधिकरणले काठमाडौँ उपत्यका विकास प्राधिकरण ऐन २०४५ को दफा ५.१ बमोजिम तयार गरेको ताथली चलाबु जग्गा एकीकरण आयोजनाको विस्तृत आयोजना प्रतिवेदन (डीपीआर ) सहितको भौतिक विकास योजना सोही ऐनको दफा ५.२ बमोजिम स्वीकृतिको लागि नेपाल सरकारसमक्ष पेश गर्ने निर्णय गरेको छ । साथै सोही बैठकले ताथली चलाबु जग्गा एकीकरण आयोजना सञ्चालन गर्नको लागि आवश्यक पर्ने जग्गा प्राप्ति ऐन २०३४ बमोजिम प्राप्त गरी काठमाडौँ उपत्यका विकास प्राधिकरण ऐन २०४५ को दफा ११ बमोजिम प्राधिकरणलाई जग्गा उपलब्ध गराइदिन नेपाल सरकार ( मन्त्रिपरिषद्) समक्ष अनुरोध गर्ने निर्णय गरेको छ ।

बैठकमा मन्त्री **बुढा**ले नगरलाई व्यवस्थित गराउने उद्देश्यले काठमाडौँ उपत्यका विकास प्राधिकरणले उपत्यकाका विभिन्न ठाउँहरूमा जग्गा एकीकरणको अवधारणालाई अगाडि बढाउँदै आएको बताउनुभयो । प्राधिकरणले भक्तपुर जिल्लाको भक्तपुर नपा वडा नं. ९ र चाँगुनारायण नपा वडा नं. ९ ताथलीमा जग्गा विकास कार्यक्रम सञ्चालन गर्ने प्रस्ताव तयार गरेको बताउनुहुँदै आयोजना सञ्चालनले उक्त क्षेत्रको व्यवस्थितरूपमा विकास हुने विश्वास व्यक्त गर्नुभयो ।

बैठकमा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले उपत्यका विकास प्राधिकरणले ठूलठूला योजनाहरू एकैसाथ सञ्चालन गर्नुभन्दा स्थानीय सरकारको आवश्यकताअनुसार आवास योजनाहरू सञ्चालन गरिनुपर्नेमा जोड दिनुभयो ।

उपत्यकामा अव्यवस्थित सहर निर्माणसँगै जनसङ्ख्या वृद्धिले धेरै समस्याहरू उत्पन्न गराएको बताउनुहुँदै उहाँले काठमाडौँ केन्द्रित विकासले उपत्यकाको मौलिकता संरक्षणमा बाधा पुऱ्याउने धारणा राख्नुभयो ।

आवास योजना सञ्चालन गर्दा परम्परागत खानेपानीको मुहान संरक्षणमा विशेष जोड दिनुपर्ने बताउनुहुँदै उहाँले विदेशी ऋण लिएर देश विकास गर्ने सोचले देशलाई झन् झन् परनिर्भर बनाउँदै लाने विचार राख्नुभयो ।

कार्यक्रममा काठमाडौँ उपत्यका विकास प्राधिकरण भौतिक विकास समितिका सदस्य सचिव **जानुका ढकाल**ले ताथली चलाबु जग्गा एकीकरण आयोजनाको भौतिक विकास योजना स्वीकृतिलगायतका विषयमा प्रस्तुतीकरण देखाउनुभएको थियो ।

उक्त बैठकमा ललितपुरका प्रतिनिधिसभा सदस्य **उदयशमशेर राणा**, काठमाडौँका प्रतिनिधिसभा सदस्य **गणेश पराजुली**, उपत्यका विकास प्राधिकरणका नायब विकास आयुक्त **नवराज प्याकुरेल**, चाँगुनारायण नगरपालिकाका प्रमुख **जीवन खत्री**लगायतले आयोजनाबारे आआफ्नो धारणा राख्नुभएको थियो ।

## अन्तःशुल्क स्टिकर खरिदमा साढे ३८ करोड भ्रष्टाचार, मुख्यसचिव अर्यालसहित १२ विरुद्ध मुद्दा दायर

मदिराजन्य तथा धूमपानलगायतमा प्रयोग हुने अन्तःशुल्क स्टिकर खरिद प्रक्रियामा ३८ करोड ६७ लाख १७ हजार ६ सय ४० रुपैयाँ घोटाला भएको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुख्यसचिव डा. बैकुण्ठ अर्यालसहित १२ विरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ । भ्रष्टाचारको आरोपमा मुद्दा पर्नासाथ पदबाट निलम्बित भएको छ ।

बहालवाला मुख्यसचिवविरुद्ध मुद्दा दायर भएको इतिहासकै यो पहिलो घटना हो ।

अख्तियारले मुद्दा दायर गरिउकाहरुमा आन्तरिक राजस्व विभागका तत्कालीन महानिर्देशक तथा हाल अर्थ मन्त्रालयका बजेट महाशाखा प्रमुख रितेशकुमार शाक्य, आन्तरिक राजस्व विभागका उपमहानिर्देशक तथा हाल भन्सार विभागका उपमहानिर्देशक टंकप्रसाद पाण्डे, सुरक्षण मुद्रण केन्द्रका कार्यकारी प्रमुख विकल पौडेललगायतविरुद्ध पनि मुद्दा दायर भएको छ । पौडेलविरुद्ध यसअघि पनि अख्तियारले सुरक्षण मुद्रण प्रकरणमा भ्रष्टाचार मुद्दा दायर गरिसकेको छ ।

यस्तै, आन्तरिक राजस्व विभागका तत्कालीन निर्देशक **गणेशविक्रम शाही**, राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन निर्देशक सफल श्रेष्ठ, आन्तरिक राजस्व विभागका तत्कालीन शाखा अधिकृत रवीन्द्रप्रसाद पौड्याल, सुरक्षण मुद्रण केन्द्रका तत्कालीन लेखा अधिकृत विष्णुप्रसाद गौतम, सुरक्षण मुद्रण केन्द्रका तत्कालीन शाखा अधिकृत हरिबल्लभ घिमिरे, सुरक्षण मुद्रण केन्द्रका तत्कालीन खरिद विज्ञ शक्तिप्रसाद श्रेष्ठ र अन्तःशुल्क स्टिकर छपाइको ठेक्का पाएको कम्पनी प्रिन्स सेल र त्यसका निर्देशक केशव शर्मालाई पनि प्रतिवादी बनाइएको छ ।

अख्तियारका प्रवक्ता नरहरि घिमिरेका अनुसार 'सरकारले सबै आफ्नो खर्चमा ३४ पैसामा छापेको स्टिकर निजी कम्पनीले कागज र मसीमात्रै आफ्नो प्रयोग गरेर छाप्दा ९१ पैसा लिएको देखियो । योभन्दा ठूलो अनियमितता अरू के हुनसक्छ ?'

## निलम्बित मुख्यसचिव अर्याल राष्ट्रिय योजना आयोगमा सरुवा

सरकारले निलम्बित मुख्यसचिव डा. वैकुण्ठ अर्याललाई राष्ट्रिय योजना आयोगमा राजपत्राङ्कित विशिष्ट श्रेणीको मुख्यसचिवसरहको विशेष पद सिर्जना गरी सरुवा गरेको छ ।

यस अघि विसं २०८० असार २ गते सेवाबाट निवृत्त हुनै लागेका डा. अर्याल दुई दिनअघि (जेठ ३२ गते) मुख्य सचिवमा नियुक्त भएका थिए । कार्यकाल छँदै तत्कालीन मुख्य सचिव



अख्तियारको 'भ्रष्टाचारी'लाई विशेष पद सिर्जना गरी सरुवा गर्ने मन्त्रिपरिषद्को बैठक।

शंकरदास वैरागीलाई प्रधानमन्त्रीको सुरक्षा सल्लाहकार बनाएर काङ्ग्रेस-माओवादी केन्द्र गठबन्धन सरकारले डा. अर्याललाई मुख्यसचिव बनाएको थियो ।

## आफ्नै खुट्टामा उभिँदा विकास निर्माण दिगो हुने



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले नेपाल मजदुर किसान पार्टीका जनप्रतिनिधिहरूले जनताको हितमा काम गरेको मन नपराउनेहरू पनि भएको बताउनुभयो ।

तुमचो दुगुरे चोखा आवास क्षेत्र खानेपानी उपभोक्ता समितिद्वारा असार १५ गते आयोजित एक कार्यक्रममा प्रमुख प्रजापतिले व्यापक कामदार जनताको हितमा काम गर्दा एक दुईजना रिसाउँछन् भने त्यसको पर्वाह गर्नुहुन्न भन्नुभयो । 'मुख्य देश र जनताको हितविपरीत कार्य गर्नुहुन्न । जनताले जनप्रतिनिधिको हरेक क्रियाकलापको नजिकबाट हेरिरहने र कमीकमजोरी हुन नदिन आलोचना गर्ने हुँदा जनभावनाको कदर गर्दै आलोचना र आत्मालोचनाबाट हुर्कने हो', उहाँले भन्नुभयो ।

भक्तपुरवासी जनताको मुख्य समस्या खानेपानी अभाव भएको चर्चा गर्नुहुँदै उहाँले नगरपालिकाको तर्फबाट खानेपानीको व्यवस्थाको लागि नेपाल सरकार, वाग्मती प्रदेश सरकार र काठमाडौँ उपत्यका खानेपानी लिमिटेडमार्फत आवश्यक बन्दोबस्त गरिरहेको र धेरै हदसम्म नगरपालिका आफैले स्रोत पहिचान गरी वितरण प्रणालीमा सुधार गरेको बताउनुभयो ।

विकास निर्माण र जनताको आधारभूत आवश्यक सेवामा अरूको भरपर्ने भन्दा नगरपालिका आफैले स्रोत जुटाउने गरेको प्रमुख प्रजापतिको भनाइ थियो ।

ढिलै भए पनि आफ्नै खुट्टामा उभिँदा विकास निर्माण दिगो हुने र त्यसमा जनताको आत्मीयता रहने उहाँले उल्लेख गर्नुभयो ।

सम्पदा पुनःनिर्माणसम्बन्धी प्रसङ्ग उल्लेख गर्नुहुँदै प्रमुख प्रजापतिले पुरानो चिजले नयाँ पुस्ताको सेवा गर्ने माओ त्सेतुङको भनाइअनुसार नगरपालिकाले मन्दिर, पाटी, सत्तल, ढुङ्गे धारालाई सम्पदाको रूपमा पुनर्जीवन दिएको र त्यसबापत पर्यटन प्रवर्द्धनबाट भएको आम्दानीले नयाँ पुस्तालाई शिक्षा, स्वास्थ्य उपचार र खेलकुदमा लगानी गरेको प्रस्ट पार्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष एवं खानेपानी उपभोक्ता समितिका अध्यक्ष **रबिन्द्र ज्याख्व**ले समितिमार्फत जनतालाई खानेपानी वितरण गरिरहेको प्रगति विवरण पेस गर्नुभयो । उहाँले दुई ठाउँमा डिप बोरिङ गरेर आधुनिक फिल्ट्रेसन विधिबाट प्रशोधन गरी स्थानीयहरूलाई दैनिक पानी वितरण गरिरहेको चर्चा गर्नुहुँदै खानेपानी वितरण सफल पार्न सहयोग गर्ने सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

नेपाल मजदुर किसान पार्टी ९ नं. वडा समितिका अध्यक्ष **कृष्णभक्त लवजु**ले भक्तपुरका जनताले पार्टीलाई विश्वास गरेर भोट हालेको हुँदा जनताको सुख दुःखमा पार्टी कार्यकर्ता सधैँ साथमा रहेको र जनप्रतिनिधिहरूलाई जनभावनाबमोजिम कार्य गर्न निरन्तर हौस्याइरहेको बताउनुभयो ।

कार्यक्रममा खानेपानीसँग सम्बन्धित उपभोक्ता समितिका **विष्णुराम दुमरू** र **विष्णुप्रसाद दुमरू**ले समितिमार्फत गरेका कार्यहरूबारे जानकारी गराउनुभयो ।

# भक्तपुर आदर निकेतनका ज्येष्ठ नागरिकहरूलाई स्वास्थ्य परीक्षण तथा स्वास्थ्य सामग्री वितरण



जनस्वास्थ्य कार्यालय भक्तपुरको आयोजनामा जनसङ्ख्या व्यवस्थापन कार्यक्रमअन्तर्गत भक्तपुर बचत तथा ऋण सहकारी संस्था संरक्षक रहेको भक्तपुर आदर निकेतनका ज्येष्ठ नागरिकको स्वास्थ्य परीक्षण तथा स्वास्थ्यसम्बन्धी सहयोग सामग्री (लौरो, छाता, काँइयो, रुमाल, स्यानिटाइजर, दाँत माझ्ने ब्रस र पेष्ट) वितरण कार्यक्रम असार १७ गते भयो ।



ज्येष्ठ नागरिकहरूलाई सहयोग सामग्री वितरण गर्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले ज्येष्ठ नागरिकहरू समाजका सम्मानित व्यक्तित्व भएको बताउनुहुँदै सभ्य र सुसंस्कृत समाज निर्माणको लागि नपाले आवश्यक पहल गरिरहेको बताउनुभयो ।

भक्तपुर नपाले भनपा वडा नं. २ को ख्यो पुखूसँगैको भवनमा आदर निकेतन सञ्चालनको लागि आवश्यक तयारी गरिरहेको बताउनुहुँदै उहाँले परम्परागत नाच र भजन आफैमा मानव जीवनको शारीरिक र श्वासप्रश्वाससँग सम्बन्धित अभ्यासको रूपमा सञ्चालन भइरहेको अवगत गराउनुभयो ।

ज्येष्ठ नागरिकहरूको सक्रिय जीवनशैलीले उहाँहरूको सुस्वास्थ्य दिर्घायु जीवन बाँच्न मद्दत पुग्ने बताउनुहुँदै उहाँले ज्येष्ठ नागरिकहरूको सहज जीवनयापनको लागि सहयोग सामग्री वितरण कार्यक्रम राखिएको हो भन्नुभयो ।

कार्यक्रममा भनपा वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले भक्तपुर नपाले शिशुस्याहार केन्द्रदेखि उच्च शिक्षा हासिल गर्ने कलेजहरू सञ्चालन गर्दै समाजलाई शिक्षित पार्ने अभियानमा अग्रसर भइरहेको बताउनुभयो ।

बढ्दो उमेरसँगै विभिन्न रोगहरूको जोखिम बढ्दै जाने हुँदा समय समयमा स्वास्थ्य जाँचलाई ध्यान दिनुपर्ने बताउनुहुँदै उहाँले भक्तपुर साकोसले सेवा भावनाले आदर निकेतन दिवा सेवा सञ्चालन गरेको हो भन्नुभयो ।



कार्यक्रममा जनस्वास्थ्य कार्यालय भक्तपुरका प्रमुख **अस्मिता ओझा**ले बुढ्यौली जीवनलाई सहज बनाउन स्वास्थ्य चेकजाँच र स्वास्थ्य सामग्री वितरण कार्यक्रमलाई अगाडि ल्याइएको बताउनुभयो ।

त्यस्तै भक्तपुर आदर निकेतन सञ्चालक समितिका अध्यक्ष **लक्ष्मीप्रसाद कुसी**ले आदर निकेतन सञ्चालनको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो भने भनपा स्वास्थ्य संयोजक डा. **रत्नसुन्दर लासिवा**ले कार्यक्रमको उद्देश्यमाथि प्रष्ट पार्नुभयो ।

# माध्यमिक शिक्षा परीक्षा २०८० को नतिजा



चैत १७ गतेदेखि २९ गते (२०८०)सम्म भएको माध्यमिक शिक्षा परीक्षा (एसइई) को नतिजा असार १३ गते प्रकाशित भयो ।

दुई हजार ३७ परीक्षा केन्द्रमा सञ्चालित परीक्षामा देशभरका सामुदायिक र निजीका गरी १२ हजार ८३ विद्यालयका कुल चार लाख ८५ हजार तीन सय ९६ विद्यार्थीको सहभागिता रहेको थियो ।

दुई लाख ४२ हजार सात सय १२ जना छात्रा, दुई लाख ४२ हजार छ सय ७४ जना छात्र र प्राविधिक धारतर्फका १५ हजार चार सय ६१ जना परीक्षार्थी एसइईमा सहभागी थिए ।

नयाँ पद्धतिअनुसार सबै विषयमा ३५ प्रतिशतभन्दा कम अङ्क ल्याउनेलाई नन ग्रेडेड (एनजी)मा राख्ने व्यवस्था छ ।

### सामुदायिक विद्यालय

- सहभागी विद्यालय : ६ हजार ६६५
- परीक्षार्थी : ३ लाख ३१ हजार ८६७
- उत्तीर्ण : १ लाख १८ हजार ३३३
- एनजी (अनुत्तीर्ण) : २ लाख १३ हजार ५३४

अनुत्तीर्ण हुने परीक्षार्थीमध्ये ८८.१२ प्रतिशत सामुदायिक विद्यालयका छन् भने चार हजार १४१ संस्थागतका २८ हजार ७७९ परीक्षार्थी छन् ।

परीक्षामा करिब ८ हजार विद्यार्थी परीक्षामा अनुपस्थित रहेको र २२१ जना विद्यार्थीको परीक्षा रद्द गरिएको बोर्डले जानकारी दिएको छ ।

सार्वजनिक नतिजा अनुसार ४७.८६ प्रतिशत विद्यार्थी ग्रेडेड हुन सफल भएका छन् भने ५१.१४ प्रतिशत विद्यार्थी ननग्रेडेडमा परेका छन् ।

### प्रदेशगत नतिजा

| प्रदेश | सहभागी | एनजी |
|---|---|---|
| कोशी | ७५,९८८ | ३९,८९५ |
| मधेश | ७९,५९२ | ४२,२८६ |
| बागमती | ९९,८७२ | ३३,८४३ |
| गण्डकी | ४०,५२६ | २०,२७५ |
| लुम्बिनी | ८०,३२७ | ४९,२२४ |
| कर्णाली | ३५,३४ | २०,३८० |
| सुदूरपश्चिम | ५३,४४६ | ३६,४१० |

### जीपीए ४ ल्याउने २८ जिल्लाका १८६ जना

काठमाडौँ : ९४, कास्की : २१, चितवन : १६, मोरङ : ८, ललितपुर : ७, भक्तपुर : ६, लमजुङ : ३, कैलाली : ४, सुनसरी : २, धनुषा : २, पाल्पा : २, रुपन्देही : २, दाङ : २, कञ्चनपुर : २, नवलपरासी पूर्व : २, नुवाकोट : १, धादिङ : १, मकवानपुर : १, रौतहट : १, बारा : १, स्याङ्जा : १, गोरखा : १, तनहुँ : १, काभ्रे : १, पर्वत : १, सुर्खेत : १, झापा : १ र रामेछाप : १ ।

### उच्च जिपिए (३.६०-४.०) ल्याउनेमा

बागमतीमा-१५,७६६, कोशीमा-३,९९६, मधेशमा-३,९५७, गण्डकीमा-२,९६९, लुम्बिनीमा-३,२९०, कर्णालीमा-४४१ र सुदूरपश्चिममा-७९० विद्यार्थी रहेका छन् ।

राष्ट्रिय परीक्षा बोर्डले अनुत्तीर्ण भएकाहरूले माध्यमिक शिक्षा परीक्षा (एसइई) को ग्रेडवृद्धिका लागि मौका परीक्षा यही साउन २३ देखि ३१ गतेसम्म लगातार ९ दिन लिने व्यवस्था गरेको छ ।

## नक्कली भुटानी शरणार्थी प्रकरणका फरार अभियुक्त पक्राउ

जिल्ला प्रहरी परीसर काठमाडौँले नक्कली भुटानी शरणार्थी प्रकरणका दुईजना फरार अभियुक्त पक्राउ गरेको छ ।

पक्राउ पर्नेमध्ये एक पूर्वगृहमन्त्री एवम् नेकपा एमालेका उपाध्यक्ष रामबहादुर थापाका छोरा प्रतीक छन् भने अर्का व्यक्ति बेचन झा हुन् । उनलाई पश्चिमी सीमाना कञ्चनपुरबाट पक्राउ गरेको प्रहरी स्रोत बताउँछ ।

प्रतीक र बेचन पक्राउ परेपछि शरणार्थी प्रकरणमा थप 'हाई-प्रोफाइल' को संलग्नता खुल्ने आशा प्रहरीलाई छ । 'उनीहरूलाई पक्राउ गर्नुपर्ने पर्याप्त आधार प्रहरीसँग छ । त्यही भएकाले नै अदालतले पक्राउ पुर्जी दिएको हो,' प्रहरी प्रधान कार्यालयका एकजना वरिष्ठ अधिकृतले भने दुवैजनासँग थप अनुसन्धान हुँदा केही न केही नयाँ नेक्सस खुल्ने आशा प्रहरीलाई भएपनि राजनीतिक स्तरबाट आउनसक्ने सम्भावित दबाब भने चिन्ताको विषय रहेको प्रहरी अधिकारीहरू बताउँछन् ।

तत्कालीन गृहमन्त्री थापाका छोरा प्रतीकमात्र होइन्, उनका सुरक्षा सल्लाहकार इन्द्रजीत राई, राईका छोरा निरजको समेत शरणार्थी प्रकरणमा संलग्नता खुलेको थियो । सल्लाहकार राई पक्राउ परेर पुर्पक्षका लागि थुनामा छन् । छोरा निरज भने अझै पनि फरार छन् ।

## पोखरी र सार्वजनिक जग्गा कसरी निजीको हुन्छ ?

सरकार देश र जनताप्रति जिम्मेवार नहुँदा, देश जोगाउने र बनाउनेतर्फ नलाग्दा देशको भूमि, पोखरी, सत्तल, पाटी, मठ, मन्दिर तथा पर्ती या सार्वजनिक जग्गा सुरक्षित नभएको हो। पर्ती या सार्वजनिक जग्गा मिच्नेमात्र होइन व्यक्तिगत या निजी बनाइसकेका धेरै दृष्टान्तहरू सार्वजनिक भइसकेका छन्। स-साना सार्वजनिक जग्गामात्र होइन रोपनी र विघाका विघा जग्गा र पोखरीहरू नै व्यक्तिगत बनाइए। ललितानिवासको जग्गा पनि सयौँले व्यक्तिगत बनाए। व्यक्तिगत बनाउनेमा पार्टीका नेताहरूसमेत मुछे। ललिता निवासको जग्गा आफ्नो बनाएका कतिपयले फिर्ता दिए पनि सबैले फिर्ता दिएका छैनन्।

बाल मन्दिरको जग्गा पनि कब्जा गरिएको अर्को दृष्टान्त हो। बाल मन्दिरको जग्गा दुरुपयोग गरेका व्यक्तिहरू अझै पक्राउमा नपरेको समाचार प्रकाशमा आयो। जेठ २० गते प्रकाशित 'राजधानी' दैनिकमा 'पुर्जी जारी भएको २३ दिनसम्म पनि विशाल ग्रुपका सञ्चालकहरू पक्राउ परेनन्' शीर्षकको समाचार छापियो। नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले गत वैशाख २७ मा बाल मन्दिरको जग्गा दुरुपयोगमा संलग्न भएकाहरूलाई पक्राउ गर्ने भन्दै २० जनाविरुद्ध जिल्ला अदालतबाट पक्राउ पुर्जी लिएको थियो। बाल मन्दिर जग्गा घोटालाका योजनाहरू पक्राउ नपरेकोमा सबै जना आश्चर्यचकित छन्। यसरी नै अन्य जिल्ला र स्थानका पोखरी पनि व्यक्तिको बनाइएको छ। मध्यपुर थिमिको कमलपोखरी पनि व्यक्तिको बनाइसकेको थियो। स्थानीय जनता उठेपछि, अदालतमा प्रमाणसहित उजुरी राखेपछि बल्ल त्यो सार्वजनिक भयो।

अहिले चर्चाको विषय बनेको अर्को प्रसङ्ग हो, काठमाडौँको ठमेलस्थित कमलपोखरीको ऐतिहासिक कमलपोखरी। भगवान् बहालअगाडि रहेको सो कमलपोखरीमा अहिले ४३ जनाको लगानीमा छाया सेन्टरको कम्प्लेक्स भवन बनेको छ। पृथ्वीबहादुर पाण्डेले सो कमलपोखरी म्हासेर आफ्नो आमा छायादेवीको नाउँमा व्यापारिक भवन बनाएका छन्। उक्त भवन भत्काई ऐतिहासिक पोखरी नै कायम गर्नुपर्ने मागसहितको निवदेन अदालतमा छ, त्यसको अदालतमा मुद्दा छ। अधिवक्ता दीपकविक्रम मिश्र र रामहरि श्रेष्ठलगायतले राखेको सो मुद्दाको निर्णय हालसम्म भएको छैन। सर्वोच्च अदालतका न्यायाधीशद्वय प्रकाशमानसिंह राउत र कुमार चुडालको इजलासले हाल छायादेवी कम्प्लेक्स बनेको साबिक कि.न. १६७ र १०४० को जग्गा २३ मङ्सिर २०४४ सम्म नेपाल सरकारको नाउँमा दर्ता स्रेस्ता कायम थियो। यस्तो सरकारी जग्गा अहिले विभिन्न व्यक्तिको नाउँमा कित्ताकाट भइसकेको छ। मध्यपुरको कमलपोखरीजस्तै उक्त छायादेवी व्यापरिक भवन रहेको कमलपोखरी पनि सार्वजनिक नै कायम गर्नुपर्छ। कारबाहीको क्रममा अदालतले गुठी संस्थान केन्द्रीय कार्यालय र मालपोत कार्याल काठमाडौँसँग सार्वजनिक जग्गा कसरी व्यक्तिको हुन गयो भनी विवरण मागेको छ।

उक्त भवन भत्काउनुपर्ने माग राखी स्थानीय तथा राजधानीवासीले पटकपटक जुलुस प्रदर्शन गरेका थिए। शान्तिपूर्ण जुलुसमाथि प्रहरी हस्तक्षेप भएको थियो। सत्य कुरा बोल्ने र बक्ने उजुरीवाला र वकिलहरूलाई 'मारपिट' गर्ने धम्की दिइएको खबर पनि प्रकाशमा आएको थियो। तर, सम्पदाप्रेमीहरू शत्रुको धम्की अगाडि झुकेनन्; झुक्नु हुँदैन। मुद्दा आफ्नो या निजीको पक्षमा ल्याउन शत्रुले अनेक डर धम्कीमात्र होइन लोभलालच देखाएर हातमा लिनसक्छ; सत्यको पक्षमा बोल्ने न्यायाधीशहरूलाई पनि हातमा लिन डर धम्की र लोभलालच देखाउन सक्छ। यसतर्फ सबै सचेत र सजग हुनुपर्छ।

'मजदुर' दैनिक, जेष्ठ २१

## गौतम बुद्धको मावली देवदह खयरडाँडामा भेटियो प्राचीन इनार



रूपन्देहीको देवदह नगरपालिकास्थित खयरडाडाँमा फेला परेको प्राचीन इनार।

रूपन्देहीको देवदह नगरपालिकास्थित खयरडाडाँमा प्राचीन इनार फेला परेको छ। इँटाको सो इनार साढे तीन फिट गहिरो छ। स्थानीयहरूले बुद्धको मावली कोलिय गणराज्यको दरबार क्षेत्र दाबी गर्दै आएको अवस्थामा इनार भेटिनुले उहाँहरूको दाबीलाई थप बल पुगेको छ।

देवदह नगरपालिकाको आर्थिक सहयोगमा लुम्बिनी विकास कोष, पुरातत्त्व विभागले जेठ २४ गतेदेखि सुरु

गरेको उत्खननका क्रममा पूर्ण आकारमा रहेको प्राचीन इँटाको इनार भेटिएको हो ।

गत वर्ष लुम्बिनी विकास कोषले उत्खनन गर्दा इँटाको माथिल्लो भाग मात्रै देखापरेको थियो । २ मिटर चौडाइ र साढे तीन फिट गहिरो इँटाको प्राचीन इनार भेटिएको लुम्बिनी विकास कोषका वरिष्ठ पुरातत्त्व अधिकृत हिमालकुमार उप्रेतीले जानकारी दिनुभयो । 'गत वर्ष इनारको माथिल्लो भाग मात्रै भेटिएको थियो, यो वर्ष इनारको बेस (तल्लो भाग) सम्म जाने योजनाअनुसार उत्खनन गर्दा इनारको पूर्ण आकार भेटिएको छ,' उप्रेतीको भनाइ छ ।

उहाँका अनुसार प्राचीन इनार भए पनि कुन समयको भन्ने कुरा कार्बनडेटिङपछि मात्रै थाहा हुनेछ । इनारको दक्षिणतर्फ प्राचीन पर्खालहरू भग्नावशेषहरू भेटिएको उप्रेतीले बताउनुभयो । उत्खननका क्रममा खयरडाँडा क्षेत्रमा माटाका भाडा, प्राचीन इँटा लगाइएको पर्खालका भग्नाअवशेषहरू भेटिएको छ । स्थानीयहरूले पुरातात्त्विक स्थल भन्ने थाहा नहुँदै इँटाहरू लगेको र त्यसरी इँटा निकाली खाडल बनेका संरचनाहरू देखिएको उप्रेतीले बताउनुभयो ।

बुद्धको मावली कहाँ हो भन्नेबारेमा अहिले नै निर्क्योल गर्न नसक्ने बताउनुहुँदै पुरातात्त्विक उत्खनन र अन्वेषण अझै बढाउनुपर्ने उहाँले बताउनुभयो । रोहिणी पूर्वका नागरिकहरूले देवदहवासीका रूपमा भन्न मिल्ने उप्रेतीले बताउनुभयो । तर, बुद्धका समय र त्यो भन्दा अगाडिका माटाका भाँडा, टुक्राहरू पण्डितपुरमा भेटिएको छ ।

रूपन्देही देवदहका स्थानीयहरूले भने बुद्धको मावली देवदहको दरबार नै यहाँ रहेको दाबी गर्दै आएका छन् । प्राचीन कोलिय राज्यका क्षेत्रहरूमा निरन्तर उत्खनन अध्ययनको आवश्यकता रहेको पुरातत्त्व विभागका अधिकृत राजेश परियारले बताउनुभयो । उहाले खयरडाँडामा उत्खननबाट प्राप्त ऐतिहासिक तथ्य र प्रमाणलाई अध्ययन गरी आगामी दिनमा थप कदमहरू अगाडि बढाउने बताउनुभयो ।

लुम्बिनी विकास कोषका पुरातत्त्व महाशाखा प्रमुख वरिष्ठ पुरातत्त्व अधिकृत हिमाल उप्रेतीको नेतृत्वमा पुरातत्त्व अधिकृत राजेश परियार, लुम्बिनी विकास कोषका नमराज अधिकारी, चन्द्रप्रकाश पाठक, अन्तरहुसेन मुसलमान र विज्ञका रूपमा शुभेच्छा पोखेल उत्खननमा खटिनुभएको छ । यो उत्खनन आगामी अझै एक महिना चल्ने छ ।

देवदह नगरपालिका-९ स्थित खयरडाँडामा क्षेत्रमा देवदह नगरपालिकाको १० लाख बजेटबाट अहिले उत्खनन गरिएको हो । स्थानीय पालिकाले साझेदारीमा उत्खनन गरेको यो पहिलो रहेको बताइएको छ ।

– कपिल ज्ञवाली, गोरखापत्र अनलाइन, जेठ २५ गते

# सहकारीमा बचत रकमको व्यापक अपचलन

समाजवादी व्यवस्थाअनुरूप जनताको जीवनयापन सहज बनाउन र विकास गर्न, देशको विकासमा टेवा पुऱ्याउन सहकारीले महत्त्व भूमिका खेल्न सक्छ र कतिपय देशमा खेलेको पनि पाइन्छ । तर, नेपालमा सहकारी ठुलाबडा र पहुँचवालालाई जनताको बचत अपचलन गर्ने माध्यम बनेकोछ ।

सहकारी विभागका अनुसार मुलुकभर अहिले ३१ हजार तीन सय ७३ सहकारी दर्ता छन् ।

सहकारीको रकम अपचलन गरेको विषयमा संसद् लामै चर्काचर्की पऱ्यो । अन्ततः संसदीय छानबिन समिति गठन गरेर घम्साघम्सी शिथिल पारिएकोछ । यसको प्रतिवेदनले पनि अन्य छानबिन समितिको प्रतिवेदनझैँ कुनै दराजको स्थानमात्र ओगट्ने हो या न्यायोचित समाधान दिने हो प्रतिक्षाकै विषय छ ।

## समस्याग्रस्त सहकारीहरू

सहकारीमा बचत रकम अपचलनसम्बन्धी दाबीकर्ता : १,३८,८८५ र बचत रकम रु. ५९,३९,८६,८६,३१९ भएको बताइएको छ ।

**संसदीय विशेष समितिले छानबिन गर्ने २९ सहकारी**

• दावीकर्ता : १ लाख ३८ हजार ८८५ • बचत रकम : ५९ अर्ब ३९ करोड ८६ लाख ८६ हजार ३१९

| | सहकारी | बचत रकम | दाबीकर्ता |
|---|---|---|---|
| | **सरकारबाट यसअघि नै समस्याग्रस्त घोषित २० सहकारी** | | |
| १ | शिव शिखर बहुउद्देश्यीय सहकारी | ९ अर्ब ४९ करोड २२ हजार ८९६ | ३२,६१२ |
| २ | लालीगुराँस बहुउद्देश्यीय सहकारी | ७ अर्ब ४ करोड ५ लाख ९२ हजार ४७० | ४,३८५ |
| ३ | कान्तिपुर सेभिङ एन्ड क्रेडिट | ६ अर्ब ७८ करोड ५१ लाख ५ हजार ४५४ | ६,१८५ |
| ४ | आरेन्टल को-अपरेटिभ | ३ अर्ब १९ करोड ५० लाख २२ हजार ८६२ | ४,२५९ |
| ५ | गौतमश्री बहुउद्देश्यीय सहकारी | २ अर्ब ८४ करोड १३ लाख १९ हजार ५३५ | १,५५१ |
| ६ | कृषि विकास बहुउद्देश्यीय सहकारी | २ अर्ब ८२ करोड २७ लाख ८७ हजार ७९३ | २,५३१ |
| ७ | तुलसी बहुमुखी सहकारी | १ अर्ब ५५ करोड ८१ लाख ६१ हजार ३१ | ५,४४३ |
| ८ | पशुपति सेभिङ एन्ड क्रेडिट | १ अर्ब ११ करोड ४८ लाख ३ हजार ६१८ | १,०४२ |
| ९ | प्यासिफिक सेभिङ एन्ड इन्भेस्टमेन्ट | ४८ करोड ७३ लाख ९८ हजार ९१३ | ३५२ |
| १० | प्रभु बचत तथा ऋण सहकारी | १३ करोड २० लाख ८९ हजार ९२७ | १३८ |
| ११ | लुःनिभा बहुउद्देश्यीय सहकारी | ११ करोड ७४ लाख ४४ हजार २६ | २१४ |
| १२ | स्ट्यान्डर्ड सेभिङ एन्ड क्रेडिट | ११ करोड ८ लाख ९३ हजार ८२८ | १७५ |
| १३ | सोसाइटल बचत तथा ऋण सहकारी | १० करोड ८७ लाख ४१ हजार २४३ | २४० |
| १४ | हाम्रो नयाँ कृषि सहकारी | ७ करोड ७७ लाख ९० हजार १९८ | ५० |
| १५ | कन्जुमर बचत तथा ऋण सहकारी | ४ करोड ३४ लाख ७८ हजार २५२ | ५६ |
| १६ | कोहीनूर बचत तथा ऋण सहकारी | २ करोड ४१ लाख ७१ हजार ८९९ | ५१ |
| १७ | भेगास बचत तथा सहकारी | १ करोड ६५ लाख ४४ हजार ७११ | १७ |
| १८ | चार्टर्ड सेभिङ एन्ड क्रेडिट | ८४ लाख ११ हजार ४९४ | १४ |
| १९ | कुबेर बचत तथा ऋण सहकारी | ५७ लाख ६३ हजार ४६७ | १० |
| २० | चार्टर्ड सेभिङ एन्ड क्रेडिट | ८४ लाख ११ हजार ४९४ | १४ |
| | **छानबिनको दायरामा ल्याइएका थप नौ सहकारी** | | |
| १ | सुमेरु बचत तथा ऋण | १० अर्ब ३४ करोड ७ लाख ३९ हजार | ३७,००० |
| २ | आइडियल यमुना | ८ अर्ब | २,००० |
| ३ | इमेज बचत तथा सहकारी | ३ अर्ब | १,४८१ |
| ४ | सूर्यदर्शन बचत तथा ऋण | १ अर्ब ११ करोड ५३ लाख | १८,७०० |
| ५ | स्वर्णलक्ष्मी बचत तथा ऋण | ६४ करोड | ३,२०० |
| ६ | सुप्रिमो बचत तथा ऋण | १५ करोड ३१ लाख | ८,००० |
| ७ | सहारा बचत तथा ऋण | ११ करोड ७१ लाख | ८,००० |
| ८ | सानो पाइला बचत तथा ऋण | ३ करोड ३४ लाख ७४ हजार १५४ | ८०० |
| ९ | समानता बचत तथा ऋण | १ करोड ९ लाख ७२४ | ३८० |

स्रोत : समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय

## के यो सत्य हो ?

शङ्कर कार्की नामको सामाजिक सञ्जालमा सहकारीको रकम ठगी गरेकाहरूको नाम, रकम र आबद्ध पार्टीसमेतको एउटा भिडीयो राखिएको छ। सो भीडीयोअनुसार अर्बौं रूपैयाँ सहकारीको ठगी गरेकाहरू देहायबमोजिम रहेका छन्–

– सुरेन्द्र भण्डारी लालीगुराँस सहकारी संस्थाका संस्थापक अध्यक्ष – आबद्ध पार्टी नेपाली काङ्ग्रेस, अपचलन रूपैयाँ ६ अर्ब;

– चन्द्रबहादुर लामा (सीबी), पशुपति सेभिङ एन्ड क्रेडिट र कान्तिपुर सहकारीका सञ्चालक तथा संस्थापक– आबद्ध पार्टी नेपाली काङ्ग्रेस, अपचलन रकम ८ अर्ब ५९ करोड;

– भरत महर्जन, अध्यक्ष सुमेरु सहकारी– आबद्ध पार्टी नेपाली काङ्ग्रेस, अपचलन रकम १० अर्ब ३४ करोड;

– केदारनाथ शर्मा, शिव शिखर र तुल्सी बहुउद्देश्यीय सहकारी संस्था– आबद्ध पार्टी नेपाली काङ्ग्रेस, अपचलन रकम १६ अर्ब रूपैयाँ (हाल जेलमा);

– नेत्रविक्रम थापा– कृषि विकास बहुउद्देश्यीय सहकारी सञ्चालक– आबद्ध पार्टी, नेपाली काङ्ग्रेस, अपचलन रकम २ अर्ब ८३ करोड;

– जीबी राई– सुप्रिम, सूर्यदर्शन, स्वर्णलक्ष्मी, सानो पाइला, साहारा र समानता गरी ६ सहकारीका सञ्चालक– आबद्ध पार्टी नेपाली काङ्ग्रेस, पछिल्लो समय रास्वपासँग नजिक, अपचलन रकम १६ अर्ब ५० करोड रूपैयाँ (नेकाले गृहमन्त्री रवि लामिछाने यी नै सहकारीको रकम अपचलनमा संलग्न भएको आरोप लगाएको हो।)

– केबी उप्रेती आइडीएल यमुना र हाम्रो सगरमाथा सहकारीका सञ्चालक– आबद्ध पार्टी नेकपा एमाले, अपचलन रकम ८ अर्ब रूपैयाँ;

– देवकुमार नेपाली, इमेज सहकारीका सञ्चालक– ढोरपाटन (बागलुङ) नगरपालिकाका मेयर (हाल फरार) (रकम दुई अर्ब २१ करोड)

– बचतकर्ताको रकम ठगी गरेका अन्य केही सहकारीहरू इच्छाराज तामाङ (हाल जेलमा) को सिभिल सहकारी, सुधीर बस्नेतको ओरियन्टलगायत भीडीओमा उल्लेख छैन।

गृहमन्त्री लामिछानेले संसद्मा नेकाका सांसदहरू संलग्न अपराधहरूको सूची– देशको सूचना विदेशीलाई बेच्ने, रातो राहदानी दुरूपयोग, वाइडबडी जहाजमा भ्रष्टाचार, टीकापुरको सहकारी जग्गा कब्जा गरेको राख्दै संसद्मा छानबिन समिति नै गठन गर्ने हो र भनी प्रश्न गरेका थिए।

गृहमन्त्री लामिछानेले संसद्मा अपराधको सूची सुनाउने होइन दोषीलाई कारबाही गर्ने गरी फौजदारी मुद्दा दर्ता गर्ने हो। गठन गर्ने हो र भनी प्रश्न गर्नु आफ्नो अपराध नउठाउन नेकासँग मोलमोलाइ नै हुनेछ।

नेकाले लामिछाने गृहमन्त्री बनेपछि सहकारी ठगीको विषय उठायो। दुई महिनाअघि दाहालको सरकारमा नेका धेरै मन्त्री लिएर बसेको थियो। त्यसबेला लामिछानेको संस्था र सहकारी ठगीको विषय किन उठेन ? के त्यसबेला नेकाको विचार मरेको थियो र ? जनताको जिज्ञासा हो।

चितवनको निर्वाचनमा लामिछानेसँग जीवी राईबारे जिज्ञासा राखेका स्थानीयलाई लामिछानेले 'चाँडै थाहा पाउनु हुने, अहिले भनिहाल्न नहुने, आफूलाई राम्रोसँग थाहा भएको' बताएका थिए।

समस्याग्रस्त सूचीमा एमालेका इच्छाराज तामाङको सिभिल सहकारी ठगी किन उल्लेख भएन भनी प्रश्न उठेको छ। अनुसूची २ का सहकारीमा गृहमन्त्री लामिछाने अपचलनमा संलग्न भएको अनुमान गरिएको छ। समितिले ३ महिनाअगावै सत्यतथ्य प्रतिवेदन पेस गर्ने हो या आलटाल गर्ने हो, भविष्यको गर्भमा छ।


**के गर्दैछ भक्तपुर नगरपालिका ?**

थाहा पाउन पढ्नुहोस्, सुन्नुहोस्

- 'भक्तपुर' मासिक
- 'ख्वप पौ'
- http://bhaktapurmun.gov.np
- www.bhaktapurkhabar.com
- www.facebook.com/BhaktapurMunicipality/
- ख्वप सः (भक्तपुर एफएममा) बुधबार बिहान ७:३० – ८:३० र शुक्रबार साँझ ६:३० – ७:३० सम्म
- अडियो नोटिश फोन नं. १६१८ ०१६६१०००९६


**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी–२, भक्तपुर

**सहकारीका ऋणीहरूलाई अत्यन्त जरुरी सूचना**

भक्तपुर नगरपालिका कार्य क्षेत्र भई सञ्चालित सहकारी संस्थाहरूबाट ऋण लिई तोकेको समयभित्र नियमानुसार सावाँ र ब्याज नबुझाउने, सावाँ तथा ब्याज बुझाउन ताकेता गर्दा समेत ऋणी सदस्यहरूले उक्त सावाँ र ब्याज फिर्ता नगरेको कारण बचतकर्ता सदस्यहरूको बचत रकम फिर्ता गर्नुका साथै सहकारी संस्था सञ्चालनमा कठिनाइ परेको विवरण सहकारी संस्थाहरूबाट प्राप्त भएको हुँदा ऋणी सदस्यहरूले तोकेको भाखामा नियमानुसार सावाँ र ब्याज बुझाई बचतकर्ता सदस्यलाई नियमानुसार बचत फिर्ता गरी सहकारी संस्थाहरूमा देखिएको हालको समस्यालाई समाधान गर्न सहयोग गर्नुहुन सम्पूर्ण ऋणी सदस्यहरूलाई अनुरोध छ। ऋणी सदस्यहरूले समयमा नियमानुसार सावाँ र ब्याज नबुझाएमा भक्तपुर नगरपालिकाको सहकारी ऐन, २०७४ तथा प्रचलित कानुनबमोजिम आवश्यक कारबाही भइजाने व्यहोरासमेत सबैको जानकारीको लागि अनुरोध छ।

# "रेडलाइन प्रोटेस्ट"

## गाजामा नरसंहारको अन्त्यको माग गर्दै ह्वाइट हाउस घेराउ गर्दै

वाशिङ्टन, ९ जून (टेलिसुर) । 'जनताको रातो रेखा' भन्ने नारासहित लामो रातो ब्यानरसहित सयौँ प्रदर्शनकारीहरूले अमेरिकी सरकारको विदेश नीतिको विरोध गर्दै इजरायलले कब्जा गरेको प्यालेस्टिनको भूभागको पूर्ण स्वतन्त्रताको माग गर्दै शनिबार ह्वाइट हाउस घेराउ गर्दै विरोध प्रदर्शन गरेका छन् ।

बाइडेनले दुई महिनाअघि राफाहको गजाती सहरमा आक्रमण नगर्न 'रातो रेखा' तोकेका थिए । तर, इजरायलले त्यहाँ घातक आक्रमण गऱ्यो ।




त्यसैको विरोधमा 'बाइडेनको रातो रेखा झूट हो' भन्दै प्रदर्शनकारीहरूले विशाल रातो ब्यानर प्रयोग गरेका थिए ।

अमेरिकी सञ्चारमाध्यमहरूले अमेरिकी राष्ट्रपति जो बाइडेन कार्यकारी मुख्यालयभित्र नभएको भनी जोगाउन खोजे पनि प्रदर्शनकारीहरूले बाइडेनले गाजापट्टी र वेस्ट बैङ्कमा इजरायली घेराबन्दी तत्काल अन्त्य गर्ने दाबी पूरा नगरेको र नरसंहारलाई रोक्न अझै के के हुनुपर्छ भनी सोधेका थिए ।



रोयटर्स समाचार एजेन्सीका अनुसार उक्त विरोध प्रदर्शनमा कोड पिंक ग्रुप र काउन्सिल अन अमेरिकन इस्लामिक रिलेसनका सदस्यहरू भेला भएका थिए । प्रदर्शनकारीहरूले दक्षिणी गाजापट्टीको रफाहमा आफ्नो आक्रमणको बिचमा इजरायललाई सैन्य सहायता नरोकेकोमा बाइडेनको निन्दा गरे ।



प्रदर्शनकारीहरूले ठूलो प्यालेस्टिनी झन्डा बोकेका थिए । उनीहरूले एक स्वरमा 'प्यालेस्टिनलाई स्वतन्त्रता' भन्ने नारा लगाएका थिए । 'प्यालेस्टिनलाई मुक्त गर', 'गाजाबाट हात झिक' र 'अब युद्धविराम' लेखिएका प्यालेस्टिनी झन्डा र प्लेकार्ड बोकेका थिए ।

## युरोपको सुरक्षाका लागि संरा अमेरिका सबैभन्दा ठूलो खतरा - राष्ट्रपति पुटिन



प्योङयाङ, ५ असार (केसीएनए) । रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले संरा अमेरिका युरोपको सुरक्षाका लागि सबैभन्दा ठूलो खतरा भएको बताउनुभएको छ ।

'रुसले युरोपमाथि आक्रमण गर्न लागेको केही युरोपेली देशको भनाइ पूर्णतया झूट हो, युरोपका लागि ठूलो खतरा

रुस होइन, अमेरिकामाथिको चरम निर्भरता खतरा हो।' उहाँले भन्नुभयो। संरा अमेरिकाले साम्राज्यको हैसियत कायम राख्ने प्रयास कहिल्यै नछाडेको बताउनुहुँदै उहाँले संरा अमेरिकाले आफ्नो स्वार्थ पूरा गर्न युरोपेली राजनीतिज्ञलाई प्रयोग गरी युरोपेली मुलुकको शोषण गर्ने गरेको बताउनुभयो ।

उहाँले युरोपेली राजनीतिज्ञहरूले अपमान, अभद्र व्यवहार र उनीहरूको निगरानीसँग सम्बन्धित घोटालाहरू पनि सहिरहेको स्थिति उदेकलाग्दो भएको बताउनुभयो।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले बुधबार पश्चिमलाई स्पष्टरूपमा चेतावनी दिँदै प्रजग कोरिया र रुसबिच हस्ताक्षरित नयाँ सन्धिको पक्ष मुलुकले आक्रामकताको सामना गरेको अवस्थामा 'पारस्परिक सहयोग' प्रदान गर्ने बताउनुभयो।

प्रजग कोरियाले युक्रेनमा प्रयोगका लागि रुसलाई हतियार आपूर्ति गरेको आरोप लगाउने पश्चिमी मुलुकहरूसँग मस्कोले सम्बन्ध तोडेको छ। मस्कोको युक्रेनमाथि सैनिक कारबाहीको दुई वर्षभन्दा बढी समयमा पुटिनले प्रजग कोरियाको भ्रमण गर्नुभएको छ।

पुटिनले भन्नुभयो, 'आज हस्ताक्षरित व्यापक साझेदारी सन्धिले यस सन्धि पक्षहरूमध्ये कुनै एकविरुद्ध आक्रामकताको अवस्थामा पारस्परिक सहयोग प्रदान गर्दछ, यो अग्रणी दस्ताबेज हो र यसले हाम्रो सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउनेछ।'

पुटिनले प्रजग कोरियासँग 'सैन्य–प्राविधिक सहयोग' लाई पनि अस्वीकार गर्नुभएन र युक्रेनमा मस्कोको कारबाहीमा समर्थनको लागि प्रजग कोरियालाई धन्यवाद दिनुभयो।

रुसी समाचार एजेन्सीहरूले कोरियाली सर्वोच्च नेता किम जोङ उनलाई उद्धृत गर्दै सन्धि 'रक्षात्मक' भएको बताएका छन्। उहाँले प्रजग कोरियाको 'सबैभन्दा घनिष्ठ मित्र' का रूपमा पुटिनको प्रशंसा गर्नुभयो।

पुटिनले लामो समयदेखि मस्को र प्योङयाङ पश्चिमी प्रतिबन्धहरूको 'दमन' को विरोध गर्न एकसाथ खडा हुने बताउनुभयो।

उहाँले भन्नुभयो, 'रुस र प्रजग कोरियाको स्वतन्त्र विदेश नीति छ र उनीहरू ब्ल्याकमेल तथा तानाशाहीको भाषालाई सहन सक्तैनन्, हामीले राजनीति, अर्थतन्त्र र अन्य क्षेत्रमा आफ्नो वर्चस्व कायम राख्ने उद्देश्यका साथ पश्चिमले प्रयोग गर्ने साधनका रूपमा दमनकारी प्रतिबन्ध अभ्यासको विरोधलाई निरन्तरता दिनेछौँ।'

उहाँले विश्वमा सबैभन्दा लामो समय नाकाबन्दी व्यहोरेका देशहरूमध्ये एक उत्तर कोरिया शासनमाथि संयुक्त राष्ट्रसङ्घको प्रतिबन्धको पुनः जाँच हुनुपर्ने बताउनुभयो। 'उत्तर कोरियाप्रति राष्ट्रसङ्घीय सुरक्षा परिषद्मा संरा अमेरिका र उसका सहयोगीहरूद्वारा प्रेरित अनिश्चितकालीन प्रतिबन्धात्मक शासनको समीक्षा गर्न आवश्यक छ', उहाँले भन्नुभयो।

यसै वर्षको प्रारम्भमा प्रजग कोरियामाथि लगाइएको प्रतिबन्धहरूको आधिकारिक राष्ट्रसङ्घीय अनुगमनलाई प्रभावकारीरूपमा आफ्नो भिटो शक्तिको प्रयोग गरेपछि पुटिनको उक्त टिप्पणी आएको हो। उक्त कदम प्योङयाङका लागि ठूलो जित थियो।

यसैबिच राष्ट्रपति पुटिनले मस्को र प्योङयाङले 'अमेरिकी आधिपत्य' विरुद्ध लडिरहेको बताउनुभएको छ।

प्रजग कोरियाली सर्वोच्च नेता किम जोङ उनले दुई मुलुकबिचको साझेदारीले एसिया–प्रशान्त क्षेत्रमा 'शान्ति र स्थायित्व' लाई अगाडि बढाएको बताउनुभएको छ।

पुटिन दुर्लभ राजकीय भ्रमणको क्रममा प्रजग कोरियामा हुनुहुन्छ। त्यहाँ दुवै नेताले सैन्य, आर्थिक र राजनीतिक सम्बन्धलाई अझ गहिरो बनाउन 'व्यापक रणनीतिक साझेदारी' मा हस्ताक्षर गर्नुभयो।

'आज हामी संयुक्त राज्य अमेरिका र उसका उपग्रहहरूको आधिपत्यवाद र नव–उपनिवेशवाद अभ्यासविरुद्ध एकसाथ लडिरहेका छौँ', पुटिनलाई उद्धृत गर्दै रुसी राज्य समाचार एजेन्सीहरूले भनेका छन्।

किमले दुई मुलुकबिच हस्ताक्षरित सन्धिलाई भव्य, महान् कार्यक्रम भन्दै सन्धिले इमानदारीपूर्वक एक शताब्दीका लागि कोरियाली–रुसी सम्बन्धलाई प्रत्याभूति दिने बताउनुभयो।

'यसले क्षेत्रमा शान्ति र स्थिरता कायम राख्न पूर्णरूपमा योगदान दिनेछ र दुवै मुलुकको सुरक्षा स्थितिलाई अझ धेरै विश्वसनीय आधारमा स्थापित गर्नेछ', कोरियाली सर्वोच्च नेता किमले भन्नुभएको छ।

पुटिनले पछिल्लो पटक २४ वर्षअघि उत्तर कोरियाको भ्रमण गर्नुभएको थियो।

## दक्षिण अफ्रिकामा रामाफोसाद्वारा राष्ट्रपतिको सपथग्रहण



दक्षिण अफ्रिकी नेता सिरिल रामाफोसाले राष्ट्रपतिको रूपमा नयाँ कार्यकालको सपथ लिनुभएको छ।

मे २९ को आम चुनावपछि संसद्बाट रामाफोसालाई पुनः निर्वाचित भएसँगै उहाँले तेस्रो पटक पुनः राष्ट्रपतिको रूपमा सपथ ग्रहण गर्नु भएको हो । अफ्रिकी राष्ट्रिय काङ्ग्रेस (एएनसी) ले एकल बहुमत ल्याउन असफल भएपछि सरकारका लागि डेमोक्रयाटिक अलायन्स (डिए) र जुलु राष्ट्रवादी 'इन्काथा फ्रिडम पार्टी' सँग नयाँ गठबन्धनको सम्झौता गरेको हो ।

## विश्वव्यापी दबाबको कारण जुलियन असान्ज रिहा

विकिलिक्सका संस्थापक जुलियन असान्ज ५ वर्षभन्दा बढी अर्थात् १९०१ दिनपछि २४ जुन बिहान बेलायतको बेलमार्श जेलबाट रिहा भएका छन् । अमेरिकी अधिकारीहरूसँग एउटा सम्झौता गरेपछि असान्ज बेलायती जेलबाट रिहा भएका छन् । जेलबाट रिहा भएलगत्तै असान्ज बेलायतबाट अस्ट्रेलिया गएका थिए ।

असान्जलाई रिहा गरेपछि विश्वभरि नै प्रेस स्वतन्त्रताका पक्षधरहरूले खुसी मनाएका छन् ।



असान्ज १४ वर्षपछि जन्मभूमिमा

अस्ट्रेलियाली नागरिक ५२ वर्षीय असान्जले अमेरिकी अदालतमा उपस्थित भएर आफूमाथि लागेको 'अमेरिकी कानुन तोडेको अपराध' स्वीकार्ने सर्तमा उनलाई रिहा गरिएको हो । तर, उनी संरा अमेरिको मुख्यभूमिमा जाने छैनन् । सम्झौता गरे पनि उनले अमेरिका जान अस्वीकार गरेका छन् ।

अस्ट्रेलियाबाट लगभग दुई हजार माइल उत्तरमा रहेको पश्चिमी प्रशान्त महासागरको नर्दन म्यारियाना आइल्यान्ड्सको राजधानी साइपानमा रहेको अमेरिकी अदालतमा उनलाई बुधबार पेस गरिने छ ।

त्यहाँ 'अमेरिकी राष्ट्रिय सुरक्षासम्बन्धी अति गोप्य सूचना अनधिकृत रूपमा प्राप्त गरेको र ती सूचनाहरू चुहाएको अभियोग' लाई स्वीकार्ने सम्झौता भएको छ ।

सम्झौताअनुसार उनलाई अनधिकृतरूपमा गोप्य सूचना चुहाएको भनी ६२ महिनाको जेल सजाय हुने एउटा आरोप लागेकोमा त्योभन्दा बढी बेलायतको जेलमा बसिसकेकोले अमेरिका, बेलायत वा कतै पनि थप जेल बस्न नपर्ने बताइएको छ ।

यो सम्झौताले असान्जको लगभग १४ वर्षको कानुनी सङ्घर्षको अन्त्य भएको छ ।

'जुलियन असान्ज स्वतन्त्र हुनुभएको छ,' विकिलिक्सले सामाजिक सञ्जाल एक्समार्फत जानकारी गराएको छ ।

सन् २००६ मा स्थापना गरेको 'विकिलिक्स' मार्फत असान्जले वेब दुनियाँमा तहल्का मच्चाएका थिए । उनले सन् २००८ देखि आफूले स्थापना गरेको 'विकिलिक्स' मार्फत करोडौँ अति गोप्य सूचनाहरूलाई सार्वजनिक गरेका थिए ।

अमेरिकी प्रशासनले विकिलिक्सले सार्वजनिक गरेको इराक र अफगानिस्तानसँग सम्बन्धित फाइलका कारण संरा अमेरिका निकै बदनाम भएको थियो । अमेरिकाले असान्जलाई इराक र अफगानिस्तानमा भएको युद्धबारे गोप्य सैन्य कागजातहरू खुलासा गरेको आरोपमा मुद्दा चलाउन खोजेको हो ।

असान्जलाई सन् २०१९ मा अमेरिकी सङ्घीय ग्रान्ड ज्युरीले विकिलिक्सले राष्ट्रिय सुरक्षा कागजातको प्रकाशनबाट उत्पन्न भएको १८ ओटा अभियोगमा दोषी ठहर गरेको थियो । लगभग एक करोड गोप्य अमेरिकी कागजातहरू विकिलिक्समार्फत प्रकाशित गरेका असान्जविरूद्ध विभिन्न १८ कसुरमा अमेरिकाले मुद्दा चलाएको थियो ।

ती अभियोगमा उनलाई १७५ वर्षसम्मको कैद सजाय हुन सक्थ्यो । तर, उनलाई बढीमा ६२ महिना मात्र सजाय हुने आरोप लगाइयो । बेलायतको जेलमा बसेको ६२ महिना त्यसैमा कटाइयो ।

असान्ज सन् २०१९ को अप्रिलदेखि लन्डनको उच्च सुरक्षा रहेको बेलमार्स जेलमा थिए ।

विश्वव्यापी दबाबका कारण असान्ज रिहा भएको विकिलिक्सले जनाएको छ ।

विकिलिक्सका अनुसार जुलियन असान्जको रिहाई विश्वव्यापी अभियान र राष्ट्रसङ्घमा आवाज उठाउने नेताहरूको प्रयासले सफल भएको हो ।


त्यसपछि मात्र अमेरिकासँग सम्झौता हुन सफल भएको थियो ।

राष्ट्रपति जो बाइडेनको असान्जविरुद्ध लामो समयदेखि चलिरहेको मुद्दा खारेज गर्न बढ्दो दबाबबिच यो अनुरोध सम्झौता भएको हो ।



असान्ज नर्दन म्यारियाना आइल्यान्ड्सको राजधानी साइपानमा रहेको अमेरिकी अदालतबाट निस्कँदै ।

सम्झौता अनुसार बेलायती जेलमा पाँच वर्षभन्दा बढी (विकिलिक्सका अनुसार १९०१ दिन) बिताएका असान्जलाई उक्त अदालतले पाँच वर्ष हाराहारी जेल सजाय सुनाउने छ । उनले बेलायती जेलमा बिताएको समयसमेत गनेर उनलाई रिहा गरिने छ ।



ब्राड्ले एडवर्ड म्यानिङ (हाल चेल्सिया म्यानिङ-इन्सेट)

विकिलिक्सले अमेरिकी सैनिक ब्राड्ले एडवर्ड म्यानिङ (हाल चेल्सिया म्यानिङ) बाट प्राप्त सन् २००७ मा बगदादमा समाचार संस्था रोयटर्सका दुई पत्रकारसहित करिब एक दर्जनलाई अमेरिकी सेनाको हेलिकप्टरबाट गोली हानेर मारिएको भिडियोलगायत अन्य गोप्य दस्तावेज प्रकाशन गऱ्यो । ती दस्तावेजहरू मुख्यतः अफगानिस्तान र इराकमा अमेरिकाले युद्ध क्रममा गरेका गल्ती, अमेरिकाले ग्वान्टानामोमा आतङ्ककारी भनेर अमानवीय तरिकाले थुनेर राखेका बन्दी र विश्वभरिका अमेरिकी दूतावासले पठाएका कूटनीतिक सन्देश र नेपालमा रहेको अमेरिकी दूतावासले अमेरिकी सरकारलाई पठाएका सन्देशहरू पनि प्रकाशित भएको थियो ।

असान्ज, सन् २०१२ जुनमा लन्डनमा रहेको इक्वेडरको दूतावासमा राजनीतिक शरण लिए । त्यहाँ उनी ७ वर्ष बसेका थिए ।


असान्जले दूतावासमा शरण लिएर बसे पनि विकिलिक्सले अमेरिकाको जासुसी संस्था सिआइएसँग सम्बन्धित गोप्य सामग्रीहरू प्रकाशन गर्न छाडेन ।

तर, २०१९ अप्रिलमा इक्वेडरले राजनीतिक शरण दिने निर्णय फिर्ता गरेपछि दूतावासको निमन्त्रणामा बेलायती प्रहरीले उनलाई दूतावासबाटै पक्राउ गऱ्यो । त्यसपछि विश्वभरिबाट बेलायती जेलमा रहेका असान्जलाई अमेरिकामा सुपुर्दगी नगर्न र रिहा गर्न मानव अधिकारवादी र प्रेस स्वतन्त्रतावादीहरूले माग गरे ।

विकिलिक्सकाअनुसार ती दिनमा उनलाई २ x ३ मिटरको कोठरीमा २३ घण्टा एकान्तमा राखिएको थियो । अमेरिकी अपराधको पोल खोल्ने दस्तावेजहरू सार्वजनिक गर्न विकिलिक्ससँग साझेदारी गरेका अमेरिकी अखबार द न्यूयोर्क टाइम्स, बेलायतको द गार्डियन, फ्रान्सको लु मोन्ड, जर्मनीको डेयर स्पिगल र स्पेनको एल पाइसले अमेरिकी सरकारलाई खुलापत्र लेख्दै असान्जविरूद्धको मुद्दा फिर्ता लिन आग्रह गरेका थिए ।

विकिलिक्सले छापेका जस्ता गोप्य र अमेरिकी राष्ट्रिय सुरक्षासँग सम्बन्धित सामग्रीहरू विश्वकै सबभन्दा विश्वासिला मिडियाले छापेर ठुला-ठुला खुलासाहरू गरेका छन् । अझै पनि गरिरहेका छन् र भविष्यमा पनि गर्नेछन् । त्यसैले विकिलिक्सले कुनै अपराध नगरेको बरु मिडियाको कर्तव्य निर्वाह गरेको मान्नेको सङ्ख्या ठुलो छ ।

त्यसैले 'पत्रकारिता अपराध होइन', 'सत्य (को प्रकाशन) अपराध होइन', 'असान्जलाई रिहा गर', 'असान्जलाई अमेरिकामा सुपुर्दगी नगर' जस्ता नाराका साथ विश्वव्यापी प्रदर्शनहरू भएका थिए ।




असान्जले आफू जन्मिएको देशमात्र नभएर सन् २००९ मा संयुक्त अधिराज्यको प्रतिष्ठित एम्नेस्टी इन्टरनेसनल मिडिया अवार्डसमेत जितेका छन् । उनले सिड्नी पिस फाउन्डेसनबाट 'गोल्ड मेडल फर पिस' जितेका छन् भने अस्ट्रेलियन जर्नालिस्ट युनियनको मानार्थ सदस्य हुन् । त्यतिमात्र नभएर उनले सन् २००८ देखि नै विश्वभरिबाट विभिन्न अवार्ड तथा सम्मान पाइसकेका छन् ।

# हाम्रो स्वास्थ्य

## के हो बालबालिकामा देखिने हाँडे रोग ?

– डा राजकुमार बिक



बच्चाहरूमा हाँडे रोगको समस्या बरोबर पाइएको छ। हाँडे रोगलाई गल्फुलो र मम्पस पनि भनिन्छ।

यो पारमिक्जो भाइरसबाट सर्ने एक भाइल सङ्क्रमण हो। एक सङ्क्रमित व्यक्तिले खोक्दा वा हाँच्छ्यु गर्दा निस्कने पानीका स–साना फोका, र्‍याल तथा पिसाबले छोइएका सामानहरू प्रयोग गर्दा सर्ने गर्दछ। जुनसुकै उमेरमा देखिने भएपनि खोप नलगाएका ५ देखि १५ वर्षमुनिका बच्चामा यो रोग बढी देखिने गर्दछ।

कतिपयमा लक्षण नदेखिन पनि सक्छ भने प्रायःमा सुरुमा एकपट्टी र्‍याल ग्रन्थी (प्यारोटिड ग्रन्थी) सुन्निने जुन ७०–९० प्रतिशत मा दुवै पट्टी हुने गर्छ। ज्वरो आउने, गाला सुन्निने, कान दुख्ने, खाना खान वा चपाउन गाह्रो हुने गर्छ। तीतो वा अमिलो खाँदा दुखाई बढ्ने हुन्छ। यो रोगले र्‍याल ग्रन्थी, अण्डकोष, स्नायु प्रणाली, प्यान्क्रियाजमा असर गर्छ भने केहीमा थाइराइड, मुटु, मिर्गौला, कलेजो तथा जोर्नीमा पनि असर देखिने गर्छ। अहिलेसम्म दिमागमा सङ्क्रमण र प्यान्क्रियाजलाई असर परेर अस्पताल भर्ना भएका बिरामीहरू छन् भने केहीमा अण्डकोषमा समस्या आएका बिरामीहरू पनि भेटिएका छन्।

गाला सुन्निनु, एक दिन अघिदेखि पाँच दिनसम्म एकले अर्कालाई सार्ने संभावना एकदम बढी रहन्छ। एक जना सङ्क्रमित व्यक्तिले दश जना व्यक्तिमा कम्तीमा चारदेखि आठ जनालाई सार्न सक्ने क्षमता हुन्छ। त्यसैले सङ्क्रमित व्यक्तिलाई चिकित्सकको सल्लाहअनुसार कम्तीमा पनि पाँच दिन घरमै आइसोलेसनमा राख्नुपर्ने हुन्छ।

समुदाय तथा विद्यालयमा फैलिन थालेमा चिकित्सकको सल्लाहमा एक महिनाको फरकमा हाँडे विरुद्धको खोपको दुई डोज दिन सकिन्छ। पहिलो मात्राले ७८ प्रतिशत र दोस्रो खोपको मात्राले ८८ प्रतिशत काम गर्ने तथ्याङ्कले देखाउँछ। तर सङ्क्रमति भइसकेपछि खोप लगाउनु उपयुक्त नहुन सक्छ।

यो एक भाइरल सङ्क्रमण भएकाले प्रायः केशमा अनावश्यक एन्टीबायोटिकको प्रयोग गर्नु पनि हुँदैन। टेप टालेर पनि केही फरक नपर्ने भएकाले चिकित्कीय विज्ञानमा टेप चप्काउने भन्ने गरिँदैन। बरु मन तातो पानीमा कपडा चोपेर गाला सुन्निएको ठाउँमा सेक्न सकिन्छ।

– *(डा राजकुमार बिक बालरोग विशेषज्ञ कान्ति बाल अस्पताल।)*

स्वास्थ्य खबरपत्रिका

## पीडादायक डेंगुबाट बचौं बचाऔं

डेंगु निकै पीडादायक भएको भुक्तभोगीहरू बताँछन्। त्यसैले डेंगु सङ्क्रमित भएर उपचारका लागि दौडधूप गर्नुभन्दा यसको टोकाइबाट बच्नु सर्वोत्तम हो।


### डेंगु भएको कसरी थाहा पाउने ?

- एक्कासी उच्च ज्वरो आउने, लगातार ५ देखि ७ दिनसम्म ज्वरो आउने,
- असाध्यै टाउको दुख्ने, वान्ता हुने, चक्कर लाग्ने,
- आँखाको गेडी तथा आँखाको पछिल्लो भाग दुख्ने,
- ढाड, जोर्नी तथा मांसपेशीहरू दुख्ने,
- शरीर गलेको महसुस हुने,
- शरीरमा बिमिरा आउने।

### डेंगुबाट यसरी बच्नुहोस्

- डेंगुबाट बच्नका लागि लामखुट्टेको टोकाईबाट बच्ने,
- घर वरिपरिका झाडी हटाई सफा सुग्घर राख्ने,
- लामखुट्टे मार्ने–भगाउने कीटनाशक औषधि छर्कने,
- पानी जम्न सक्ने भाँडाहरूमा पानी जम्न नदिने,
- पानीका ट्याङ्कीमा लामखुट्टे प्रवेश गर्न नदिने गरी ढाकेर राख्ने,
- कूलरमा रहेको पानीमा प्रत्येक हप्ता एक–दुई चम्चा मट्टितेल हालिदिने साथै जम्मा भएको पानी सफा गर्ने,
- फुलदानीमा रहेको पानी कम्तीमा हप्तामा दुई पटक फेर्ने,
- डेंगु सार्ने एडिस एजिप्टाई जातको लामखुट्टेले दिउँसो टोक्ने हुँदा दिउँसो पूरा बाहुला भएको वा शरीर पूरै ढाकिने लुगा लगाउने,
- सुत्दा झुल प्रयोग गर्ने,
- लामखुट्टेको टोकाईबाट बच्न लामखुट्टे भगाउने मल्हम दल्ने,
- घरका झ्याल ढोकामा जाली लगाउने।

## आ.व. २०८०/८१ जेष्ठ महिनामा पर्यटक सूचना तथा सेवा केन्द्रको पर्यटक आगमन तथ्याङ्क




| गते ➡ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | ३१८ | ३२९ | ३२९ | २२७ | २६९ | ३३१ | २६९ | १७० | १८२ | ३०६ | १५३ | २०९ | २२९ | २२५ | १८२ | १४९ |
| ■ सार्क तथा चिनियाँ | ४१० | ७३८ | ६३७ | ५६५ | ६७५ | ६१९ | ६६५ | ५७१ | ५३३ | ६६५ | ७४७ | ६८३ | ५२४ | ६१६ | ५२१ | ५५२ |

| गते ➡ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० | ३१ | ३२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | १७५ | १६७ | २२० | १७३ | १५८ | १३३ | १३८ | ११४ | ९४ | १०८ | ११६ | १०६ | ६४ | ८२ | ८० | ११६ |
| ■ सार्क तथा चिनियाँ | ४९२ | ५४७ | ६२८ | ४८८ | ५८५ | ४६३ | ३५८ | ४१० | ४६६ | ४११ | ५८३ | ४४६ | ३२८ | ४२२ | ४४५ | ५६३ |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कूल पर्यटक संख्या |
|---|---|---|---|
| २०८१ जेष्ठ | ५,९२१ | १७,३५६ | २३,२७७ |
| २०८० जेष्ठ | ४,४३४ | १३,७०० | १८,१३४ |
| प्रगति | १,४८७ | ३,६५६ | ५,१४३ |

सम्पादकको पृष्ठ

# दीर्घकालीन अहित गर्नेहरूको मतियार

पञ्चायत व्यवस्था भ्रष्ट थियो, यसमा दुईमत छैन। भ्रष्ट र निरङ्कुश व्यवस्थालाई आर्यघात पुऱ्याएर पुनःबहाली गरेको बहुदलीय प्रजातन्त्र, 'लोकतन्त्र' हुँदै हामी सङ्घीयतासहितको गणतन्त्रमा पुगेका छौँ। तर, भ्रष्टाचारले हामीलाई छोडेको छैन, छायाँले झैँ पछ्याइरहेको छ। भ्रष्ट व्यवस्थामा टेबलमुनिबाट हुने भ्रष्टाचार कथित परिवर्तनपछि टेबल माथिबाट हाकाहाकी हुनथालेको छ। एकपछि अर्को डरलाग्दो भ्रष्टाचार, सहकारी बचत अपचलन, सार्वजनिक जग्गा अतिक्रमणका समाचारहरू सामान्य हुनथालेको छ। हाम्रो देशमा व्यवस्थाको नाममात्र परिवर्तन भयो, भ्रष्टाचारका क्रियाकलापमा भ्रष्ट व्यवस्थासँग प्रतिस्पर्धा गर्दै माथ दिनथालेको सर्वत्र दृष्टिगोचर भएको छ।

भ्रष्ट व्यवस्थाका सत्ताधारी नेताझैँ बहुदल, 'लोकतन्त्र' र गणतन्त्रको सत्तामा पुगेका नेताहरू पनि भ्रष्टाचारको दुर्गन्धित हिलोमा डुबेका छन्। सङ्घीयताको तीनै तहका नेताहरूको भ्रष्टाचारका काण्डहरूले 'समृद्ध नेपाल' होइन 'भ्रष्ट नेपाल' को न्वारान हुने स्थितिमा देशलाई पुऱ्याइएको छ।

निर्वाचित सरकारका प्रमुख र मन्त्रीहरू भ्रष्ट भएकोले स्थायी सरकारका प्रमुख र उच्चपदस्थ कर्मचारीहरू पनि भ्रष्टाचारमा चुर्लुम्म डुब्न थालेका छन्। एकपछि अर्को काण्डमा केन्द्रीय सरकारका झन्डा हल्लाउने जागिरेहरूदेखि स्थायी सरकारका मुख्य सचिव, प्रदेश र स्थानीय सरकारका प्रमुख कर्मचारीहरूलाई अख्तियारले पाता कस्न थालेका छन्। विभिन्न विभागका उच्चपदस्थ कर्मचारीहरू पनि खोर र जेल पुऱ्याइएका छन्। ती भ्रष्टहरूले स्वच्छता, इमानदारी, नैतिकताको हुर्मत लिएर देशको घोर बदनाम गरेका छन्। विडम्बनाको कुरा, अख्तियार, प्रहरी अनुसन्धानको सक्रियता देखिए पनि भ्रष्टाचारीहरू रत्तिभर हच्केको, डराएको र त्रसित भएको देखिएका छैनन्। भ्रष्टाचारीहरूको यस्तो मैमत्ता प्रवृत्ति र चरित्र कतै हाम्रो नियम–कानुनको 'मानवीयता र सहृदयता' त होइन ?


भ्रष्टाचार यदि पूँजीवादी व्यवस्थाको छायाँ हो, त्यसैले स्वाभाविक मान्ने हो भने प्रहरी, अख्तियार, अदालतलाई घोषितरूपमै 'सानालाई तर्साउने ठूलालाई बचाउने' भनी न्वारान गरे के फरक पर्ला ? यदि भ्रष्टाचार जघन्य अपराध हो, देशको छवि विकृत पार्ने, व्यवस्थालाई कमजोर बनाउने र जनतालाई पुस्तौँसम्म गरिबीमा जाक्ने अक्षम्य अपराध हो भने प्रमाणित भ्रष्टाचारीलाई कठोर सजाय वा मृत्युदण्ड नै दिनुपर्ने देखिन्छ। केही अपराधीको मृत्युले देश, व्यवस्था र जनताको दूरगामी हित र कल्याण हुन्छ भने यसमा पछि हट्नु अन्तत्वगत्वाः भ्रष्टाचारीको पक्षपोषण गर्दै देश र जनताको दीर्घकालीन अहित गर्नेहरूको मतियार बनेकै ठहर्छ।




नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित)को प्रमुख आतिथ्यमा भक्तपुर नपाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेजमा स्नातकोत्तर तहको अर्थक्वेक इन्जिनियरिङ र अर्बान डिजाइन एण्ड कन्जरभेसनमा भर्ना भएका विद्यार्थीहरूलाई असार २ गते स्वागत एवम् अभिमुखीकरण कार्यक्रम ।




कलेजको शैक्षिक एवम् प्रशासनिक गतिविधिबारे सुझाव सङ्कलन गर्न ख्वप कलेज अफ इन्जिनियरिङको आयोजनामा असार ३ गते स्थानीयवासीको भेला ।



भक्तपुर नपाको सल्लाघारीस्थित पुनर्निर्मित थाँलाखुसी फल्चा

चोछेँ छुमा गणेश द्य:छेँको पुनर्निर्माण कार्य अन्तिम चरणमा ।